# माथागढी गाउँपालिकाको

# दोस्रो आवधिक पञ्चवर्षीय गाउँ विकास योजना

## आर्थिक वर्ष २०७९।८० देखी २०८३।८४




## प्रतिवेदन पेश गरिएको निकाय

**माथागढी गाउँपालिकाको कार्यालय पाल्पा जिल्ला,**

**लुम्बिनी प्रदेश २०७८**

## प्रतिवेदन पेश गर्ने संस्था

**रियल ड्रिम्स इन्टरनेशनल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि**

**नयाँ बानेश्वर, काठमाण्डौं**

# दुई शब्द

स्थानीय सरकार जनताको घरदैलोको सरकार भएकोले जनताको आवश्यकता र चाहना विगतको तुलनामा भविष्यमा के हुन सक्ला? भन्ने बारे भविष्यको पिढीलाई नकारात्मक असर नपार्ने गरी वर्तमानमा उपलब्ध साधन स्रोतको दक्ष र प्रभावकारी उपयोगबाट योजनाबद्ध विकास गर्न सकोस भन्ने उद्देश्यले यो माथागढी गाउँपालिकाको दीर्घकालीन गुरु योजना बनाइएको हो । यसमा दीगो विकास लक्ष्य सन् २०३० सम्मलाई मुख्य आधार बनाइएको छ । विश्व बजारमा उपलब्ध साधन सुविधालाई अधिकतम प्रयोग गरी यस पालिकाका जनता यहीँबाट आफनो विकासबाट गाउँको विकासमा टेवा पऱ्याउन सकोस भन्ने मनशाय राखिएको छ ।

स्थानीय सरकारले मानिसको दैनिक जीवनको समस्या नजिकबाट देखेको आन्तरिक र वाह्य स्रोत साधनको आधारमा बजेट अनुमान गरिएको हुन्छ । ती समस्या समाधान गर्नको लागि योजनाबद्ध विकास गर्नुपर्ने हुन्छ । योजनाहरु संघ र प्रदेश सरकारसँग एक आपसमा तादम्यता हुने गरी बनाइएको छ । यद्यपि सम्पुर्ण जनताको आवश्यकता र चाहना अनुसार योजना बनाउनु एक चुनौतीपुर्ण कार्य हो । यो एक कमिक प्रयास हो । यो योजना आवधिक योजना र वार्षिक योजनालाई दिशावोध गर्ने दस्तावेज हुनेछ भन्ने आपेक्षा गरेको छु । यस गाउँपालिकालाई यो योजना तर्जुमा गर्न स्थानीय जनता, गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि, स्थानीय बुद्धिजीवी, योजना तर्जुमामा अहंम भुमिका खेल्नुहुने गाउँपालिकाका सम्पुर्ण कर्मचारी वर्ग लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संलग्न सम्पूर्ण महानुभावलाई हार्दिक धन्यवाद दिन चाहन्छु । यो योजना बनाउन प्राविधिक सहयोग गर्ने, संस्था विज्ञ टिम लगायत संलग्न सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सन्तोष कुमार थापा मगर

अध्यक्ष, माथागढी गाउँपालिका

पाल्पा जिल्ला, लुम्बिनी प्रदेश ।

## विषय सूची


अध्याय एक ........ १

परिचय ........ १

१. पृष्ठभुमि ........ १

**१.१.१ उद्देश्य तथा मनशाय** ........ ४

**१.१.२ गुरु योजना तर्जुमा विधि** ........ ५

१.२ माथागढी गाउँपालिकाको वस्तुस्थिति विवरण ........ ६

**१.२.१ जनसंख्या विवरण** ........ ८

**१.२.२ भौगोलिक स्थिति** ........ १०

**१.२.३ आर्थिक विकास स्थिति** ........ ११

**१.२.४ सामाजिक विकास स्थिति** ........ २०

**१.२.५ भौतिक पूर्वाधार** ........ २९

१.३ माथागढी गाउँपालिकाको विकास स्थितिको समीक्षा ........ ३८

१.४ गुरु योजना तर्जुमाका सिमाहरु ........ ३९

१.५ गुरु योजनाको अपेक्षित उपलब्धि ........ ४०

**परिच्छेद २** ........ ४२

**दीर्घकालीन गुरु योजनाको संरचनात्मक स्वरुप** ........ ४२

२.१ पृष्ठभुमि ........ ४२

२.२ क्षेत्रगत दीर्घकालीन गुरु योजनाको चुनौती र अवसर ........ ४६

२.३ योजना खाका ........ ४८

**२.३.१ माथागढी गाउँपालिको सौंच** ........ ४८

**२.३.२ माथागढी गाउँपालिको दीर्घकालीन योजनाको लक्ष्य** ........ ५५

**२.३.४ माथागढी गाउँपालिकाको उद्देश्य** ........ ५५

**२.३.५ माथागढी गाउँपालिकाको दीर्घकालीन रणनीति** ........ ५६

२.४ दीर्घकालीन आर्थिक लक्ष्य र खाका ........ ५८

**२.४.१ आर्थिक बृद्धिदर** ........ ५८

**२.४.२ लगानीको आबस्यकता र स्रोत** ........ ५९

**२.४.५ दीर्घकालीन योजनाका लागि स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु** ........ ५९

**२.४.६ रणनीति** ........ ५९

परिच्छेद ३ ........ ६१
दीर्घकालीन आर्थिक नीति ........ ६१
३.१ पृष्ठभुमि ........ ६१
**३.१ सार्वजनिक वित्त** ........ ६२
**३.१.१ सार्वजनिक खर्च** ........ ६३
**३.१.२ राजस्व** ........ ६४
**३.१.३ दीर्घकालीन गुरु योजनाको लागि राजस्व प्रक्षेपण** ........ ६५
**३.१.४ दीर्घकालीन गुरु योजनाका लागि राजस्व बाँडफाँड** ........ ६६
**परिच्छेद ४** ........ ६८
**आर्थिक क्षेत्र** ........ ६८
४.१ पृष्ठभुमि ........ ६८
४.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ ६९
४.३ आर्थिक विकासका लागि प्रक्षेपित बजेट ........ ७०
४.४ आर्थिक विकास लक्ष्य र परिमाणात्मक लक्ष्य ........ ७१
४.५ माथागढी गाउँपालिकाको आर्थिक विकासको दीर्घकालीन गुरु योजना ........ ७८
**४.५.१ कृषि क्षेत्रको दीर्घकालीन गुरु योजना** ........ ७९
**४.१.१ कृषि विकास** ........ ८१
परिच्छेद ५ ........ ८६
सामाजिक क्षेत्र ........ ८६
५.१ पृष्ठभुमि ........ ८६
५.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ ८७
५.३ सामाजिक विकास लक्ष्य अनुसार प्रक्षेपित बजेट ........ ८८
५.४ सामाजिक विकास लक्ष्य र परिमाणात्मक लक्ष्य ........ ८९
५.५ माथागढी गाउँपालिकाको सामाजिक विकासको दीर्घकालीन गुरु योजना ........ ९८
**५.५.१ शिक्षाक्षेत्रको दीर्घकालीन गुरु योजना** ........ ९८
परिच्छेद ६ ........ १०५
पूर्वाधार क्षेत्र ........ १०५
६.१ पृष्ठभुमि ........ १०५
६.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १०६
६.३ पूर्वाधार विकासका लागि प्रक्षेपित बजेट ........ १०७
६.४ पूर्वाधार विकास लक्ष्य र परिमाणात्मक लक्ष्य ........ १०८

६.५.माथागढी गाउँपालिकाको पूर्वाधार विकासको दीर्घकालीन गुरुयोजना........................................११४
परिच्छेद७........................................................................................................................१२१
वातावरण तथा विपद व्यवस्थापन.........................................................................................१२१
७.१ पृष्ठभुमि.....................................................................................................................१२१
७.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति........................................................................१२२
७.३ वातावरण तथा विपद् व्यवस्थापनका लागि प्रक्षेपित बजेट.........................................................१२३
७.४ वातावरण तथा विपद् व्यवस्थापन विकास लक्ष्य र परिमाणात्मक लक्ष्य.........................................१२४
७.५ वातावरण तथा विपद् व्यवस्थापन गुरु योजनाका आधारभुत पक्ष..................................................१२७
परिच्छेद ८.......................................................................................................................१२८
सुशासन, संस्थागत संरचना तथा कार्यान्वयन..........................................................................१२८
८.१ पृष्ठभुमि.....................................................................................................................१२८
८.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति........................................................................१२९
८.३ संस्थागत क्षमता विकासका लागि प्रक्षेपित बजेट.....................................................................१३०
८.४ संस्थागत क्षमता विकास लक्ष्य र परिमाणात्मक लक्ष्य..............................................................१३१
८.५ माथागढी गाउँपालिकाको संस्थागत क्षमता विकासको दीर्घकालीन गुरु योजना.................................१३६
**८.५.१ सूचना प्रविधि क्षेत्रको दीर्घकालीन गुरु योजना**.........................................................................१३६
परिच्छेद ९.......................................................................................................................१४०
कार्यान्वयन, अनुगमन तथा मुल्यांकन.....................................................................................१४०
**९.१ पृष्ठभूमि**.....................................................................................................................१४०
९.२ योजना कार्यान्वयनको स्थिति मापन ढाँचा............................................................................१४१
९.३ विषयगत आधारमा अनुगमन तथा मुल्यांकन ढाँचा...................................................................१४२
अनुसूचीहरु........................................................................................................................१४७

## तालिका विवरण

तालिका नं. १.१ माथागढी गाउँपालिकाको वस्तुस्थिति विवरण.....................................................७
तालिका नं. १.२: वडागत आधारमा घरधुरी संख्या र जनसंख्या विवरण........................................९
तालिका नं. १.३: वडागत आधारमा उमेर अनुसार जनसंख्या विवरण..........................................९
तालिका नं. १.४: गाउँपालिकाको जग्गाको विवरण.................................................................१३
तालिका नं. २.१: विषयगत समितिको दीगो विकास लक्ष्यसंगको सम्बन्ध...................................५१
तालिका नं. २.२: विषयगत समिति अन्तर्गतको दीगो विकास लक्ष्यसंगको सम्बन्धित उपक्षेत्र..........५२
तालिका नं. २.३ गाउँपालिका तथा दीगो विकास लक्ष्यबीचको सम्बन्ध.......................................५३

तालिका नं. २.४ नेपालमा प्रमुख क्षेत्रअनुसार दीगो विकास लक्ष्यका परिणात्मक लक्ष्यहरु पूरा गर्नका लागि वार्षिक औसत लगानीको आवश्यकता रु. अरबमा......६०
तालिका नं. ३.१ माथागढी गाउँपालिकाको आ.व. २०७६।७७ को तुलनामा आ.व. २०७७।७८ को विनियोजन तथा खर्च स्थिति......६३
तालिका नं. ३.२ माथागढी गाउँपालिकाको खर्च क्षमता स्थिति......६४
तालिका नं. ३.३ दिर्घकालीन योजनाका लागि प्रक्षेपित बजेट रु. हजारमा......६५
तालिका नं. ३.४ विषयगत क्षेत्र अन्तर्गतको लक्ष्य अनुसार प्रक्षेपित राजस्व बाँडफाँड (रु. हजारमा)...६७
तालिका नं. ४.१ लक्ष्यगत बजेट विनियोजन रु हजारमा......७१
तालिका नं. ४.२ जनसंख्या, आम्दानी र खर्चको विवरण रु मा......७२
तालिका नं. ४.३ खाद्यान्न उत्पादन र प्रतिव्यक्ति उपलब्धता......७५
तालिका नं. ५.१ सामाजिक विकास अन्तरर्गतका लक्ष्यहरु अनुसार बजेट रु. हजारमा......८९
तालिका नं. ५.२ मुख्य नीति र कार्यक्रमगत हस्तक्षेपहरु र शिक्षाको लागि वार्षिक औसत लगानी आवश्यकता......१०२
तालिका नं. ५.३ शिक्षा क्षेत्रमा प्रति एकाइ लागत रु हजारमा......१०३
तालिका नं.६.१ दीगो विकास लक्ष्य अनुसार बजेट विनियोजन रु हजारमा......१०७
तालिका नं. ६.२ नेपालको केन्द्र र माथागढीमा सडक यातायात निर्माणको प्रति एकाइ लागत रु हजारमा......११९
तालिका नं. ७.१ वातावरण र विपद् व्यवस्थापनका लागि प्रक्षेपित बजेट रु हजारमा......१२३
तालिका नं. ८.१ लक्ष्यगत बजेट विनियोजन रु हजारमा......१३१
तालिका ९.१: गरिबी सम्बन्धी नीति र कार्यक्रमहरुगत हस्तक्षेपहरु र वार्षिक औषत लगानी आवश्यकता......१४९
तालिका ९.२: कृषि विकास रणनिति (२०१५)......१४९
तालिका ९.३: दीगो विकास लक्ष्य स्थिति र मार्गचित्र प्रतिवेदन (२०१७) अनुसार......१५०
तालिका नं. ९.४ प्रमुख क्षेत्रहरु अनुसार कुल सार्वजनिक वित्तीय आवश्यकता (सामान्य वृद्धि परिदृश्य, ५ प्रतिशत कुल गार्हस्थ्य उत्पादन वृद्धि)......१५२
तालिका ९.५: नीति र कार्यक्रमगत हस्तक्षेपहरु र कृषिको लागि वार्षिक औसत लगानी आवश्यक..१५२
तालिका ९.६: प्रमुख नीति र कार्यक्रमगत हस्तक्षेपहरु र पर्यटन र श्रमबजारमा वार्षिक औसत लगानी आवश्यकता......१५३

# अध्याय एक

# परिचय

## १. पृष्ठभुमि

दीर्घकालीन योजना एउटा सचित्र नक्शा वा विकास लक्ष्य निर्देशीत भएको दस्तावेज हो जसमा गन्तव्य र प्रकृया उल्लेख गरिएको हुन्छ । यस अर्थमा दीर्घकालीन योजना कुनै निश्चित समयको रणनीतिक लक्ष्य हासिल गर्ने एउटा प्रकृया हो भन्न सकिन्छ । दीर्घकालमा उत्पादनका सबै साधनहरु परिवर्तशील हुने भएकोले यसमा लक्ष्य हासिल गर्ने नीति, सिद्धान्त, कार्ययोजना, अनुगमन आदि विषय उल्लेख गरिएको हुन्छ । विकासको निर्धारित लक्ष्य हासिल गर्नको लागि साधन मुल्यको विश्लेषण आवश्यक हुन्छ । दीर्घकालीन योजना कार्यान्वयनको सफलताको स्थिति तत्कालिन बजारको अवस्था, प्रक्षेपण गरिएको र साविक तथ्यांकबाट थाहा पाउन सकिन्छ । यो एउटा प्रकृया हो यसबाट विकासका निश्चित रणनीति लक्ष्य तथा उद्देश्य हासिल गर्न प्रयोग गरिन्छ ।

विकास योजना बनाउनुको मुख्य उद्देश्य आर्थिक, सामाजिक, वातावरणीय विकासको नीतिगत तथा संरचनात्मक ढाँचा निर्धारण गर्नु हो ।यसमा विकासको वर्तमान अवस्थाबाट चाहेको आबस्था वा लक्ष्यमा पुग्ने नीति, रणनीति निर्दिष्ट गरिएको हुन्छ । योजना दीर्घकालीन, मध्यकालीन र अल्पकालीन प्रकृतिको हुन्छ । दीर्घकालीन योजना १० वर्ष भन्दा बढीको योजना हो यसमा विषयगत क्षेत्रहरुको व्यापक रुपमा कार्यसम्पादन स्थिति, सवाल र अवसर, क्षेत्रगत सोच, विकास उद्देश्य, दिगो विकास लक्ष्यमा सहयोग गर्ने नीति तथा रणनीति उल्लेख गरिन्छ । यसमा विषयगत क्षेत्रको विकास लक्ष्य प्रक्षेपण गरिएको हुन्छ । लक्ष्य हासिल लागि आवश्यक स्रोत प्रक्षेपणका आधारमा निर्धारण गरी अनुमानित बजेट अनुसार विषयगत क्षेत्रको लागि बजेट विनियोजन गरिन्छ । स्रोतहरु सरकारी र नीजि क्षेत्र तथा जनसहभागिताको अपेक्षा सहित निर्धारण गरिएको हुन्छ । देश विकासको स्थिति अनुसार सरकारी तथा निजी स्रोतको अंश भिन्न हुन्छ । दीर्घकालीन योजनामा विकासोन्मुख देशमा सरकारी लगानी बढी गर्नुपर्ने हुन्छ भने विकसित देशमा निजी क्षेत्रले बढी लगानी गरेको हुन्छ ।

आर्थिक सिद्धान्त अनुसार दीर्घकालमा उत्पादनका सबै साधन परिवर्तन हुन सक्दछ । परिवर्तनशील उत्पादनका साधनलाई दक्ष र प्रभावकारी रुपमा प्रयोग गरी जनताको आवश्यकता र चाहना पुरा गर्ने गरी दीर्घकालीन योजना बनाउनु चुनौतीपूर्ण कार्य हो । यसका साथै स्थानीय सरकारले समष्टिगत



Real Dreams International Engineering Consulting Pvt. Ltd.

आर्थिक परिसूचकहरु मुद्रा प्रदाय, रोजगारी, व्याजदर, मुल्य स्तर आदिमा प्रभाव पार्न नसक्ने हुनाले दीर्घकालीन योजना थप चुनौतीपुर्ण हुन्छ । यद्यपि नेपाल जस्तो भिन्न प्रकृतिको भूगोल, मानिस, आर्थिक क्रियाकलाप र सम्भावना भएको देशमा स्थानीय तहले दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्न आवस्यक छ । यसका लागि राजनीतिक, आर्थिक र प्रशासनिक सुनिश्चितता सहितको कानुनी आधार आवश्यकता पर्दछ ।

नेपालमा पहिलो पटक स्थानीय सरकार संविधानबाट बनेको हो र यसले संविधानमा उल्लेख गरिएका सबै हक अधिकार उपभोग गर्न सक्दछ । नेपालको संविधानको अनूसूची ८ मा स्थानीय स्तरका विकास योजना र परियोजनाहरु सम्बन्धी एकल अधिकार स्थानीय तहलाई दिएको छ । संविधानको धारा ५६(२) मा राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहमा हुने व्यवस्था गरेको छ र धारा ५७ (४) को अनुसूची ८ मा स्थानीय तहको २२ वटा एकल अधिकार उल्लेख गरी ती अधिकार को प्रयोग संविधान र गाउँ सभाले बनाएको कानून बमोजिम हुने व्यवस्था गरिएको छ । यसका साथै अनुसूची ९ मा १५ वटा साझा अधिकार क्षेत्र उल्लेख गरिएको छ । ती सबै अधिकारको प्रयोग गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरका विकासका लागि दीर्घकालीन, आवधिक, वार्षिक योजना बनाई कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । अत: यही विषयलाई ध्यानमा राखी माथागढी गाउँपालिकाको गुरु योजना बनाइएको छ ।यो दीर्घकालीन गुरु योजना संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को आधारभुत पक्ष, राष्ट्रिय योजना आयोगले प्रकाशित गरेको स्थानीय योजना दिर्गदशन, २०७५ लाई समेत आधार मानी बनाइएको छ ।

स्थानीय सरकार अविछिन्न उत्तराधिकार सहित स्थानीय जनताको घर दैलोको सरकार हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारले स्थानीय जनताको आवश्यकता र चाहना परिपूर्ति गर्न दीर्घकालीन, मध्यकालीन र अल्पकालीन योजना बनाउनु पर्दछ । सरकार कल्याणकारी सिद्धान्तका आधारमा सञ्चालन गर्नु पर्ने भएकोले स्थानीय सेवा प्रवाह र आर्थिक विकासका लागि योजना बनाउनु पर्दछ । योजना को कसका लागि, के कसरी, के कति अनुमानित स्रोतका आधारमा भविष्यको लक्ष्य प्राप्त गर्न सकिन्छ भन्ने उद्देश्य परिपूर्तिका लागि वर्तमानमा बनाइन्छ । भविष्यका लागि वर्तमानमा योजना तर्जुमा गर्न पर्नुका मुख्य कारण योजना बजारको विकल्प हो यसमा सरकारले जनकल्याणको लागि हस्तक्षेप पनि गर्न सक्दछ । यो एक राजनीतिक निर्णय हो तापनि यसको तर्जुमा



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Real Dream

गर्दा आयोजना, बजेट उच्चतम तवरले निश्चित विधिका आधारमा विनियोजन गर्नु पर्दछ । यसका साथै अपूर्ण बजार, समय, स्रोत, मेहनत, प्रभावकारी व्यवस्थापनका लागि योजना बनाउनु पर्दछ ।

दीगो विकास लक्ष्य र राष्ट्रिय तथा प्रादेशिक लक्ष्य संग तादात्म्यता हुने गरी स्थानीय तहको दीर्घकालीन गुरु योजना बनाउनु एउटा चुनौतीपूर्ण कार्य हो । यसमा दीगो विकास लक्ष्यका सबै सूचकहरुको लक्ष्यमा पुग्ने गरी आयोजनाहरु निर्धारण गरिनु पर्दछ । आयोजनाहरु विषयगत आधारमा निर्धारण गर्दा लक्ष्य, स्रोत र कार्यजिम्मेवारी बीचमा तादात्म्यता मिलाउन सहज हुन्छ । स्थानीय सरकारको गुरु योजनाले स्थानीय जनताको दीर्घकालीन आर्थिक तथा सामाजिक विकासको लागि महत्वपूर्ण भूमिका खेल्दछ । स्थानीय विकासको लागि आर्थिक (कृषि, उद्योग) सामाजिक (शिक्षा, स्वास्थ्य), पूर्वाधार (सडक, सिँचाई), वातावरणिय सन्तुलन (वन, भूक्षय नियन्त्रण) र संस्थागत (भौतिक संरचना, सरकारको क्षमता) विकास हुन आवश्यक हुन्छ । यी सबै क्षेत्रहरु स्थानीय विकासका लागि अन्तर सम्बन्धित हुन्छन् । आर्थिक क्षेत्रको विकासबाट रोजगारीको अवसरमा अभिवृद्धि गरेको हुन्छ भने सामाजिक विकासबाट मानव पुजीको निर्माण भई कार्यक्षमतामा अभिबृद्धि गर्दछ । पूर्वाधार विकासबाट लागत लाभ कम हुन गइ बजारसंग प्रतिस्पर्धा गर्न सहज हुन्छ । वातावरण विकासबाट मानिसहरुको बसोबासमा सहजता प्रदान गर्दछ भने संस्थागत क्षमता विकासबाट व्यवस्थापकीय क्षमतामा अभिबृद्धि भई वाञ्छित मात्रामा उत्पादन हुनगई मानिसले चाहेको प्रतिफल प्राप्त हुन सक्दछ । स्थानीय सरकारले गुरु योजना बनाउँदा यी क्षेत्रहरुको विस्तृत रुपमा विश्लेषण गर्नु चुनौतीपुर्ण कार्य हो । यसका लागि पहिले देखि नै संस्थागत रुपमा राख्नु पर्ने तथ्यांकहरु अध्यावधिक हुन सकेको पाइदैन ।

यस पालिकामा बसोबास गर्ने जनताको आर्थिक तथा सामाजिक विकासमा स्थानीय सरकारको मुख्य भुमिका रहेको हुन्छ । स्थानीय सरकारको आर्थिक तथा सामाजिक भूमिकालाई व्यवस्थित गर्न आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत क्षमता विकास गरी ५ भागमा विभाजन गरिएको छ । यस अन्तर्गत दीगो विकास लक्ष्य र सम्बन्धित सूचकहरु पर्दछन् । यी सबै क्षेत्रको विकासमा स्थानीय सरकारले नेतृत्वदायी भुमिका खेल्नु पर्ने हुन्छ । जस्तै आर्थिक विकास अन्तर्गत पर्ने कृषि तथा पशु विकास, उद्योग तथा व्यापार, पर्यटन आदि क्षेत्रको पालिकाको आर्थिक नीति तथा कार्यक्रमले के कति प्रभाव पार्दछ भन्ने कुरा महत्वपूर्ण हुन्छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

स्थानीय सरकार स्थानीय जनताको घर दैलोको सरकार भएको हुनाले यसले स्थानीय जनताको जन्म देखि मृत्युसम्मको सवालमा सेवा प्रवाहका साथै समग्र स्थानीय विकास कार्य गर्नु पर्दछ । तसर्थ कानूनमा उल्लेख गरिएका कामहरु गर्नका लागि योजना बनाउँदा लक्ष्य निर्धारण गरी सोही अनुसार उद्देश्य निर्माण गरिएको छ । लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि नीति, रणनीति बनाइएको छ । नीति तथा रणनीति कार्यान्वयनको लागि स्रोत साधनका आधारमा कार्यक्रम र आयोजना छनौट गरी कार्यान्वयन, अनुगमन र मुल्यांकनको आधार समेत तय गरिएको छ ।

### १.१.१ उद्देश्य तथा मनशाय

माथागढी गाउँपालिकाको दीर्घकालीन गुरु योजनाको मुख्य उद्देश्य जनताको आवश्यकता र चाहना अनुसार मुख्य आयोजनाहरुको छनौट गरी प्रक्षेपीत साधन र स्रोतको आधारमा नेपाल पक्ष राष्ट्र भइ स्वीकार गरेको दीगो विकास लक्ष्य हासिल गर्न विषयगत आधारमा यस पालिकाको परिदृष्टि (Vision) र नीति (Policy) बनाउनु रहेको छ । यस गाउँपालिकाको दीर्घकालीन गुरु योजनाको मनशाय आगामी स्थानीय योजना तथा नीति निर्माणका लागि दिशा प्रदान गर्नु हो । यसका साथै दीगो विकास लक्ष्य हासिल गर्न यस पालिकासंग सम्बन्धित यथार्थ वस्तुगत स्वरुपमा ढाल्न सकिने केही कार्यक्रमको विश्लेषण गर्नु पनि हो ।

यस दीर्घकालीन गुरु योजनाले पालिकाको आर्थिक, सामाजिक तथा वातावरणीय विकास लक्ष्य हासिल गर्न, ती लक्ष्यहरुको महत्व प्रकाश पार्न, पालिकाको विकास नीतिको पुनरावलोकन गर्न र पालिकाको आगामी रणनीतिबारे सोच बनाउन सहयोग पुग्नेछ ।

यस गाउँपालिको दीर्घकालीन गुरु योजनाको विशिष्ट उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

- आ.व.२०७८/२०७९ देखि २०८८/२०८९ (सन् २०२२/२०२३ देखि २०३२/२०३३) सम्म १० वर्षको लागि दीगो विकास लक्ष्यमा प्रक्षेपण गरिएको बजेट र उपलब्धिको सुचकलाई आधार मानी स्थानीय आर्थिक तथा सामाजिक अवस्थालाई ध्यानमा राखी दीगो विकास लक्ष्य अनुसार नीति बनाउनु ।
- दीगो विकास लक्ष्य, राष्ट्रिय लक्ष्य तथा उद्देश्यहरुसँग तादात्म्यता हुने गरी गाउँपालिका भित्रको विद्यमान गरिवी, बेरोजगारी र असमानता हटाई गाउँबासीको आर्थिक तथा सामाजिक जीवन स्तरमा सकारात्मक परिवर्तनबाट सबै तहको लक्ष्य तथा उद्देश्य सन्तुलित रुपमा हासिल हुने गरी विश्लेषण गर्नु ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

➢ दीर्घकालीन गुरु योजनाको नीति तथा कार्यक्रमका आधारमा आवधिक र वार्षिक योजना कार्यान्वयनबाट यस पालिकामा बसोबास गर्ने सबै जनताको आर्थिक सबलीकरण गरेर दीगो विकास लक्ष्यका सबै परिमाणात्मक सूचक हासिल गरी सामाजिक न्याय सहितको समाज निर्माण हुने स्थिति निर्माण गर्नु ।

### १.१.२ गुरु योजना तर्जुमा विधि

दीर्घकालमा स्थानीय जनताको सामाजिक तथा आर्थिक स्थिति के कस्तो हुनेछ भन्ने बारे दिशाबोध गर्न गुरु योजना बनाइएको हुन्छ । यही सन्दर्भमा यस गुरु योजना तर्जुमा गर्दा स्थानीय तहहरुले विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि नीति, योजना तथा कार्यक्रमहरु बनाउन अत्यावश्यक आधारभूत तथ्याङ्क, सूचना वा विवरण संकलन, विश्लेषण तथा व्यवस्थापनका न्युनतम विषयहरुमा एकरुपता र स्तरीयता कायम गरी तथ्याङ्क संकलनका पद्धति, प्रक्रिया, औजार तथा प्रक्रियाहरु निर्धारण गरी स्तरीय ढाँचामा उपलब्ध विवरणका आधारमा योजना तर्जुमा गरिएको छ । यस गुरु योजना तर्जुमा गर्ने क्रममा निम्न प्रक्रिया अवलम्बन गरिएको थियो ।

**माथागढी गाउँपालिकाको गुरु योजना तर्जुमा खाका**

⇓

विषयगत क्षेत्रको पहिचान

⇓

विषयगत क्षेत्र अनुसार मुख्य क्षेत्रको वर्गिकरण

⇓

विषयगत क्षेत्रको चरहरुको कोडिङ्ग र उपलब्ध नक्सा

⇓

सम्बन्धित पक्षसंग अन्तरक्रिया तथा स्वीकृति

⇓

सम्बन्धित क्षेत्रको तथ्यांक संकलन

⇓

गुरु योजनाका लागि तथ्यांक विश्लेषण

⇓

विषयगत क्षेत्र अनुसार साधनको आवश्यकता र प्रति एकाइ लागत लाभ विश्लेषण

⇓

विषयगत क्षेत्र अनुसार गुरु योजनाको लागि वित्तीय स्रोतको अनुमान

⇓

आयोजना अनुसार अनुमानित बजेट विनियोजन

⇓

प्रतिवेदनको तयारी

⇓

प्रतिवेदनमाथि परामर्श तथा स्वीकृति

⇓

**गुरु योजनाको कार्यान्वयन**



Real Dreams International Engineering Consulting Pvt. Ltd.

प्रमुख रुपमा यो दस्तावेज तयार गर्ने सन्दर्भमा देहायका अध्ययन विधि तथा प्रक्रियाहरु अवलम्वन गरिएको थियो ।

१. सर्वप्रथम दीर्घकालीन गुरु योजना कार्यशाला गोष्ठीको आयोजना गरी सरोकारवालाहरुलाई यस सम्वन्धि अभिमुखीकरण गराउनुको साथै सहभागीहरुबाट गुरु योजना बनाउने प्रतिवद्धता जाहेर गरी विषयगत क्षेत्रसमेत निर्धारण गरिएको थियो ।

२. पार्श्वचित्र र तथ्याङ्क संकलन गर्न चेकलिष्ट तयार गरी सो संग सम्वन्धित श्रोतहरुबाट द्धितीयक तथ्याङ्क संकलन गरिएको थियो ।

३. उपलव्ध भएका तथ्याङ्कहरुको सर्वप्रथम वस्तुगत र विषयगत आधारमा प्रारम्भिक विश्लेषण गरिएको थियो ।

४. विषयगत आधारमा सुक्ष्म विश्लेषण गरेपछि दीगो विकास लक्ष्यका सुचकहरुलाइ ध्यानमा राखी समष्टिगत विश्लेषण गरिएको थियो ।

५. विश्लेषण पश्चात परिमाणात्मक लक्ष्य अनुसार पालिकाको लक्ष्य निर्दिष्ट गरिएको थियो ।

६. योजनाको लक्ष्य, उद्देश्यहरु, समष्टिगत र विषयगत नतिजाहरु निर्धारण प्राथमिकता प्राप्त कार्यक्रमहरुको संक्षिप्त विश्लेषण गरिएको थियो ।

## १.२ माथागढी गाउँपालिकाको वस्तुस्थिति विवरण

दीर्घकालीन गुरु योजना बनाउनका लागि वर्तमान स्थितिको स्पष्ट तथ्यांक भएको वस्तुस्थिति विवरण हुन आवश्यक पर्दछ । यस माथागढी गाउँपालिकाको वस्तुस्थिति विवरण माथागढी गाउँपालिका वस्तुगत विवरण-२०७६ को आधारमा वस्तुस्थिति विवरण तयार पारिएको छ । यसका अलावा अन्य सरकारी तथा गैर सरकारी निकायले प्रकाशित गरेको तथ्यांकलाई पनि उपलव्ध भएका विवरण समावेश गरिएको छ । प्रस्तुत तथ्यांकमा धेरै परिवर्तन भएको हुन सक्दछ तसर्थ यसका कतिपय तथ्यांकलाई सांकेतिक रुपमा मात्र लिनुपर्ने हुन्छ ।

वि.सं. २०७३ सालमा नेपाल सरकारद्धारा घोषणा भएको यस माथागढी गाउँपालिकाका ८ वटा वडाहरू निम्नानुसार कायम भई विभाजन गरिएका हो ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

तालिका नं.१.१ माथागढी गाउँपालिकाको वस्तुस्थिति विवरण

| क्र.स. | गाउँपालिका का वडा | समावेश गाविस | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | चिदीपानी (१-९) | ४१७१ | २०.२५ |
| २ | २ | रुप्से (१-९) | २०७८ | ९.८६ |
| ३ | ३ | कसेनी (१,३,५,७,९) | ५१११ | २४.९३ |
| ४ | ४ | झडेवा (१-९) | ४५३६ | ३६.७८ |
| ५ | ५ | कसेनी (४र८) गोठादी (५,६,८,९) | २७५८ | ३३.९७ |
| ६ | ६ | गोठादी (१,४,७) | २३८६ | ४५.३३ |
| ७ | ७ | रहवास (१ र ९) | २२८७ | २४.१६ |
| ८ | ८ | बहादुरपुर (१र ९) | १६९० | २०.२१ |
| जम्मा | | | २५०१७ | २१५.४९ |

जनसंख्या तत्कालीन समयको हो ।

नेपालको एकिकरण हुनु भन्दा पहिले देखि नै मगरात पृष्ठभूमी भएको यस क्षेत्र इतिहास, कला, सँस्कृति र सभ्यताका दृष्टिले आफ्नै पहिचान भएको गाउँपालिका हो । यस गाउँपालिकाका अधिकांश मानिसहरूको जीविकोपार्जनको मुख्य आधार कृषि पेशा रहेको छ । यस पालिका भित्र माँडीफाँट, झडेवाफाँट र मटेरीफाँट, बहादुरपूर, रहवास, हात्तिलुङ्ग र गोठादी लगायतका विभिन्न ठाउँहरू कृषि व्यवसायका लागि उपयुक्त मान्निछन् । लागत लाभका दृष्टिले बढी फाइदा लिन सक्ने मानिस सरकारी सेवा, व्यापार र वैदेशिक रोजगारमा आवद्ध भएका छन्।

यस गाउँपालिकाको भौतिक पूर्वाधारतर्फ पक्की सडक २५ कि.मी. ग्राभेल २३ कि.मी. र कच्ची १३१ कि.मी. सडक रहेको छ । शिक्षातर्फ स्नातक क्याम्पस १ वटा, मा.वि. १२ वटा, आधारभूत विद्यालय ३३, बालविकास केन्द्र ३९, सिकाइ केन्द्र ३ वटा रहेका छन्। त्यस्तै गरी स्वास्थ्य चौकी ८ र आयुर्वेद औषधालय १ ओटा रहेका छन्। वस्तुगत विवरण सम्बन्धी संक्षिप्त विवरण तल उल्लेख गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

१.२.१ जनसंख्या विवरण

दिर्घकालिन गुरु योजनाको मुख्य लक्ष्य माथागढी गाउँवासीको सामाजिक तथा आर्थिक विकासको वर्तमान स्थितिका आधारमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मानव विकास स्थितिसंग तादत्म्यता हुने गरी माथागढी गाउँपालिकाको लक्ष्य निर्धारण गर्नु हो । किनभने विकासका लागि मानिस साधन र साध्य दुवै हो । मानिसद्वारा मानिसको लागि विकास गर्ने भएकोले साधन र साध्य हुन गएको हो । यस सम्वन्धी पालिकाको वर्तमान जनसंख्या स्थितिको संक्षिप्त विवेचना गरिएको छ ।

जनसंख्या भन्नाले निर्धारित भौगोलिक सिमाना भित्र निश्चित समयमा बसोबास गर्ने व्यक्तिहरुलाई वुझाउँछ । सन्तुलित विकासका लागि सन्तुलित जनसंख्याको आवश्यकता पर्दछ । उच्चतम जनसंख्या स्थिति सन्तुलित जनसंख्या हो जसले विकासमा महत्वपुर्ण टेवा पुग्दछ । अर्थात जनसंख्याको आकार तथा जनघनत्व सन्तुलित विकासका लागि आवश्यक हुन्छ । अत: एउटा देशको जनसंख्याको आकार, वनावट र वितरणमा जन्म, मृत्यु, बसाईसराईले देशको आर्थिक तथा सामाजिक विकासमा असर पारेको हुन्छ । तसर्थ विकासका लागि योजना वनाउँदा उच्चतम जनसंख्याको आकार, वनावट र वितरणलाई ध्यान दिनु वाञ्छनीय हुन्छ । जनसंख्या विवरण सामाजिक पक्ष भएकोले यसका सबै आयामको महत्वपुर्ण स्थान हुन्छ ।

नेपालको विभिन्न समयको जनगणना स्थितिका वारे विभिन्न टीका- टिप्पणी भएको पाइन्छ । माथागढी गाउँपालिकामा वि.स. २०६८ सालको जनगणना अनुसार जम्मा जनसङ्ख्या २५०१७ रहेको छ त्यसमा महिला -१३,९०१ र पुरूष -१११११६ रहेका छन्। जातिगत विवरणको आधारलाई मान्दा मगरहरू १८,५५२, ब्राहमण १,६७०, कामी १,६५४, क्षेत्री ७३०, कुमाल ६९७, सार्की ५०२, दमाई ३६५, नेवार- १६९, घर्ती र भुजेल १३०, मुस्लिम १८, वादी १९, दसनामी ५७ र अन्य १७० रहेको देखिन्छ । वि.सं. २०७८ को जनगणना भएको तर सार्वजनिक नभएको स्थिति छ ।

यस माथागढी गाउँपालिकामा हिन्दु धर्म मान्नेको जनसंख्या ९७ प्रतिशत रहेको छ । त्यसपछि २ प्रतिशत क्रिश्चिन धर्म मान्नेको सङ्ख्या छ भने १ प्रतिशत वौद्ध धर्म मान्नेहरू छन् । कुल जनसंख्याको ८३ प्रतिशत अर्थात (२४४८०) पहाडी जनजाति आदिवासीहरू छन्। त्यसपछि पहाडी ब्राह्मण, क्षेत्रीहरूको जनसङ्ख्या दोस्रो स्थानमा रहेको छ । तर यो तथ्यांक पुरानो भइ सकेको छ र यसलाई सन्दर्भ सामाग्रीको रुपमा मात्र लिइएको छ । पछिल्लो समयमा गरिएको घरधुरी सर्भेक्षणको तथ्यांकलाई मुख्य आधार वनाई गुरु योजना तयार पारिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

क) घरधुरी संख्या र जनसंख्या विवरण

| तालिका नं. १.२: वडागत आधारमा घरधुरी संख्या र जनसंख्या विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| वडा नम्बर | परिवार संख्या | वडागत घर प्रतिशत | जम्मा जनसंख्या | वडागत जनसंख्या प्रतिशत | महिला जनसंख्या प्रतिशत | औषत जनसंख्या |
| १ | ९१२ | १७ | ५१३९ | १७ | ४८ | ६ |
| २ | ४९६ | ९ | २४६८ | ८ | ४९ | ५ |
| ३ | १२३२ | २४ | ६४६७ | २१ | ४९ | ५ |
| ४ | ९६४ | १८ | ६०१३ | २० | ४८ | ६ |
| ५ | ४३२ | ८ | ३१८५ | १० | ४७ | ७ |
| ६ | ४७८ | ९ | ३००९ | १० | ४९ | ६ |
| ७ | ४२० | ८ | २५९२ | ८ | ४७ | ६ |
| ८ | ३०६ | ६ | १७२० | ६ | ४९ | ६ |
| जम्मा | ५२४० | १०० | ३०५९३ | १०० | ४८ | ६ |

माथिको तालिका अनुसार वडा नम्बर ३ मा घर संख्या र जनसंख्या सबै भन्दा धेरै भएको देखिन्छ भने वडा नम्बर ८ मा सबै भन्दा कम देखिन्छ । गाउँपालिकाको कुल जनसंख्यामा ४८ प्रतिशत महिला जनसंख्या रहेको छ भने जम्मा ९ जना तेस्रोलिंगी रहेको छ । तर यो तथ्यांक वर्तमान जनगणनाको प्रारम्भिक विवरणसंग मेल खाएको छैन ।

ख) उमेर अनुसार जनसंख्या विवरण

वर्तमान र भविष्यको आर्थिक क्रियाकलापमा उमेरको वारे जानाकारी हुन आवश्यक छ । उमेर अनुसारको जनसंख्या योजना तर्जुमाको लागि महत्वपुर्ण मानिन्छ । स्थानीय सरकारले कल्याणकारी सिद्धान्तको आधारमा स्रोत साधनको उचित बाँडफाँड गरी व्यवस्थापन गर्नु पर्दछ ।

| तालिका नं.१.३: वडागत आधारमा उमेर अनुसार जनसंख्या विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा | १ वर्ष भन्दा कम | १ देखि ५ वर्ष | ६ देखि १२ वर्ष | १२ देखि १८ वर्ष | १८ देखि ६० वर्ष | ६० वर्ष भन्दा माथि | जम्मा जनसंख्या |
| १ | ७० | २७८ | ४७७ | ६४८ | ३०९७ | ५६९ | ५१३९ |
| २ | ४४ | १३८ | २३८ | २७३ | १५८५ | १९० | २४६८ |
| ३ | १०० | ४२० | ६३७ | ८०३ | ३९८६ | ५२१ | ६४६७ |
| ४ | ९६ | ३३९ | ६३१ | ७८८ | ३६१२ | ५४७ | ६०१३ |
| ५ | ३२ | २४९ | ४२० | ४८३ | १७७७ | २२४ | ३१८५ |
| ६ | ३९ | २४३ | ३६८ | ४१५ | १६८९ | २५५ | ३००९ |
| ७ | ४८ | १७७ | ३३९ | ३५३ | १४५३ | २२२ | २५९२ |
| ८ | २५ | १३७ | २०० | २३३ | ९७६ | १४९ | १७२० |
| जम्मा | ४५४ | १९८१ | ३३१० | ३९९६ | १८१७५ | २६७७ | ३०५९३ |
| प्रतिशत | १ | ६ | ११ | १३ | ५९ | ९ | १०० |

माथिको तालिका अनुसार आर्थिक रुपले सकृय १८ देखि ६० वर्षसम्मको जनसंख्या ५९ प्रतिशत रहेको छ । स्थानीय तहले स्कुल शिक्षा दिनु पर्ने जनसंख्या २४ प्रतिशत रहेको देखिन्छ । झण्डै ६ प्रतिशत लाई बाल शिक्षा र ९ प्रतिशत लाई सम्मानित जीवन जीउन पाउने अवसर दिनु पर्ने देखिन्छ । अन्य सुविधा जनताको आवश्यकता र क्षमता अनुसार दिन सकिन्छ ।

१.२.२ भौगोलिक स्थिति

दीर्घकालीन योजनाको एउटा मुख्य आधार भौगोलिक अवस्थिति हो । भौगोलिक बनावटले आर्थिक विकास, सामाजिक विकास, भौतिक विकास, वातवरणीय विकसका लागि महत्पुर्ण भुमिका खेल्दछ । देश विकासलाई सन्तुलित र दीगो बनाउनका लागि भौगोलिकता अनुसारको, प्रादेशिक आयाम (spatial dimension) को आधारमा, योजना बनाउनु पर्ने हुन्छ । भूगोल अनुसार विभिन्न स्थानीय र प्रदेशमा साधनको उपलब्धता र आवश्यकताहरु फरक फरक हुन्छन् । उपलब्ध साधनको उच्चतम प्रयोग गरी स्थानीय जनताको चाहना, आवश्यकता र प्राथमिकता बमोजिम विकास निर्माण कार्य सञ्चालन गर्न र स्थानीय जनतालाई छिटो र सर्वसुलभ सेवा प्रदान गर्न देशलाई राजनीतिक, प्रशासनिक दृष्टिले स्थानीय सरकारको गठन गरिएको हुन्छ । सो बमोजिम साधनको पूर्वानुमान गरी योजना तर्जुमा गर्नका लागि स्थानीय सरकारको भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजनबारे विश्लेषण गर्न आवश्यक हुन्छ । यस्तो सूक्ष्म विश्लेषणमा आधारित प्रादेशिक योजनाले राष्ट्रिय योजनाका लक्ष्यहरुको प्राप्तिका लागि बल पुऱ्याउँछ ।

नेपालको लुम्बिनी प्रदेशको पाल्पा जिल्लामा अवस्थित माथागढी गाउँपालिका साविकको चिदीपानी, कसेनी, रूप्से, झडेवा, गोठादी, रहबास, र बहादुरपुर गरी ७ वटा गाविसलाई समेटेर २०७३ सालमा स्थापना भएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल २१५.४९ वर्ग किलोमीटर रहेको छ । राजनीतिक तथा प्रशासनिक दृष्टिकोणले यस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको उत्तरमा पूर्वखोला गाउँपालिका, रम्भा गाउँपालिका र बगनास गाउँपालिका, दक्षिणमा रूपन्देही र नवलपरासी जिल्ला, पश्चिममा तिनाऊ गाउँपालिका र तानसेन नगरपालिका र पूर्वमा पुर्वखोला गाउँपालिका र निस्दी गाउँपालिका पर्दछन्। यस माथागढी गाउँपालिकाको नामाकरण पाल्पा जिल्लाको साविकको गोठादी गा.वि.स.को दक्षिणमा पर्ने समुद्री सतहदेखि करिव ५००० फिट उचाईको पहाडी टापुमा अवस्थित माथागढीको नामबाट भएको हो । माथागढीको निर्माण मुकुन्दसेन प्रथमको पालामा भएको हुनसक्ने (काजी रणदल (जैसी) को कास्य पत्रबाट) अनुमान गरिएको छ । यस गढीको



Real Dreams International Engineering Consulting Pvt. Ltd.

वारेमा जानकारी लिन सकिने सबैभन्दा पुरानो स्रोत श्री काजी रणदल ( जैसी) द्वारा संवत् १८९६ साल मार्ग ३० रोज ५ मा गरिदिएको कास्यपत्रमा उल्लेख छ ।

**धरातलीय अबस्था**

यस गाउँपालिकको धरातलीय विविधताका कारण विभिन्न ठाउँहरूको आकार प्रकार र बनावटमा पनि केही भिन्नता रहेको पाईन्छ । भूगोलको वनावट, पहाडी लेकवेसी र फाँटहरू भएका कारण यस क्षेत्रको हावापानी पनि फरक फरक रहेका छन् । धरातलीय विविधता अनुसार यस गाउँपालिकाको हावापानीमा पनि केही विविधिता रहेको छ । यस गाउँपालिकाको उत्तरी भागमा हिमालको हावाको प्रभाव हुने भएको कारण जाडो हुने र दक्षिणी भाग बेशी भाग पर्ने भएकोले गर्मी हुन्छ ।

यहाँको अधिकतम तापक्रम २४ डिग्री सेल्सियस देखि न्यूनत्तम तापक्रम १३.५ डिग्री सेल्सियस रहने गरेको छ । तथापि यस क्षेत्रमा तापक्रम ८ देखि ३० से.ग्रे. सम्म रहेको पाईन्छ । यस गाउँपालिकाको वेसी र खोँचमा वढी गर्मी तथा अन्य भागमा शीतल रहने गर्दछ ।

### १.२.३ आर्थिक विकास स्थिति

आर्थिक विकास स्थितिका आधारमा आर्थिक नीति र सिद्धान्त निर्धारण गरिनु पर्दछ । आर्थिक विकासमा सरकार, नीजि क्षेत्र र नागरिक समाज मिलेर स्थानीय जनताको आर्थिक, सामाजिक विकासका लागि लागेको हुन्छन् । स्थानीय विकास आधारभुत रुपमा वहुआयामिक धारणासँग सम्बन्धित छ । यसले संयुक्त रुपमा आर्थिक, सामाजिक, संस्कृतिकर वातावरणीय पक्षको परिवर्तनलाई एक आपसमा सम्वन्धित बनाउँदछ । यसलाई एउटा तरीकाको रुपमा हेरिन्छ । यसले मानिसको जीवनस्तर सुधार गर्न, स्थानीय पूर्वाधारको विकास गर्न, स्थानीय स्रोतको व्यवस्थापन र प्रभावकारी परिचालन गर्न, स्थानीय तहमा रोजगारीको अवसर सिर्जना गर्न, सामान्य जनतालाई शसक्त बनाउन, स्थानीय सम्पत्तिको संरक्षण गर्न, वजार असफलतालाई कम गर्न, सहसम्वन्धलाई वलियो बनाउन, स्थानीय विकास आयोजनालाई परिणाममुखी बनाउन मद्दत गर्दछ । आर्थिक विकासका केही आयामहरु तल उल्लेख गरिएको छ ।

**कृषि तथा पशु विकास**

नेपालको आर्थिक विकासको एक महत्वपूर्ण आधार स्तम्भ कृषि तथा पशु विकास हो । नेपालीहरुले परम्परादेखि खाद्यान अन्नवाली लगायत पशुधनको उत्पादन गर्ने गरेको पाइन्छ । कृषि तथा पशुधनको व्यावसायीकरण नगरिकन आर्थिक विकासलाई गति दिन कठिन छ । तसर्थ यसको विकास र



Real Dreams International Engineering Consulting Pvt. Ltd.

विस्तारलाई व्यवसायीकरण गर्न आवश्यक प्रर्वधनात्मक कार्यक्रम तथा योजना निर्माण गर्न आवश्यक छ । पशुपन्छी क्षेत्रमा आवश्यक नीति तथा कार्यक्रम मार्फत पशुपन्छीपालक कृषक, व्यवसायी तथा उद्यमीहरूका लागि आवश्यक सेवा प्रवाहलाई सहज र सुलभ बनाई गुणस्तरीय, स्वच्छ र दीगो पशुपन्छी जन्य उत्पादन पद्धतिद्धारा उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्दै व्यवसायीकरणका लागि निजी तथा सरकारी क्षेत्रबाट लगानी बढाउने वातावरण सिर्जना गर्नुका साथै भएको लगानीको संरक्षण गर्नु योजना तर्जुमाको मुख्य उद्देश्य हो ।

**कृषि**

यस माथागढी गाउँपालिकामा रहेको कृषिको अवस्था सन्तोषजनक नै रहेको पाइएको छ । यहाँका अधिकांश मानिसहरूको मुख्य पेशा भनेकै कृषि हो र जसमा धान खेती प्रमुख बालीका रूपमा रहेको पाइन्छ । त्यसैगरी मकै, गहुँ, कोदो आदिको खेती गरिदै आएको पाइन्छ । केराउ, मसुरो, रहर, चना, सिमी भटमास जस्ता दलहनहरू उत्पादन हुन्छन् भने तेलमा तोरी, सरस्यौ, आलस, तील, सूर्यमुखी आदि रहेका छन् । यसका अलावा तरकारी तथा फलपूल खेती भएको देखिन्छ ।

पार्श्वचित्रमा उल्लेख भए अनुसार यस गाउँपालिकाका विभिन्न वडाका जग्गाको किसिमबारे गरिएको अध्यनमा -गा.पा. कोकुल क्षेत्रफल २१५.४९ वर्ग किलोमीटर) कुल जमिनको ७३९७४०.४४रोपनी अर्थात ५३ प्रतिशत बारी रहेको देखिएको छ । ३१ प्रतिशतत अर्थात ४२८९३२.५७ रोपनी खेत रहेको छ भने, १९९४३९.९ रोपनी अर्थात १४ प्रतिशत वुट्यान जग्गा र चरन तथा खरबारी, ५३२०.६३ बाझो जमिन ४८१४.०६ रोपनी रहेको छ । नीजी वन २ प्रतिशत अर्थात २४४११.५ रोपनी यस अलावा ऐलानी जमिन १३७.३२ रोपनी, सुकुम्वासी ३०.४रोपनी गुठीको जग्गा ५७ रोपनी र सार्वजनिक ३३.५ रोपनी र सरकारी ८.८ रोपनी जग्गा यस गाउँपालिकाको विभिन्न वडामा उपलब्ध छ ।

## तालिका नं. १.४: गाउँपालिकाको जग्गाको विवरण

| वडा | परिवार सङ्ख्या ( जम्मा) | जग्गाको किसिम | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खेत | बारी | बाँझो जमिन | वुटयान | चरन क्षेत्र तथा खरबारी | निजी वन | ऐलानी | सुकुम्बासी | गुठी | सर्वजनिक | सरकारी |
| १ | ९१२ | २८४८.३४ | ४१८६.०२ | ४६६.५ | २३२८० | ५२१.७ | १४०० | २.०२ | ५.४ | ० | ० | ० |
| २ | ४९६ | २७२.२२ | ३८५३.०१ | १४२.२२ | ११७३ | १०४५ | ८३० | १.० | ४.१ | ० | ७ | ८ |
| ३ | १२३२ | ४३२०.०३ | ५१२३३.०३ | ६८४.७ | ५३०४ | १२०७ | १२४० | १०१.५ | ५.३ | २१ | १६ | ०.८ |
| ४ | ९६४ | २९१२.८६ | ७९३८.४१ | ८९९.०१ | ७६१३७ | ५३२.९३ | ४६२.५ | ४.५ | ६.२ | ० | ८ | ० |
| ५ | ४३२ | १५१७८४.६७ | ६५४५११.५३ | ८७१.६३ | ८८४३.२ | ६३१ | ५१४० | ११.१ | ४.१ | ३६ | ० | ० |
| ६ | ४७८ | ५२४४४.५ | ३४३९.७१ | १०६५ | ९७६०.७ | ६०९ | ७६१४ | १२.१ | ५.३ | ० | २ | ० |
| ७ | ४२० | २७३२.९५ | २०८५.७३ | २१९ | ५६५२१ | ७०५ | ४५१५ | ३.१ | | | ३ | |
| ८ | ३०६ | २११६१७ | १२४९३ | ४६६ | १७६२१ | ४६९ | ३२१० | १.० | ० | ० | ० | ० |
| जम्मा | ५२४० | ४२८९३२.५७ | ७३९७४०.४४ | ४८१४.०६ | ११९४३९.९ | ५७२०.६३ | २४४११.५ | १३७.३२ | ३०.४ | ५७ | ३३ | ८.८ |

स्रोतः माथागढी गाउँपालिका वस्तुगत विवरण-२०७६

माथिको विवरणमा सरकारी वन, नदी तथा खोला क्षेत्र उल्लेख भएको देखिदैन । माथि उल्लेखित जमिन मध्ये पाखो जमिन (असिन्चित) धैरै भएकोले उत्पादकत्व बढाउन खास योजना बनाउनु पर्ने देखिन्छ । यसका अलावा जमिनको स्वामित्व राखी बाझो जमीन राख्ने प्रवृत्ति पनि उल्लेखित संख्यामा देखियो ।

यस माथागढी गाउँपालिकाको माडीफाँट, झडेवा फाँट र मटेरी फाँट धान उत्पादनका लागि उपयुक्त ठाउँ हो भने वहादुरपुर, रहवास, हात्तिलुङ्ग र गोठादी लगायतका वडामा व्यावसायिक बाखा पालनका लागि उपयुक्त रहेका छन्। यस गाउपालिकाले कृषिमा आवद्ध किसानहरूलाई हौसला र जीविकोपार्जन लगाएत कृषि प्रवर्द्धनमा सहयोग तथा कृषिमा टेवा पुग्ने उद्धेश्यले विभिन्न कृषक समुह, कृषकहरूलाई सहित ५०%अनुदान मा कृषि यान्त्रिकरण बितरण कार्यक्रम भएको छ । जस्ले कृषकहरूलाई निर्वाहमुखी हैन, व्यवसायी उत्पादनमुलक कृषि गर्न सहयोग पुगेको अनुमान गरिएको छ ।

यस गाउँपालिकामा कृषि उत्पादन वढाउन ताल/ कुलो, तालमुल सिंचाई आयोजना, माडी कृषि सिचाई आयोजना, तल्लो अघनी, ओलेस/सरापकोट, लाभे हर्नेटार सिचाई कुलो, फापरवारी हर्नेटार सिचाई कुलो, झुम्सा खेत सिंचाई, रहवास मटेरी जल उपभोक्ता समिति, ठाडे खोला, लिन्डीघाट ढावी, ठाडे सिंचाइ, टारी सिंचाइ, मुधे थुम्का, खुस राहु सिचाई आदि रहेका छन्। कृषि तथा फलपूल उत्पादनमा विभिन्न किसिमका रोग, किरा लाग्ने गरेको पाइन्छ ।

### पशुपंक्षी

पशुपंक्षी पालन कृषि व्यवसायको अभिन्न अंग हो । यसलाई व्यवसायीकरण गर्न पशु स्वास्थ्यको सम्वर्धन मार्फत पशु तथा पशुजन्य उत्पादनबाट मानवमा सर्न सक्ने रोगहरूको नियन्त्रण र रोकथाम गरी जनस्वास्थ्य संरक्षणमा योगदान गर्नु पर्ने हुन्छ । यस माथागढी गाउँपालिकाको माडीफाँट, झडेवा फाँट र मटेरी फाँट धान उत्पादनका लागि उपयुक्त ठाउँ हो भने बहादुरपुर, रहवास, हात्तिलुङ्ग र गोठादी लगायतका वडामा व्यावसायिक बाखा पालनका लागि उपयुक्त रहेका छन्। माथागढी गाउँपालिकाले कृषिमा आवद्ध किसानहरूलाई हौसला र जीविकोपार्जन लगाएत कृषि प्रवर्द्धनमा सहयोग तथा कृषिमा टेवा पुग्ने उद्धेश्यले विभिन्न कृषक समुह, कृषकहरूलाई सहित ५०%अनुदान मा कृषि यान्त्रिकरण वितरण कार्यक्रम भएको छ । जस्ले कृषकहरूलाई निर्वाहमुखी हैन, व्यवसायी उत्पादनमुलक कृषि गर्न सहयोग पुग्ने विश्वास गर्न सकिन्छ ।यस गाउँपालिकामा ८९ प्रतिशत परिवारले पशुचौपाया तथा पशुपन्छी पालेका छन् भने ११ प्रतिशत परिवारले पशुचौपाय तथा पशुपंछी पालेका छैनन्।

माथागढी गाउँपालिकामा व्यावसायिक रूपमा सञ्चालनमा आएका कृषि फर्महरूमा गोल्डी इजारडाँडा कुखुरा फर्म र मौलाकाली बाखा फर्म आदि रहेका छन्। यस माथागढी गाउँपालिकामा ५१ वटा कृषक समुह तथा १३ वटा पशुपंछीपालन समुह र ८ वटा व्यावसायिक कृषि फर्महरू रहेका छन । यस गाउँपालिकामा ४ वटा एग्रोभेट तथा बीउ बीजन केन्द्रहरू १ वटा कोल्ड स्टोर रहेका छन् ।

माथागढी गाउँपालिकामा यहाँको जमिनबाट उत्पादित वस्तुहरूको विववरण अनुसार धान, मकै गहुँ र कोदोको उत्पादन, खरिद तथा बिक्री परिमाणलाई केजीलाई तलको तालिकामा प्रस्तुत गरिएको छ । वडा नम्बर ४ मालिकादेवी कृषि सहकारीबाट थोक व्यापार भएता पनि अन्य व्यापार केन्द्र खासै देखिदैन ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

## स्रोत नक्शा




## घरपरिवारको आयस्तर र गरिबीको स्थिति

घरपरिवारको आयस्तरले गरिबीको स्थिति कस्तो छ भन्ने देखाउँदछ । आयस्तरलाई औषत आम्दानीबाट हेर्न सकिन्छ । यसले सामान्यतया यस गाउँपालिकामा बसोबास गर्ने नागरिकको औषत जीवन स्तर कस्तो छ भन्ने कुरा देखाउँदछ । गाउँबासीहरुले विभिन्न पेशा व्यवसाय गरेर प्रति महिनाको आम्दानी औषत आय हो । गाउँबासीको आयमा स्थानीय रुपमा काम गरी कमाएको वा परिवारका सदस्य नगर बाहिर गई कमाएर घरमा पठाएको आय पर्दछ । यहाँका बासिन्दाहरुको मुख्य पेशा कृषि रहेको र कृषि बाहेक यहाँका मानिसहरुले बैदेशिक रोजगार, व्यापार व्यवसाय र सीपयुक्त कामहरु पनि गर्दै आएको सर्वेक्षणले देखाएको छ ।

घरधुरी सर्वेक्षणका आधारमा प्राप्त भएको तथ्याङ्क अनुसार, ३ महिना सम्म खान पुग्नेहरूको कुल जनसङ्ख्या १७४६ अर्थात ३३ प्रतिशत रहेको पाइन्छ । त्यसैगरी ४ देखि ६ महिनासम्म खान पुग्ने घरपरिवारहरूको सङ्ख्या १२७८ (२४) प्रतिशत रहेको पाइयो भने ७ महिना देखि ९ महिनासम्म पुग्ने घर परिवारको सङ्ख्या ९७६ अर्थात १९ प्रतिशत र ९ महिना भन्दा माथि खान पुग्नेहरूको सङ्ख्या १२४० (२४ प्रतिशत) रहेको छ ।

यस गाउँपलिकामा रहेको समुदायको गरिबीलाई विष्लेषण गर्दा वडामा शौचालय नभएका घरहरु, आफ्नो पाखोवारी र गाउँको घर छोडेर सुगम ठाउमा वसाई सरी सार्वजनिक र ऐलानीमा जग्गामा आफनो बासलाई टेको लगाएर गुजाराका लागि विभिन्न माध्यम र विकल्पहरुमा आश्रित रहेको देखिन्छ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

घरधुरी सर्वेक्षणका आधारमा प्राप्त भएको तथ्याङ्क अनुसार, कुल क्षेत्रफलको २५.४ रोपनी जग्गा सुकुम्वासीको रुपमा प्रयोग हुदै आएको पाइएको छ । त्यसैगरी १४ रोपनी ऐलानी जग्गा, सार्वजनिक २६ रोपनी र ८.८ रोपनी सरकारी जमिन पनि स्थानी समुदायले वसोवासका लागि प्रयोग गर्दै आएका छन्। अध्ययन अनुसार यो अवस्थालाई विपन्नताको स्तरीकरणमा राख्न नमिल्ने देखिन्छ ।

**श्रम तथा रोजगारी**

लुम्बिनी प्रदेशको आवधिक योजना (श्रम सर्भेक्षण २९१७।१८) अनुसार यस प्रदेशमा बेरोजगारीको दर ११.२ प्रतिशत रहेको छ जसमध्ये शहरी क्षेत्रमा १२ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.१ प्रतिशत रहेको छ । त्यस्तै महिला ११.९ प्रतिशत र पुरुष १०.८ प्रतिशत बेरोजगार रहेको छ ।

यस माथागढी गाउँपालिकामा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा भनेको कृषि जनसङ्ख्याको आधारमा जम्मा ६३३९ (२७ प्रतिशत) मानिसहरू कृषि तथा पशुपालन पेशामा संलग्न रहेका छन्। यस्तै व्यापार व्यवसाय, रोजगारी, नोकरी व्यापार, जागिर, ज्यालामजदुरी तथा अन्य पेशामा संलग्न भएको विवरण मध्ये व्यापार गर्नेको सङ्ख्या १००५ जना रहेको पाइएको छ भने जागिर गर्नेको सङ्ख्या यस गाउँपालिका भित्र ३०२४ जना रहेका छन्। यसैगरी सिपयुक्त ज्याला मजदुरीबाट ३०२४ जनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा काम गरिरहेको देखिन्छ । यस गाउँपालिकामा अध्ययनरत विद्यार्थी सङ्ख्या ७८११ रहेको छ ।

आफ्नो देशमा रोजगारीका अवसरहरूको अभावका कारणले अधिकांश युवाहरू वैदेशिक रोजगारमा पुगेको देखिन्छ । यस गाउँपालिका २५८३ जना वैदेशिक रोजगारमा छन्। वडागत रूपमा हेर्दा सबभन्दा वडा नं ३ बाट ६७३ जना विदेश गएको देखिन्छ । त्यसपछि वडा नं ४ का ६३६ जना विदेशमा रहेको देखिन्छ ।

यस माथागढी गाउँपालिकामा बेरोगारहरूको जनसङ्ख्या उल्लेख्य मात्रामा रहेको पाइन्छ । आठ वटै वडाहरूलाई आधार मान्दा बेरोजगारहरूको जम्मा जनसङ्ख्या १७६९ रहेको पाइन्छ ।

व्यवसायिक तालिम लिनेको सङ्ख्या सिलाई बुनाई बुटिक श्रृंगार पार्लर लिनेहरुमा महिला ५९४ र पुरुषहरु ११६ जना गरी जम्मा ७१० रहेका छन्। त्यसैगरी कृषि सम्वन्धि जेटी, जेटीए र खाद्य प्रशोधनमा दक्षता भएका सख्या महिला १९५ र पुरुष ४२६ जना गरी जम्मा ६२१ जना छन्। साथै सूचना प्रविधि र ईलोक्ट्रोनिक कम्प्युटर, विद्युत, मोवाईल, रेडियो घडी सम्वन्धि दक्षता हासिल गरेका ३१९ जना महिला र



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Real Dream

३७२ जना पुरुष गरी जम्मा ६९१ जना रहेका छन्। यस पालिकामा माथि उल्लेखित विभिन्न सम्भावना भएकोले लगानी बढाइ रोजगारीको अवसर सृजना गर्न आवश्यक छ ।

**उद्योग व्यापार तथा खानी क्षेत्रको स्थिति**

आर्थिक विकासको महत्वपुर्ण आधार उद्योग तथा व्यापार नै हो । आर्थिक विकासको मापन गर्दा कुल आर्थिक कृयाकलापमा उद्योग क्षेत्रको योगदान बढी भएको अवस्थालाई राम्रो मानिन्छ । नेपालको प्रदेश नं ५ मा पर्ने पाल्पा जिल्ला पनि कृषि, पर्यटन, उद्योग र व्यापारमा प्रचुर अवसर र अपार सम्भावना भएको ठाउँ हो । पाल्पालाई झल्काउने फोटो प्रदर्शनी, धार्मिक तथा ऐतिहासिक स्थलको परिचय, काष्ठकला, स्थानीय घरेलु तथा कुटिर उद्योग, टर्की चरा, अस्ट्रिज चरा, कृषि तथा वन्यजन्तु उत्पादन तथा प्रवर्द्धन लगाएतका आकर्षक तत्वले जिल्लाको उद्योग व्यापार र बैंकिङको महत्व र यसको अवस्थालाई प्रष्ट पार्दछ । जिल्लाका विभिन्न स्थानमा रहेका कृषि, पशुपालन, व्यापार व्यवसाय, होटल रेष्टुरेण्ट तथा स-साना स्वरोजगार मुलक कार्यलाई बढाउन सके जिल्लाको मात्र नभई स्थानीय निकाय, गाउँको उद्योग, व्यापार तथा बैंकिङ अवस्था अर्थतन्त्रमा बलियो बन्न जान्छ ।

**उद्योग**

पाल्पा जिल्लामा पर्ने यस माथागढी गाउँपालिकामा ठुला, मध्यम, साना तथा घरेलु उद्योगहरू रहेका छन् । जसमध्ये ठुला उद्योगहरूमा : ममता वेकरीज, भट्टराई चाउमिन उद्योग, सत्यवती फर्निचर उद्योग, मध्यम उद्योगहरूमा: धाराही मिल, जर्घा मिल, चित्राङदी मिल, युवराज राइस मिल, चौपारी राइस मिल, मनसेवा राइस मिल, धाडकोन राइस मिल, मौलाथर राइस मिल, केशव राइस मिल आदि रहेका छन्। यसैगरी साना उद्योगहरूमा: दर्लामी फर्निचर, दौतरी ग्रील उद्योग, आनन्द नगर टोल आदि रहेका छन्। यसका साथै घरेलु उद्योगहरूमा : श्रेष्ठ चाउमीन उद्योग, राना सस उद्योग आदि रहेका छन्।

**व्यापार**

माथागढी गाउँपालिकामा उद्योग, व्यापार लगानी वातावरणको विकास र विस्तार गर्न वित्तीय संस्थाहरूमा वाणिज्य बैंकहरू मार्फत् कर्जा लगानी हुने गरेको देखिन्छ । यस बाहेक गाउँपालिकामा सञ्चालित अन्य बैंक तथा वित्तीय संस्थाहरूले पनि कर्जा उपलब्ध गर्दै आएका छन् । गाउँबासीहरूसँग रहेको रकमलाई निक्षेपको रूपमा स्वीकार गरी बचत पनि गर्दै आएका छन्। यस माथागढी गाउँपालिकामा सेवा तथा सुविधा पुऱ्याइरहेका बैंक तथा वित्तिय संस्थाहरूमा : १ वटा वाणिज्य बैंक, १ वटा विकास बैंक, ३ वटा लघुवित्तीय संस्था र २१वटा सहकारी संस्थाहरू रहेका छन्। यहाँ सञ्चालनमा



Real Dreams International Engineering Consulting Pvt. Ltd. Real Dream

रहेका बैंक तथा वित्तीय संस्थाहरूले पनि यहाँका समुदायको मात्र नभई गाउँपालिकाकै समग्र वित्तीय विकासमा मद्दत पुऱ्याईरहेको पाईन्छ ।

माथागढी गाउँपालिकामा १ वटा चिस्यान केन्द्र, पानी मिल ३ वटा, डिजेल मिल १२ वटा, विद्युत मिल ३७ वटा तथा १ वटा कृषि संकलन तथा प्रसोधन केन्द आदि रहेका छन्।

यस माथागढी गाउँपालिकामा १२२ वटा किराना, मासु, तरकारी, फलफुल आदि जस्ता व्यापार तथा व्यावसायहरू सञ्चालनमा आइरहेका छन्। यस गाउँपालिकामा सञ्चालन गरिएका विभिन्न व्यापार व्यवसायहरू निजी तवरबाट सञ्चालन गरिएका हुन् ।

**खानी**

गाउँपालिका भित्र रहेका विभिन्न खानीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सकेको खण्डमा यहाँको आर्थिक सामाजिक विकासमा ठुलो टेवा पुग्ने देखिन्छ ।यस माथागढी गाउँपालिकामा १ वटा फलाम खानी, १ वटा बालुवा भण्डारण, २ वटा कोइला खानी, ९ वटा चुनढुङ्गा खानी आदि रहेका छन् ।

**पर्यटन**

पर्यटन नेपालको आर्थिक विकासको एक महत्वपुर्ण आयाम हो । आन्तरिक र वाह्य पर्यटन विकासले सामाजिक एकीकरण र विश्वलाई जोड्ने एक माध्यमको रुपमा समेत काम गर्दछ । यस क्षेत्रले आर्थिक तथा सामाजिक विकासका लागि योगदान गर्ने भएकोले यसको विकास योजना ज्यादै महत्वपूर्ण हुन्छ । योजना तर्जुमा गर्दा स्थानीय तहमा अवस्थित विभिन्न किसिमका वनजंगल, जनावर, चराचुरूङ्गी, ताल, नदीनाला, धार्मिक मठमन्दिर, सांस्कृतिक अवस्था, रहनसहन, पहाड, हिमाल, सहरहरू जडिबुटी र अन्य थुप्रै जैविक विविधता आदि कुराहरु बारे ध्यान दिनु पर्दछ । पर्यटन उद्योगलाई प्रमुख उद्योगका रूपमा संस्थागत विकासका लागि सरकारले चालेका नीतिगत कार्यक्रममा थप पृष्ठपोषण र सहकार्यको आवश्यकता छ । यसमा निजी तथा सार्वजनिक क्षेत्रको सक्रियता र सहकार्यले महत्व राख्छ । भरपर्दो सेवाजन्य उद्योगका रूपमा विगतको लामो समयदेखि पर्यटन क्षेत्रले राम्रो छाप छोड्न सकेको छ । सरकारले आफ्नो नीति तथा कार्यक्रममा पनि पर्यटन क्षेत्रलाई महत्व दिएर यसको दीर्घकालीन विकासका लागि साझेदारी विकासका अवधारणालाई अघि सारेको छ ।

माथागढी गाउँपालिकामा प्राकृतिक तथा धार्मिक अनि सामाजिक सम्पदाहरूले पर्यटकिय विकास गर्न सम्भव छ । यहाँको प्राकृतिक सौन्दर्य, चिसो हावापानी, रमणीय भूगोलबाट आल्हादित हुन तराइका

फाँटहरुवाट मानिसहरु घुम्न आउने पर्याप्त सम्भावना छ । यहाँ उत्पादित अर्गानिक खाना, सामाजिक जीवनशैली उत्तिकै आकर्षक रहेको छ ।

यहाँ रहेका धार्मिक संघसंस्था कोट मन्दिर, कालिका मन्दिर, शिवमन्दिर, राममन्दिर, राधाकृष्ण मन्दिर, दद्रा, खहरे, अमराई, कोडेलेख, सरापकोटदेवी मन्दिर, माथादेवी मन्दिर, थारूंगादेवी मन्दिर, तिनकन्या देवी मन्दिर, शिव मन्दिर, रम्भादेवी मन्दिर, दुर्गादेवी मन्दिर, खरैकोट पर्यटकीय क्षेत्र, मालिकादेवी मन्दिर, कोटकीदेवी, कर्णदेवी मन्दिर, लक्ष्मिदेवी मन्दिर, कृष्ण प्रणामी मन्दिर, माथागढी मन्दिर, लब्दकोट दुर्गा मन्दिर, जीवनको नदी मण्डली, आत्मा विश्वास, नेपाल खिष्टियन, जागृति मण्डली, सत्यवति मन्दिर, पाँचकन्या देवि मन्दिर, मौलादेवि मन्दिर क्षेत्र, आकाशेदेवि मन्दिर क्षेत्र, धारादेवी मन्दिर क्षेत्र, लिउलेदेवि मन्दिर क्षेत्र आदिलाई यस गाउँपलिकाको पुरातन धार्मिक एवम् संस्कृति परम्परा र धार्मिक पहिचानलाई पर्यटकीय आँखाबाट विकास गर्न सकिने सम्भावना प्रचुर रहेको छ ।

दशैं तथा तिहार बाहेक यस पालिकाका वासिन्दाहरुले मातातीर्थ औंसी, बुद्ध जयन्ति, गुरुपुर्णिमा, साउने संक्रान्ति, नागपञ्चमी, जनै पुर्णिमा, कृष्णाअष्टमी, तीज, सोह्र श्राद्ध, धान्य पुर्णिमा, स्वस्थानी व्रत, माघे संक्रान्ति, ल्होसार, श्रीपञ्चमी, महाशिवरात्री, जखनी पूजा, फागुपुर्णिमा, चैते दशैं आदि पर्वहरु पनि मनाउँछन् ।

पर्यटकहरुलाई स्वागत गर्न यस माथागढी गाउँपालिकामा २ वटा रिर्सोट, १ वटा होमस्टे र १९ वटा रेष्टुरेन्ट १ वटा अन्य किसिमका होटेलहरू रहेका छन्। यसलाई विकास र विस्तार गर्न गाउँपालिकाले सहजीकरणको भुमिका खेल्नुपर्ने आवश्यकता देखिन्छ ।




## १.२.४ सामाजिक विकास स्थिति

सामाजिक विकास अन्तर्गत मानिसको शिक्षा, स्वास्थ्य आदि पर्दछन् । यस सम्बन्धि धारणा मानवीय विकासको एक महत्वपुर्ण पक्ष हो । मानविय विकास हुनको लागि शिक्षा, स्वास्थ्य, लैंगिक तथा उमेरगत लगायतका विकास हुन आवश्यक छ । यस धारणा अनुसार मानव विकास गर्न प्रत्येक राष्ट्रले समाज विकासको अवधारणलाई अपनाएर सहभागितामुलक ढंगले अगाडि बढे मात्रै स्वच्छ र समतामुलक समाजको निर्माण सम्भव छ । यसका लागि विभिन्न गैरसरकारी संघसंस्था, अन्तर्राष्ट्रिय संघसंस्थाहरू सकृय रूपमा लागि काम गरिरहेका छन्। यस माथागढी गाउँपालिकामा समुदायको समग्र विकासका लागि सामाजिक परिचालन मार्फत स्थानीय तथा अन्य संघसंस्थाहरू जस्तै: आमा समूह, युवा क्लब, बचत समूह तथा अन्य विभिन्न संघसंस्थाहरूले कार्यहरू गर्दै आइरहेका छन र गाउँपालिकाको सामाजिक, आर्थिक लगाएत जनचेतना फैलाउनका लागि विशेष पहल गर्दै आईरहेका छन । समाज परिचालन तथा जनचेतनाको लागि सामाजिक परिचालिकाहरूले पनि महत्वपूर्ण भुमिका निर्वाह गर्दै आइरहेका छन् । शिक्षा र स्वस्थ्यमा गरिने लगानी मानिसको दक्षता, क्षमता, आदर्श, स्वस्थता आदिको अन्तरसम्बन्धित विषय हुन् । यस क्षेत्रमा गरिने लगानीले शिक्षा, तालीम र स्वास्थ्य क्षेत्रमा सुधार भई मानव पुजी निर्माण हुन्छ र आर्थिक विकासमा सघाउ पुग्दछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

**शिक्षा**

शिक्षा मानव जिवनको अभिन्न अङ्ग हो । जसले मानवलाई जीवनको उचाईसम्म पुग्नलाई मद्दत पुऱ्याउँदछ । शिक्षाको महत्व तथा आवश्यकता आजको समयमा दिनानुदिन बढ्दै गइरहेको अवस्था छ । आजको समयमा शैक्षिक क्षेत्रमा उचित व्यवस्थापन गर्न सकिए मात्र गाउँको मुहार फेर्न सकिन्छ । वर्तमान समयमा शिक्षाको शैलीहरू परिवर्तन हुँदै गइरहेका छन्। हिजोका दिनमा जस्तो पारम्परिक रूपले आजको समाज अगाडि बढ्न सक्दैन । यसका लागि शिक्षा क्षेत्रको उचित विकासमा ध्यान दिनुपर्ने आवश्यकता रहेको छ । शिक्षा व्यक्ति एवम् समाज विकासको लागि मेरूदण्ड हो । शिक्षा विना देश विकासको कल्पना पनि गर्न सकिदैंन । व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले ठूलो सहयोग पुऱ्याएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालबालिकाहरू नै भोली देशका कर्णधार हुन्। त्यसैले त शिक्षालाई यति धेरै महत्व दिनुपरेको स्पष्ट हुन्छ । भनिन्छ, शिक्षा नै सामाजिक परिवर्तनका बाहक हुन् । त्यसैले यो पनि बिर्सनु हुदैन कि सम्पुर्ण शैक्षिक प्रक्रियाको केन्द्र विद्यार्थी हुन्। शिक्षा राष्ट्रिय विकासको आधारशीला भएकोले यसको अभावमा राष्ट्रिय विकास प्रायः असम्भव छ ।

नेपालको सन्दर्भमा शिक्षा गरिबी निवारणको एक सशक्त माध्यम पनि हो । आधारभूत शिक्षा प्रत्येक नागरिकको मानवधिकार हो भने सबै नागरिकलाई कम्तिमा आधारभूत शिक्षाको अवसर प्रदान गर्नु राज्यको दायित्व हो । राष्ट्रिय शिक्षा पद्धति २०४९ ले पनि शिक्षा पाउने अधिकारलाई पूर्णता दिँदै माध्यमिक तह सम्म निःशुल्क पढ्ने व्यवस्थाको थालनी भयो । शिक्षा व्यक्ति एवं समाज विकासको लागि मेरूदण्ड हो । शिक्षा विना देश विकासको कल्पना पनि गर्न सकिदैंन । व्यक्तिलाई सामाजिकीकरण गर्न शिक्षाले ठूलो सहयोग पुऱ्याएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययन गर्न जाने बालवालिकाहरू नै भोलि देशको कर्णधार हुने हुँदा पनि शिक्षालाई यति धेरै महत्व दिनुपरेको स्पष्ट हुन्छ । भनिन्छ, शिक्षा नै सामाजिक परिवर्तनका बाहक हुन्। त्यसैले यो पनि बिर्सनु हुँदैन कि सम्पूर्ण शैक्षिक प्रक्रियाको केन्द्र विद्यार्थी हुन्।

उक्त सन्दर्भमा माथागढी गाउँपालिकामा श्री आदर्श आ.वि., श्री शिवदीप आ.वि., श्री ज्ञानोदय आ.वि., श्री जाउपोखरा आ.वि., नव जागृति आ.वि., श्री भुपति आ.वि., श्री सौभाग्य मा.वि, श्री कर्णधार मा.वि, वृद्धि विकास आ.वि., श्री सनराईज पब्लिक स्कुल, श्री सपाङ्दी आ.वि., श्री दिव्य ज्योती मा.वि, श्री तीनकन्या बालविकास केन्द्र, शिववाणि आ.वि., श्री भडेवा भ्याली ईङ्गलिस स्कुल,



Real Dreams International Engineering Consulting Pvt. Ltd. Real Dream

किसान वहुमुखी क्याम्पस, रत्न मावि, कर्णधार आ.वि., चित्रेछाप आ.वि., श्री रत्न प्रावि., श्री योगेश्वर आ.वि., श्री शारदा आ.वि., श्री माउण्ट मालिका स्कुल, श्री हात्तिलुङ मा.वि, आदर्श आ.वि., कौडेलेक आ.वि., सिर्जना आ.वि., सिर्जना बाल बिकास केन्द्र, श्री लक्ष्मी आ.वि., श्री सातपोखरी मा.वि., श्री ग्रामोदय मा.वि, श्री सिद्ध प्रावि, श्री महेन्द्र नरेश आ.वि., श्री वतास चुलि देवि आ.वि., श्री महेन्द्र नरेश आ.वि. तथा बालविकास केन्द्र, श्री सरस्वति आ.वि., श्री नव प्रतिभा बालविकास केन्द्र, श्री तिनकन्या बाल विकास केन्द्र, श्री धारा देवि मा.वि, श्री वाल विकास आ.वि., चन्द्रदेवी आ.वि. आदि विद्यालयहरू रहेका छन्।

**शैक्षिक स्थिति**

यस माथागढी गाउँपालिका शिक्षाको अवस्था सन्तोषजनक मान्न सकिदैन किनकी ५ वर्ष माथिका बालबालिकाहरूको साक्षरता विवरण ३३१० जना रहेका छन्।२०७६ मा गरिएको सर्वेक्षण अनुसार माथागढी गाउँपालिकामा पाँच वर्ष भन्दा माथिको शैक्षिक अवस्था हेर्दा पुर्व प्राथमिक तह अध्ययन गरेका ६८५७ जना, आधारभुत तह अध्ययन गरेका ११८२५ जना, माध्यमिक तह अध्यन गर्दै गरेका ८७८७ जना छन्। त्यसैगरी स्नातक तह अध्ययन गरेका २२२८ जना स्नातकोत्तर तह अध्ययन गरेका ८७६ जना एमफिल र विधावारिधी (पिएचडी) तह अध्ययन गरेका २० जना रहेका छन्।यस माथागढी गाउँपालिका वडा नं. ४, झडेवामा अवस्थित श्री किसान वहुमुखी क्याम्पस शिक्षा संकायमा अध्ययन अध्यापन गराइन्छ ।




## स्वास्थ्य

यस माथागढी गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमका लागि आर्थिक वर्ष २०७५/२०७६ बाट २० लाख बजेट छुट्याएर सबै वडा-वडामा पुगेर स्वास्थ्य बीमा दर्ता कार्यक्रम सञ्चालन सुरू गरेको छ । आर्थिक अभावमा अस्पतालसम्म पुगेर स्वास्थ्य उपचार गर्न नसकेर कुनै पनि नागरिक उपचार अभावमा ज्यान गुमाउन नपरोस् भनेर यो कार्यक्रम सुरू गरिएको हो । गाउँपालिकाले नागरिकको स्वास्थ्यलाई ध्यानमा राखेर विपन्न परिवारको घर घरमा बीमाकर्ता परिचालन गरेर स्वास्थ्य बीमा गराएको छ । स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता पनि बढ्दै गएको छ । समुदायले स्वास्थ्य संस्थामा पुगेर स्वास्थ्य परीक्षण गराईरहेका छन् । २०७४/०७५ को आर्थिक वर्षमा पनि गाउँपालिकाले विपन्न स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत रू. २० लाख रकम विनियोजन गरेको थियो । गाउँपालिकाले विपन्न अन्तर्गत पनि पहिचान गरेर अति विपन्न, एकल महिला, दीर्घरोगी, अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिएर स्वास्थ्य बीमा गरिरहेको छ । गाउँपालिकाका आठ वटै वडामा बीमाको महत्वबारे अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्दै गाउँपालिकाले घर घरमा पुगेर ज्येष्ठ नागरिक उपचार सेवा,



Real Dreams International Engineering Consulting Pvt. Ltd.

गाउँ गाउँमा निःशुल्क स्वास्थ्य परिक्षण शिविर, सुत्केरी महिलालाई पोषण भत्ता, स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम पनि सञ्चालन गरिरहेको छ ।

स्वास्थ्य सेवा मानिसका लागि उपलब्ध गराइने भएकोले मानव बस्तीबाट स्वास्थ्य केन्द्र सम्मको दूरी, चिकित्सक, मानिस र चिकित्सकको अनुपात, औषधी तथा स्वास्थ्य सामाग्री महत्वपूर्ण हुने भएकोले यही आधारमा योजना बनाउनु पर्दछ ।

गाउँपालिकाको पछिल्लो विवरण अनुसार वडा नं.- ३,४ र ५ को विवरण हेर्दा समग्रमा बाल स्वास्थ्य तथा कुपोषित बालबालिकाको सङ्ख्या जम्मा १४३ रहेको छ यसमा बालिका सङ्ख्या १०२ र बालक ४१ जना रहेका छन् ।

त्यसैगरी यस गाउँपालिकामा विभिन्न रोग लागेर स्वास्थ्य उपचार गराईरहेको सङ्ख्या हेर्दा अधिकत्तम रहेको छ । रोगी वा विरामी सङ्ख्या, ७३७० रहेको छ भने, उपचार गराउनेको सङ्ख्या ४८५८ र रोग लागेर फलोअप गराउनेको सङ्ख्या ३४४० उपचारमा कठिनाई भई रेफर गरिएका विरामीको सङ्ख्या २२० रहेको छ । त्यसैगरी रोग लागेर उपचारका क्रममा मृत्यु हुनेको सख्या ९ जना रहेका छन्। यो तथ्याँक २०७६ सालमा गाउँपालिकाको विभिन्न वडामा गरिएको अध्ययन विवरण हो ।

यस माथागढी गाउँपालिकामा २०७६ सालमा गरिएको सर्वेक्षण अनुसार २३४९६ स्वस्थ्य, ६५३१ सामान्य, ३०९ रोगी, २४५ दीर्घरोगी, तथा १२ जना अन्य रहेका छन्।

पाल्पा जिल्लाको माथागढी गाउँपालिकामा रहेका स्वास्थ्य सम्बन्धी विवरण नक्सा



## खानेपानी तथा सरसफाई

नेपालमा स्वच्छ पिउने पानी र सरसफाइको अभावले करिव ८० प्रतिशत झाडापखाला सम्वन्ध रोगहरूको प्रकोप फैलने गरेको पाईएको छ । स्वास्थ्य, सरसफाइको अभावले लाग्ने झाडापखाला जस्ता रोगले हजारौ वालवालिकाले अकालमा ज्यान गुमाईरहेका छन्। यसको प्रमूख कारण खानेपानी सरसफाइ र स्वच्छतामा ध्यान दिन नसक्नु नै हो । झाडापखाला, टाइफाइड, हैजा, आऊँ, जुका र पेट सम्वन्धि अनेक प्रकारका सरूवा रोगको किटाणु सार्ने र फैलाउने मूल श्रोत मानव मलमुत्र हो । खास गरी विद्यालय तथा सार्वजनिक संघ सस्थामा पर्याप्त तथा व्यवस्थित शौचालयको अभाव तथा शौचालय भए पनि पर्याप्त पानीको आभावमा कारण सरसफाइ र स्वच्छताको क्षेत्रमा समस्या देखिने गरेको छ । सरसफाइको अभावले पोषण स्तरमा समेत समस्या आइ वालवालिकाको शारिरिक र मानसिक विकासमा समेत सन्तुलित विकास हुन पाउदैन ।

गाउँको परिवेशमा खानेपानीको मुख्य स्रोतको रूपमा खोला, नदी, कुवा ताल तलैया झरना नै मुख्य हुन् । माथागढी गाउँपालिकाका विभिन्न वडामा पनि यी नै माध्यमबाट पानी प्रयोग गरिरहेको पाईएको छ । ४८प्रतिशतले पाईप धारा सार्वजनिकको पानी उपभोग गर्दै आईरहेका छन्, भने ३९ प्रतिशतले पाईप धारा कम्पाउण्डको पानी पिउदै आएका छन्। ९ प्रतिशतले ढाकिएको ईनारको पानी खान्छन्। त्यसैगरी २/२ प्रतिशत मूलको पानी र नदीको पानी प्रयोग गर्ने गरेका छन्। कुन वडामा कसरी पानी उपभोग गरिरहेका छन भन्ने विवरण तलको तालिकाबाट देख्न सकिन्छ ।

यस माथागढी गाउँपालिकामा सरसफाइको अवस्था र शौचालयको अवस्था के कस्तो छ भनी सर्वेक्षण गरिएको थियो । यसमा घर आँगन सरसफाइ राख्ने तथा व्यक्तिगत सरसफाइमा घर परिवारहरू सचेत नै दखिन्छन् । त्यसैगरी यस गाउँपालिकामा १ प्रतिशत अर्थात ४७ घरधुरीमा शौचालय छैनन् भने ४ प्रतिशत अर्थात २३१ घरधुरीमा फ्लस भएको शौचालय रहेको छ । ६७ प्रतिशत (३५४७) घरघुरीमा फ्लस भएको (सेप्टिक ट्याङ्की) रहेको छ । यसका साथै २८ प्रतिशत (१५१७) घरधुरीले साधारण शौचालय प्रयोग गर्दै आएका छन्।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream



## महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

कुल जनसङ्ख्याको आधा हिस्सा ओगटेको नेपाली महिलाहरूको स्थिति अझै पनि उपेक्षित र उत्पीडनको अवस्थामा रहेको छ । महिलाहरूको मुद्धा हाम्रो देशमा मात्र नभएर विश्वमा नै गहन र संवेदनशील रूपमा लिईएको छ । राज्य संचालनमा महिलाहरूको अधिकार सुनिश्चित गर्ने क्रममा देशमा विद्यमान वर्गिय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समानतामूलक समाजको निर्माण गर्ने संकल्पका साथ नेपालको संविधान २०७२ सालमा जारी भएको छ । नेपालमा जनता आफैले आफ्ना लागि संविधान बनाउने सपना २०७२ सालमा पुरा भएको छ । समग्रमा महिलाका लागि विशेष व्यवस्था समावेश गरी अस्तित्वमा आएको यस संविधनले परिवर्तनका मुद्दाहरू संस्थागत गराउन आवश्यक पहल गर्नुपर्ने देखिन्छ । संविधान राम्रो बन्नु मात्र सबैथोक होइन, कार्यान्वयनमा नै संविधानको सफलता निर्भर रहन्छ । तसर्थ संविधानलाई व्यवहारमा उतार्नु अपरिहार्य छ । सन्१९९० को संविधान अनुसार कुनैपनि पुरूषले महिलालाई कुनैपनि प्रकारको भेदभाव गर्न नपाउने व्यवस्था उल्लेख छ । सन्१९९७ मा कुनैपनि महिला यदि ३५ वर्ष सम्म अविवाहित रहिन भने उनलाई पनि अंशको उत्तिनै हिस्सा मिल्नु पर्छ भन्ने नियम बनाईयो । बि.सं.२०६३ को संविधानले महिलाहरूको स्थिति सुधारमा विशेष ध्यान दिएको छ । यस अनुसार छोरीलाई पनि छोरा जतिनै अंश मिल्छ । पितृसतात्मक सोचमा आधारित सामाजिक मूल्य मान्यता तथा सदियौं देखि चली आएको महिला प्रतिको भेदभावपूर्ण व्यवहार नेपाली समाजको यथार्थ हो । लैंगिक

विभेदले शोषण र हिंसाका घटनालाई मलजल गर्न मद्धत गरेको हुन सक्ने महिलाको अवस्थालाई दूरगामी असर पुऱ्याएको देखिन्छ ।

त्यसैगरी बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०४८, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC) १९८९ ले बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गरेको छ । स्थानीय सरकारको रूपमा रहेका नगरपालिका र गाउँपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रूपमा स्थापित भैसकेका छन् । बालश्रम (निषेध र नियमन गर्ने) ऐन, २०५६, बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ कार्यान्वयनमा आई केही नतिजाहरू समेत हासिल भैसकेका छन् । यस्ता प्रयास र नतिजाहरूलाई निरन्तरता दिँदै यसको विकास र विस्तारका लागि थप प्रयास गर्नुपर्ने देखिन्छ । वि.सं. २०६८ को जनगणना अनुसार नेपालको जनसङ्ख्या २ करोड ६४ लाख ९५ हजार ५०४ पुगेको छ (केन्द्रीय तथ्याङ्क विभाग,२०६८) । यसमा करिब ४४.४ प्रतिशत १८ वर्ष मुनिका बालबालिकाको रहेको पाइन्छ भने १६ वर्ष मुनिका बालबालिकाको जनसङ्ख्या ३९.८ प्रतिशत रहेको छ ।

विद्यालय जाने उमेरका बालबालिका मध्ये करिब ९६.६ प्रतिशत विद्यालय भर्ना हुने गरेका छन् (आर्थिक सर्वेक्षण, २०७४) । नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकको रूपमा व्याख्या गरेको छ । साथै राज्यको पुन:संरचना हुदा स्थानीय तह र प्रदेश सरकारको भुमिका समेत थप भएको अवस्था र बालमैत्री स्थानीय शासन कार्यान्वयनको अनुभव समेतलाई आधार मानी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा परिमार्जन सहित बालमैत्री स्थानीय शासन: राष्ट्रिय रणनीति, २०७४ कार्यान्वयनमा ल्याईएको छ ।

यस माथागढी गाउँपालिकामा २०७६ सालमा गरिएको सर्वेक्षण अनुसार १०१७९ जना अविवाहित, १६८४७ जना विवाहित, बहुविवाह १०३ जना पुन:विवाह, ५३ जना विधुर विधवा, १०९१ जनाको सम्बन्ध विच्छेद, ६६ जना विवाहित तर अलग बसेको पाइएको छ ।

यस गाउँपालिकामा १८ वर्ष भन्दा कम उमेरमा विवाह गर्ने जम्मा सङ्ख्या ९२ जना मध्ये जना वालकको सङ्ख्या ४० र बालिकाको सङ्ख्या ५२ रहेको छ । यस गाउँपालिकामा बालकको भन्दा बालिकाको बालविवाह बढी हुने गरेको देखिन्छ ।

वालबालिका सम्बन्धी ऐन २०७५ ले १४ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्नु हुँदैन भनेको छ । यस्तै नेपालको बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ ले पनि १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउनु हुँदैन र यदि लगाएमा तिन महिनासम्मको कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुवै हुने भनेर लेखेको छ । तर राष्ट्रिय जनगणना २०६८ ले नेपालमा १ लाख ४ हजार ७ सय १४ बालबालिका त्यसमा ५६ हजार २ सय ६७ बालक र ४८ हजार ४ सय ४७ बालिका काममा संलग्न रहेका तथ्याङ्क प्रस्तुत गरेको थियो । यस्तै नेपाल बहुसूचक सर्वेक्षण २०१४ ले ५ देखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका श्रममा रहेको उल्लेख गरेको छ । पाल्पाको माथागढी गाउँपालिकामा कामदारको रूपमा घर बाहिर रहेको बालकको सङ्ख्या २७ रहेको छ भने बालिकाको सङ्ख्या १ रहेको छ । यसरी हेर्दा कामदारको रूपमा बालिकाको तुलनामा धेरै बालकहरू घरबाहिर जाने देखिएको छ ।यस माथागढी गाउँपालिकामा गरिएको सर्वेक्षण अनुसार ज्येष्ठ नागरिक २६७७ जना रहेका छन्।

खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थल सम्बन्धी विवरण यस माथागढी गाउँपालिकामा रहेका खेलमैदान, पार्क, पिकनिक स्थल तथा मनोरञ्जन स्थलहरूमा: चौरपोखरा, बाँझोवारी चौर, सराई फुटवल मैदान, लखन पार्क, आनन्दनगर, बगैँचा, पोखरा, बाँसघारी, मौलाथर, बगरखोला, खवौरी गौंडा, धोलिखरक, तिनकन्या खेल मैदान आदि रहेका छन् ।

यस गाउँपालिकामा १६ जना व्यावसायिक खेलाडीहरू रहेका छन्।यस माथागढी गाउँपालिकामा २७ वटा युवा क्लव रहेका छन्। यी क्लवहरूले विभिन्न क्षेत्रमा जनचेतना फैलाउने तथा गाउँपालिका भित्र विविध जानकारीहरू प्रवाह गर्ने कार्य गरिरहेका छन् । यस माथागढी गाउँपालिका भित्र रहेका सार्वजनिक स्थल, पाटी पौवा ,चौतारा र एतिहासिक स्थालहरूलाई प्रस्तुत गरिएको छ ।यस माथागढी गाउँपालिका भित्र रहेका एतिहासिक स्थानीय चाडपर्व, जात्रा र मेला मौलिकता सम्बन्धी विवरणहरू प्रस्तुत गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.




## १.२.५ भौतिक पूर्वाधार

भौतिक पूर्वाधा देशको आर्थिक तथा सामाजिक विकासको मुख्य आधार हो । यसमा सडक, रेल, विमानस्थल, जलमार्ग, भवन, विद्युत, संचार, खानेपानी, ढल, सिंचाइ जस्ता पक्षहरू पर्दछन् । नेपालमा यी क्षेत्रको पर्याप्त र गुणस्तरीय विकास र विस्तार हुन नसक्दा देशको आर्थिक विकास हुन सकेको छैन । प्रत्येक समुदायसंगै बस्ती बस्तीको आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक आधारभूत पूर्वाधार सडक यातायात हो । यातायातको सबैभन्दा कम खर्चिलो माध्यम हो । गाउँपालिकाका क्षेत्र भित्र भौतिक पूर्वाधारको स्थिति र त्यसको उपयोगको अवस्था योजना तर्जुमा गर्ने महत्वपूर्ण आधार हो । यस अर्न्तगत सडक, स्वास्थ्य, यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सञ्चार तथा प्रविधि, आवास तथा भवन जस्ता विषयहरू समावेश गरिएको छ ।

### सडक

यस पालिकामा पक्की र कच्ची गरी जम्मा ४२७ कि.मी. सडक रहेको छ । गाउँपालिकाबाट करीब १२० कि.मी. बाटो निर्माणधीन अबस्थामा रहेको छ । यस माथागढी गाउँपालिका भित्र भएर गुडने सवारी साधन र चल्ने रूट वडा नं. ३, ६, ७, ८ रहेको छ । यस पालिकाको ८ वटै वडामा झोलुंगे पुल रहेको छ । गाउँपालिकाको केन्द्रमा पुग्न ४.३० घण्टा सम्म लाग्दछ । करिब १५ भन्दा बढी वस्तीबाट २

घण्टाभन्दा बढी समय लग्छ । यस हिसावले यस पालिकामा यातायातको सुविधाको लागि सडकमा धेरै लगानी गर्नु पर्ने देखिन्छ ।.




**इन्धन उपयोग विवरण (खाना पकाउने इन्धनको आधारमा घरपरिवार)**

इन्धनको उपभोगको प्रकारले त्यस ठाउँको विकास स्थिति झल्काउँदछ । यस गाउँपालिकामा ४४३५ घर परिवारले दाउरालाई प्रमुख इन्धन रूपमा प्रयोग गरेका छन्। यस्तै एल.पी ग्याँसलाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गर्नेको सङ्ख्या ७३५ रहेको छ । त्यस्तै वायोग्याँसको प्रयोग गर्नेको सङ्ख्या ४६ विद्युतको प्रयोग गर्ने ५, तथा अन्य स्रोतबाट खाना पकाउनेको सङ्ख्या १७ रहेको छ ।

यस माथागढी गाउँपालिकामा बत्तीको लागि उपयोग गरिने इन्धनको रूपमा विद्युत, मट्टितेल, वायो ग्याँस, सोलार तथा अन्य स्रोत रहेका छन्। जस मध्ये सबै भन्दा बढि ४७५२ अर्थात ९१ प्रतिशत घरपरिवारले विद्युतको प्रयोग गर्ने गर्दछन् भने ३८० घरपरिवार अर्थात ७ प्रतिशत घरपरिवारले सोलारको प्रयोग गर्ने गरेका छन्। त्यस्तै ५३ घरपरिवार अर्थात १ प्रतिशत घरपरिवारले मट्टीतेल उपयोग गर्ने गरेको पाईयो। यसका साथै भने १० घरपरिवारले वायोग्याँस प्रयोग गरेका छन्।

## आवास तथा भवन

आवास तथा भवन मानिसको आधारभुत आवश्यकता भित्र पर्दछ । यस माथागढी गाउँपालिकामा फुस वा खरको छाना भएको छानाको सङ्ख्या ३४२, जस्ता वा च्यादरको छाना भएको ३९८१, टायल वा ढुङ्गाको छाना भएको ५१, आरसीसी ढलान भएको ८६१, काठको छाना भएको ४, माटोको छाना भएको १ वटा रहेका छन्।

यस माथागढी गाउँपालिकाको विभिन्न वडाहरूमा कुल घरधुरीमध्ये ७४ प्रतिशतले ढुङ्गा माटोवाट घरहरू बनाएका छन्। माटो र ढुङ्गावाट बनेकाको सङ्ख्या घडडढ रहेको छ । सिमेण्ट र ढुङ्गाले वनेकाको घरहरू सङ्ख्या १७ प्रतिशत ( 874) रहेको छ भने काठको खम्वाले बनाईएका घरहरू ९ प्रतिशत (459) र अन्य तरीकाले बनाईएका घरहरू क्रमश : ११ र ७ रहेको पाइएको छ ।

## सूचना प्रविधि तथा सञ्चार क्षेत्रको स्थिति

सूचना प्रविधि तथा सञ्चार क्षेत्रको विकास आर्थिक, सामाजिक तथा वातवरणीय विकासको महत्वपुर्ण आधारको रुपमा स्थापीत भएको छ । सञ्चार प्रणालीमा हुलाक, निजी कुरियर, टेलिफोन, फ्याक्स तथा इन्टरनेट जस्ता आधुनिक सञ्चार सुविधाहरु पर्दछन् । साथै यस्ता सेवा ठाउँ-ठाउँमा खुलेमा साइवर क्याफेहरु, होटल, लज, विद्यालय र क्याम्पसहरुमा पनि उपलब्ध भएमा सर्वसाधारणको पहुँचमा वृद्धि भई चाहेको विकास गर्न सकिन्छ ।

## वन तथा वातावरणीय स्थिति

नेपालमा कुल भु-भागको ४४.७४ प्रतिशत वन क्षेत्र रहेपनि अतिक्रमण घट्न सकेको छैन । वन तथा वातावरण मन्त्रालयका अनुसार जसमध्ये १ लाख हेक्टर वन क्षेत्र अतिक्रमणको चपेटामा छ ।

नेपालमा सामुदायिक वन, कवुलियती वन, साझेदारी वनमार्फत् समूह गठन गरी वन संरक्षणको काम गरिएको छ । यसबाहेक कुल भूभागमध्ये २३.३९ प्रतिशत भाग संरक्षित अवधारणामा छ । जहाँ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, मध्यवर्ती क्षेत्र, संरक्षित क्षेत्र छन। मानव स्वास्थ्यको रक्षा र वातावरण संरक्षण प्रत्येक राज्यको दायित्व अन्तर्गत पर्दछ ।

वातावरण एक वृहत्विषय हो जसले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अव्यवहरू तथा तिनीहरू बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धलाई जनाउँछ । यी समस्याहरूको समाधान मापदण्ड सहित नियन्त्रण र नियमन गर्नु

आवश्यक रहेको छ । नेपाल पनि वातावरण विनासको बढ्दो दर र त्यसको व्यवस्थापनको विश्वव्यापी चासोवाट अछुतो रहन सक्दैन । कुनैपनि ठाँउको वातावरण स्वच्छ र सुन्दर राख्नका लागि प्राकृतिक श्रोतहरूको संरक्षण गर्नुका साथै स्थानीय स्तरमा गरिने क्रियाकलापहरू जस्तै जनचेतनाको विकास, सुरक्षित वस्तीको निर्माण, वृक्षारोपण, वातावरणीय सरसफाइ, वनफँडानी रोकथाम सम्वन्धी कार्यक्रमहरू संचालन गरि आफ्नो जिम्मेवारी वहन गर्नका लागि समेत प्रोत्साहन गर्दै जानु पर्दछ ।

यस माथागढी गाउँपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न गाउँपालिका हो । यस गाउँपालिकामा उष्ण (Tropical) देखि समशीतोष्ण (Temperate Climate) क्षेत्रमा पाइने वन्यजन्तु तथा वनस्पतिहरू रहेका छन्। माथागढी गाउँपालिकामा पाइने प्रमुख वनस्पतीका प्रजातिहरूमा : निम, साल, सल्ला, दाल चिनी, लाली गुराँस, खर्म, कटुश, शिमल, चिउरी आदि रहेका छन् । साथै यस गाउँपालिकाभित्र रहेका जडिबुटीहरूमा : असुरो, हर्रोवर्रो, पाती, पाखनवेत चिराईतो, दालचिनी, काहुलो, सिकारी लहरो, अमला, हर्रो, बर्रो, आदि रहेका छन्। यसका साथै यस गाउँपालिकामा रहेका जनावर तथा चराचुरूङ्गीहरूमा : चितुवा, कालिज, ढुकुर, तीत्रा चरा, बाथ, ढुकुर, ढेडुवा बाँदर, कालिज लुइचे, स्याल/फ्याउरो, बादर, मृग, वन बिरालो, कोइली, दुम्सी आदि रहेका छन्।

नेपाल सरकारले वन संरक्षण तथा व्यवस्थापन सम्वन्धी व्यवस्था गरेको परिच्छेद-८ मा ३५। संरक्षण सामुदायिक वनको रूपमा सुम्पन सकिने : ३६. संरक्षण सामुदायिक वन फिर्ता लिन सकिने : ३७. वन पैदावारको उपयोग : ३८. संरक्षण धार्मिक वनको रूपमा सुम्पन्न सकिने : ३९. संरक्षण धार्मिक वन फिर्ता लिन सकिने :४०। संरक्षण निजी वन सम्बन्धी व्यवस्था : उल्लेख गरिएको छ । वनबाट उत्पादन हुने सेवा वस्तुका प्रकारहरू धेरै नै छन्। जस मध्ये घाँसपात, दाउरा काठपात औषधी जन्य उत्पादनका लागि जडिवुटीहरू आदि पर्दछन् । जंगली जनावरको वासस्थान पनि वनजन्य उत्पादनको सेवाको रूपमा लिन सकिन्छ । त्यसैगरी वनकै कारण पानीका मुहान प्रशस्त हुन पाउछ । पर्यटन क्षेत्रलाई आकर्षणका रूपमा व्यवस्थित गरी आयआर्जनको पक्षलाई पनि विकास गर्न सकिन्छ ।

यस माथागढी गाउँपालिकामा सामुदायिक वनको सँख्या धेरै देखिन्छ भने १ वटा निजी वन पनि रहेको छ । यस गाउँपालिकामा राष्ट्रिय, साझेदारी, कबुलयती, धार्मिक वन भने रहेको देखिदैन् । नेपालका वनलाई व्यवस्थित गर्न विभिन्न किसिमका प्रावधानहरू नेपाल सरकारको मातहतमा वनेको छ । संरक्षण र व्यवस्थापन गर्ने सवालमा छुट्टै विशेष व्यवस्थाहरू वनाइ सोही अनुसार कार्यन्वयनको चरणमा अघि वढेको छ । स्थानीय निकायहरूले पनि यसलाई पालन गर्न कटिवद्ध भएका छन्। सामुदायिक वन,



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

धार्मिक वन, कबुलियती वन, निजी वनलाई व्यवस्थित गर्न यसका छुट्टा छुट्टै व्यवस्था छ । यसका वन पैदावरलाई उपयोगमा ल्याउन समुदायको हितमा काम गर्न यस्ता विधी विधानले धेरै सहयोग पुऱ्याएको छ ।




## जलस्रोत तथा जलाधर क्षेत्र

जलस्रोतको धनी देशको रूपमा चिनिएको हाम्रो देश नेपालभित्र रहेका नदी नालाहरूको सरदर वार्षिक बहाव (Average Annual Run -off) करिब २२५ अर्ब घन मिटर रहेको अनुमान गरिएको छ । पुनर्भरणयोग्य भुमिगत जल (Rechargeable Groundwater) ५.८ र ११.५ अर्ब घन मिटरको बीचमा रहेको अनुमान गरिएको छ । उपलब्ध जलस्रोत मध्ये सिंचाइमा २८.८ अर्ब घन मिटर, उद्योगमा ०.५ अर्ब घन मिटर  र सेवा क्षेत्रमा ०.०१ अर्ब घन मिटर  पानी उपयोग भइरहेको अनुमान छ । हाल नेपालको जल उपयोग दक्षता ०.६ अमेरिकन डलर प्रति घन मिटर रहेको छ । यस हिसाबले आर्थिक तथा सामाजिक रूपमा पानीको उपयोग न्यून छ ।

यस माथागढी गाउँपालिकामा भएका जलस्रोत तथा जलाधारहरूमा : वाहुर गहिरा माथागढी-७, गाङदी रिठावास, चौतारा गहिरा ग्वालिङ्ग, रिडि थानसिङ्ग, भुल्खे खोला, पधेरो, चुनीडि, धारादेवी ताकातुङ्ग, वापडी, हाङहाङदि आदि रहेका छन् । यसका सागै यहाँ रहेका नदी तथा खोलाहरूमा : तिनाउ खोला, वाहखोक खोला, अर्जुने खोला, अंगाहा खोला, बिहादी खोला, खहरे खोला, दोन्द्रोखोला, कैरोली खोला,

देउराली खोला, भडेवा खोला, भुम्सा खोला, नातखोला गैरा, मनसेवा खहरे खोला, अरूण खोला, वसी खोला, ठाडे खोला, अरूण खोला, साध खोला, भुल्खे खोला, ठाडे खोला, किहुँ खोला आदि रहेका छन्।

**नदी तथा खोला सम्बन्धी विवरण:**

नदी तथा खोलाहरूले प्राकृतिक सुन्दरता झल्क्याउने गर्दछ . यस माथागढी गाउँपालिकामा रहेका नदी तथा खोलाहरूमा : तिनाउ खोला, वाहखोक खोला, अर्जुने खोला, अंगाहा खोला, बिहादी खोला, खहरे खोला, दोन्द्रोखोला, कैरोली खोला, देउराली खोला, भडेवा खोला, भुम्सा खोला, नातखोला गैरा, मनसेवा खहरे खोला, अरूण खोला, वसी खोला, ठाडे खोला, अरूण खोला, साध खोला, भुल्खे खोला, ठाडे खोला, किहुँ खोला आदि रहेका छन्।

पाल्पा जिल्लाको माथागढी गाउँपालिकामा रहेका जलस्रोत र जलाधार सम्बन्धीको विवरण नक्सा




## जैविक विविधता र वातावरणीय सेवा

जैविक विविधता भन्नाले पृथ्वीमा रहेका सबै प्रकारका जीवजन्तु तथा वनस्पतिका आणुवंशिक, प्रजातिगत र पारिस्थितिक प्रणाली विविधता भनेर बुझिन्छ । जैविक विविधताबाट मानिसले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा अनेकौं वस्तु तथा सेवाहरू जस्तै खाना, ऊर्जा, औषधी, अक्सिजन आदि निरन्तर पाइरहेका छन् । जैविक विविधताको अत्यधिक उपयोग हुँदै जाँदा, जैविक विविधतामा ह्रास आउनुका साथै प्राकृतिक प्रक्रिया असन्तुलित भई मानव जीवनको अस्तित्व नै खतरामा पर्ने कुरा मनन गरी, सन्१९९२ मा आयोजित पृथ्वी शिखर सम्मेलनले जैविक विविधता महासन्धि पारित गरेपछि, सन्१९९३

देखि जैविक विविधता महासन्धि कार्यान्वयन हुँदै आएको छ । यस महासन्धिले जैविक स्रोतहरूको संरक्षण र दीगो उपयोग तथा त्यसको उपयोगबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँडलाई विशेष महत्व दिएको छ ।

संयुक्त राष्ट्रसंघको आह्वानमा, प्रत्येक वर्ष जैविक विविधता सम्बन्धी जनचेतना जगाउने उद्देश्यले, मे २२ तारिखलाई अन्तराष्ट्रिय जैविक विविधता दिवसका रूपमा मनाउने गरिन्छ । विश्व मानचित्रमा नेपाल भौगोलिक रूपले सानो देश भए पनि, जैविक विविधताको हिसाबले नेपाल विश्वको तथा एसियाको क्रमशः २५औं र ११औं स्थानमा रहेको छ । जैविक विविधता रणनीति (२०१४-२०२०) अनुसार विश्वमा पाइने कुल वनस्पति प्रजातिको ३.२ प्रतिशत तथा कुल जीवजन्तु प्रजातिको १.१ प्रतिशत नेपालमा पाइन्छ । यी प्रजातिहरू मध्ये कैयौं स्थानीय प्रजाति पनि छन्।

एक अध्ययन अनुसार, नेपालका ग्रामीण भेगका मानिसले झन्डै १,४४३ प्रजातिका जडिबुटी प्रयोग गर्छन्। यसरी प्राकृतिक रूपमा नेपाल निकै धनी र अद्वितीय रहेको तथा अधिकांश नेपाली जनता कृषि र वनमा निर्भर रहेको तथ्यलाई ध्यानमा राखी, नेपाल सरकारले जैविक विविधता महासन्धिको उद्देश्य प्राप्तिका लागि उल्लेखनीय भुमिका खेलेको छ । वातावरण ऐन, २०५३ को दफा २ अनुसार-ब्रह्माण्ड प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक एवम् मानविय क्रियाकलापहरू र ती अवयवहरू बीचको अर्न्तक्रिया तथा सम्बन्धलाई वातावरण भनेर परिभाषित गरेको छ । पृथ्वीमा मानिस लगायत वनस्पती, पशुपंक्षी, सुक्ष्म जीव, आदिको विविधता तथा पारिस्थितिक प्रणालीहरूको किसिमलाई जैविक विविधता भनको छ । जैविक विविधताले वंशाणुगत तथा प्रजातीय विविधतालाई जनाउँछ । कुनै स्थानको जैविक विविधता भन्नाले प्रति एकाई वर्गमा विद्यमान जीवाणु, वंशाणु, प्राणी र त्यहाँको पारिस्थितिक प्रणालीलाई जनाउँछ ।

जैविक विविधता भित्र पारिस्थिक प्रणालीको विविधता : वंशानुगत विविधता : प्रजाति विविधता : विभिन्न पक्षलाई उल्लेख गरिएको छ । माथागढी गाउँपालिकाको हकमा पनि यस्ता जैविक विविधताहरू प्रशस्त छन् संरक्षण व्यवस्थापनको आवश्यकता देखिएको छ । जस्तै यस गाउँपालिकामा जनावर तथा चेराचुरूङ्गीहरूमा : चितुवा, कालिज, ढुकुर, तीत्रा चरा, बाथ, ढुकुर, ढेडुवा बाँदर, कालिज लुइचे, स्याल/फ्याउरो, बाँदर, मृग, वन बिरालो, ढुकुर, कोइली, स्याल, दुम्सी आदि रहेका छन्। त्यसैगरी वनस्पति जन्य विविधतामा : निम, साल, सल्ला, दाल चिनी, लाली गुराँस, कटुस, शिमल, चिउरी, हर्रो, बर्रो, अमला, पाखनभेद लगाएतका जडीवुटी समेत रहेका छन्।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

## विपद् जोखिम तथा व्यवस्थापन

विपद् जोखिम व्यवस्थापन भन्नाले प्रकोपका प्रतिकुल असरहरू एवम् विपद्को संभावनालाई कम गर्ने ध्येयका साथ तय गरिएका रणनीति, नीति तथा सामना क्षमता अभिवृद्धिका कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक प्रशासनिक निर्देशन, सांगठनिक संरचना एवम् व्यावहारिक सीप तथा क्षमताहरूको प्रयोग गर्ने व्यवस्थित प्रक्रिया हो । नेपाल वहुप्रकोप जोखिमयुक्त देशहरूमध्ये उच्च जोखिममा रहेको देश हो । नेपालको भौगोलिक वनावट र यसबाट सिर्जित परिणाम जो प्रकोपका दृष्टिले अति संवेदनशील तथा जोखिमयुक्त अवस्थामा रहेको छ । विभिन्न तथ्याङ्कहरूमा उल्लेख भए अनुसार नेपाल सम्पुर्ण जोखिमको हिसावले २० औं स्थानमा छ । भूकम्पको हिसावले विश्वमा ११ औं, बाढीको हिसावले ३० औं र जलवायु परिवर्तनको हिसावले एशिया स्तरमा छैठौं जोखिमपूर्ण देशका रूपमा रहेको छ ।

नेपालका २३१५ वटा हिमतालमध्ये २२ वटा फुटने अवस्थामा छ । प्रत्येक वर्ष प्रकोपका ४२० वटा घटना घटेको पाइन्छ । प्रत्येक वर्ष १००० मानिसहरू मारिन्छन । ८० जना वेपत्ता हुन्छन् ९३५० घरधुरी र १३३०००० जनसङ्ख्या प्रभावित, १६००० घर परिवार विस्थापित, १ अरव भन्दा बढी आर्थिक क्षति हुन्छ ।

यस माथागढी गाउँपालिकामा विपद् जोखिम व्यवस्थापनका विभिन्न कार्यक्रमहरू भइरहेका छन् । यस गाउँपालिकामा वडास्तरीय तथा गाउँपालिका स्तरीय विपद् तथा जलवायु उत्थानशील समिति पनि गठन गरिएका छन् । साथै यस गाउँपालिकामा विपद् तथा जलवायु उत्थानशील योजना पनि निर्माण गरेर विपद् पुर्वका क्रियाकलापहरू (जनचेतना तथा क्षमता अभिवृद्धि, जोखिम न्यूनीकरण, आपत्कालीन पुर्वतयारी), विपद्को समयका क्रियाकलापहरू, विपद् पश्चातका पुर्नलाभ अन्तर्गत पुर्नस्थापना तथा पुनर्निर्माणका क्रियाकलापहरू आदिका बारेमा समुदायमा जानकारी दिने कार्य भइरहेको छ । यस गाउँपालिकामा विपद् व्यवस्थापन तथा पुर्वतयारी सम्बन्धी अझैपनि सडक नाटक, तथा विपद् सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू गर्दै गएमा समुदायको विपद्को सामना गर्न सक्ने क्षमतामा वृद्धि हुदै जान्छ । यसको लागि गाउँपालिका भित्र भएका विपद्हरू के-के छन् र ति सबै विपद्को जोखिमपूर्ण स्थानहरूको पहिचान गरी सो क्षेत्रमा विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरू अवलम्बन गर्नु जरूरी हुन्छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

## विपद् व्यवस्थापनको पूर्वतयारी

यस माथागढी गाउँपालिकामा विपद् पूर्वतयारीका लागि यस गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन योजना पनि तयार भएको छ । पहिचान गरिएको जोखिम पहिचान तथा विश्लेषण सङ्कटासन्नताको आधारमा यस माथागढी गाउँपालिकामा भूकम्प, पहिरो, बाढी, सडक दुर्घटना, आगलागी, हुरीवतास, चट्याङ, जनावर आतंक, महामारी आदि जस्ता जोखिम रहेको छ । यसैगरी यस गाउँपालिकामा सुख्खा खडेरीको क्रमहरू बढ्दै गएको, पानीका मुहानहरू सुक्दै जाने गरेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्याधिक पर्ने गरेको, बेमौसमी असिनाहरू पर्ने, फलफुल तथा तरकारीहरूमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायु जन्य समस्या पनि देखिएको छ । यस गाउँपालिकाले पहिचान गरेका विपद् पूर्वतयारी तयारी तथा जोखिम न्यूनीकरणका उपयाहरू निम्न अनुसार रहेको छ ।

### घरको मापदण्ड तथा भूकम्प प्रतिरोधीको पहिचान

यस गाउँपालिकामा ५०३ घर अर्थात १५% भवन मापदण्ड अनुसार बनेका छन् भने २८४९ अर्थात ८५% मापदण्ड अनुसार बनेका छैनन् । यसका साथै भूकम्प प्रतिरोधी घर ३२७ अर्थात १०% छन् भने ३०२२ घर अर्थात ९० % घर भूकम्प प्रतिरोधी छैनन् ।

### संस्थागत तथा सुशासनको स्थिति

स्थानीय शासन विकासको महत्वपूर्ण आधार हो । यसमा संस्था, संयन्त्र, प्रकृया र रणनीति पर्दछन् । स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकामा स्थानीय शासन पद्दति समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा सञ्चालित हुनु पर्दछ । देशमा विद्यमान सम्पूर्ण संस्थाको संयुक्त प्रयासबाट आमजनताको हित र कल्याणलाई सर्वोपरी ठानी पारदर्शी, उत्तरदायी, सहभागितामूलक, समन्यायिक, सक्षम, स्वच्छ, सुदृढ, कुशल र विधिसम्मत शासन सञ्चालन गर्ने एक प्रकारको अवधारणा, प्रक्रिया वा पद्धति हो ।

जनतालाई सुशासन प्रत्याभूत गर्ने उद्देश्यले नेपाल सरकारका प्रत्येक कार्यालयमा नागरिक वडापत्रका ठूला-ठूला बोर्ड राखिएका छन, जसमा सरोकारवाला/सेवाग्राहीले आफ्नो कामको लागि कहाँ-कहाँ र कस-कससँग सम्पर्क गर्नुपर्छ र सबै कागजात पुरा भएमा कति समयभित्र सेवा प्राप्त गर्न सकिन्छ भनी उल्लेख गरिएको हुन्छ । यसका साथै सुशासनकै निम्ति सबै नेपाली नागरिकलाई कानुन बमोजिम गोप्य राख्नुपर्ने वाहेक सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने संविधान प्रदत्त हकको संरक्षण तथा संवर्द्धन गर्न तथा सार्वजनिक कामकारवाही पारदर्शी बनाउन र त्यस्ता काम कारवाहीको



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

सूचना दिन सूचना अधिकारी तथा जनताको जनगुनासो व्यवस्थापनका लागि नोडल अधिकृतको समेत व्यवस्था गरिएको छ । जे जसरी व्याख्या, विश्लेषण गरे पनि सुशासनको मूलमर्म सरकारले सार्वजनिक निकायको काम कारवाहीलाई पारदर्शी तुल्याई, प्रत्यक्ष वा परोक्ष रूपमा जनतालाई पुऱ्याउने सेवा सुविधा विना भेदभाव स्वच्छ, सरल, छिटो छरितो र न्यूनतम लागतमा उपलब्ध गराई दीगो विकास हासिल गर्नेसँग जोडिएको हुन्छ ।

### १.३ माथागढी गाउँपालिकाको विकास स्थितिको समीक्षा

आर्थिक विवरणमा अर्थतन्त्रको समग्र आर्थिक चरित्र चित्रण उल्लेख भएको हुन्छ । समष्टिगत आर्थिक चरित्रमा कुनै पनि अर्थतन्त्र संघ, प्रदेश वा स्थानीय तहको आर्थिक स्थिति जस्तै औषत आय, औषत खर्च, रोजगारी, उपभोग आदि पर्दछन् । यस अर्थमा दीगो विकास लक्ष्यका परिमाणात्मक सूचक अनुसार आर्थिक, सामाजिक, वातावरणीय विकासका तथ्यांक अद्यावधिक आवस्यक छ ।

आर्थिक विकासले राजनीतिक, सामाजिक, सांस्कृतिक परिवर्तनको सवालमा महत्वपुर्ण भुमिका खेल्दछ । आर्थिक हैसियतले सामाजिक परिवर्तनको गति र दिशालाई समेत पथपर्दशन गर्दछ । राम्रो र मजबुद आर्थिक अवस्था भएको समाजमा नयाँ नयाँ परिवर्तनरुपि क्रियाकलापलाई सजिलै आत्मसाथ गर्न सकिन्छ । अन्य विकासको तुलनामा आर्थिक विकास नेतृत्वदायी विकास हो । प्रत्येक सामाजिक प्राणी मानवको संवेदशील मानसपटलमा आर्थिक तत्वले घच्घचाई रहेको हुन्छ । वास्तवमा सामाजिक क्रियाकलापको केन्द्रविन्दु नै आर्थिक विकास हो । आर्थिक हैसियतकै आधारमा सामाजिक व्यवहार, मुल्य मान्यता, क्रियाकलाप, सम्वन्धको दायरा तथा अन्य अवस्थाको विकास हुन्छ । जब मानिस आर्थिक रुपले सम्पन्न हुन्छ तब शिक्षा, स्वास्थ्य, सञ्चार, पोषण लगाएतका क्षेत्रमा उसको पहुँच विस्तार हुन्छ, परिणाम स्वरुप समाजलाई हेर्ने वैज्ञानिक दृष्टिकोण र मान्यताको विकास हुन्छ । नयाँ मान्यता, संस्कार व्यवस्था र व्यवहारलाई आत्मसाथ गर्न समाजका मानिसहरु घनिभुत भएर लाग्छन । जसले गर्दा सामाजिक परिवर्तनको गति तिब्र बन्दै जान्छ । यसरि आर्थिक विकासले सामाजिक परिवर्तनमा प्रमुख स्थान ओगटेको छ । यसै अनुरुप यस क्षेत्रको आर्थिक विकासका सीमा तथा स्रोतहरुको विबरणलाई तल प्रस्तुत गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

### आर्थिक अन्तरसम्बन्ध

माथागढी गाउँपालिकाको आर्थिक क्रियाकलापमा अन्तरसम्बन्ध विशेषगरी छिमेकी जिल्ला तथा गाउँपालिका/नगरपालिकाहरु लगायत कपिलवस्तु, रुपन्देही, स्यांजा, कास्की, नारायणघाट, काठमाण्डौं, ललितपुर तथा भारतसंग समेत रहेको पाइन्छ । यहाँका मानिसहरु दैनिक रोजगारी लगायत अन्य कारोवारको लागि गाउँपालिका भित्रैका स्थानीय बजार लगायत पाल्पा जिल्ला सदरमुकाम तथा बुटवल, कपिलवस्तु, पोखरा, नारायणघाट, भारत जाने गर्दछन् । यस ठाँउमा उत्पादित कृषिजन्य वस्तुहरुको बिक्री वितरणका लागि छिमेकी गा.पा. तथा नपा लगायत, बुटवल, भैरहवा, सम्म हुने गरेको देखिन्छ । गाउँपालिकालाइ चाहिने अन्य कृषि सामाग्री, खाद्य सामाग्री लगायत दैनिक आवश्यकताका वस्तुहरुको आयात भने मुलत: कपिलवस्तु, बुटवल, पोखरा, नारायणघाट, काठमाण्डौं तथा भारत र अन्य जिल्लाहरुवाट नै हुने गरेको देखिन्छ ।

विगत समयावधिमा अन्तिम समयसम्म पनि उपलब्ध भएसम्मका तथ्याङ्कहरु समावेश गर्ने क्रम जारी नै रहेको तथ्यलाई विचार गरी यो दस्तावेजका प्रयोगकर्ताले यस सन्दर्भ र स्थितिगत वाध्यता बुझ्नु जरुरी छ । कतिपय छुट हुन गएका र तयारीकै क्रममा रहेका तथ्याङ्कहरु जस्तै राष्ट्रिय जनगणनाबाट २०७८ को विस्तृत तथ्याङ्क उपलब्ध हुन बाँकी नै रहेकोले जनसंख्या र अन्य सम्वन्धित तथ्याङ्क निकट भविष्यमै उपलब्ध हुने गरिएको छ ।

### १.४ गुरु योजना तर्जुमाका सिमाहरु

दीर्घकालीन गुरु योजना आवधिक योजना र वार्षिक योजनालाई दिशा निर्देश (Road Map) गर्ने गन्तव्य भएकोले यसलाई दीर्घकालीन सोचका रुपमा लिइएको हो । यस गाउँपालिकाले गुरु योजना बनाउन अग्रसरता देखाउनुको मुल कारण त्यही दीर्घकालीन सोचका आधारमा गन्तव्य निर्धारण गर्नु रहेको छ । गन्तव्य निर्धारण गर्दा लक्ष्य किटान गरिएको हुन्छ । नेपालको वर्तमान दीर्घकालीन लक्ष्यको मुल आधार संयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्य हो । ती लक्ष्यहरु प्राप्तिका लागि नेपालले अन्तराष्ट्रिय लक्ष्य र नेपालको आन्तरिक स्थितिका आधारमा सूचकहरु निर्धारण गरेको छ । तर स्थानीय तहमा ती सूचकहरु सम्वन्धी तथ्यांक पर्याप्त मात्रामा उपलब्ध छैन । यद्यपि स्थानीय जनता, जनप्रतिनिधि, कर्मचारी लगायतको सुक्ष्म अनुभव र उपलब्ध तथ्यांकको आधारमा सन् २०३० सम्मको दिगो विकास लक्ष्य अनुसार नीतिगत आधार निर्धारण गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

गुरु योजना तर्जुमा गर्दा विश्लेषण गर्नु पर्ने सबै आयोजनाका पक्षहरु जस्तै प्राविधिक, आर्थिक, वित्तीय आदिको संक्षिप्तमा मात्र उल्लेख गरिएको छ । योजनाको मुख्य कडिको रुपमा रहने बजेट अनुमानमा आर्थिक क्रियाकलाप, आर्थिक नीति आदि कारणले परिवर्तन हुन सक्दछ । यसलाई मध्यकालीन खर्च संरचनाले निर्देशित गर्ने भएकोले सामान्य गणितीय सुत्रबाट प्रक्षेपण गरिएको छ । यस गुरु योजनामा समावेश भएका कार्यक्रम, योजना राष्ट्रिय र प्रदेश योजनाको सूचकसंग तादात्म्यता मिल्नु पर्दछ साथै नेपालले स्वीकार गरेको दीगो विकास लक्ष्यलाई आत्मसातगर्नु पर्दछ । यी सूचकहरुलाई यस पालिकाको शाखा कार्यालयहरुले उपलब्ध गराएको तथ्यांकको आधारमा मात्र तादात्म्यता मिलाउने प्रयास गरिएको छ ।

योजना तर्जुमाका मुख्य आधार भरपर्दो र बलियो तथ्याङ्क हो । आवश्यकता अनुसार पर्याप्त तथ्याङ्क र सूचना जति बढी भरपर्दो भयो वा योजना तर्जुमा प्रक्रिया आधारित हुन सक्यो त्यो योजना त्यति नै वढी वस्तुपरक र वैज्ञानिक हुन जान्छ । यो योजना बनाउनको लागि माथागढी गाउँपालिकाको वस्तुगत विवरणलाई तथ्यांकको मुख्य स्रोतको रुपमा लिइएको छ । यद्यपि अन्य सम्बन्धित कार्यालयबाट पनि उपलब्ध हुनसक्ने तथ्यांक संकलन गरिएको थियो ।

यस वस्तुनिष्ठ तथ्यलाई सबै सरोकारवाला संस्थाले महसुस गरे तापनि गाउँपालिकाको आवाधिक योजना तर्जुमा प्रक्रियामा कतिपय तथ्याङ्कहरु हालसम्म सृजना नै हुने नगरेको -(जस्तै विषयगत कार्यालयको लक्ष्य), विभिन्न तहमा छरिएका श्रोत र संस्थाहरुबाट तथ्याङ्क संकलन गर्नुपर्ने भएकाले स्रोतै पिच्छे तथ्याङ्कहरु विरोधाभासपूर्ण रहेको एवंम अन्य कतिपय व्यावहारिक कठिनाइहरुले गर्दा केही महत्वपुर्ण तथ्याङ्कहरु अझै पनि पुर्ण रुपमा उपलब्ध हुन सकेनन्।

### १.५ गुरु योजनाको अपेक्षित उपलब्धि

- योजनाको सुनिश्चितता भई सरोकारवालाको सहभागीतामा सन्तुलित रुमा योजना कार्यान्वयन हुने भएकोले वार्षिक र आवधिक योजनाको कार्यान्वयनबाट लक्ष्य हासिल हुनेछ ।
- योजनाको बारे वर्तमान स्थिति र प्रवृत्ति जानाकारी भई पालिकाको निर्णयमा पर्ने प्रभावको जानकारी हुनेछ ।
- समुदायको चाहना अनुसार कहाँ र के कस्तो विकास हुनेछ भन्ने बारे प्रक्षेपण गर्न सकिने भएकोले यसले क्षेत्रगत लक्ष्य, जमीनको प्रयोग आदि बारे सूचित हुनेछ ।

- गाउँपलिकामा उपलब्ध हुने स्रोत साधनको उच्चतम प्रयोग गरी सरकारी सेवा (सडक, बिजुली, खानेपानी आदी) को दक्ष र प्रभावकारी प्रवाह भई सोको उपभोगबाट सन्तुष्टि बढाउन सघाउ पुग्ने अपेक्षा गरिएको छ ।
- स्थानीय सरकारले समुदायको विशेष चरित्रलाई सम्बोधन गर्न सक्ने भएकोले उनीहरुको खास चाहना र महत्वको सम्बोधन र संरक्षण गर्न प्रयास गरिएको छ ।
- समुदायको वर्तमान बसाई स्थिति, व्यवसायको आधारमा भविस्यका लागि गर्न सकिने सुधार विस्तारको प्रक्षेपण गरी प्रतिस्पर्धाको स्थिति निर्माण गर्न सघाउ पुग्ने पक्षको विश्लेषण गरिएकोछ । यसका साथै श्रमको आपूर्ति, शिक्षा र स्थानीय पूर्वाधार क्षमता लगायतका अन्य पक्षको विश्लेषण गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

# परिच्छेद २

# दीर्घकालीन गुरु योजनाको संरचनात्मक स्वरुप

## २.१ पृष्ठभुमि

स्थानीय तहको आर्थिक विकास योजना जनप्रतिनिधिले जनताको आवश्यकता र चाहना अनुसार प्राविधिक विश्लेषणका आधारमा बनाइने दस्तावेज हो । यो एक अर्थ राजनीतिक दस्तावेज हो । यसमा राजनीतिक प्रतिवद्धता सहीत आर्थिक स्रोत साधनको आधारमा लक्ष्य हासिल हुने अपेक्षा गरिएको हुन्छ । तर कतिपय विज्ञ यसलाई राजनीतिक प्रकृयाबाट अलग गर्नु पर्दछ भन्दछन् । किनकी राजनीतिक प्रक्रियाबाट मात्र हेर्दा स्रोत साधन लक्ष्य भन्दा फरक पर्न सक्दछ । यद्यपि दीर्घकालमा वित्तीय नीति, मुद्रास्फिति, वजारमुल्य आदिले अर्थतन्त्रमा प्रभाव पार्ने भएकोले स्रोत साधनको प्रक्षेपण यथार्थ भन्दा फरक पर्न पनि सक्दछ । उक्त सन्दर्भमा स्थानीय सरकारको दीर्घकालीन गुरु योजनाको संरचनात्मक स्वरुप लक्ष्य केन्द्रित आर्थिक खाका हो भन्न सकिन्छ । यसमा स्थानीयता प्रधान नीति तथा कार्यकममा आधारित रही आर्थिक क्रियाकलाप सञ्चालन गर्न दिशाबोध गरिएको हुन्छ ।

दीर्घकालीन गुरु योजनाले लक्षित गरेको नीति तथा कार्यक्रममा आधारीत रही आवधिक योजना तर्जुमा गर्ने र वार्षिक योजनामा सम्पूर्ण सम्भावित काम र त्यसको प्रतिफलको आँकलन गरी आयोजनाको छनौट गर्दा लक्ष्य प्राप्तिको सुनिश्चितता हुन्छ । यसका लागि बौद्धिक दक्षता योजनाको छनौट, वित्तीय विश्वसनीयताका लागि उपर्युक्त औजार (जस्तैः एमटीइएफ), योजना छनौट र कार्यान्वयनका लागि मोडल -(जस्तैः सहभागितामुलक) र असल ज्ञान, सीप भएको प्रशासनिक दक्षता -(जस्तैः समयमा कार्यान्वयन) आदि आवश्यक पर्दछ । किनभने विषयगत आधारमा भएको ज्ञान, योजना तर्जुमा विधि, आवश्यक स्रोत, तरीका र प्रशासनिक कुशलताका आधारमा योजना बनाइन्छ । नेपालमा स्थानीय विकास योजनालाइ प्रभावकारी बनाउन विषय क्षेत्र र उपक्षेत्र निर्धारण गरिएको छ । यसमा एउटा विषय क्षेत्रको प्रभाव अर्कोमा के कति, के कसरी पर्दछ भन्ने निर्णय गर्नु पर्ने पनि हुन्छ । जस्तै बाटो बनेकोले शिक्षा, स्वास्थ्य, कृषि, सेवा प्रवाह आदिमा पर्ने प्रभावको आँकलन गर्न बाटो नहुँदा र बनेपछिको बारे पर्याप्त तथ्यांकको आवश्यकता पर्दछ ।

योजना क्षेत्रगत आधारमा लक्ष्य प्राप्त गर्नुपर्ने विषयगत समिति र सो अन्तर्गतका उपक्षेत्रगत कार्यालयको योजना राष्ट्रिय लक्ष्य संग तादत्म्यता हुनेगरी तर्जुमा गर्न महत्वपूर्ण स्थान रहेको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

यसका लागि सम्बन्धित विषयगत योजना बनाउँदा स्थान अनुसार स्रोतको दक्षता पूर्वक प्रयोग गर्न सकिन्छ । स्थान विशेषको आवश्यकता र चाहना पूरा गर्नको लागि स्थानीय तहबाट उपलब्ध स्रोत साधनको विभाजन गर्दा दक्षता र प्रभावकारीता बढी हुन्छ भनी विश्व प्रसिद्ध वित्त विज्ञ मसग्रेभले भनेका छन् । कुनै पनि सरकारले जनताको समग्र आर्थिक तथा सामाजिक विकासको स्थितिका आधारमा चाहेको अवस्थामा पुग्न योजना बनाएको हुन्छ । भिन्न स्थानीय क्षेत्रमा बसोबास गर्ने जनताको समस्या, आवश्यकता र चाहना भिन्न हुन्छन् । भिन्न स्थानीय समस्या समाधान गर्दै राष्ट्रिय लक्ष्यमा पुग्नु प्रादेशिक तथा स्थानीय विकास योजना बनाउनुको मुख्य उद्देश्य हो ।

**माथागढी गाउँपालिकाको दीर्घकालीन गुरु योजना**

यो दीर्घकालीन गुरु योजना तर्जुमाको मुख्य आधार संविधान तथा कानूनमा उल्लेखित काम, कर्तव्य र अधिकारहरुको व्याख्या र स्थापित प्रकृया अनुसार स्थानीय तहको विस्तृत र खण्डीकृत तथ्याङ्कसहितको उपलब्ध वस्तुगत विवरण, दीगो विकास लक्ष्य र यसका प्राप्तिको लागि आवश्यक स्रोत साधनको आधार, निर्मित फारामहरु प्रयोग गरी सहभागिताको आधारमा वस्ती तहदेखि स्थानीय जनताको आवश्यकता र चाहना अनुसार योजना संकलन गरिएको आधार, आवधिक योजना, पालिकाको पर्श्वचित्र र द्धितीयक वस्तुगत विवरणको आधारमा यो गुरु योजना तर्जुमा गरिएको छ ।

माथागढी गाउँपालिका नेपालको तराई र पहाडको संगम स्थल हो । यसले पहाडी र तराइको अवसरलाई अधिकतम प्रयोग गरी दिर्घकालमा आर्थिक विकास गर्न सक्ने सम्भावना छ । दिर्घकालमा कुन आर्थिक क्षेत्र बढी प्रभावकारी हुन सक्दछ भन्ने विषयमा एकीन गर्नु चुनौतिपूर्ण छ । यसमा देशको आर्थिक नीति, मानिसको वस्तु तथा सेवाको छनौटको अवसर र चाहना, विज्ञान तथा प्रविधिको विकास आदि पक्षले प्रभाव पार्दछ । यद्यपि दीर्घकालीन योजना सामान्यतया १० देखि २० वर्षको लागि बनाइने भएकोले जनताको आवश्यकता र चाहनालई लक्ष्य सहित सीमांकन गर्न सकिन्छ । नेपालले संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यलाई स्वीकारी कार्यान्वयनमा रहेको अवस्था भएको हुनाले माथागढी गाउँपालिकाको दीर्घकालीन लक्ष्य पनि प्रदेश र संघले निर्दिष्ट गरेको लक्ष्यमा पुग्नु नै हो । यसका लागि आवश्यक आर्थिक खाका र सामाजिक सम्वन्ध संग तादत्म्यता हुने गरी योजना बनाउनु उपर्युक्त हुन्छ । योजना कार्यान्वयन गर्ने प्रशासनिक संरचना संविधान तथा कानून अनुसार स्थानीय सरकारलाई प्राप्त हुने अधिकार हो । गुरु योजना बनाउँदा निम्न सिद्धान्त अवलम्वन गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Real Dream

**मथागढी गाउँपालिकाको दीर्घकालीन गुरु योजनाको आधारभुत सिद्धान्त**

- योजना बनाउँदा मुलभुत रुपमा दीर्घकालीन विकास लक्ष्य हासिल हुने गरी योजनाको पहिचान गर्न नीतिगत आधार निर्धारण गर्नु ।
- स्थानीय जनतालई दिइने सेवा र विकासको समान अवसर प्राप्त हुने गरी सन्तुलित विकास योजनाको आधार निर्धारण गर्नु ।
- स्थानीय सरकारलई लाभग्राही स्थानीय जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन विषय क्षेत्र अनुसार सहयोग पुग्ने आधार प्रदान गर्नु ।
- क्षितिजिय र उर्ध्वगामी विकासका सम्भावना र अवसर संग जोडी आर्थिक विकासको गतिमा तिब्रता हुने सुनिश्चितता प्रदान गर्नु ।
- विद्युतीय प्रविधिको प्रयोग गरी विकासका सबै अवसर स्मार्ट नीति अनुसार कार्यान्वयनको स्थिति निर्माण गर्नु ।
- मानव वस्ती, सडक, शिक्षा, स्वास्थ्य, वातावरण, आर्थिक क्रियाकलापलाई दिगो बनाउनु ।
- समग्र आर्थिक, सामाजिक तथा वातावरणीय विकासका सबै आयामको सन्तुलित विकास गर्नु ।
- क्षेत्रगत उद्देश्य, लक्ष्य, प्राथमिकता र नीतिका आधारमा स्रोत साधनको सन्तुलित रुपमा विनियोजन गर्नु ।

**विषयगत क्षेत्रको विश्लेषणका मुख्य आधार**

स्थानीय सरकरको दीर्घकालीन गुरु योजना मुलतः यसको नीति, लक्ष्य, उद्देश्य हासिल गर्नु संग सम्वन्धित हुन्छ । स्थानीय सरकार स्थानीय जनताको नजीकको सरकार भएको हुनाले उनीहरुको आवश्यकता र चाहना अनुसार दक्ष र प्रभावकारी रुपमा काम गर्न सक्दछ । यही मान्यता अनुसार स्थानीय विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारले तुलनात्मक लागत लाभका आधारमा स्थानीय सरकारी संयन्त्रलाई परिचालन गर्न आवश्यक हुन्छ । यसका लागि स्थानीय तहमा उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालनका लागि नीतिगत पक्ष महत्वपूर्ण हुन्छ । उक्त सन्दर्भमा स्थानीय तहले विषयगत क्षेत्र अनुसार नीति बनाई कार्यान्वयन गर्न आवश्यक छ । माथागढी गाउँपालिकाको नीतिहरुलाई व्यवस्थित गर्न विषय क्षेत्रको विभाजन गर्दा योजना आयोगको दिग्दर्शन आधार बनाइएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

विषयगत क्षेत्रको विश्लेषण गर्दा दीगो विकास लक्ष्य प्राप्तिका लागि सूचकहरुको स्थिति र आगामी १० वर्षमा सन्तुलित रुपमा लक्ष्य हासिल गर्ने गरी आयोजनाहरुलाई स्थानीयकरण गर्न आवश्यक छ । यसका लागि दीगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्यलाई नीतिगत आधारमा जोड्ने प्रयास गरिएको छ । यसमा दोस्रो आवधिक योजनाले निर्देशित गरेका क्षेत्रलाई मुख्य आधार बनाउन सकिन्छ । ती आयोजनाको कार्यान्वयनमा तीनै तहको सरकार, गैर सरकारी संस्था र स्थानीय जनताको सक्रिय सहभागिता आवश्यक हुन्छ ।

**विषयगत क्षेत्रः** योजना आयोगको दिग्दर्शनमा विषयगत क्षेत्रहरु आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद व्यवस्थापन विकास, संस्थागत विकास सेवा प्रवाह तथा सुशासन विकास रहेका छन् । यस अन्तरर्गतका रुपान्तरणकारी क्षेत्रको आयोजनाहरुको विश्लेषण गर्दा ध्यान दिनु पर्ने केही पक्षहरुको बारे कृषि क्षेत्रलाई नमूना बनाई संक्षिप्तमा तल प्रस्तुत गरिएको छ ।

**समय अवधिः** छनौट गरिएका विषयगत क्षेत्रको आर्थिक बृद्धिको स्थिति विश्लेषण गर्न आधार वर्ष २०७७/२०७८ लिई २०७८/२०७९ देखि २०८८/२०८९ (सन् २०२२/२०२३ देखि २०३२/२०३३) सम्मको जम्मा १० वर्ष लिइएको छ ।

**उत्पादन स्थितिः** छनौट गरिएका क्षेत्रको उत्पादन स्थिति जस्तै खाद्यान्त, फलफुल, पशुपन्छी, साक्षरत, मानिसको आयु, सडक, पर्यटक संख्या, वनजंगलको संरक्षण, पालिकाको सेवा प्रवाहमा दक्षता र प्रभावकारिता (विद्युतिय माध्यमबाट राजस्व संकलन, पत्राचार, आदी) मुख्य आधारको रुपमा रहनेछ ।

**मुख्य साधनको प्रयोगः** जस्तै कृषि क्षेत्रमा सिँचाइ, मल, प्रविधि, बाटो, उर्जा आदि ।

**प्राथमीक उत्पादनः** पशुपन्छी, अधिक मुख्यका खाद्यान्न, कृषि व्यापार, वन क्षेत्र आदि ।

**आयोजनाको प्रभावः** गरिबी निवारण, खाद्यान्न सुरक्षा, वातावरण, क्षेत्रीय उत्पादकत्वमा अभिबृद्धि हुने अनुमान गरिएको छ ।

**आयोजना कार्यान्वयनः** लगानी (संघ, प्रदेश, आन्तरिक, निजी क्षेत्र, सहकारी क्षेत्र र दाता), नीति (स्रोत विभाजन, निजी क्षेत्र, मुल्य नीति, जमीनको व्यवस्थापन) बाट कार्यान्वयन हुने विश्वास गरिएको छ ।

**आयोजना कार्यान्वयन गर्ने संस्थाः** पालिका, प्रदेश, संघ, पालिका अन्तरर्गतका उद्योग वाणिज्य संघ तथा सहकारी ले आयोजना कार्यान्वय गर्ने अनुमान गरिएको छ ।

Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

२.२ क्षेत्रगत दीर्घकालीन गुरु योजनाको चुनौती र अवसर

नेपालमा स्थानीय सरकारको अधिकार संविधानमा नै उल्लेख गरिएको हुँदा यसले सम्पादन गर्नु पर्ने काम चुनौतीपूर्ण भएता पनि यो एक अवसर पनि हो । स्थानीय सरकार स्थानीय विकासमा दक्ष र प्रभावकारी हुने हुँदा चुनौतिको सामना गर्दै अवसरको रुपमा काम गर्न दीर्घकालीन गुरु योजनाको आवश्यकता पर्दछ । दीर्घकालीन गुरु योजना लामो अबधिको लागि बनाइने भएकोले राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक पक्षहरुमा उत्पन्न हुने उतार चढावले पार्न सक्ने प्रभाव निकै चुनौतीपुर्ण हुन्छ । तर यसले गन्तव्यको पहिचान गरी संस्थागत रुपमा विकास योजना कार्यान्वयन गरिने भएकोले स्थानीय तहको लागि एक महत्पूर्ण अवसर हो । उक्त सन्दर्भमा आवधिक योजनामा उल्लेखित चुनौती र अवसरलाई दीर्घकालीन गुरु योजनामा पनि समेट्ने प्रयास गरिएको छ ।

माथागढी भौगोलिक आधारमा ठूलो भौगोलिक क्षेत्रफल भएको पहाडी भूभाग बढी भएको गाउँपालिका भएकोले आर्थिक विकासलाई गति दिन चुनौतीपुर्ण रहेको छ । स्थानीय जनताको वर्तमान अवस्थाका आधारमा चाहेको अबस्थालाई जोडी वर्तमान अवस्थामा गुज्रनु पर्नाका कारण र स्थानीय जनताले भोगेका कठिनाईलाई सम्बोधन गर्ने काम चुनौतीपुर्ण छ । यसका लागि विगतको स्रोतको आधारमा प्रक्षेपण गरिएको साधन र परिकल्पना गरिएको साध्य बीचको सम्बन्धको आधारमा योजना बनाइएको छ । तर दीर्घकालमा वित्तीय नीतिमा आउने परिवर्तनले गाउँपालिकाको आर्थिक तथा सामाजिक विकास योजना कार्यान्वयनमा प्रभाव पार्न सक्दछ । चुनौतीको सामना गर्न पालिकाको सोच, लक्ष्य र उद्देश्य निर्धारण गरी त्यसको प्राप्तिका लागि उपलब्ध स्रोत साधनको सकेसम्म उच्चतम प्रतिफल प्राप्त हुने गरी विनियोजन गरिएको छ । यस स्थितिमा विषयगत क्षेत्रको चुनौती र अवसर संक्षिप्तमा उल्लेख गरिएको छ ।

कृषिको उत्पादन र उत्पादकत्वमा वृद्धि, व्यवसायीकरण, प्रचारप्रसार, उद्योग, पर्यटनमा आकर्षण बढाई आर्थिक क्रियाकलाप बढाउनु चुनौतीपुर्ण कार्य हुन् । गुणस्तरीय, रोजगारमुलक शिक्षाको विकास सामाजिक विकासको समस्या हो । दीगो, लागत लाभमा प्रभावकारी बनाउनु पूर्वाधार विकासको समस्या हो । वन क्षेत्रको विकास र विस्तार, खानीको उच्चतम प्रयोग वातावरणीय चुनौती हो । ज्ञान, सीप, क्षमता, प्रभावकारी कानून संस्थागत विकासका चुनौती हुन् ।

माथागढी गाउँपालिकामा विश्व जनसंख्या र नेपालको जनसंख्याको आधारमा औषत रुपमा बढी प्रतिशत मानिसको उमेर समूह आर्थिक रुपले सक्रिय जनसंख्यामा पर्दछ । यसरी हेर्दा नेपालको औषत जनसांखीक चरित्रसंग यस पालिकाको जनसंख्याको चरित्र मिल्दछ । तर नेपाली जनताको रोग, भोक र



Real Dreams International Engineering Consulting Pvt. Ltd.

गरिबी हटाई समृद्ध नगर, सुखी नगर बासी बनाउन जनताको आवश्यकता र चाहना अनुसारको योजना बनाउनु आफैमा चुनौतीपुर्ण कार्य हो । यस्तो योजना तजुमा गर्न नेपालको संविधान र कानूनले स्थानीय तहलाई जिम्मेवार बनाएको छ । स्थानीय सरकारले संविधान तथा कानून अनुसार योजना तर्जूमा गर्न पाउने अधिकारलाई महत्वपुर्ण अवसरको रुपमा लिन सकिन्छ । तर जनताको आवश्यकता र चाहना अनुसार कार्यान्वियन योग्य र लागत लाभको दृष्टिले प्रतिफलमा आधारित योजना तर्जुमा गर्नु चुनौतीपुर्ण कार्य हो । यसका लागि स्थानीय तहले भोग्नु परेको चुनौती र सम्भावनाहरु के के छन् पहिचान गर्न प्रयास गरिएको छ ।

माथागढी गाउँपालिका प्राकृतिक श्रोत साधन, सम्पदा, भू-बनौट तथा हावापानी, कला, साहित्य-संस्कृतिका दृष्टिकोणबाट सम्पन्नशाली रहेको पाउन सकिन्छ । भौतिक तथा प्राकृतिक साधन स्रोत अगतिशिल वस्तु हो यसलाई मानविय प्रयासले मात्र गतिशिल बनाउन सकिन्छ । यहाँ धेरै मानिसहरु बेरोजगारीका कारण कस्टपूर्ण जीवन बिताउन बाध्य छन् । मानविय स्रोतलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेको खण्डमा यस पालिकाको विकासको सम्भावना धेरै छ भन्न सकिन्छ । यद्यपी वर्तमान आधुनिक उत्पादन प्रविधि, उत्पादकत्व, साधनको विविधिकरणका आधारमा उत्पादन प्रक्रियामा आमुल परिवर्तन भएको छ । यसका लागि मौद्रिक पुजीको आवश्यकता पर्दछ । मौद्रिक पुजीलाई सीमान्त लागत लाभको दृष्टिबाट सन्तुलित विकासलाई ध्यानमा राखी लगानी गर्नु पर्दछ । संविधान तथा कानूनले स्थानीय स्रोत परिचालनको लागि पर्याप्त अधिकार दिएको छ भने संघ र प्रदेशले पनि कानुन अनुसार स्रोत हस्तान्तरण गर्नु पर्ने बाध्यकारी व्यवस्था गरेको छ । ती स्रोतहरुलाई प्रभावकारी रुपमा परिचालन गर्न सकेको खण्डमा आवधिक रुपमा स्रोतको प्रभावकारी उपयोग गरी यस पालिकालाई योजनामा परिकल्पना गरिएको निर्दिष्ट लक्ष्यमा पुऱ्याउन सकिने सम्भावना छ ।

माथागढी गाउँपालिका स्रोत साधनमा धनी भएर पनि अर्थात, प्राकृतिक र मानविय स्रोतमा धनी भएर पनि आर्थिक तथा सामाजिक विकासका दृष्टिले धनी हुन नसक्नु आफैमा एउटा चुनौती हो ।

यस माथागढी गाउँपालिकाले आर्थिक तथा सामाजिक विकासलाई प्रभावकारी बनाउन साझा दृष्टिकोण तय गर्न आवश्यक छ । यस पालिकाभित्र रहेका पर्यटन, जलस्रोत, जडिबुटी, कृषि लगायत अन्य विभिन्न सम्भावनाहरुलाई उजागर गरी ति क्षेत्रका विज्ञहरुको विश्लेषणका आधारमा लगानीकर्ताहरु आकर्षित गरी सबै सम्भावनाहरुलाई चलायमान बनाउनु पर्दछ । यसका अलावा विभिन्न क्षेत्रहरु मध्ये कुनै खास क्षेत्रको विशेष विकास योजना तय गरी माथागढी गाउँपालिकाको पहिचान सहितको आर्थिक



Real Dreams International Engineering Consulting Pvt. Ltd.

विकास गर्नु चुनौतीपुर्ण छ ।

यद्यपि वर्तमान संविधानमा स्थानीय सरकारको गठन, यसको राजनीति, आर्थिक, सामाजिक अधिकारको सुनिश्चितता सम्बन्धी व्यवस्था हुनु आफैमा एउटा ठूलो अवसर हो । यही अधिकारको प्रयोग गरी यस पालिका अन्तरगतको स्रोत साधनल उच्चतम रुपमा परिचालन गर्न सकेको खण्डमा विकासको गतिलाई तीव्रता दिन सकिने पर्याप्त सम्भावना रहेको छ । तराइ संगको आर्थिक सम्वन्धलाई जोडी लगानीकर्ता आकर्षित गर्न सकेको खण्डमा आर्थिक क्रियाकलाप वढ्न सक्ने देखिन्छ । भौगोलिक, प्रकृतिक स्रोत साधनका साथै मानिसहरु सरल र इमान्दार स्वभावको रहेका छन् । यसले गर्दा लगानीकर्ता आकर्षित भइ आर्थिक विकासको गति वढ्ने पर्याप्त अवसर रहेको छ ।

२.३ योजना खाका

दीर्घकालीन गुरु योजनाको खाकामा आर्थिक तथा सामाजिक विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीतिक प्राथमिकता, सिद्धान्त, मान्यता, परिमाणात्मक लक्ष्य, रणनीति जस्ता विषयहरु समावेश गरिएको छ । माथागढी गाउँपालिकाको विशिष्टिकृत आर्थिक तथा सामाजिक सम्भावनाका आधारमा योजनाको खाका वनाइएको छ ।

**२.३.१ माथागढी गाउँपालिको सौँच**

दीर्घकालमा उत्पादनका सबै साधनलाई परिवर्तन गर्न सकिने, विज्ञान तथा प्रविधिले विकास प्रक्रियामा पार्न सक्ने प्रभाव, मानिसको आवश्यकता र चाहनामा उत्पन्न हुन सक्ने भिन्नता आदिलाई ध्यानमा राखी दीर्घकालीन सोच वनाउनु पर्दछ । यद्यपि मानिसको गन्तव्य पहिचान गरी दीगो विकास यात्रामा आर्थिक क्रियाकलाप गर्ने सोच वनाउनु महत्वपुर्ण कार्य हो । स्थानीय तहको दीर्घकालीन सोच स्थानीय सरकारले चाहेको अवस्था वा परिदृष्टि हो । यसमा दीर्घकालमा स्थानीय सरकार कहाँ पुग्नेछ भन्ने सोच वा सपना निर्दिष्ट गरिएको हुन्छ ।

माथागढी गाउँपालिकाको दीर्घकालीन सोच सम्वन्धमा आवधिक योजनामा उल्लेख भएका सोचलाई नै आधार मान्ने भन्ने कार्याशालाहरुको निष्कर्ष रहेको थियो । जस अनुसार यस माथागढी गाउँपालिको दीर्घकालीन सोच निम्न रहेको छ ।

*हाम्रो माथागढी, हाम्रो शान ।*

*समृद्ध माथागढी, हाम्रो पहिचान ।*

Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

यो दीर्घकालीन सोच पूरा गर्न संघ र प्रदेशको सोच संग पनि तादात्म्यता मिलेको देखिन्छ । स्थानीय निर्वाचनको समयमा सबै राजनीतिक दलले स्मार्ट सहर र गाउँ बनाउने सोच बनाएका थिए । यो सोच पूरा गर्न सेवा प्रवाह र विकास कार्यका लागि यस गाउँपालिकाको पनि स्मार्ट सोच रहेको छ । यही आधारमा दीर्घकालीन लक्ष्य निर्धारण गरिएको छ ।

**दीर्घकालीन लक्ष्य**

आवधिक योजनामा दीर्घकालीन सोचका आधारमा सूचना र प्रविधिको प्रयोगलाई बढावा दिई सेवा प्रवाह र विकास योजना कार्यान्वयन गर्ने परिपाटीको विकास गर्ने दीर्घकालीन लक्ष्य रहने छ । सुन्दर र समृद्ध पालिका हुनको लागि सूचना प्रविधिको प्रयोगबाट पर्यवरणीय सन्तुलन, दैवीप्रकोप नियन्त्रण र गाउँबासीहरुको सामुहिक सहभागिता हुन आवश्यक छ । यसका लागि पालिकाको दीर्घकालीन लक्ष्य सामाजिक न्याय सहितको कल्याणकारी सिद्धान्तमा आधारित गाउँ बनाउन समृद्ध अर्थतन्त्र भएको पालिका बनाउने रहेको छ । सामाजिक न्याय प्राप्तिका लागि सन्तुलित रुपमा आर्थिक, सामाजिक, भौतिक, वातावरणीय तथा संस्थागत क्षमता विकास गर्ने भन्ने रहेको छ ।

दिगो विकास कार्यसूचीमा आर्थिक, सामाजिक र वातावरणीय गरी तीनवटा खम्बाहरु रहेका छन् ( रायोआ, २०१७) । यी खम्बाहरु बलियो बनाउनका लागि समृद्धि, समानुपातिक वितरण र दीगो विकासका लक्ष्यहरु हासिल हुने गरी योजना बनाउनु पर्दछ । सन् २०१५ मा संयुक्त राष्ट्र संघको सबै सदस्य राष्ट्रहरुले अनुमोदन गरेको सन् २०१६ देखि २०३० सम्मका लागि दीगो विकास लक्ष्यका १७ वटा र २३२ वटा सूचक रहेका छन् । नेपालको लागि दीगो विकास लक्ष्यहरु, वर्तमान अवस्था र भावी मार्गचित्र, २०१६–२०३० लाई संघ, प्रदेश र स्थानीय सरकारले समन्वयको मुख्य आधार बनाउनु पर्दछ । नेपालले नेपालको वस्तुगत यथार्थसंग प्रत्यक्ष रुपमा सम्बन्धित नभएको लक्ष्य १४ बाहेक १६ वटा लक्ष्य अंगीकार गरेको छ र ती लक्ष्यहरुसंग सम्बन्धित २४७ वटा सूचक थप गरी ४७९ सूचक निर्धारण गरेको छ । ती लक्ष्यहरु संग तादत्म्यता मिल्ने गरी नेपालको पन्ध्रौं आवधिक योजनामा विभिन्न लक्ष्यहरु निर्धारण गरी आवधिक योजना बनाइएको छ । १७ वटा दीगो विकास लक्ष्यलाई समूहीकृत गरी गरिबी र विपन्नता, आधारभूत सामाजिक सेवा, समानता, समावेशिता तथा न्याय, आर्थिक बृद्धि रोजगारी उपभोग र वातावरण तथा जलवायु परिवर्तनलाई स्थानीय तहमा निम्न ५ वटा विषय क्षेत्रगत समिति रहेका छन् ।

## विषयगत समिति

नेपालमा मानव विकास सूचाङ्क प्रतिवेदनमा उल्लेखित एक विकास सम्भाव्यता अध्ययन अनुसार कृषि प्रशोषित क्षेत्र, वातावरण मैत्री उद्योग, पर्यट तथा जलविद्युत क्षेत्र आर्थिक वृद्धि, रोजगारमुलक र समावेशी विकासका लागि महत्वपूर्ण परिवर्तनकारी हुने निष्कर्ष निकालिएको छ । स्थानीय सरकारको सन्दर्भमा पनि यी क्षेत्र महत्वपूर्ण क्षेत्र हुन् ।

स्थानीय विकास योजना राष्ट्रिय विकास योजनाको जगको रुपमा रहने भएकोले संघ, प्रदेश र स्थानीय सरकारबीच अन्तरसम्बन्ध महत्वपुर्ण रुपमा लिइन्छ । योजनामा आर्थिक तथा सामाजिक विकासका वहुआयामिक क्षेत्रलाई व्यवस्थित गर्न विभिन्न विषयगत क्षेत्रहरुलाई समुहीकृत गरिएको छ । स्थानीय योजना तर्जुमा गर्दा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास गरी ५ वटा विषयगत क्षेत्रमा समुहीकृत गर्नु पर्ने व्यवस्था गरिएको छ । विषयगत क्षेत्र अनुसार योजना बनाउनको लागि स्थानीय वस्तुगत स्थितिको यथार्थ विवरण राखी भौतिक, प्राकृतिक, धार्मिक, शैक्षिक, साँस्कृतिक, सामाजिक, मानवीय श्रोत साधनहरुको तथ्याङ्कको विश्लेषण र प्रस्तुति संलग्न गरिएको छ । स्थानीय तहको योजना तर्जुमा तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजा मूलक, सहभागितामूलक र प्रभावकारी बनाउन योजना आयोगको ढाँचा अनुसार बनाइएको छ ।

प्रादेशिक योजनालाई व्यवस्थित र नतीजामुलक बनाउनका लागि यस दीर्घकालीन योजनामा राष्ट्रिय योजना आयोगले वर्गिकरण गरेको विषय क्षेत्रलाई आधार मानिएको छ । ती विषय क्षेत्रको लक्ष्य प्राप्तीको लागि दीगो विकास लक्ष्य नम्वरलाई सोही बमोजिम खण्डिकरण गरिएको छ । लक्ष्य अन्तर्गत उल्लेख भएको सूचांक अनुसार योजनाको लक्ष्य हासिल हुने अनुमान गरिएको छ । योजनाको लक्ष्य राष्ट्रिय योजना आयोग र लुम्बिनी योजना आयोगले निर्धारण गरेको लक्ष्यसंग समेत तादत्म्यता हुने अपेक्षा गरिएको छ । विषयगत समिति र दीगो विकास लक्ष्यहरुलाई निम्न समितिमा समुहीकृत गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

**तालिका नं. २.१: विषयगत समितिको दीगो विकास लक्ष्यसंगको सम्बन्ध**

| विषय क्षेत्रगत समिति | योजनाको लक्ष्य |
|---|---|
| आर्थिक विकास | दीगो विकास लक्ष्य नम्बर १, २, ८, १२ र पन्ध्रौं योजनामा उल्लेखित आर्थिक विकास लक्ष्यका सूचाङ्क अनुसारको लक्ष्य हासिल गर्ने । |
| सामाजिक विकास | दीगो विकास लक्ष्य नम्बर ३, ४, ५, ६, १०र पन्ध्रौं योजनामा उल्लेखित सामाजिक विकास लक्ष्यका सूचाङ्क अनुसार लक्ष्य हासिल गर्ने । |
| पूर्वाधार विकास | दीगो विकास लक्ष्य नम्बर ७, ९, ११ र पन्ध्रौं योजनामा उल्लेखित पूर्वाधार विकास सूचाङ्क अनुसार लक्ष्य हासिल गर्ने । |
| वातावरण तथा विपद व्यवस्थापन | दीगो विकास लक्ष्य नम्बर १३ र १५ र पन्ध्रौं योजनामा उल्लेखित वातावरण तथा विपद व्यवस्थापन सूचाङ्क अनुरुप लक्ष्य हासिल गर्ने । |
| संस्थागत विकास सेवा प्रवाह तथा सुशासन | दीगो विकास लक्ष्य नम्बर १६ र १७र पन्ध्रौं योजनामा उल्लेखित संस्थागत विकास सेवा प्रवाह तथा सुशासन सूचाङ्कहरु हासिल गर्ने । |

पन्ध्रौं योजना अवधिमा समृद्धि र सुख प्राप्ति गर्ने र समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्ने लक्ष्य राखिएकोको छ । यही लक्ष्यहरुलाई ध्यानमा राखी यस पालिकाको सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तय गरिएको छ ।

पालिकाले दीर्घकालीन लक्ष्यको आधारमा काम गर्नको लागि विषयगत समिति अन्तर्गत रही कार्यजिम्मेवारी परिपालना गर्नका लागि शाखा कार्यालयहरु तोकिएको छ । ती कार्यालयहरुले प्रत्येक वार्षिक योजना बनाउँदा आवधिक योजनाले निर्देशीत गरेको लक्ष्यमा आधारित सूचक अनुसारको आयोजना र विषयगत बजेटलाई ध्यानमा राखी योजना कार्यान्वयन गर्नु पर्दछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

| तालिका नं. २.२: विषयगत समिति अन्तर्गतको दीगो विकास लक्ष्यसंगको सम्बन्धित उपक्षेत्र | | |
|---|---|---|
| क्र.सं. | विषय क्षेत्रगत समिति | समिति सम्बन्धित उपक्षेत्र |
| १ | आर्थिक विकास | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | सामाजिक विकास | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैङगिक समानता तथा सामाजिक समावेशीकरण |
| ३ | पूर्वाधार विकास | सडक तथा पुल, झोलुंगे पुल, सिँचाई, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार |
| ४ | वातावरण तथा विपद व्यवस्थापन | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन |
| ५ | संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखाँकन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट |

**नेपालमा गाउँपालिकाको विषयगत समिति, संबैधानिक अधिकारको सूची र दीगो विकास लक्ष्य बीच सम्बन्ध**

माथागढी गाउँपालिकाको मुख्य उद्देश्य समयमा वा समय भन्दा पहिले दीगो विकास लक्ष्य हासिल गरी आर्थिक, सामाजिक र वातावरणीय दृष्टिमा सम्पन्न हुनु हो । यसका लागि योजना आयोगले निर्धारण गरेको विषय क्षेत्र र उपक्षेत्रलाई योजनाको लक्ष्य बनाइएको छ । यस सन्दर्भमा गाउँपालिकाले विषयगत क्षेत्रका आधारमा दीर्घकालीन गुरुयोजना बनाउन संविधानमा उल्लेखित एकल र साझा अधिकारको क्षेत्र र दीगो विकास लक्ष्य बीचको सम्बन्धलाई तलको तालिकामा उल्लेख गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

| तालिका नं. २.३ गाउँपालिका तथा दीगो विकास लक्ष्यबीचको सम्बन्ध | | | | |
|---|---|---|---|---|
| क.सं | दीगो विकास लक्ष्यको आयाम | स्थानिय तहको सबैंधानिक अधिकार तथा कार्यदिशा (अनुसुची -८) | अधिकारको साझा सूची (अनुसुची -९) | दीगो विकास लक्ष्य |
| १. | आर्थिक विकास | सहकारी<br>१०. स्थानीय बजार व्यवस्थापन<br>११. ग्रामीण सडक, कृषि सडक, सिंचाई<br>१५.कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन,<br>१८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | सहकारी<br>४. कृषि<br>१०. गरिबी निवारण<br>१३. सुकुम्बासी व्यवस्थापन | लक्ष्य १: गरीबीको अन्त्य<br>लक्ष्य २: शून्य भोकमरी<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक वृद्धि लक्ष्य १०: असमानतामा कमी |
| | सामाजिक विकास | ८. आधारभूत र माध्यमिक शिक्षा<br>९. आधारभूत स्वास्थ्य, सरसफाइ (ढल निकास) व्यवस्था<br>१६.ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति रअशक्तहरूको व्यवस्थापन<br>१७ बेरोजगारको तथ्याङ्क संकलन<br>१९.खानेपानी<br>२२.भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | शिक्षा<br>३. स्वास्थ्य<br>५. खानेपानी<br>१०. सामाजिक सुरक्षा | लक्ष्य ३: राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ४: गुणस्तरीय शिक्षा,<br>लक्ष्य ५: लैङ्गिक समानता,<br>लक्ष्य ६: स्वच्छ खानेपानी तथा सरसफाइ |
| ३. | पूर्वाधार विकास | ७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू,<br>११. स्थानीय सडक,<br>१४. घर जग्गा धनीपूर्जा वितरण,<br>१९. साना जलविद्युत् | ५. विद्युत, सिँचाइ<br>१५. सवारी साधन अनुमति | लक्ष्य ७: धान्न सक्ने तथा स्वच्छ ऊर्जा,<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार,<br>लक्ष्य ११: दीगो सहर |



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Road Dream

| | | | | |
|---|---|---|---|---|
| | | आयोजना, वैकल्पिक ऊर्जा, | | तथा समुदाय, |
| ४. | वातावरण व्यवस्थापन | ९. सरसफाइ ( फोहरमैला व्यवस्थापन)<br>१०. वातावरण संरक्षण र जैविक विविधता<br>२०. विपद् व्यवस्थापन<br>२१. जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | ७. वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>८. खानी तथा खनिज<br>९.विपद् व्यवस्थापन<br>२. पत्रपत्रिका<br>६. कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, सेवा शुल्क<br>११. व्यक्तिगत घटना, जन्म,मृत्यु, विवाह दर्ता र तथ्याङ्क<br>१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | लक्ष्य १२: दीगो उपभोग तथा उत्पादन<br>लक्ष्य १३: जलवायु कार्य<br>लक्ष्य १५: जमिनमाथिको जीवन |

**माथागढी गाउँपालिकाको दीर्घकालीन गुरुयोजनाको नीति**

दीर्घकालीन नीतिमा योजनाका सोच, लक्ष्य, स्थानीय जमीन र समुदायको संरचना निर्माण, वसोवास क्षेत्र, आर्थिक विकासका आधार, प्राकृतिक, संस्कृतिक, ऐतिहासिक पक्ष, खुल्ला तथा मनोरञ्जन स्थल, सार्वजनिक भवन तथा सुविधा, यातायात व्यवस्था, उर्जा, सामाजिक सेवा तथा सार्वजनिक स्वास्थ्य र यी क्षेत्रको कार्यान्वयनको आधार स्पष्ट हुन जरुरी छ । गाउँको विकास भएमा आफ्नो मान, शानमा वृद्धि भई गाउँबासीलाई आल्हादित हुने गरी योजना छनौट र सो को कार्यान्वयन गर्न उत्प्रेरित बनाउने मुख्य नीति हुनेछ ।

- स्थानीय जनतामा **मेरो गाउँको विकासमा म जिम्मेवार छु** भन्ने भावना अनुसार सहकार्य, सहअस्तित्व र समन्वयका आधारमा आर्थिक क्रियाकलाप गर्न प्रोत्साहित गर्ने ।
- स्थानीय साधन स्रोतको प्रभावकारी परिचालनवाट आर्थिक क्रियाकलापमा तीव्रता दिने ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

- विकास योजना कार्यान्वयन र सेवा प्रवाह सम्वन्धी कामलाई स्मार्ट बनाउने ।
- स्थानीय साधनको परिचालनलाई दक्ष, प्रभावकारी, पारदर्शी, उत्तरदायी बनाउने ।
- स्थानीय अर्थतन्त्रलाई आन्तरिक रुपमा अन्तर सम्वन्धित बनाई वाह्य अर्थतन्त्रसंग लागत लाभको आधारमा जोड्ने वातावरण निर्माण गर्ने ।
- स्थानीय जनताको वस्तु तथा सेवा उपभोग तथा विनिमय जस्ता विषयमा मार्केटिङ्ग च्यानलहरुमा सहजीकरण तथा उत्प्रेरित गर्ने ।
- पालिकाको भौगोलिक तथा पर्यवरणीय वातावरण समृद्ध बनाउन भूगोलको संरक्षण तथा प्रवर्धन गर्ने ।
- पालिका भित्र सामाजिक सद्भाव, शान्ती तथा अमन्चयन कायम गर्न आवश्यक प्रवर्धनात्मक र सम्वर्धनात्मक कार्य गर्ने ।

**२.३.२ माथागढी गाउँपालिको दीर्घकालीन योजनाको लक्ष्य**

नेपालको दीगो विकास लक्ष्य तथा पन्ध्रौं योजनाको राष्ट्रिय लक्ष्य र लुम्बिनी प्रदेशको लक्ष्य संग तादत्म्यता हुने गरी आर्थिक रुपले समृद्ध बनाई गाउँबासीलाई सन्तुष्ट बनाउने रहेको छ । सुख एउटा प्रक्रिया हो जसमा मानिसको सबै चाहना पूरा हुँदा वा नहुँदा प्राप्त हुन सक्दछ तर सन्तुष्टि लामो समयदेखि मानिसले चाहेको अवस्था हासिल भएको स्थिति हो । मानिस सन्तुष्ट भएको अवस्थापूर्ण सन्तुलनको स्थिति हो । यस अर्थमा पालिकाको दीर्घकालीन सोच समृद्धि र सन्तुष्टि संग जोडिएको छ र सोही आधारमा दीर्घकालीन योजनाको लक्ष्य निर्धारण गरिएको छ । दीगो विकास लक्ष्यका आधारमा विषय क्षेत्र अनुसार परिमाणात्मक लक्ष्य समय सीमाभित्र हासिल गरी माथागढी गाउँपालिकाको समृद्ध अर्थतन्त्र, सामाजिक न्याय सहीतको सन्तुष्ट समाज निर्माण गर्नु दीर्घकालीन गुरु योजनाको मुख्य लक्ष्य रहेको छ ।

**२.३.४ माथागढी गाउँपालिकाको उद्देश्य**

माथागढी गाउँपालिकाको आवधिक योजनाको सपना पूरा गर्न निर्धारण गरिएको समृद्धि र सुखको लक्ष्य हासिल भए पश्चात सन्तुष्टिको स्थितिमा पुग्न सूचना तथा प्रविधिको उच्चतम प्रयोगबाट सामाजिक तथा आर्थिक विकास गर्नु मुख्य उद्देश्य रहेको छ । यसका विशिष्ट उद्देश्य निम्न वमोजिम रहेको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

क. समृद्धिसंग सम्बन्धित उद्देश्यहरु

- कृषि तथा स्थानीय उद्योगलाई व्यवासायीकरण गरी गरिबीको अन्त्य गर्नु ।
- स्थानीय अर्थतन्त्रमा सहयोगी मानव पुजीको निर्माण गर्नु ।
- उत्पादनका सम्पूर्ण साधनको उच्चतम प्रयोग गरी उत्पादकत्व बृद्धि गर्नु ।
- गाउँपालिका भित्र दीगो र स्थिर साधनको विकास र विस्तार गर्नु ।

ख. सन्तुष्टिसँग सम्बन्धित उद्देश्यहरु

- स्वस्थ्य, सुरक्षित, गतिशील समाजको निर्माण गर्नु ।
- विभेद, हिंसा रहित, विविधताको प्रवर्द्धन तथा संरक्षण गरी सामाजिक सुरक्षा प्रदान गर्नु ।
- स्वच्छ वातावरण, पर्यवरणीय सन्तुलन, विपद् उत्थानशील अर्थतन्त्रको निर्माण गर्नु ।
- कानुनी, सदाचारी, पारदर्शि र जवाफदेहिता भएको शासन सञ्चालन गर्नु ।
- समुदायमा शान्ती र स्थिरता, स्वतन्त्रता, मौलिक हकको जगेर्ना हुने सहभागीतामुलक समाजको निर्माण गर्नु ।

### २.३.५ माथागढी गाउँपालिकाको दीर्घकालीन रणनीति

सन् २०३० सम्ममा नेपालले अंगीकार गरेको दीगो विकास लक्ष्य हासिल गर्नु यस दीर्घकालीन गुरु योजनाको मुख्य ध्येय हो । यसका लागि पन्ध्रौं योजनाको लक्ष्य र प्रदेशको लक्ष्य संग तादत्म्यता हुने गरी माथागढी गाउँपालिकाको रणनीति निर्धारण गरिएको छ । यसका लागि सरकारी क्षेत्र लगायत निजी, सहकारी र सामुदायिक क्षेत्रलाई एक अर्काको परिपूरकका रुपमा परिचालन गर्ने मुख्य रणनीति रहेको छ ।

**आर्थिक विकास संग सम्बन्धित रणनीतिहरु**

- **माथागढी गाउँपालिकाको तीव्र र दीगो आर्थिक विकास गर्ने ।**

माथागढी गाउँपालिका भित्रको आर्थिक क्रियाकलापलाई व्यवसायिकरण गरी दीगो रुपमा आर्थिक बृद्धि हासिल गरिनेछ । आर्थिक क्रियाकलापलाई तिब्रता दिन सार्वजनिक क्षेत्रको प्रभावकारीताको अभिबृद्धि संगै निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा आधारित विकास प्रयासलाई आवश्यकता अनुसार प्रोत्साहन गरिनेछ । स्थानीय स्रोत साधनको तुलनात्मक लाभका आधारमा उच्चतम उपयोग

गरिनेछ । निस्क्रीय रुपमा रहेका श्रम, पुजी, जमीन र संस्थालाई विषय क्षेत्रगत आधारमा आवश्यकता अनुसार रणनीति बनाई गतीशील बनाइनेछ ।

- **माथागढी गाउँपालिकाको आर्थिक क्रियाकलापमा सहयोग पुग्ने गरी मानव पुजी निर्माण गर्ने ।**

स्रोत साधनलाई दीगो रुपमा प्रयोग गर्न माथागढी गाउँपालिका भित्र बसोवास गर्ने उत्पादनशील जनशक्तिलाई ज्ञान, सीप, चाहना र क्षमताका आधारमा पालिका भित्रको आर्थिक कार्यमा अनिवार्य रुपमा संलग्न हुनु पर्ने प्रावधान राखी उत्थानमुखी शिक्षा, तालिम दिइनेछ ।

- **गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको अवसर उपलब्ध गराइने ।**

शिक्षा र स्वास्थ्य विकासको मुख्य आधार भएको हुनाले माथागढी गाउँपालिका भित्र आधारभूत स्वस्थ्य तथा शिक्षा सेवाको विकास र विस्तार गरिनेछ । यसका लागि शिक्षा तथा स्वास्थ्य सेवा पूर्वाधारको विकास गर्दै स्थानीय जनताको पहुँच बढाउँदै लगिनेछ । स्वास्थ्य र शिक्षा क्षेत्रको समग्र विकासमा पालिकाले नेतृत्वदायी भुमिका निर्वाह गर्नेछ । सार्थ, निजी, सहकारी, सामुदायिक क्षेत्रको भुमिकालाई परिपुरकको रुपमा विकास गरिनेछ ।

- **अन्तर आबद्धता सहितको दीगो वस्ती विकास गर्ने ।**

विकासका अन्तर सम्बन्धित क्षेत्रको सम्बन्ध दीगो रुपमा जोडिने गरी अन्तर आवद्धता विकास गरिनेछ । स्थानीय सडक सञ्जालको विकास र विस्तारका लागि मुख्य वस्ती क्षेत्रमा निश्चित मापदण्डका आधारमा सडकको चौडाई सहितको विकास र विस्तार गरिनेछ । जोखिमयुक्त क्षेत्रमा वस्तीमा बस्न दिइनेछैन । सूचना प्रविधि सम्बन्धी आधुनिक पूर्वाधार निर्माण गरी ई सेवालाई सर्वसुलभ बनाइनेछ । पालिकाको सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा जोडिनेछ । गाउँभित्र विकास हुँदै गएको शहरीकरणलाई आधुननिक, सुरक्षित र दीगो शहर एवंम एकीकृत वस्ती विकास गरिनेछ । पालिकाभित्रको खानेपानीलाई सर्वसुलभ बनाउनुको साथै फोहोर व्यवस्थापन गरिनेछ ।

- **प्राकृतिक स्रोतको दीगोपनालाई ध्यानमा राखी संरक्षण र परिचालन गर्ने ।**

भुमी, वन, जलस्रोत तथा खनीज स्रोतको कृषि, उद्योग र सेवा क्षेत्रमा योगदान हुने गरी संरक्षण र परिचालन गरिनेछ । पालिकाभित्र आइपर्ने विपद्को तत्काल समाधान गर्न संस्थागत रुपमा व्यवस्थापन गर्न सकिने संरचना निर्माण गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

- **सार्वजनिक सेवालाई दक्ष र प्रभावकारी बनाउने ।**

माथागढी गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाईनेछ ।

- **दीगो विकास लक्ष्यमा तोकिएको समयमा नै सन्तुलित रुपमा माथागढी गाउँपालिकाले लक्ष्य प्राप्त गर्ने ।**

नेपाल सरकारले आन्तरिकीकरण गरेको आधारमा दीगो विकास लक्ष्य हासिल हुनेगरी सन्तुलित आवधिक योजना बनाइएको छ । यसका लागि सूचकहरुको स्थिति निर्धारण गरी स्थानीय साधन, स्रोत र क्षमता अनुसार आवधिक योजनालाई वार्षिक योजनामा अद्यावधिक गर्ने गरी रणनीति, कार्यक्रम बनाइनेछ ।

गरिबी निवारण गरी न्यायपुर्ण समाज निर्माण गर्ने ।यस आवधिक योजना लागु हुनु पहिले पालिकाभित्र बसोवास गरेका नागरिकलाई यस योजना अवधि भित्र गरिबीको अन्त्य गर्ने ।

- **लोकतान्त्रिक मुल्य र मान्यता अनुसार विधिको शासन कायम गर्दै सुशासन कायम गर्ने ।**

लोकतन्त्र विकासको मेरुदण्ड हो । विधिको शासन प्रक्रियालाई बलियो बनाइ लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित संस्कारको विकास गरिनेछ ।

## २.४ दीर्घकालीन आर्थिक लक्ष्य र खाका

दीर्घकाल सम्म उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी उच्च आर्थिक वृद्धि हुने गरी माथागढी गाउँपालिकाको समष्टिगत आर्थिक विकास गर्नु प्रमुख उद्देश्य रहेको छ । अर्थतन्त्रमा निजी, सहकारी र सामुदायिक भुमिकालाई प्राथमिकतामा राखी उपलब्ध स्रोत साधनको अधिकतम परिचालन र उपयोगमा जोड दिइनेछ । संघ, प्रदेशको समन्वयमा आर्थिक क्रियाकलापको आधारमा आर्थिक सूचकहरु निर्माण गरी कुल गाह्रस्थ उत्पादन, मुल्य, ज्याला आदिको तथ्याङ्क संस्थागत रुपमा विद्युतिय सामाजिक सञ्जालवाट प्रकाशित गर्ने परिपाटीको विकास गरिनेछ ।

### २.४.१ आर्थिक बृद्धिदर

माथागढी गाउँपालिकाको आर्थिक वृद्धिदरलाई बढ्दो दरमा बढाउनका लागि आवधिक योजनामा अवलम्वन गरिएको सोच, लक्ष्य, उद्देश्य, नीति, कार्यक्रम, रणनीतिक योजनाका आधारमा आर्थिक वृद्धि भएको हुनेछ । यसबाट कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि भई तीव्र आर्थिक



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

वृद्धि हुने अनुमान गरिएको छ । आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न लगानीमा वृद्धि हुनुको साथै स्थानीय श्रमशक्तिको उत्पादनमा उपयोग र स्थानीय प्राकृतिक श्रोतको दीगो परिचालन गरिनेछ । पालिकाको आर्थिक वृद्धिका लागि कृषि, पर्यटन, शिक्षा र स्वास्थ्य प्रमुख हस्तक्षेका क्षेत्रका रुपमा लिइनेछ ।

### २.४.२ लगानीको आवश्यकता र स्रोत

दीर्घकालीन योजनामा लगानी भन्दा लक्ष्य बढी महत्वपुर्ण हुन्छ । यद्यपि योजना कार्यान्वयनको मुख्य आधार राजस्व हो । माथागढी गाउँपालिकाले आन्तरिक र वाह्य स्रोतबाट राजस्व परिचालनका साथै ऋण तथा निजी क्षेत्रबाट लगानी गर्ने गरी राजस्वका जुटाई योजना कार्यान्वयन गरिनेछ ।

### २.४.३ सार्वजनिक स्रोत व्यवस्था

दीगो विकास लक्ष्य हासिल गर्ने दिशामा आर्थिक क्रियाकलाप बढाउन सरकारी लगानी तथा खर्चको महत्वपूर्ण भुमिका हुन्छ । स्थानीय विकासमा स्थानीय नागरिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रको लगानी आकर्षण गरी योजनाको निर्धारित लक्ष्य हासिल गर्न समेत सार्वजनिक खर्चको आवश्यकता पर्दछ । यसका लागि आन्तरिक र वाह्य स्रोत प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

### २.४.५ दीर्घकालीन योजनाका लागि स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरु

दीर्घकालीन योजनाका लागि स्रोत साधन विनियोजनको मुख्य आधार दीगो विकास लक्ष्यका लागि विनियोजन गरिएको प्रतिशतलाई मुख्य आधार बनाइएको छ । यसका साथै नेपालको संविधान वमोजिम बनेको कानून, नियम, निर्देशिकका आधारमा स्रोत साधनको अनुमान गरी बाँडफाँड गरिएको छ । माथागढी गाउँपालिकाको सपना पूरा गर्न सार्वजनिक, निजी र सामुदायिक क्षेत्रबीचको सहकार्यलाई प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । यसबाट पालिकाको साझा लक्ष्य हासिल गर्न प्रदेश र संघ लगायत सम्वन्धित अन्य स्थानीय तहसंग समेत सम्वन्ध बढी पालिकाभित्रको अर्थतन्त्रमा परिपूरकता ल्याउने गरी स्रोत साधन अनुमान गरिएको छ ।

### २.४.६ रणनीति

माथागढी गाउँपालिकाको आर्थिक लक्ष्य हासिल गर्न बनाइएको योजना कार्यान्वय गर्न आवश्यक साधन स्रोत परिचालनका लागि निम्न रणनीति अवलम्वन गरिनेछ ।

१. गाउँबासीहरुमा विश्वासका आधारमा आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका आधारहरु बढाउन अधिकतम पहल गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

२. आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका दरहरुलाई जनभावना अनुसार समय समयमा आवश्यक समायोजन गरिनेछ ।

३. संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम दिगो विकास लक्ष्यका सूचक अनुसार बढी भन्दा बढी लिनका लागि अधिकतम पहल गरिनेछ ।

४. गाउँपलिकाभित्र आर्थिक क्रियाकलाप बढाउन सहयोग पुग्ने प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत व्यवस्था गरिनेछ ।

**तालिका नं. २.४ नेपालमा प्रमुख क्षेत्रअनुसार दीगो विकास लक्ष्यका परिणात्मक लक्ष्यहरु पूरा गर्नका लागि वार्षिक औसत लगानीको आवश्यकता रु. अरबमा**

| क्षेत्रहरु | सन् २०१६–२०१९ | सन्२०२०–२०२२ | सन्२०२३–२०२५ | सन्२०२६–२०३० | सन्२०१६–२०३० |
|---|---|---|---|---|---|
| दीगो विकास लक्ष्यको कुल लगानी आवश्यकता | १,०५५ | १,५५९ | २,०४६ | ३,०७० | २,०२५ |
| सरकारी लगानी आवश्यकता | ७०२ | ९७९ | १,१३४ | १,५०५ | १,१११ |

माथिको तालिका अनुसार दीगो विकास लक्ष्य हासिल हुन स्थानीय तहमा वार्षिक भण्डै पचास प्रतिशत लगानी स्थानीय सरकारबाट हुनु पर्ने हो । तर आर्थिक क्रियाकलापमा लगानी सिद्धान्त अनुसार माथागढी गाउँपालिकाको आर्थिक स्वायत्तताको स्थिति कमजोड देखिएको हुँदा सरकारी लगानी प्रतिशत वढी हुनु पर्ने देखिन्छ । यद्यपी पालिकाले आन्तरिक स्रोत परिचालनको प्रतिशत क्रमशः वढाई योजनाको अन्तसम्ममा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने ।

दीर्घकालीन योजनाका सोच, लक्ष्य, स्थानीय जमिन र समुदायको संरचना निर्माण, वसोवास क्षेत्र, आर्थिक विकासका आधार, प्राकृतिक, संस्कृतिक, ऐतिहासिक पक्ष, खुल्ला तथा मनोरञ्जन स्थल, सार्वजनिक भवन तथा सुविधा, यातायात व्यवस्था, उर्जा, सामाजिक सेवा तथा सार्वजनिक स्वास्थ्य आदि क्षेत्रहरुको उच्चतम व्यवस्थापन गर्ने ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

# परिच्छेद ३

# दीर्घकालीन आर्थिक नीति

## ३.१ पृष्ठभुमि

दीर्घकालीन आर्थिक नीति भविष्यमा पछिल्लो पुस्ताको आर्थिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव नपर्ने गरी बनाइनु पर्दछ । यसको अर्थ उत्पादनका सबै साधनलाई भविष्यसम्म स्थायित्व हुने गरी वर्तमानमा उच्चतम तवरले प्रयोग गर्नु हो । साधनको प्रयोग गर्दा पुजी निर्माण प्रक्रियालाई निरन्तरता दिने गरी गरिनु पर्दछ । दीर्घकालमा अर्थतन्त्रका सबै साधन परिवर्तनशील हुने भएकोले स्थानीय सरकारको समष्टिगत आर्थिक नीतिको मुख्य उद्देश्य स्थानीय अर्थतन्त्रलाई दीगो रुपमा गतिशील हुने तवरले गरिनु पर्दछ । स्थानीय अर्थतन्त्रमा मौद्रिक नीति समावेश गरिएको हुँदैन । वित्तीय नीति स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउने गरी बनाइनु पर्दछ ।

स्थानीय अर्थतन्त्रलाई गतीशील बनाउनको लागि स्थानीय जनसहभागिताको आधारमा राजस्व र खर्च सम्वन्धी वित्तीय नीति स्थानीय सरकारले वनाउन सक्दछ । यसमा स्थानीय जनताको आधारभूत आर्थिक तथा सामाजिक विकासका पक्षहरु पर्दछन् । अत: स्थानीय सरकारको मुख्य काम स्थानीय जनताको आवश्यकता र चाहना अनुसार सेवा प्रवाह गर्नु र आर्थिक तथा सामाजिक विकासलाई तिब्रता प्रदान गर्नु हो । लोकतन्त्रको विकाससंगै बढ्दो दरमा बढेको स्थानीय जनताको आवश्यकता चाहना पूरा गर्नका लागि स्थानीय सरकार स्थानीय अर्थतन्त्रलाई तीब्र रुपमा गतीशील बनाउने जिम्मेवारी स्थानीय सरकारको हो । स्थानीय सरकारले स्थानीय तहमा भएको सबै किसिमका साधन स्रोत नजीकबाट देखेको हुन्छ ।तसर्थ स्थानीय अर्थतन्त्रलाई गतीशील बनाउन स्थानीय सरकारले प्रभावकारी योजना तर्जुमा गरी त्यसको कार्यान्वयन, राजस्व परिचालन, लगानी र उपभोग तथा स्थानीय जनताको सहभागिता वढाउनु पर्दछ । यसका लागि स्थानीय सरकारले आर्थिक नीतिका आधारमा स्थानीय तहको सम्पूर्ण साधन उच्चतम रुपमा परिचालन गर्नु पर्दछ । उक्त सन्दर्भमा यस गाउँपालिकाको समष्टिगत आर्थिक नीति निम्न अनुसारको हुनेछ ।

- गाउँपालिका भित्र आन्तरिक स्रोतको प्रभावकारी परिचालन गरी आर्थिक स्वायत्तताको स्थितिमा क्रमश: सुधार गर्ने ।

- वाह्य स्रोतको अधिकतम परिचालन गर्न संघ तथा प्रदेश सरकारको वित्तीय नीतिका आधारमा अवलम्वन गर्नु पर्ने मापदण्ड समयमा पूरा गर्ने ।
- गाउँपालिकामा उपलब्ध कुल राजस्व तथा अन्य साधनको उच्चतम विभाजनबाट उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी उच्च र तिब्र आर्थिक बृद्धि गर्ने ।
- गाउँपालिकाको अर्थतन्त्रलाई गतीशील बनाई उच्च आर्थिक बृद्धि गर्न गाउँपालिकाले संविधान तथा कानुन बमोजिम निजी, सहकारी र सामुदायिक क्षेत्र संग भएको क्षमताको उपयोगलाई समेत प्रोत्साहित गरी लगानी बृद्धि गर्न जोड दिने ।
- स्थानीय अर्थतन्त्रलाई दिगो र बलियो बनाउन पालिका भित्र स्थायित्व हुने स्थिर प्रकृतिको आर्थिक विकास र विस्तारमा जोड दिने ।
- आयोजनाको लागत लाभको आधारमा स्थानीय जनताको हितमा हुने आयोजना सञ्चालनको लागि नेपालको संविधान तथा कानुन बमोजिम ऋण लिने ।

## ३.१ सार्वजनिक वित्त

योजना तर्जुमा गर्दा गाउँपालिकाको वर्तमान अबस्थाबाट चाहेको अवस्थामा पुग्नका लागि सार्वजनिक वित्तको मुख्य भुमिका रहेको हुन्छ । गाउँपालिकाले चाहेको अबस्थामा पुग्नका लागि कसरी आर्थिक क्रियाकलाप सञ्चालन गर्ने भन्ने कुरा सार्वजनिक वित्तको कल्याणकारी (Normative Approach) सिद्धान्तबाट निर्देशित हुनेछ भने पालिकाको कामको प्रगति मुल्यांकन विष्ट (Positive Approach) सिद्धान्तबाट निर्देशित हुनेछ । यस अनुसार पालिकाको सार्वजनिक वित्तको नीति कसरी अधिकतम राजस्व संकलन गरेर त्यसको उच्चतम विभाजन गरी खर्च गर्ने भन्ने हुनेछ । स्थानीय सार्वजनिक वित्त वित्तीय संघीयताको सिद्धान्तमा आधारित रहेको छ । नेपालमा यही सिद्धान्तका आधारमा संविधान तथा कानुनहरु बनेका छन् । यसका चारवटा खम्बा छन् । १. खर्चको अधिकार, २. राजस्वको अधिकार, ३. अन्तरसरकारी वित्त हस्तान्तरण र ४. स्थानीय ऋण । तसर्थ, यस पालिकाले आवधिक योजना बनाउँदा सार्वजनिक वित्तको नीति पनि सोही आधारमा तर्जुमा गरेको छ ।

### ३.१.१ सार्वजनिक खर्च

स्थानीय सरकार घर दैलोको जनता संग नजिकको सरकार हुने भएकोले स्थानीय जनताको आवश्यकता र चाहना अनुसार लागत लाभका आधारमा स्थानीय स्रोत साधन खर्च गरी दक्ष र प्रभावकारी प्रतिफल प्राप्त गर्नु यस पालिकाको मुख्य नीति हुनेछ । सार्वजनिक खर्च गर्दा दीगो विकास लक्ष्य, राष्ट्रिय लक्ष्य, प्रादेशिक लक्ष्यलाई ध्यानमा राखी कायक्रमबाट सीमान्त सामाजिक लागत र सीमान्त सामाजिक लाभ बराबर हुने गरी विनियोजन गर्नु सार्वजनिक खर्चको मुख्य नीति हुनेछ । सीमान्त सामाजिक लागत र सीमान्त सामाजिक लाभ वरावर वनाउने मुख्य आधार मध्यकालीन खर्च संरचनाको नीति र आयोजना वैंक हुनेछ । सार्वजनिक खर्चको सिमान्त लाभ फरक व्यक्ति वा परिवारलाई फरक हुने भएकोले कुल जनसंख्यामा लाभग्राही जनसंख्याको औषतलाई आधार मानिनेछ । सार्वजनिक खर्चबाट पालिकाका सबै नागरिकले न्याय र समानताका आधारमा लाभ पाउने व्यवस्था मिलाइनेछ । सार्वजनिक खर्च सामाजिक न्यायमा आधारित हुनेछ । सार्वजनिक खर्चबाट आन्तरिक र वाह्य लाभ लिने व्यवस्था मिलाइनेछ ।

स्थानीय सरकारको मुख्य समस्या प्रभावकारी राजस्व परिचालन र खर्च भएको देखिन्छ । उक्त सन्दर्भमा यस पालिकाको विनियोजन र खर्च स्थिति तथा खर्च क्षमता स्थिति निम्न अनुसार रहेको देखिन्छ ।

तालिका नं. ३.१ माथागढी गाउँपालिकाको आ.व. २०७६।७७ को तुलनामा आ.व. २०७७।७८ को विनियोजन तथा खर्च स्थिति

| विषयगत समिति | आ.व. २०७६।७७ | | आ.व. २०७७।७८ | | प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | विनियोजन | खर्च | | |
| | (ह ह्जारमा) | (रु हजारमा) | (रु हजारमा) | (रु हजारमा) | विनियोजन | कुल खच |
| आर्थिक विकास | ३०२०८००० | २३५०६०९६ | ४७०३७००० | २७३६५३०० | ५६ | १६ |
| सामाजिक विकास | २४११०९००० | १९९७४६०९१ | २८१५८४००० | १.९३ङ्क+०८ | १७ | -४ |
| पूर्वाधार विकास | ८८८६४००० | ८०४०४१०० | १२५४०५००० | ८१६७१७८० | ४१ | २ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२९७७००० | १०८२६००१ | १८१७५००० | ८८६९०५५ | ४० | -१८ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ९१६३७६५० | ६६५३२३७१ | ८४८९४००० | ६६३०५३६४ | -७ | ० |
| कुलजम्मा | ४६४७९५६५० | ३८१०१४६५९ | ५५७०९५००० | ३.७७ङ्क+०८ | २० | -१ |

माथिको तालिका अनुसार कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च घटेको देखिन्छ । यस अनुसार पालिकाले उपलब्ध बजेट विकास खर्चमा बढाएको देखिन्छ । तर खर्च स्थिति भने घटेको देखिन्छ । यस पालिकाको खर्च क्षमता तल उल्लेख गरिएको छ ।

**तालिका नं. ३.२ माथागढी गाउँपालिकाको खर्च क्षमता स्थिति**

| विषयगत समिति | २०७६।७७ | २०७७।७८ | खर्च क्षमता बृद्धि दर |
|---|---|---|---|
| आर्थिक विकास | ७८ | ५८ | -२६ |
| सामाजिक विकास | ८३ | ६८ | -१८ |
| पूर्वाधार विकास | ९० | ६५ | -२८ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८३ | ४९ | -४१ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ७३ | ७८ | ७ |
| कुलजम्मा | ८२ | ६८ | -१७ |

माथिको तालिका अनुसार विनियोजन गरिएको खर्च प्रशासनिक क्षेत्रमा मात्र सन्तोषजनक रहेको देखिन्छ। विकास योजनामा विनियोजन गरिएको रकम खर्च हुन सकेको देखिदैन । यसबाट खर्च क्षमता कमजोर रहेको देखिन्छ । तसर्थ, आगामी आवधिक योजनामा खर्च बढाउन आवश्यक नीति अवलम्वन गरिनेछ ।

### ३.१.२ राजस्व

गाउँपालिकाको राजस्व नेपालको संविधानको अनुसूची ८ को एकल अधिकार र अनुसूची ९ को साझा अधिकारका स्रोतहरु हुन् । पालिकाले स्थानीय सरकार सञ्चलन ऐन २०७४ अनुसार राजस्व परिचालन गरेको हुन्छ । राजस्व परिचालन गर्दा जम्मा हुन आएको रकम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने कानुनी व्यवस्था छ । उक्त ऐनको दफा ६९ मा उल्लेख भए अनुसार विभिन्न स्रोतबाट स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्ने रकममा निम्न स्रोतहरु रहेका छन् ।

क) पालिकाले उठाएको राजस्व तथा आयबाट प्राप्त रकम

ख) राजस्व बाँडफाडबाट प्राप्त रकम

ग) नेपाल सरकारबाट प्राप्त रकम तथा अन्य रकम

घ) प्रदेश सरकारबाट प्राप्त रकम तथा अन्य रकम

ङ) कुनै व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम

Real Dreams International Engineering Consulting Pvt. Ltd.

च) पालिकाको लागि नेपाल सरकारले विदेशी सरकार निकाय संघ संस्था वा व्यक्तिबाट लिएको वैदेशिक सहायता उपलब्ध गराएको रकम

छ) अन्य गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त अनुदान तथा अन्य रकम

ज) आन्तरिक ऋणबाट प्राप्त रकम

झ) अन्य कुनै श्रोतबाट प्राप्त रकम

माथि उल्लेखित स्रोतहरुलाई योजना तर्जुमा गर्दा खर्च शीर्षकलाई सरलीकृत गर्नका लागि आन्तरिक, वाह्य आधारमा वर्गिकरण गरिएको छ ।

### ३.१.३ दीर्घकालीन गुरु योजनाको लागि राजस्व प्रक्षेपण

यस गाउँपालिकाको विगत वर्षको राजस्वको आधारमा आगामी दश वर्षको दिर्घकालिन योजनाका लागि तथ्यांकीय रिग्रेशन विधिबाट राजस्व प्रक्षेपण गरिएको छ । तथ्यांकीय विधिबाट गरिएको प्रक्षेपण अनुसार विभिन्न आवमा गरी निम्न कुल राजस्व परिचालन हुने अनुमान गरिएको छ ।

तालिका नं. ३.३ दिर्घकालीन योजनाका लागि प्रक्षेपित बजेट रु. हजारमा

| आ.व. | आन्तरिक आय | वाह्य आय | जम्मा प्रक्षेपीत आय |
|---|---|---|---|
| २०७९।८० | २१०२३.१५ | ५८४३७३.४ | ६०५२४६.५ |
| २०८०।८१ | २४८९७.७४ | ६४७५५४.१ | ६७२३०१.९ |
| २०८१।८२ | २८३६७.६५ | ६८५५६९.१ | ७१३७११.८ |
| २०८२।८३ | ३१९३२.७७ | ७४२९७०.२ | ७७४६०२.९ |
| २०८३।८४ | ३५६०५.०३ | ७९३५६८ | ८२८८३५.६ |
| २०८४।८५ | ३९१२२.५५ | ८४१२७६.१ | ८७९९८६.१ |
| २०८५।८६ | ४२७४१.२३ | ८९५२७५.५ | ९३७५४८ |
| २०८६।८७ | ४६३३६.१२ | ९४४४२८.५ | ९९०२३९.६ |
| २०८७।८८ | ४९९०४.२२ | ९९५२८२.२ | १०४४५९६ |
| २०८८।८९ | ५३५११.०१ | १०४६८५८ | १०९९७२३ |
| जम्मा | ३७३४४१.५ | ८१७७१५५ | ८५४६७९१ |

माथि प्रक्षेपण गरिएको राजस्व अनुसार आगामी दश वर्षमा जम्मा रु८,५४६,७९१हजार प्राप्त हुने अनुमान गरिएको छ । माथिको रेखाचित्र अनुसार $R^2$ को मुल्य 0.99 भएकोले विश्लेषण राम्रो भएको देखिन्छ ।




३.१.४ दीर्घकालीन गुरु योजनाका लागि राजस्व बाँडफाँड

गाउँपालिकामा आगामी १० वर्ष (आ.व. २०७९।८० देखि आ.व.२०८९।९०) का लागि रु ८,५४६,७९०,६६३ हुन सक्ने अनुमान गरिएको छ । यसमा निजी क्षेत्रबाट हुन सक्ने लगानी र गाउँपालिकाले योजना कार्यान्वयनका लागि कानुन बमोजिम लिनसक्ने ऋण रकम समावेश गरिएको छैन । निजी क्षेत्रले मुनाफा योग्य योजनामा लगानी गर्ने भएकोले गाउँपालिकाले ती क्षेत्रहरु कानुन बमोजिम निर्धारण गर्न सक्दछ । यसमा बजेट अनुमानमा आन्तरिक र वाह्य अनुदानको प्रक्षेपणलाई जोडेर खर्च अनुमान गरिएको छ ।प्रत्येक वर्षको प्रक्षेपित राजस्व, दीगो विकास लक्ष्यमा विनियोजन गरिएको राजस्व र विगतमा विभाजन गरिएको राजस्वको प्रतिशतको आधारमा विषयगत समिति अन्तर्गतका शाखाहरुको लागि खर्च अनुमान निम्न कुरालाई ध्यानमा राखी गरिएको छ ।

विषयगत क्षेत्रका लागि गाउँपालिकाको प्रक्षेपित राजस्व विनियोजन गर्दा ध्यान दिइएको क्षेत्र ।

- गाउँपालिकाको उद्देश्य, लक्ष्य, प्राथमिकता र नीति
- दीगो विकास लक्ष्य हासिलको लागि क्षेत्रगत आवश्यकता
- तहगत सरकारको प्राथमिकता
- लागत लाभका आधारमा लगानीको आवश्यकता र क्षेत्रगत अर्थतन्त्रको भुमिका

| तालिका नं. ३.४ विषयगत क्षेत्र अन्तर्गतको लक्ष्य अनुसार प्रक्षेपित राजस्व बाँडफाँड (रु. हजारमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आ.व. | आर्थिक | सामाजिक | पूर्वाधार | वातावरण | संस्थागत | अखण्डा | जम्मा |
| २०७९।८० | ८४७३४.५ | १६९४६९ | १६९४६९ | १२१०५ | ४२३६७ | १२७१०२ | ६०५२४७ |
| २०८०।८१ | ९४१२२.३ | १८८२४५ | १८८२४५ | १३४४६ | ४७०६१ | १४११८३ | ६७२३०२ |
| २०८१।८२ | ९९९१९.६ | १९९८३९ | १९९८३९ | १४२७४ | ४९९६० | १४९८७९ | ७१३७१२ |
| २०८२।८३ | १०८४४४ | २१६८८९ | २१६८८९ | १५४९२ | ५४२२२ | १६२६६७ | ७७४६०३ |
| २०८३।८४ | ११६०३७ | २३२०७४ | २३२०७४ | १६५७७ | ५८०१८ | १७४०५५ | ८२८८३६ |
| २०८४।८५ | १२३१९८ | २४६३९६ | २४६३९६ | १७६०० | ६१५९९ | १८४७९७ | ८७९९८६ |
| २०८५।८६ | १३१२५७ | २६२५१३ | २६२५१३ | १८७५१ | ६५६२८ | १९६८८५ | ९३७५४८ |
| २०८६।८७ | १३८६३४ | २७७२६७ | २७७२६७ | १९८०५ | ६९३१७ | २०७९५० | ९९०२४० |
| २०८७।८८ | १४६२४३ | २९२४८७ | २९२४८७ | २०८९२ | ७३१२२ | २१९३६५ | १०४४५९६ |
| २०८८।८९ | १५३९६१ | ३०७९२२ | ३०७९२२ | २१९९४ | ७६९८१ | २३०९४२ | १०९९७२३ |
| जम्मा | ११९६५५१ | २३९३१०१ | २३९३१०१ | १७०९३६ | ५९८२७५ | १७९४८२६ | ८५४६७९१ |

माथिको तालिकामा विनियोजन गरिएको विषयगत समिति अन्तर्गत उपक्षेत्रमा पर्ने शाखा कार्यालयको लागि लक्ष्य हासिल गर्न आवश्यक बजेट वार्षिक रुपमा खर्चको लागि निर्धारण गरिएको छ । ती बजेट मध्यकालीन खर्च संरचनाले लक्ष्य संग तादात्म्यता हुने गरी प्रत्येक तीन वर्षको लागि समायोजन गर्न सक्नेछ । आयोजनाको लागि रोलिङ्ग बजेट सीमाभित्र रही खर्च गरिनेछ । दीगो विकास लक्ष्यको परिमाणात्मक सूचकहरु सन्तुलित रुपमा हासिल हुनका लागि राष्ट्रिय योजना आयोगले प्रक्षेपण गरेको आवश्यकताको संरचना, लगानीको आवश्यकताका आधारमा यस पालिकाले लगानीका लागि बजेट विनियोजन गर्न सहज होस भन्ने उद्देश्यले अनुसूचीमा राखीएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

# परिच्छेद ४

# आर्थिक क्षेत्र

## ४.१ पृष्ठभुमि

अर्थशास्त्रको सिद्धान्त अनुसार मानिसको इच्छा आकांक्षाहरु असिमित हुन्छन् र ती असिमित आवश्यकता मध्ये उपलब्ध सीमित स्रोत र साधनबाट केही आवश्यकता निश्चित समयमा पूरा गर्न सकिन्छ । निश्चित समय सीमा व्यक्ति, संस्था, सरकार समय अनुसार भिन्न हुन सक्दछन् । सरकारले आवश्यकता पूरा गर्ने समयको सीमालाई योजनाबद्ध रुपमा पूरा गर्न वार्षिक, आवधिक र दीर्घकालीन योजना बनाउन सक्ने व्यवस्था रहेको छ । यद्यपी सबै समय अबधिको मुख्य लक्ष्य आर्थिक विकास गरी समृद्ध र सुख प्राप्तीबाट सन्तुष्टिको स्थितिमा पुग्नु रहेको हुन्छ ।वास्तवमा उच्चतम आर्थिक विकास सरकारको मुख्य लक्ष्य हो जसबाट जनताले सन्तुष्टि प्राप्त गरेको हुन्छ । अत: आर्थिक विकास सरकारको दीर्घकालीन गुरु योजनाको महत्वपूर्ण पक्ष हो ।तसर्थ सरकारले दीगो र गतिशील आर्थिक विकास हुने गरी दीर्घकालीन गुरु योजना बनाउनु पर्दछ ।

दीगो आर्थिक विकास हुने गरी योजना बनाउन आर्थिक क्षेत्रहरुलाई आर्थिक प्रकृति अनुसार विश्लेषण गर्नु पर्दछ । आर्थिक क्रियाकलापको क्षेत्रलाई अर्थतन्त्रको संरचनात्मक स्वरुपको दृष्टिकोणले विश्लेषण गर्दा प्राथमिक क्षेत्र (कृषि, पशुपालन तथा वन), द्धितीयक क्षेत्र (खानी, उत्पादन उद्योग, निर्माण, विद्युत, पानी तथा ग्यास) र तृतीय क्षेत्र (व्यापार, यातायात, भण्डारण तथा सञ्चार, वित्त, रियलस्टेट तथा व्यवसाय सेवा, सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा) गरी तीन भागमा विभाजन गरी विश्लेषण गरिन्छ । अर्थतन्त्रको विद्यमान संरचनात्मक स्वरुपले विकासको स्तर, सम्भावना, रोजगारी स्थिति आदि बारे बताउँदछ । स्थानीय विकासलाई त्यस क्षेत्रको आर्थिक, सामाजिक, प्राविधिक र राजनीतिक क्षमता, र त्यस क्षेत्रमा उपलब्ध प्राकृतिक, मानविय, उद्यमशीलता आदि स्रोतले प्रभाव पार्दछ । दीर्घकालमा प्रभाव पार्न सक्ने विकासका विविध पक्षहरुबारे स्पष्ट सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति हुन आवश्यक हुन्छ ।

स्थानीय तहको आर्थिक विकास क्षेत्र अन्तर्गत कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र पर्दछ । माथागढी गाउँपालिकाको अर्थतन्त्रको यही संरचनात्मक स्वरुपको आधारमा दीर्घकालीन योजनाको नीति तथा कार्यक्रम दीगो विकास लक्ष्य हासिल हुने गरी तर्जुमा गर्ने प्रयास गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

योजना बनाउदा दीगो विकास लक्ष्य र सो संग सम्वन्धित सूचकहरुलाई विश्लेषणको मुल आधार वनाइनु पर्दछ । आर्थिक विकास अन्तर्गतको विषयगत क्षेत्रका आयोजनाहरुलाई उपक्षेत्रमा विभाजन गरिएकोले सोही आधारमा लक्ष्य र सूचक र लगानीको सम्भावना विश्लेषण गरिएकोछ ।

यस गुरु योजनामा विषयगत समिति अन्तर्गतको आर्थिक विकास समतिको दीगो विकास लक्ष्यसंगको सम्वन्ध जाडने प्रयास गरिएको छ । दीगो विकास लक्ष्य नम्वर १, २, ८ र पन्धौं योजनामा उल्लेखित आर्थिक विकास सूचाङ्क अनुसार लक्ष्य हासिल गर्नु यस दीर्घकालीन गुरु योजनाको मुख्य उद्देश्य रहेको छ ।सन् २०३० सम्मका लागि निर्धारण गरिएको लक्ष्य र सूचाङ्क संग तादात्म्यता हुने गरी यस पालिकाको दीर्घकालीन गुरु योजना बनाइएकोले आर्थिक विकास अन्तर्गतका मुख्य क्षेत्रको विश्लेषण गरिएको छ ।

## ४.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**१ सोच:**

गाउँबासीको आर्थिक क्रियाकलापमा वृद्धि, गाउँको आर्थिक समृद्धिमा अभिवृद्धि ।

**२ लक्ष्य:**

माथागढी गाउँपालिकामा कृषि तथा गैर कृषि क्षेत्रको विकास र विस्तार गरी सन् २०३० सम्ममा दीगो विकास लक्ष्यका सवै परिमाणात्मक सूचक हासिल गर्ने ।

**३ उद्देश्य:**

- गाउँबाट हरेक क्षेत्रमा रहेको सवै स्वरुपहरुको गरिबीको अन्त्य गर्नु ।
- गाउँबाट भोकमरीको अन्त्य गरी खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त हुने स्थिति निर्माण गर्नु ।
- गाउँमा सबैका लागि, स्थिर समावेशी तथा दीगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामको अवसर सृजना गर्नु ।

**४ रणनीति तथा कार्यनीति**

आर्थिक विषय क्षेत्र अन्तर्गत पर्ने दीगो विकास लक्ष्य अनुसार रणनीति बनाई परिमाणात्मक लक्ष्य अनुसार बनाइएको नीति कार्यान्वयनका लागि कार्यनीति बनाइनेछ ।

Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

| रणनीति | कार्यनीति |
|---|---|
| सबै स्वरुपहरुको गरिबीको अन्त्य गर्ने | जमीन/कृषि तथा उद्योग क्षेत्रको उत्पादन र उत्पादकत्वमा बृद्धिका साथै व्यवसायीक कार्यबाट सबै किसिमको गरिबी अन्त्य गरिनेछ । |
| भोकमरीको अन्त्य गरी खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त हुने स्थिति निर्माण गर्नु | कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि र कोल्ड स्टोरको निर्माण गरी खाद्य तथा पोषणको व्यवस्था गरिनेछ । |
| स्थायी समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामको अवसर सृजना गर्ने। | आर्थिक रुपले सकृय जनशक्तिको लागि उच्च मुल्य अभिबृद्धि हुने कामको सृजना गरिनेछ । |

## ४.३ आर्थिक विकासका लागि प्रक्षेपित बजेट

विकासका लक्ष्यलाई स्थानीयकरण गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यगत बजेट विनियोजन गरेको आधारमा आर्थिक विकास लक्ष्यलाई प्रक्षेपण गरिएको छ । माथागढी गाउँपालिकाले यी लक्ष्यहरु हासिल गरी राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्य संग जोडिनु मुख्य उद्देश्य रहेको छ । ती विषयगत क्षेत्र अनुसार निर्धारण गरिएको सूचक प्राप्तिका लागि दीर्घकालीन गुरु योजनामा अनुमानित खर्च निर्धारण गर्न कठिन हुन्छ । यसमा वित्तीय नीति, मौद्रिक मुल्य जस्ता विषयहरुले प्रभाव पारेको हुन्छ ।

माथागढी गाउँपालिकाले यी लक्ष्यहरु हासिल गरी राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्यसंग जोडिनु मुख्य उद्देश्य रहेको छ । आर्थिक विकासको विषयगत क्षेत्र अनुसार निर्धारण गरिएको सूचक हासिल गर्नका लागि दीर्घकालीन गुरु योजनामा अनुमानित खर्च निम्न बनाइएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

| तालिका नं. ४.१ लक्ष्यगत बजेट विनियोजन रु हजारमा | | | | |
|---|---|---|---|---|
| आ.व. | लक्ष्य १ | लक्ष्य २ | लक्ष्य ८ | जम्मा |
| २०७९।८० | ४२३६७.३ | २४५७३ | १७७९४ | ८४७३४.५ |
| २०८०।८१ | ४७०६१.२ | २७२९५ | १९७६६ | ९४१२२.३ |
| २०८१।८२ | ४९९५९.८ | २८९७७ | २०९८३ | ९९९१९.६ |
| २०८२।८३ | ५४२२२ | ३१४४९ | २२७७३ | १०८४४४ |
| २०८३।८४ | ५८०१८.५ | ३३६५१ | २४३६८ | ११६०३७ |
| २०८४।८५ | ६१५९९ | ३५७२७ | २५८७२ | १२३१९८ |
| २०८५।८६ | ६५६२८.५ | ३८०६५ | २७५६४ | १३१२५७ |
| २०८६।८७ | ६९३१७ | ४०२०४ | २९११३ | १३८६३४ |
| २०८७।८८ | ७३१२१.५ | ४२४१० | ३०७११ | १४६२४३ |
| २०८८।८९ | ७६९८०.५ | ४४६४९ | ३२३३२ | १५३९६१ |
| जम्मा | ५९८२७५ | ३४७००० | २५१२७६ | ११९६५५० |

माथिको तालिकामा उल्लेखित लक्ष्य हासिल गर्न विनियोजन गरिएको बजेटको आधारमा आवधिक र वार्षिक योजनामा बजेट विनियोजन गरिएको हुनेछ । यद्यपी पालिकाको तथ्याङ्क अध्यावधिक गर्दा लक्ष्य हासिल गर्नमा भिन्नता देखिएमा सोही अनुसार मध्यकालीन खर्च संरचनाले निर्दिष्ट गरे बमोजिम बजेट विनियोजन गरिनेछ ।

## ४.४ आर्थिक विकास लक्ष्य र परिमाणात्मक लक्ष्य

दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी आर्थिक विकास गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यलाई समावेश गरी सो संग सम्बन्धित सूचकलाई शाखागत आधारमा यस पालिकामा परिमाणात्मक लक्ष्य हासिल गर्ने नीति तल दिइएको छ ।

### दीगो विकास लक्ष्य १-

हरेक क्षेत्रमा रहेको सवै स्वरुपहरुको गरिवीको अन्त्य गर्ने । (End Poverty in all its forms everywhere)

### गरिबी स्थिति

दीगो विकास लक्ष्य १ अन्तर्गत विभिन्न परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । यो लक्ष्य हासिल गर्न पालिकाको राजस्व प्रक्षेपणका आधारमा जम्मा रु५९८२७५ हजार विनियोजन गरिएको छ । हरेक क्षेत्रमा रहेको सवै स्वरुपहरुको गरिवीको अन्त्य गर्न स्थानीय तहको महत्पुर्ण भुमिका हुन सक्दछ । किनभने स्थानीय तह अर्थात पालिका घर दैलोको सरकार हो । यसले संस्थागत रुपमा दक्ष र प्रभावकारी काम

गर्न सकेमा गरिबको पहिचान, उनीहरुको आवश्यकता र क्षमता प्रयोग गरी गरिबीलाई शून्य बनाउन सक्दछ। यस सम्बन्धमा यस पालिकाको हालको स्थिति स्पष्ट नभएता पनि परिमाणात्मक लक्ष्य अनुसार संक्षिप्तमा तल उल्लेख गरिएको छ।

**परिमाणात्मक लक्ष्य १.१:** २०३० सम्ममा जहाँसुकै रहेका भएपनि सबै जनताको चरम गरिबी, हाल प्रतिदिन १.२५ डलरभन्दा कम आम्दानीमा जीवन निर्वाह गरिरहेका जनताको आर्थिक विकास गरी गरिबी उन्मूलन गर्ने।

- १.१ को परिमाणात्मक लक्ष्य हासिल गर्न अन्तर सम्बन्धित क्षेत्रको प्रभावकारी कार्यान्वयन हुन आवश्यक छ। यसमा कृषि, उद्योग, रोजगारी, सडक, मानव पूँजी (सीप तथा दक्षता) आदि आर्थिक विकासका आधार हुन्। यसबाट गरिब परिवारलाई आय आर्जनका अवसर प्राप्त भई आर्थिक विकासबाट गरिबी उन्मुलन गर्न सकिन्छ। यस सम्बन्धमा आर्थिक रुपले सक्रिय जनशक्ति आय आर्जनका लागि काम गर्न लालायित भएको हुनेछ भन्ने अनुमान गरिएको छ। अर्थात पालिका भित्रका सबै मानिस हालको भन्दा विकसित र सुखी जीवन जीउन क्षमता अनुसार काम गरी समृद्ध भएको हुनेछ।

**परिमाणात्मक लक्ष्य १.२:** २०३० सम्ममा राष्ट्रिय परिभाषा बमोजिम गरिबीका सबै आयाममा बाँचिरहेका सबै उमेरका पुरुषहरु, महिलाहरु र बालबालिकाहरुको अनुपात कम्तिमा आधा घटाउने।

माथि उल्लेखित परिमाणात्मक सूचक १.१ र १.२ का आधारमा यस पालिकाको गरिबीको स्थिति एक मुष्ट रुपमा विश्लेषण गरिएको छ।

यस गाउँपलिकामा रहेको समुदायको गरिबीको रेखामुनि रहेको जनसंख्या विवरण एकिन गरिएको देखिदैन। तर विभिन्न अवस्थाका समुदाय मानिस कहि न कतै विभिन्न विकल्पहरुको खोजी गरेर जिविकोपार्जन गरिरहेका छन्। यस पालिकाको प्रोफाइल अनुसार जनसंख्या ३०५९३ को आम्दानी र खर्चको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ४.२ जनसंख्या, आम्दानी र खर्चको विवरण रु मा**

| विवरण | आम्दानी | खर्च |
|---|---|---|
| जम्मा | ८७२,२०८,०११ | ६१२,७१०,०२३ |
| प्रति व्यक्ति | २८५१०.०५१६८ | २००२७.७८४८९ |
| प्रति दिन | ७८.१०९७३०६३ | ५४.८७०६४३५२ |

स्रोत: घरधुरी सर्भेक्षण २०७६



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

माथिको तालिका अनुसार स्थानीय मुल्यमा प्रति व्यक्ति प्रति दिन आम्दानी रु ७८ र खर्च रु ५५ रहेको देखिन्छ । PPP को आधारमा १ केजी चामलको मुल्य नेपालमा रु ५० र अमेरीकामा ०.८ डलर छ भने प्रति दिन प्रति व्यक्ति आय १.२४ डलर आम्दानी भएको देखिन्छ । यसका आधारमा यहाँको जनताको आम्दानी स्तर प्रतिदिन प्रतिव्यक्ति आय १.२५ डलर हुनु पर्ने लक्ष्य अनुसार औषतमा सन्तोषजनक छ भन्न सकिन्छ । तर मानिसहरुको आम्दानी स्तर व्यक्ति तथा परिवार अनुसार फरक हुने भएकोले खास गरिबीको रेखामुनि रहेको जनसंख्या घर धुरी सर्वेक्षणबाट एकिन गर्नु पर्ने देखिन्छ ।

- जनताको आम्दानी स्तर प्रतिदिन प्रतिव्यक्ति आय १.२५ डलरभन्दा कम कमाउने जनसंख्या ४.९ प्रतिशत भन्दा कमगर्ने भनिएकोमा यस गाउँपालिकाले शून्यमा झार्ने नीति अवलम्वन गरिने छ । जनताको आम्दानी स्तर प्रतिदिन प्रतिव्यक्ति आय १.९ डलर कमाउने ८ प्रतिशत भन्दा कम गरिनेछ । यसका अलावा यस पालिकाले प्रतिव्यक्ति कुल राष्ट्रिय आयमा योगदान पुऱ्याउन हालको ४५५ डलरलाई बढाएर २५०० डलर पुऱ्याउन वहुआयामीक आर्थिक क्रियाकलाप गरिने छ । यद्यपि हालको तथ्यांकको समीक्षा हुन आवश्यक छ । हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरुको गरिबीको अन्त्य गर्न यस दिर्घकालीन गुरु योजनामा **कृषि, उद्योग र पर्यटन** क्षेत्रलाई प्राथमिक क्षेत्रको रुपमा लिइएको छ । यी क्षेत्रको कार्यक्रम र आयोजना सम्बन्धित शाखा र पालिकाको छनौटका आधारमा निर्धारण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १.३:** राष्ट्रिय रुपमा उपयुक्त सामाजिक सुरक्षा प्रणाली र न्यूनतम आधार (Floor) लगायतका उपाय सबैका लागि कार्यान्वयन गर्ने र सन् २०३० सम्ममा गरिब र संकटग्रस्त/कम्जोर अवस्थामा रहेका व्यक्तिहरुलाई उल्लेख रुपमा समावेश गरिसक्ने ।

- सन् २०३० सम्ममा सामाजिक सुरक्षण प्रणालीमा आवद्ध जनसंख्या राष्ट्रिय लक्ष्य ८० भएकोमा यस पालिकामा १०० पुऱ्याइनेछ । यसका लागि कुल बजेटमा सामाजिक सुरक्षा खर्च १५ प्रतिशत भन्दा बढी हुनेछ ।

**परिमाणात्मक लक्ष्य १.४:** सबै महिला तथा पुरुष विशेष गरेर गरिब र संकटग्रस्त अवस्थामा रहेका महिलाहरु र पुरुषहरुको आर्थिक स्रोतसाधानमा समान अधिकार सुनिश्चित गर्ने, यसका साथै आधारभुत सेवासुविधाहरुमा पहुँच, भुमि माथिको स्वामित्व र नियन्त्रण एवम् अन्य स्वरुपका सम्पति, उत्तराधिकार (Inheritance), पैतृक सम्पति, प्राकृतिक स्रोत साधन, उपयुक्त नयाँ प्रविधि तथा लघुवित्त लगातका वित्तिय सेवामा यिनीहरुको पहुँच सुनिश्चित गर्ने ।

- एकीकृत वस्ती तथा बजार विकास गरी बजारको पहुँच, वित्तीय पहुँच, महिलाको नाममा सम्पत्तिको पहुँच क्रमश: ९०, ८०, ४० प्रतिशत पुऱ्याइनेछ । यो लक्ष्य हासिल गर्न प्रत्येक



Real Dreams International Engineering Consulting Pvt. Ltd.

वडामा कम्तीमा एउटा व्यवस्थित बजार, बैक स्थापन गरिनेछ भने महिलाको नाममा सम्पत्ति राख्नेलाई कर छुटको विशेष सुविधा प्रदान गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १.५:** गरिवी र संकटग्रस्त अवस्थामा रहेका मानिसहरुको उत्थानशीलता (Resilience) निर्माण गर्ने र यिनीहरुको वातावरण सँग सम्वन्धीत विषय घटनाका साथै अन्य आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक असर (Shocks) र विपदको जोखिमलाई कम गर्ने ।

- जोखिम युक्त स्थानमा रहेका वस्ती हटाउने, भुकम्प तथा प्राकृतिक प्रकोप हुन सक्ने घरहरु हटाउने, खर तथा अन्य आगालागी हुन सक्ने घरहरु हटाउने, आदिबाट विपद जोखिम न्यून गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १.क:** सबै आयामका गरिवी अन्त्य गर्नको निम्ति कार्यान्वयन गरिने नीति तथा कार्यक्रमहरुका लागि विकासशील राष्ट्रको निम्ति खासगरी अति कम विकसित राष्ट्रका निम्ति पर्याप्त एवम् अनुमान योग्य साधनहरु उपलब्ध गराउनका लागि विस्तारित विकास सहयोग लगायत विभिन्न माध्यमहरुबाट स्रोतसाधनहरुको उल्लेखनीय परिचालनको सुनिश्चित गर्ने ।

- यस पालिकाभित्र उच्च माध्यामिक तहसम्मको शिक्षा र आधारभुत स्वास्थ्य सेवा निशुल्क गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १.ख:** गरिबी निवारण कार्यक्रमहरुमा बढ्दै गएको लगानीलाई सहयोग पुर्‍याउन गरिबमुखी तथा लैङ्गिक संवेदनशील विकास रणनितिहरुको आधारमा राष्ट्रिय, क्षेत्रिय र अन्तराष्ट्रिय स्तरमा दरिलो नीतिगत संरचनाहरु सिर्जना गर्ने।

- पूँजीगत खर्चको अनुपात बढाउनुको साथै लैंगीक समानता हुने गरी पालिकाको बजेट निर्माण गरिनेछ ।

**दीगो विकासका लक्ष्य २-**

भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दीगो कृषि प्रवर्द्धन गर्ने । (End hunger, achieve food security and improved nutrition and promote sustainable agriculture)

भोकमरी अन्त्य गरी खाद्य सुरक्षा र उन्नत पोषण उपलब्ध गराउन कृषि क्षेत्रलाई उच्च प्राथमिकतामा राखी आयोजनाहरु सञ्चालन गरिनेछ । यसबाट यस संग सम्वन्धित तल उल्लेखित परिमाणात्मक लक्ष्य हासिल हुनेछ ।

**परिमाणात्मक लक्ष्य २.१:** २०३० सम्ममा भोकमरी अन्त्य गर्ने र खासगरी शिशु लगायत गरिब र संकटग्रस्त अवस्थाहरुमा रहेका व्यक्ति सहित सबै जनताको सुरक्षित, पोषणयुक्त र पर्याप्त खानामा वर्षैभरि पहुँच सुनिश्चित गर्ने ।

- भोकमरी अन्त्य गरी खाद्य सुरक्षा र उन्नत पोषण उपलब्ध गराउन धान, मकै, गहुँ, कोदो आदि उत्पादन गर्नु पर्दछ । यसका अलावा तरकारी, फलफुल, दुध, माछामासु उत्पादन बढाई पोषण



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

उपलब्ध गराउन सकिन्छ । यस पालिकामा खाद्यान्न उत्पादनको हालको स्थिति तल उल्लेख गरिएको छ । कृषि क्षेत्रलाई प्राथमीकतामा राखी अर्गानिक खाद्यान्न उत्पादनमा जोड दिनुपर्दछ ।

तालिका नं. ४.३ खाद्यान्न उत्पादन र प्रतिव्यक्ति उपलब्धता

| विवरण | प्रतिव्यक्ति |
|---|---|
| धान | ४५२२२५० |
| मकै | १९९८८५३ |
| गहुँ | १८१२४५ |
| कोदो | १४२५७३ |
| जम्मा | ६८४४९२१ |
| माथागढी प्रतिव्यक्ति के.जी. | २२३.७४१ |
| लक्ष्य प्रतिव्यक्ति के.जी | ५३० |

माथिको तथ्यांक मुख्य खाद्यान्नबालीको मात्र भएको र यसलाई बढाइ सन् २०३० प्रतिव्यक्ति ५३० के.जी. उत्पादन गरिनेछ । यसका लागि घर घरमा वीउ मल सिँचाइ उपलब्ध गराई पालिका खाद्यान्नमा आत्मनिर्भर भएको हुनेछ ।

**परिमाणात्मक लक्ष्य २.२:** सबै किसिमका कुपोषणको अन्त्य गर्ने, २०३० सम्ममा ५ वर्षमुनिका बालवालिकाहरुको पुड्कोपन(Stunting) र उचाई अनुसार कम तौल हुने (Wasting)सम्वन्धमा अन्तराष्ट्रिय रुपमै सहमति भएका लक्ष्यहरु सन् २०२५ सम्ममा हासिल गर्ने लगायतका परिणात्मक लक्ष्यहरु र किशोरी, गर्भवती र स्तनपान गराउने(Lactating)महिला तथा ज्येष्ठ नागरिकको पोषण सम्वन्धी आवश्यकताहरुलाई सम्वोधन गर्ने ।

- ५ वर्ष मुनिका बालवालिकाको कम तौल, महिला तथा बालबालिकाको रक्तअल्पता कमशः ९, १०, १० प्रतिशत पुऱ्याइनेछ । यसका लागि पोषणयुक्त खाना र स्वास्थ्य चेतना अभिवृद्धि गरिनेछ ।

**परिमाणात्मक लक्ष्य २.३:** सन् २०३० सम्ममा विशेषत: महिला, आदिवासी जनजाति, पारिवारिक कृषक, वस्तुभाउ पाल्ने व्यक्ति र मछुवाहरुको कृषि उत्पादकत्व, जमिन, अन्य उत्पादनशील साधन तथा लगानी(Inputs), ज्ञान, वित्तिय सेवा, बजारका साथै मूल्य अभिवृद्धि (Value Addition) र गैरकृषि रोजगारी जस्ता अवसरमा सुरक्षित र समान पहुँचको माध्यमबाट सानास्तरका खाद्यान्न उत्पादकको कृषि उत्पादकत्व तथा आम्दानी दोब्बर पार्ने ।

- हालको कृषिबाट प्रति कामदार उत्पादनको न्यूनता बढाउन आवश्यक वित्तीय, प्राविधिक, ज्ञान वृद्धि गरी श्रमको ज्याला र जमीनको उत्पादकत्व उच्चतम विन्दुमा पुऱ्याइनेछ ।

**परिमाणात्मक लक्ष्य २.४:** सन् २०३० सम्ममा दीगो खाद्यान्न उत्पादन प्रणाली/पद्धतिहरु सुनिश्चित गर्ने साथै उत्थानशील (Resilient) कृषि अभ्यासहरु (Practices) जसले उत्पादकत्व र उत्पादन वृद्धि गर्दछन, जसले जलवायु परिवर्तन, विषम मौसम, सुख्खा, बाढी तथा अन्य अग्रगामी रुपमा अभिवृद्धि गर्दछन् त्यस्ता अभ्यासहरु कार्यान्वयन गर्ने ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Road Dream

➤ कृषि योग्य भुमिमा सिँचाइ सुविधा उपलब्ध गराई माटोमा जैविक पदार्थ बृद्धि गरिनेछ ।

**परिमाणात्मक लक्ष्य २.५:** सन् २०३० सम्ममा राष्ट्रिय, क्षेत्रीय तथा अन्तराष्ट्रिय स्तरमा राम्रोसंग व्यवस्थापन तथा विविधीकरण गरिएको बीज र वनस्पति बैंकद्वारा बीउविजनको अनुवांशिक विविधता, खेती गरिएका (Cultivated) वनस्पति र फार्ममा राखिएका तथा घरपालुवा जनावर र तिनका सम्बन्धीत जङ्गली प्रजातिलाई व्यवस्थित तुल्याउने साथै अन्तराष्ट्रिय स्तरमा सहमति भएअनुसार अनुवांशिक स्रोत तथा सम्वद्ध पराम्परागत ज्ञानबाट निसृत भएका लाभमा पहुँच सुनिश्चित गर्दै यिनीको उचित तथा समतामुलक हिस्सेहारी गर्ने ।

➤ स्थानीय जातको नश्ल, विरुवा संरक्षण गर्न पालिकाबाट विशेष व्यवस्था मिलाइनेछ ।

**परिमाणात्मक लक्ष्य २.क:** गरिबीका सबै आयामहरुको अन्त्य गर्नका निम्ति विकासशील देशहरु विशेषगरी अति कम विकसित देशहरुमा कृषिको उत्पादकत्व क्षमता अभिवृद्धि, ग्रामीण पूर्वाधार,कृषि अनुसन्धान तथा प्रसारण सेवाहरु, प्रविधि विकास र वनस्पति तथा प्राणी/जीव बैङ्कहरुमा अन्तराष्ट्रिय सहायता समेतको माध्यमबाट लगानी वृद्धि गर्ने ।

➤ कृषि अभिमुखीकरण बढाइ यस क्षेत्रमा लगानीको अंशमा गहन समीक्षा गरिनेछ ।

**परिमाणात्मक लक्ष्य २.ख:** दोहा विकास राउण्ड बमोजिम कृषि उपजहरुको निर्यातका लागि विश्व कृषि बजारमा रहेका सबै प्रकारका सहायता/अनुदानहरु र यस्तै समान प्रकारका निर्यातका व्यवस्थाहरु हटाई व्यापार प्रतिबन्धहरु र विकृतिहरु वा व्यवधानहरुलाई सच्याउने ।

➤ निर्यातमुलक कृषि उत्पादन गर्ने कृषकलाई विशेष सुविधा उपलब्ध गराइनेछ । यसबाट निर्यात प्रवर्द्धन भइ कृषकको आयस्तरमा अभिबृद्धि हुनेछ ।

**परिमाणात्मक लक्ष्य २.ग:** खाद्य सामाग्रीहरुको मूल्यमा हुने उच्च उतार चढावलाई सीमित गर्नका लागि खाद्यान्न बजार र तिनिद्धारा व्युत्पादित संयन्त्र (Derivatives) को उपयुक्त तवरले सञ्चालनको सुनिश्चितता गर्न उपाय अपनाउने र खाद्य सचंय लगायत बजारको सूचनामा सामयिक पहुँचका लागि सहजीकरण गर्ने ।

➤ खाद्यान्न वस्तुको मुल्यमा यथोचित गर्नुका साथै उत्पादित वस्तुको भण्डारणको व्यवस्था मिलाई कृषकलाई विचौलियाको शोषणबाट मुक्त गराइनेछ ।

**दीगो विकासका लक्ष्य ८ -**

सबैका लागि, स्थिर समावेशी तथा दीगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने। ।(Promote sustained, inclusive and sustainable economic growth, full and productive employment and decent work for all)

सबैका लागि, स्थिर समावेशी तथा दीगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्न आर्थिक क्रियाकलापलाई तिब्रता दिनुको साथै कृषिमा उच्च मुल्य अभिवृद्धि हुने



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

मर्यादित कृषि आयोजनाहरु सञ्चालन गरिनेछ । यसबाट यससंग सम्बन्धित तल उल्लेखित परिमाणात्मक लक्ष्य हासिल हुनेछ ।

**परिमाणात्मक लक्ष्य ८.१:** राष्ट्रिय परिस्थिति अनुरुप प्रतिव्यक्ति आर्थिक वृद्धिलाई कायम राख्ने र विशेष गरेर अति कम विकसित मुलुकमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिलाई कम्तीमा प्रतिवर्ष ७ प्रतिशत कायम राख्ने ।

- पालिका भित्रको नागरिकको कुल गार्हस्थ्य उत्पादनको वृद्धिलाई कम्तीमा प्रतिवर्ष ७ प्रतिशत पुऱ्याउन उद्यमशील नागरिकलाई पुरस्कार र अन्य सुविधाको व्यवस्था गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ८.२:** उच्च मूल्य अभिवृद्धि (High Value added)र श्रममूलक क्षेत्रहरुमा केन्द्रित गर्दै विविधीकरण, प्रविधिको स्तरोन्नति र नवप्रवर्तनको माध्यमबाट उच्च स्तरको आर्थिक उत्पादकत्व हासिल गर्ने ।

- उच्च मुल्यका वस्तु उत्पादन र नवप्रवर्धनबाट कुल गार्हस्थ्य उत्पादनको योगदान १० प्रतिशत पुऱ्याइनेछ ।

**परिमाणात्मक लक्ष्य ८.३:** उत्पादनशील गतिविधि, मर्यादित रोजगारी सिर्जना, उद्यमशीलता, सिर्जनाशीलता र नवप्रवर्तनलाई सहयोग गर्ने खालका विकासमुखी नीति प्रर्वद्धन गर्ने र वित्तिय सेवामा पहुँच लगायत लघु, साना र मझौला उद्यमको वैधानिकीकरण (Formalization) र वृद्धिलाई प्रोत्साहन गर्ने ।

- पालिकाभित्रका सबै नागरिकलाई सहकारीको पहुँच घरदैलोमा पुऱ्याई उद्यमशीलताको अवसर उपलब्ध गराइनेछ ।

**परिमाणात्मक लक्ष्य ८.४:** विकसित देशहरुले नेतृत्व लिएको दिगो उपभोग र उत्पादन सम्वन्धी कार्यक्रमको दशवर्ष ढाँचा अनुसार सन् २०३० सम्म उपभोग र उत्पादनमा विश्वव्यापी स्रोत साधनको दक्षतालाई अग्रगामी रुपमा सुधार गर्ने र वातावरणीय ह्रास रहित आर्थिक वृद्धि हासिल गर्न प्रयत्न गर्ने ।

- स्थानीय तहमा स्वदेशी वस्तुको उपभोगमा प्राथमीकता दिन विशेष अभियान सञ्चालन गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ८.५:** सन् २०३० सम्ममा युवा र अपाङ्गता भएका व्यक्ति लगायत सबै महिला र पुरुषको निम्ति पूर्ण एवम् उत्पादनशील रोजगारी र मर्यादित काम उपलब्ध गराउनुका साथै समान प्रकृतिको कामका लागि समान ज्याला हासिल गर्ने ।

- उत्पादनशील श्रमिकको औषत आम्दानी प्रतिघण्टा रु १०० र १५ देखी ५९ वर्षको शून्य वेरोजगार स्थिति बनाइनेछ ।

**परिमाणात्मक लक्ष्य ८.६:** सन् २०३० सम्ममा रोजगारी, शिक्षा वा तालिम नपाएका युवाको अनुपात उल्लेख्य रुपमा घटाउने ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

**परिमाणात्मक लक्ष्य ८.७:** निकृष्ट स्वरुपको बालश्रमको निषेध र अन्त्य गर्न, बाध्यकारी श्रमको उन्मूलन गर्ने र सन् २०२५ सम्ममा बाल सैनिकको भर्ती र प्रयोग लगायतका सबै स्वरुपका बालश्रम अन्त्य गर्न तत्काल र प्रभावकारी उपायहरु अपनाउने ।

- पालिकाभित्र बालश्रमिक राख्न पाइने छैन र बालकलाई श्रमीक नबनाउन जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ८.८:** आप्रवासी कामदार, विशेष गरेर महिला आप्रवासी कामदार र जोखिमपूर्ण रोजगारीमा रहेका आप्रवासी कामदार लगायत सबै कामदारको श्रमिक अधिकारको रक्षा गर्ने साथै उनीको लागि सुरक्षित एवम् भरपर्दो कार्यवातावरण प्रवर्द्धन गर्ने ।

- श्रमीकको सुरक्षाको सुनिश्चितता प्रदान गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ८.९:** सन् २०३० सम्ममा दीगो पर्यटन, जसले रोजगारी सिर्जना गर्दछ र स्थानीय संस्कृति र उत्पादनलाई प्रवर्द्धन गर्छ, त्यसलाई प्रवर्द्धन गर्न नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

- होमस्टे तथा होटलहरुको प्रवर्धन गरी स्थानीय अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान अभिवृद्धि गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ८.१०:** वैङ्किङ, बीमा र वित्तीय सेवामा सबैको पहुँचमा प्रोत्साहन र विस्तार गर्नको लागि आन्तरिक वित्तीय संस्थाको क्षमता सुदृढ गर्ने ।

- वैंक तथा वित्तीय संस्थाको स्थापनामा आवश्यक सहजीकरण गरी नागरिकको पहुँच अभिबृद्धि गरिनेछ ।

माथि उल्लेखित लक्ष्य तथा परिमाणात्मक लक्ष्य हासिल गर्न आर्थिक विकासका क्षेत्र अन्तर्गत पर्ने कृषि, उद्योग, रोजगारी, सडक, मानव पुजी (सीप तथा दक्षता), सशक्तिकरण आदि उपक्षेत्र समय सापेक्ष रुपमा विकास गर्दै लगिनेछ । जसमध्ये प्राथमकितामा परेको केही कृषि तथा गैर कृषि क्षेत्रको संक्षिप्त विश्लेषण गरिएको छ ।

### ४.५ माथागढी गाउँपालिकाको आर्थिक विकासको दीर्घकालीन गुरु योजना

माथागढी गाउँपालिकाको आर्थिक विकासको मुख्य आधार स्तम्भ कृषि, साना उद्योग, पर्यटन व्यवसाय हो । यस क्षेत्रको दीर्घकालीन विकासका लागि यसका सोच, लक्ष्य, उद्देश्यका आधारभुत पक्षहरु बारे स्पष्ट हुन आवश्यक छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

## ४.५.१ कृषि क्षेत्रको दीर्घकालीन गुरु योजना

### १ पृष्ठभुमि

कृषि क्षेत्र माथागढी गाउँपालिकाको आर्थिक विकासको आधार स्तम्भ हो । यसले आर्थिक विकास, मानविय सन्तुष्टि, पर्यावरणीय सन्तुलन कायम गर्न महत्वपूर्ण भुमिका खेल्दछ । खाद्यन्न, नगदेवाली, पशुपन्छीपालन, मौरीपालन, फलफुल आदि जस्ता अन्तरसम्बन्धित धेरै वहुआयामहरु छन् । यो क्षेत्रको आर्थिक विकासमा के कस्तो प्रभाव पर्दछ भन्ने कुरा महत्वपुर्ण वहसको विषय हो । प्रविधिमैत्री देशमा न्यून प्रतिशत मानव शक्ति कृषि पेशामा संलग्न भएको देशको आर्थिक विकास द्रुत गतिमा गरेको पाइन्छ । नेपाल जस्तो परम्परागत कृषि प्रणाली सञ्चालनमा रहेको देशमा यसको विश्लेषण गर्नु चुनौतीपुर्ण विषय हो ।

नेपालको संविधान तथा कानुनमा स्थानीय सरकारलाई कृषि विकास सम्वन्धी काम, कर्तव्य र अधिकार निर्दिष्ट गरिएको छ । स्थानीय जनताको आर्थिक तथा सामाजिक विकासमा स्थानीय सरकारको भुमिका महत्वपुर्ण भएको र यस गाउँपालिकामा आर्थिक क्रियाकलापको मुख्य आधार कृषि भएकोले कृषि गुरु योजना बनाउन आवश्यक परेको हो । कृषि उत्पादन मानिसको आधारभुत आवश्यकताको वस्तु भएको, कृषि उत्पादनको बजारको पर्याप्त सम्भावना भएको र स्थानीय जनता विगतको आधारमा अझै लामो समय सम्म कृषि क्षेत्रमा नै संलग्न हुन सक्ने सम्भावना रहेकोले पालिकाको गुरुयोजनामा कृषिका मुख्य उपक्षेत्रको भुमिका दीगो विकास लक्ष्य हासिल गर्न उपर्युक्त हुने देखिन्छ ।

### २. कृषि गुरु योजनामा ध्यान दिनुपर्ने आवश्यक तत्वहरु

- वस्तुगत विवरणको आधारमा जनसांखिक विशेषता, भुमिमा पहुंच, जीवन पद्दति (साना किसान, कृषि मजदुर, SALT or "Sloping Agricultural Land Technology." Introduction to SALT. SALT is a package technology of soil conservation and food production, integrating differing soil conservation measures in just one setting आर्थिक गतिविधिमा नदेखिएका कृषकको आर्थिक क्रियाकलाप, वनक्षेत्रबाट लिइने फाइदा), गरिबीको स्थिति, लैंगिक पक्ष, पोषण स्थिति, कृषि विकास सम्वन्धी संस्था (तहगत सरकारी संस्था, कृषि सहकारी, अनौपचारिक समूह, निजी क्षेत्र, गैर सरकारी संस्था)



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Road Dream

- स्रोतको आधारमा कृषि भूगोल, भुमि स्थिति -(बाढी आउने सम्म जग्गा, माटोको चिस्यान, माटोको लवणता), मौसम, पानी आदि पर्दछ ।
- स्रोतको उपयोगको आधारमा जमीनको प्रयोग, पानीको स्रोत व्यवस्थापन -विवाद, कार्यान्वयन, मर्मत, समन्वय आदि) पानी व्यवस्थापन -(खुल्लापानी, जमिन मुनीको पानी, सिँचाइ आदि)
- कृषि विकासका चुनौतीमा मौसम परिवर्तन, हावाहुरी, बाढीपहिरो, बालुवा, लवण, जलाशय आदि ।
- पालिकाको लागि उपयोगी कृषिका सहायक क्षेत्रहरु जस्तै खाद्यान्न, पशुपालन, पन्छीपालन, वन, माछापालन आदि ।

**३. कृषि गुरु योजनाका आधारभुत पक्ष**

यसका केही मुख्य पक्षको संक्षिप्त विश्लेषण गरिएको छ ।

**विषयगत क्षेत्र:** आर्थिक विकास अन्तरगतका रुपान्तरणकारी क्षेत्रको केही मुख्य आयोजना छनौट गरी संक्षिप्तमा विश्लेषण गरिएको छ ।

**समय अवधि:**कृषि संग सम्बन्धित विषयगत क्षेत्रको आर्थिक वृद्धिको स्थिति विश्लेषण गर्न आधार वर्ष २०७७/२०७८ लिई २०७८/२०७९ देखि  २०८८/२०८९ (सन् २०२२/२०२३ देखि २०३२/२०३३) सम्मको जम्मा १० वर्ष लिइएको छ ।

**उत्पादन स्थिति:** छनौट गरिएका क्षेत्रको उत्पादन स्थिति जस्तै खाद्यान्न, फलफुल, पशुपन्छी, मुख्य आधारको रुपमा रहेको छ ।

**मुख्य साधनको प्रयोग:** कृषि क्षेत्रमा सिँचाइ, मल, प्रविधि, बाटो, उर्जा आदि ।

**प्राथमीक उत्पादन:** पशुपन्छी, अधिक मुख्यका खाद्यान्न, कृषि व्यापार, वन क्षेत्र आदि ।

**आयोजनाको प्रभाव:** गरिबी निवारण, खाद्यान्न सुरक्षा, वातावरण, क्षेत्रीय उत्पादकत्वमा अभिबृद्धि हुने अनुमान गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

**आयोजना कार्यान्वयन:** पालिकाको संयोजनमा लगानी (संघ, प्रदेश, आन्तरिक, निजी क्षेत्र, सहकारी क्षेत्र र दाता), नीति (स्रोत विभाजन, निजी क्षेत्र, मुल्य नीति, जमिनको व्यवस्थापन) बाट कार्यान्वयन हुने विश्वास गरिएको छ ।

**आयोजना कार्यान्वयन गर्ने संस्था:** पालिका, प्रदेश, संघ, पालिका अन्तरर्गतका उद्योग वाणिज्य संघ तथा सहकारीले आयोजना कार्यान्वय गर्नेछ ।

कृषि क्षेत्र नेपालको प्राथमिक क्षेत्र हो र यस अन्तर्गत खाद्यान्न तथा नगदे वालीको उत्पादनका साथै पशुपालन व्यवसाय पर्दछन् । यस गाउँपालिकाको कृषि तथा प्राकृतिक वस्तुस्थितिको आधारमा सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिबारे स्पष्ट हुन आवश्यक छ ।

### ४.१.१ कृषि विकास

नेपालको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७ प्रतिशत र रोजगारीमा ६०.४ प्रतिशत योगदान रहेको छ (रायोआ, २०७६:१२३) । माथागढी गाउँपालिकाको वहुसंख्यक मानिस कृषि पेशामा संलग्न रहेका छन् । :यस अर्थमा आर्थिक विकासका लागि कृषि क्षेत्रको विकास र विस्तार अपरिहार्य आवश्यकता हो । यस क्षेत्रको विकास र बिस्तार गर्न सघाउ पुऱ्याउने उद्देश्यले गाउँपालिकामा कृषि शाखा रहेको छ । यो शाखा स्थानीय कृषकको कृषि विकासमा सहायोगी सरकारी कार्यालय भएकोले यसलाई कृषि र कृषक वीच जोड्न आवश्यक छ । कृषि अन्तर्गत खाद्य तथा नगदेवाली, मशुपालन तथा फलफुल क्षेत्रलाई जोडिनु पर्दछ ।

नेपाल जस्तो कृषि प्रधान देशको आर्थिक विकासमा कृषि तथा सिँचाई क्षेत्रको विकासको महत्वपुर्ण भुमिका रहेको हुन्छ । आर्थिक विकासको गतीलाई दिगोरुपमा बढाउनका लागि कृषिको विकास गर्नु पर्दछ । परंपरागत कृषि प्रणालीमा मानिसले आफ्नो जिविको पार्जनका लागि उत्पादन गर्ने खाद्यान्न तथा पशुपंक्षी पालन पर्दछ । तर वर्तमान समयमा यसको विकास र विस्तारका लागि तुलनात्मक लागत लाभका आधारमा मुनाफा प्राप्त गर्ने उद्देश्यले मानिसले गर्ने व्यवसायको रुपमा लिन थालिएको छ ।

यस गाउँपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो । कृषि क्षेत्रको प्रमुख वाली अन्तर्गत खाद्यान्न, फलफुल, तरकारी, माछा, मासु आदि पर्दछन् । आर्थिक क्रियाकलापमा वृद्धि ल्याउन कृषि क्षेत्रलाई व्यवसायीकरण, विविधिकरण गर्न आवश्यक छ । दीगो विकास लक्ष्य हासिल गर्न स्थानीय जनताको



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

आयमा बृद्धि हुने गरी गाउँपालिकाको स्रोत साधन परिचालन गरिनेछ । यसबाट रोजगारीमा वृद्धि भई स्थानीय जनताको आय आर्जनमा बृद्धि हुनेछ । उक्त सन्दर्भमा प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछामासु उत्पादनमा आत्मनिर्भरताका लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधार गरी लगानीको वातावरण निर्माण गरिनेछ ।

कृषि क्षेत्रले रोजगारीको प्रवर्द्धनबाट गरिबी निवारण र आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउँदछ । यस क्षेत्रको विकासमा मलखाद, उन्नत बीज, कृषि औजार, कृषि ऋण तथा आपूर्ति स्थिति आदिको महत्वपूर्ण भुमिका रहेको हुन्छ ।

**१. उद्देश्य**

यस गाउँपालिकाको दीर्घकालीन कृषि गुरु योजनाको मुख्य उद्देश्य निम्न रहेको छ ।

- जमिनको उच्चतम उपयोग गरी उत्पादन र उत्पादकत्व बढाउनु ।
- कृषि उत्पादनका सबै क्षेत्रलाई व्यवसायीकरण गर्नु ।
- कृषि भुमिमा सिँचाईको सुनिश्चितता गर्नु ।
- कृषिसंग जोडिएको अन्य क्षेत्रलाई (पशुपालन, वन, व्यापार, भण्डारण आदि) एकिकृत गर्नु ।

**२. प्रमुख समस्याः**

कृषि विकासमा सामान्यतया भौगोलिक बनावट, स्रोत साधन र सामाग्रीको न्यून उपलब्धता, आवश्यक भौतिक पूर्वाधारहरु जस्तै सिँचाइ, सडक, कृषि बजार, शीत भण्डार, गोदाम घर, संकलन केन्द्र आदि कृषि विकासको मुल समस्याको रुपमा लिइन्छ ।

यस गाउँपालिकाको मुख्य समस्या निर्वाहमुखी कृषि उत्पादन खाद्य सुरक्षाको अभाव न्यून उत्पादन उन्नत जात, जातको पशुपालन तथा व्यवसायिक पशुपालनको अवस्था न्यून आयातमुखी हाम्रो सोच, व्यवहार तथा संस्कृति सिंचाईको अभाव जैविक मल उन्नत जात बीऊ उत्पादन आधुनिक प्रविधि प्राविधिकको अभाव कृषिजन्य उत्पादनको संकलन केन्द्र भण्डारण तथा बजार व्यवस्थापनको कमजोरी सुचनाको पहुंचको कमी सामुहिक खेती किसानको वर्गीकरण नहुनु आदि हुन् ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

## ३. चुनौती तथा अवसर

यस गाउँपालिकाको कृषक साना र मझौला स्तरका रहेका छन् । उनीहरुको दक्षता वृद्धि गरी व्यावसायीकरण गर्न एवम् वजारको सुनिश्चितता दिलाउने काम चुनौतीपुर्ण छ । यसका साथै वहुसंख्यक उत्पादनशील जनशक्ति तुलनात्मक लाभका आधारमा वैदेशिक रोजगारीका लागि बाहिर गएकाले बाँझो जमीन राख्ने प्रवृत्तिलाई कम गर्न पनि चुनौतीपुर्ण छ । साना किसानले उत्पादन गरेको वस्तुले बजारमा प्रतिस्पर्धा गर्न सक्दैन । संविधान तथा कानुनमा उल्लेख भए अनुसार अन्तरसरकार सहकार्य र समन्वय स्थापित गर्नु चुनौतीपुर्ण कार्य हो ।

भौगोलिक विविधता र जैविक विविधता भएको नेपालको परिप्रेक्षमा यस गाउँपालिकाको अधिकांश भूभाग पहाडी भूगोलको चरित्र रहेको छ । तर पहाडका उत्पादन तराईमा निर्यात गरी लाभ लिन उत्तम अवसर छ । कालो बादलमा चाँदीको घेरा भने जस्तै यातायात विकास, सूचना प्रविधिको विकास, मानिसहरुमा भएको चेतनाको विकासले विदेशबाट फर्किएका युवाहरु कृषि व्यवसायमा आकर्षित हुँदै जानु, जैविक खेतीप्रतिको आकर्षण, यातायातको विकासले बजारको पहुँच बढ्नु संस्थागत र निजी क्षेत्रको आकर्षण बढ्नुलाई अवसरको रुपमा लिन सकिन्छ ।

यस माथागढी गाउँपालिकाको कृषि विकासको चुनौती र अवसर निम्न रहेको पाइन्छ ।

## ४. चुनौती

- व्यवसायिक तथा जैविक कृषि उत्पादनको विकास गर्न
- उन्नत मल बीऊ प्राविधिक व्यवस्थापन
- कृषि पेशा तथा व्यवसायलाई एउटा मर्यादित पेशा वा व्यवसायका रुपमा विकास गर्न
- वाली विविधिकरण गर्न
- कृषि योग्य जमिनको चक्लबन्दीबाट खेती प्रणाली सिंचाईको सुविधा, जग्गा भाडामा लिंदा वा दिंदा अनुदानको व्यवस्था गर्न
- आम नागरिकमा स्थानीय उत्पादनको उपभोगमा आयको ह्रासलाई चेतना अभिवृद्धि गर्न
- कृषि पकेट क्षेत्र वा अन्य पकेट क्षेत्रका लागि सामान्य पूर्वाधार तयार गर्न
- सडक संजालको विकास भए पनि जसको कृषि क्षेत्रको प्रयोग र उपयोगिताका आधारमा वर्गीकरण गर्दा स्तरउन्नति गर्न



Road Dreams International Engineering Consulting Pvt. Ltd. Road Dream

५. अवसर

- मकै, धान, गहुं, आलु, भटमास, तरकारी तथा फलफूल जडिवुटी जस्ता स्थानीय उत्पादनको वृद्धि गरी मुल्य श्रृखलामा आवद्ध गर्न सकिने ।
- सुन्तला, कफी, लसुन, वेसार, कागती, ओखर जस्ता उत्पादनको व्यवसायिक सम्भावना
- कृषि स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहनु

कृषि जन्य उत्पादनलाई वजार व्यवस्थापन गर्न सहजता हुनु

६.प्रति एकाइ लागत अनुमान

| प्रतिफल | एकाइ | प्रति एकाइ लागत (रु हजारमा) | कैफियत | माथागढी | |
|---|---|---|---|---|---|
| १. कृषि वा तथा भूमि सुधार | | | | एकाइ | प्रति एकाइ लागत |
| रासायनिक मल | | | | | |
| युरिया | मे. टन | ४२ | | मे. टन | २१ |
| डि. ए. पि. | मे. टन | ५८.१२ | अन्तराष्ट्रिय मूल्य र विनिमय दर तथा ओभरहेड खर्चको आधारमा औसत लागत | मे. टन | ५१ |
| पोटास | मे. टन | ४१.३५ | | मे. टन | ४० |
| प्राङ्गारिक मल | | | | | |
| कम्पोष्ट (धुलो) | मे. टन | १५-२० | | मे. टन | २२ |
| कम्पोष्ट (दानादार) | मे. टन | २०-२५ | बजारमा उपलब्ध विभिन्न ब्रान्ड तथा गुणका प्राङ्गारिक मलको औसत मूल्यको आधारमा | मे. टन | २४ |
| भर्मिकपोष्ट | मे. टन | २५-३० | | मे. टन | २८ |
| | | बीउ | | | |
| धान | मे. टन | २१ | | मे. टन | २८ |
| गहुँ | मे. टन | ३० | विभिन्न खाद्यान्न बीउको औसत उत्पादन लागतको आधारमा | मे. टन | ४५ |
| मकै | मे. टन | २४ | | मे. टन | ३२ |
| तरकारी उन्नत बीउ | के. जी. | २.८६६ | | के. जी. | ३.८६६ |
| तरकारीको मुल बीउ | के. जी. | १.९७८ | बीउहरुको औसत उत्पादन लागतको आधारमा | के. जी. | २.९४६ |



Real Dreams International Engineering Consulting Pvt. Ltd.

| | | | | | |
|---|---|---|---|---|---|
| दलहन विउ | के. जी. | ०.०८१ | | के. जी. | ०.०९२ |
| तेलहन बीउ | के. जी. | ०.०९ | | के. जी. | ०.१२ |
| **फलफूल तथा तरकारी बिरुवा** | | | | | |
| कलमी बिरुवा | गोटा | ०.०४१ | विभिन्न फलफूल बिरुवाहरुको | गोटा | ०.१ |
| विजु बिरुवा | गोटा | ०.०२२ | सरकारी मूल्यको औसतको आधारमा | गोटा | ०.०२५ |
| फलफूलको कटिङ्ग बिरुवा | गोटा | ०.०१९ | | गोटा | ०.०४ |
| जमिनको तरकारी बिरुवा | गोटा | ०.००१ | | गोटा | ०.००२ |
| पोलिपटको तरकारी बिरुवा | गोटा | ०.०१४ | | गोटा | ०.०१८ |

## ७. कृषि कार्यक्रम तथा उन्नत बीउ वितरण

कृषि उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्नका लागि उत्पादनका साधनहरु गुणस्तरीय मलखाद, उन्नत वीज, कृषि औजार, कृषि ऋण आदिको सर्वसुलभ रुपमा उपलब्ध हुनु आवश्यक हुन्छ । जनताको आर्थिक स्थिति सुधार गर्नको लागि कृषि विकास कार्यालयले धान, गहुँ, मकै, दलहन, तेलहन, आलु आदि बालीको बीउ उपलब्ध गराउने, प्रदर्शन कार्यक्रम (उत्पादन प्रदर्शन, नतिजा प्रदर्शन तथा अन्य), उन्नत सीड कीट वितरण (धान, गहुँ, मकै आदि), बीज वृद्धि (धान, गहुँ, मकै आदि) जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्ने हुन्छ ।

**बीज वृद्धि कार्यक्रम:** खाद्यान्न उत्पादन बृद्धिका लागि खाद्यान्न बीजको महत्वपूर्ण स्थान रहेको हुन्छ ।

**रासायनिक मल वितरण स्थिति:** कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नको लागि गुणस्तरीय रासायनिक मलको महत्वपूर्ण भुमिका रहेको हुन्छ ।

**कृषि ऋण परिचालन** ::कृषिलाई आधुनिकीकरण गर्नका लागि आवश्यक पर्ने आधुनिक औजार, उन्नत मल बीउ, उन्नत जातका पशुपंक्षी आदि खरिद गर्न पूँजीको आवश्यकता पर्दछ । सामान्यतया: नेपालमा कृषकहरु पुजीको अभावका कारणले कृषिलाई आधुनिकीकरण गर्न सकिरहेका छैनन् ।

**कृषि उपजको भण्डारण:** कृषकलाई आर्थिकरुपले आत्मनिर्भर बनाउन उनीहरुले उत्पादन गरेको वस्तुहरु उपर्युक्त समयमा विक्र गर्न भण्डारणको सुविधा हुनु पर्दछ । यसले कृषकको उत्पाददित तरकारी, फलफुल दुधलाई भण्डारण, दुधको बजार विकास विस्तार गरी विक्री वितरण गर्न सघाउ पुर्‍याउँदछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

# परिच्छेद ५

# सामाजिक क्षेत्र

## ५.१ पृष्ठभुमि

विकासको स्थिति सामाजिक विकासको स्थितिबाट थाहा पाउन सकिन्छ । मानिस धनी भएता पनि शिक्षा, स्वास्थ्य आदि स्थिति कमजोर भएमा विकास भएको मानिदैन । तसर्थ विकास सम्बन्धी योजना तर्जुमा दीर्घकालीन योजनाको महत्वपूर्ण पक्ष हो । सामाजिक विकास योजनामा साधन र साध्य दुबै हुने भएकोले दीर्घकालीन योजनाले योजनाबद्ध रुपमा मानिसको आर्थिक तथा सामाजिक विकासको लक्ष्य हासिल गर्न मद्दत गर्दछ । सामाजिक विकास क्षेत्र मुलतः मानिसको कार्यक्षमताको स्थितिसंग सम्बन्धित विषय हो । यस क्षेत्रको विकास र विस्तार गर्न सामाजिक विकासको पूर्वाधार हुन आवश्यक हुन्छ । मानिसको ज्ञान तथा चेतना, सवलता तथा क्षमता अभिवृद्धि गरी कार्यक्षमता बढाउन चाहिने शिक्षा, स्वास्थ्य, विकासमा समावेशीकरण, खेलकूद आदिको सुविधा वा सो मा सर्वसाधारणको पहुंच पुग्ने भौतिक वस्तु स्कूल, स्वास्थ्य सेवा उपलब्ध गराउने भवन, खेल मैदान वा सामाग्रीको निर्माण गर्न आवश्यक हुन्छ । ती भौतिक वस्तुको निर्माणले मानिसलाई उक्त सेवाहरु लिनका लागि अवसर प्रदान गर्दछ । मानिसलाई उपलवध गराइने शिक्षा तथा स्वस्थताका साथै स्फूर्तिबाट उत्पादनशील क्षमतामा अभिवृद्धि हुन गै उत्पादकत्व वृद्धि हुने हुनाले मानिसलाई संमृद्धशाली वनाउन सघाउ पुऱ्याउँदछ । यसका अलावा शिक्षा र स्वास्थ्य सेवा निशुल्क प्राप्त हुने सुनिश्चितता भएमा मानिसमा भ्रष्टाचार लगायत अन्य अनैतिक काम गर्ने प्रवृत्ति कम हुन सक्दछ ।

स्थानीय तहको सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्र पर्दछ । माथागढी गाउँपालिकाको सामाजिक संरचनात्मक स्वरुपको आधारमा दिर्घकालीन योजना तर्जुमा गर्ने प्रयास गरिएको छ । योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्य र सो संग सम्वन्धित सूचकहरुलाई विश्लेषणको मुल आधार बनाइएको छ । सामाजिक विषयगत क्षेत्रको कामलाई उपक्षेत्रमा विभाजन गरिएकोले सोही आधारमा लक्ष्य र सूचक र लगानीको सम्भावना विश्लेषण गरिएको छ ।

विभिन्न अध्ययनहरुबाट शिक्षा, स्वास्थ्य र विकास बीच अन्योन्याश्रित सम्वन्ध भएको कुरा पुष्टि भएको छ । यस अर्थमा दीर्घकालीन गुरु योजना मानिसको आर्थिक तथा सामाजिक विकासमा एकआपसमा अन्योन्याश्रित सम्वन्ध हुने गरी तर्जुमा गर्नु पर्ने हुन्छ । उक्त सन्दर्भमा मानिसको वसाईंसराइ, शिक्षा,



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

स्वास्थ्य, महिला, बालबालिका, बृद्ध आदि सबै पक्षलाई समेट्ने गरी दीर्घकालीन योजना बनाउन आवश्यक हुन्छ ।

सामाजिक विकास अन्तर्गत दीगो विकास लक्ष्य नम्बर ३, ४, ५, ६, १० र पन्धौं योजनामा उल्लेखित सामाजिक विकास लक्ष्यका सूचांक अनुसार लक्ष्य हासिल गर्ने भन्ने उद्देश्य रहेको छ ।ती लक्ष्यहरु हासिल गर्न सामाजिक विकास विषय क्षेत्रगत समिति अन्तर्गतका शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यालयहरुको कार्यजिम्मेवारी रहेको हुन्छ । यी कार्यालयहरुलाई दीगो विकास लक्ष्य हासिल गर्ने कार्यजिम्मेवारी दिनु पर्दछ ।

५.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**१ सोचः**

सामाजिक विकासको आधार, गाउँबासीको कार्यक्षमतामा सुधार ।

**२ लक्ष्यः**

माथागढी गाउँपालिकाको सामाजिक स्थितिमा सुधार गरी दीगो विकास लक्ष्य हासिल गर्ने ।

**३ उद्देश्यः**

- सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता सहित समृद्ध जीवनस्तर प्रर्वद्धन गर्नु ।
- समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सहित गाउँबासीलाई आजीवन सिकाइको अवसर प्रदान गर्नु ।
- लैङ्गिक समानता भएको सबै महिला किशोरी तथा बालिकाहरुलाई सशक्त बनाउनु ।
- सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथ यसको दीगो व्यवस्थापन गर्नु ।
- माथागढी गाउँपालिकालाइ अन्य पालिकासंग प्रतिस्पर्धी बनाई असमानता हटाउनु ।

**४ रणनीति तथा कार्यनीति**

सामाजिक विषय अन्तर्गत पर्ने दीगो विकास लक्ष्य अनुसार रणनीति बनाई परिमाणात्मक लक्ष्यका आधारमा नीति बनाई सोही अनुसार कार्यनीति बनाइनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

| रणनीति | कार्यनीति |
| --- | --- |
| सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता प्रदान गर्ने । | दीगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य हाँसिल गर्न आवश्यक संख्यामा स्वास्थ्य संस्था, सामाग्री र कर्मचारी व्यवस्था गरिनेछ । |
| समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षार आजीवन सिकाइको अवसर प्रदान गर्ने । | दीगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य हासिल गर्न आवश्यक संख्यामा शैक्षिक भवन तथा सामाग्री, शिक्षक व्यवस्था गरिनेछ । |
| लैङ्गिक समानताका आधारमा सबै महिला किशोरी तथा बालिकाहरुलाई सशक्त बनाउने । | दीगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य हासिल गर्न आवश्यक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । |
| सबैको निम्ति पानी तथा सरसफाइका साथ दिगो व्यवस्थापन गर्ने । | दीगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य हासिल गर्न पानीको मुहान शुद्धता, पानी रिचार्ज गरी पाइप तथा अन्य तरीकाबाट घरघर पानी उपलब्ध गराइनेछ । |
| अन्य पालिकासंग प्रतिस्पर्धी बनाई असमानता हटाउने । | दीगो विकास लक्ष्यका परिमाणात्मक लक्ष्य हासिल गर्न मानव स्रोत विकास गरी प्रतिस्पर्धी बनाइनेछ । |

### ५.३ सामाजिक विकास लक्ष्य अनुसार प्रक्षेपित बजेट

माथागढी गाउँपालिकाको दीर्घकालीन गुरु योजना सन् २०३० सम्मको दीगो विकास लक्ष्यमा आधारित रही तर्जुमा गरिएको छ । यसबाट दीगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्य प्राप्त हुने अपेक्षा गरिएको छ ।दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यगत बजेट विनियोजन गरेको प्रतिशतको आधारमा सामाजिक विकास लक्ष्य हासिल गर्नको लागि प्रक्षेपित बजेट तल उल्लेख गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

| तालिका नं. ५.१ सामाजिक विकास अन्तरर्गतका लक्ष्यहरु अनुसार बजेट रु. हजारमा | | | | | | |
|---|---|---|---|---|---|---|
| आ.व. | लक्ष्य ३ | लक्ष्य ४ | लक्ष्य ५ | लक्ष्य ६ | लक्ष्य १० | जम्मा |
| २०७९।८० | ४९१४६ | ६६०९३ | ६७७९ | ११८६३ | ३५५८८ | १६९४६९ |
| २०८०।८१ | ५४५९१ | ७३४१६ | ७५३० | १३१७७ | ३९५३१ | १८८२४५ |
| २०८१।८२ | ५७९५३ | ७७९३७ | ७९९४ | १३९८९ | ४१९६६ | १९९८३९ |
| २०८२।८३ | ६२८९८ | ८४५८७ | ८६७६ | १५१८२ | ४५५४७ | २१६८८९ |
| २०८३।८४ | ६७३०१ | ९०५०९ | ९२८३ | १६२४५ | ४८७३६ | २३२०७४ |
| २०८४।८५ | ७१४५५ | ९६०९४ | ९८५६ | १७२४८ | ५१७४३ | २४६३९६ |
| २०८५।८६ | ७६१२९ | १०२३८० | १०५०१ | १८३७६ | ५५१२८ | २६२५१३ |
| २०८६।८७ | ८०४०७ | १०८१३४ | ११०९१ | १९४०९ | ५८२२६ | २७७२६७ |
| २०८७।८८ | ८४८२१ | ११४०७० | ११६९९ | २०४७४ | ६१४२२ | २९२४८७ |
| २०८८।८९ | ८९२९७ | १२००९० | १२३१७ | २१५५५ | ६४६६४ | ३०७९२२ |
| जम्मा | ६९३९९९ | ९३३३०९ | ९५७२४ | १६७५१७ | ५०२५५१ | २३९३१०१ |

५.४ सामाजिक विकास लक्ष्य र परिमाणात्मक लक्ष्य

दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी सामाजिक विकास गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यलाई समेटी सो संग सम्बन्धित सूचकलाई शाखागत आधारमा यस पालिकामा परिमाणात्मक लक्ष्य हासिल गर्ने नीति तल गरिएको छ ।

*दीगो विकासका लक्ष्य ३-*

***सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रर्वद्धन गर्ने । (Ensure healthy lives and promote well-being for all at all ages)***

सामाजिक विकासमा स्वास्थ्यले मानिसहरुको आवश्यकता र क्षमता विकास स्थिति उजागर गर्न सघाउ पुग्क्दछ । यस सम्वन्धमा यस पालिकाको हालको स्थितिका आधारमा परिमाणात्मक लक्ष्य अनुसार संक्षिप्तमा तल उल्लेख गरिएको छ ।

स्वास्थ्य

यस माथागढी गाउँपालिकामा २०७६ सालमा गरिएको सर्वेक्षण अनुसार २३४९६ स्वस्थ्य, ६५३१ सामान्य, ३०९ रोगी, २४५ दिर्घरोगी, तथा १२ जना अन्य रहेका छन्। नेपालमा स्वच्छ पिउने पानी र सरसफाइको अभावले करिव ८० प्रतिशत झाडापखाला सम्वन्ध रोगहरूको प्रकोप फैलने गरेको पाईएको छ । यस पालिकामा ४८ प्रतिशतले पाईप धारा सार्वजनिकक पानी उपभोग गर्दै आईरहेका छन्, भने ३९ प्रतिशतले पाईप धारा कम्पाउण्डको पानी पिउदै आएका छन् । ९ प्रतिशतले ढाकिएको ईनारको पानी खान्छन्। त्यसैगरी २/२ प्रतिशत मूलको पानी र नदीको पानी प्रयोग गर्ने गरेका छन्।

त्यसैगरी यस गाउँपालिकामा १ प्रतिशत अर्थात ४७ घरधुरीमा शौचालय छैनन् भने ४ प्रतिशत अर्थात २३१ घरधुरीमा फ्लस भएको शौचालय रहेको छ । ६७ प्रतिशत (३५४७) घरधुरीमा फ्लस भएको ( सेप्टिक ट्याङ्की) रहेको छ । यसका साथै २८ प्रतिशत (१५१७) घरधुरीले साधारण शौचालय प्रयोग गर्दै आएका छन्।

**परिमाणात्मक लक्ष्य ३.१:**

सन् २०३० सम्ममा, विश्वव्यापी मातृ मृत्युदर (प्रत्येक १ लाख जीवित जन्ममा) ७० भन्दा कम गर्ने ।

- यस पालिकामा हेअ ४, नर्स, अहेब १४, अनमी १३, ल्याब असिष्टेन्ट ३ र अन्य ५ स्वास्थ्यकर्मी रहेकाछन् । यस सन्दर्भमा मातृ मृत्युदर ७० भन्दा कम र दक्ष प्रसुतिबाट जन्म अनुपात ९० रहनेछ । यसका लागि स्वास्थ्यकर्मी, स्वास्थ्य सामाग्री र स्वास्थ्य संस्था आवश्यकता अनुसार कमश: थप गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ३.२:** सबै देशहरुका नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) कम्तीमा १२ मा घटाउने र ५ वर्षमुनिका बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) कम्तीमा २५ मा ओराल्ने उद्देश्य भएकाले सन् २०३० सम्ममा नवजात शिशु र ५ वर्षमुनिका बालबालिकाको रोक्न सकिने (Preventable) मृत्युको अन्त्य गर्ने ।

- बाल मृत्युदर २० र नवजात शिशु मृत्युदर १० हुने अनुमान गरिएको छ ।

**परिमाणात्मक लक्ष्य ३.३:** सन् २०३० सम्ममा, एचआईभी एड्स, क्षयरोग, औलोजरो र उक्ष्णप्रदेशीय उपेक्षित रोगको महामारी (Epidemics) अन्त्य गर्ने र हेपाटाइटिस, पानीजन्य रोग एवंम अन्य सरुवा रोगहरु नियन्त्रण (Combat)गर्ने ।

- सरुवा रोग माथिल्लो तहको मुख्य जिम्मेवारी हुने भएकोमा सोको नियन्त्रणमा माथिल्लो तहलाई आवश्यक सहयोग गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ३.४:** सन् २०३० सम्ममा नसर्ने रोगबाट हुने असामयिक मृत्युदरलाई रोकथाम र उपचारबाट एकतिहाईले कम गर्नुका साथै मानसिक स्वास्थ्य तथा समृद्धि प्रवर्द्धन गर्ने ।

- नसर्ने रोगहरु नियन्त्रणमा प्रचारात्मक, नियन्त्रात्मक नीति अवलम्वन गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ३.५:** लागूपदार्थ तथा मादक पदार्थको प्रयोगको रोकथाम तथा उपचार पद्धतिलाई सुदृढ तुल्याउने ।

- पालिका भित्र झाडापखाला तथा अन्य भाइरसहरु देखापरेमा नियन्त्रण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ३.६:** सन् २०३० सम्ममा विश्वभर सडक यातायात दुर्घटनाबाट हुने मृत्यु र घाईतेको सङ्ख्यालाई आधा घटाउने ।

- सडकको स्तरोन्नती गरी जोखिम युक्त सडक अन्त गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

**परिमाणात्मक लक्ष्य ३.७:** सन् २०३० सम्ममा यौन तथा प्रजनन स्वास्थ्य सेवाका साथै परिवार नियोजन, सूचना र शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नुका साथै प्रजनन स्वास्थ्यलाई राष्ट्रिय रणनीति र कार्यक्रममा एकीकरण गर्ने ।

➢ पालिकाभित्र व्यापक रुपमा जनसंख्या शिक्षा तथा परिवार नियोजन कार्यक्रम सञ्चालन गरिनेछ।

**परिमाणात्मक लक्ष्य ३.८:** स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच हासिल गर्नका निम्ति वित्तिय जोखिम सुरक्षा कायम गर्दै सुरक्षित, प्रभावकारी र गुणस्तरीय अत्यावश्यक स्वास्थ्य सेवाहरुका साथै सबैको लागि क्षमता अनुसार धान्न सकिने मूल्यमा अत्यावश्यक औषधी तथा खोपहरुको उपलब्धता बढाउने ।

➢ स्थानीय बासीलाई माथिल्लो तहबाट उपलब्ध हुने औषधीका अतिरिक्त औषधी उपलब्ध गराउनुका साथै अस्पतालमा बच्चा जन्माउने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ३.९:** सन् २०३० सम्ममा हानिकारक रासायनिक पदार्थ, हावा, पानी एवम् माटोको प्रदुषण र दुर्गन्धबाट मृत्यु तथा बिरामी हुनेको सङ्ख्या उल्लेख्य रुपमा घटाउने ।

➢ डढेलो नियन्त्रण, नदी, धारा, कुवामा हुने पानीको शुद्धता, विभिन्न क्षेत्रमा प्रयोग हुने विषको नियन्त्रण र व्यवस्थापन गरी स्वच्छ र शुन्दर पालिका बनाइनेछ ।

**परिमाणात्मक लक्ष्य ३.क:** सबै देशहरुमा विश्व स्वास्थ्य सङ्गठनको सूर्तीजन्य पदार्थ नियन्त्रण सम्बन्धी सम्मेलनले तयार पारेको मापदन्ड (Framework) कार्यान्वयनलाई आवश्यकता अनुसार सुदृढ गर्ने ।

➢ सूर्ती जन्य पदार्थको उपभोगमा दुरुत्साहन गरी यसको उपभोग १५ वर्ष मुनिका बालबालिकाको हकमा शुन्य बनाइनेछ ।

**परिमाणात्मक लक्ष्य ३.ख:** बिकासोन्मुख देशहरुमा नकारात्मक असर पुऱ्याइरहेको सर्ने तथा नसर्ने रोगविरुद्धका खोप तथा औषधीको अनुसन्धान र विकासको लागि सहयोग गर्ने, ट्रिप्स सम्झौता र जनस्वास्थ्य सम्बन्धी दोहा घोषणाको मर्म अनुसार विकासोन्मुख राष्ट्रको अधिकार पुष्टिका लागि बौद्धिक सम्पत्ति अधिकारको व्यापार सम्बन्धी सम्झौतामा रहेका सबै प्रावधानको प्रयोगलाई सुनिश्चित गर्दै आवश्यकता अनुसार जनस्वास्थ्यको संरक्षण गर्न विशेषगरी औषधी र खोपमा सबैको पहुँच बढाउने ।

➢ औषधि र खोपहरुमा सबैको पहुँच बढाइनेछ ।

**परिमाणात्मक लक्ष्य ३.ग:** विकाशील देशहरु खास गरेर अति कम विकसित देश र विकासोन्मुख साना टापु राष्ट्रमा स्वास्थ्यकर्मी भर्ना, विकास तालिम र थमौती समेतका लागि स्वास्थ्य क्षेत्रमा उल्लेख्य मात्रामा वित्त बजेटको वृद्धि गर्ने ।

➢ पालिकामा डाक्टरको व्यवस्था गर्नुका साथै आवश्यक बजेट व्यवस्था गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ३.घ:** राष्ट्रिय तथा विश्वस्तरका स्वास्थ्य सम्बन्धी जोखिमको पूर्व चेतावनी, जोखिम न्यूनिकरण र व्यवस्थापनको निम्ति सबै देश विशेषगरी विकासशील देशको क्षमता अभिवृद्धि गर्ने ।

➢ पालिकामा एम्बुलेन्सको व्यवस्था नियमित गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

शिक्षा

२०७६ मा गरिएको सर्वेक्षण अनुसार माथागढी गाउँपालिकामा पाँच वर्षभन्दा माथिको शैक्षिक अवस्था हेर्दा पुर्वप्राथमिक तह अध्ययन गरेका ६८५७ जना, आधारभुत तह अध्ययन गरेका ११८२५ जना, माध्यमिक तह अध्यन गर्दै गरेका ८७८७ जना छन् । त्यसैगरी स्नातक तह अध्ययन गरेका २२२८ जना स्नातकोत्तर तह अध्ययन गरेका ८७६ जना एमफिल र विधावारिधी (पिएचडि) तह अध्ययन गरेका २० जना रहेका छन् ।

*दीगो विकासका लक्ष्य ४-*

***समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका आजीवन सिकाइका अवसर प्रर्वद्धन गर्ने ।(Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all )***

सामाजिक विकासमा समावेशीताका आधारमा मानिसहरुको पूर्ण क्षमताको उपयोग हुन सक्ने स्थितिको निर्माण गर्न स्थानीय सरकारको भुमिका बढी दक्ष र प्रभावकारी हुन्छ । यसका लागि शिक्षाको अवसर, दक्षताको उपयोग गर्ने अवस्थाको निर्माण हुन आवशयक हुन्छ । यस सम्बन्धमा यस पालिकाको हालको स्थितिका आधारमा परिमाणात्मक लक्ष्य अनुसार नीतिगत पक्ष संक्षिप्तमा तल उल्लेख गरिएको छ ।

**परिमाणात्मक लक्ष्य ४.१:** सन् २०३० सम्ममा सवै छात्रछात्राहरुलाई सान्दर्भिक सार्थ सिकाइका सकारात्मक उपलब्धितिर दोहोऱ्याउनको लागि उनीका निम्ति निःशुल्क, समतामुलक तथा गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षाको सुनिश्चितता गर्ने ।

- पालिका भित्रका सबै बालबालिकाको खुद भर्ना दर र विद्यालय छाड्ने दर शुन्य बनाइनेछ । प्राथमीक तहको गणित, विज्ञान, अंग्रेजी, नेपाली विषयम दक्ष शिक्ष तथा शिक्षिकाबाट प्रभावकारी शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।माध्यामिक तहको खुद भर्नादर ९९ प्रतिशत पुऱ्याइनेछ ।

**परिमाणात्मक लक्ष्य ४.२:** सन् २०३० सम्ममा सबै बालबालिकालाई प्राथमिक शिक्षाको लागि तयार गर्न गुणस्तरीय प्रारम्भिक बालविकास, हेरचाह र पूर्व-प्राथमिक शिक्षामा यिनीको पहुँच सुनिश्चित गर्ने ।

पूर्व बाल्यकाल शिक्षाको लागि आवश्यकता अनुसार शिशुस्याहार केन्द्र स्थापना गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ४.३:** सन् २०३० सम्ममा क्षमताले धान्न सकिने तथा गुणस्तरीय प्राविधिक, व्यावसायिक र उच्च शिक्षाका साथै विश्वविद्यालय सम्मको शिक्षामा सबै महिला र पुरुषको समान पहुँचको सुनिश्चित गर्ने ।

- लैंगीक सन्तुलनका आधारमा शिक्षामा लैङ्गिक असमानताको अन्त्य गर्ने र समान पहुँचको सुनिश्चित गर्ने ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

**परिमाणात्मक लक्ष्य ४.६:** सन् २०३० सम्ममा सबै युवा र कम्तीमा ९५ प्रतिशत वयस्क (महिला पुरुष दुवै) लाई साक्षरता र साङ्ख्यिक (सामान्य गणित) ज्ञान हासिल गर्न सक्षम तुल्याउने ।

- १०० प्रतिशत साक्षर बनाउनुका साथै पालिकाको पहलमा शिक्षामा प्रति विद्यार्थी सार्वजनिक खर्च रु. ३० हजार पुर्‍याइनेछ ।

**परिमाणात्मक लक्ष्य ४.७:** सन् २०३० सम्ममा सबै सिकारुले दीगो विकास प्रवर्द्धन गर्न आवश्यक ज्ञान र सीप हासिल गरिसक्ने कुराको सुनिश्चित गर्ने । यस किसिमको ज्ञान र सीप अन्य कुराको अलवा दिगो विकास र दिगो जीवन पद्धति, मानव अधिकार, लैङ्गिक समानता, शान्ति कमि संस्कृति र अहिंसाको प्रवर्द्धन, विश्व बन्धुत्व (Global Citizenship) र सांस्कृतिक विविधताको आत्मासात साथै दीगो विकासमा योगदान सम्बन्धी शिक्षाको माध्यमद्धारा प्रदान गर्ने ।

शान्ति, भातृत्वका आधारमा लैंगीक, जाती तथा भाषागत विभेद मुक्त समाजको लागि मानव पुजी निर्माणमा विशेष महत्व दिइनेछ । यसबाट एक आपसमा विश्वासको वातावरण निर्माण भएको हुनेछ ।

**परिमाणात्मक लक्ष्य ४.क:** बालबालिका, अपाङ्गता र लैङ्गिक संवेदनशील शिक्षाका सुविधा निर्माण तथा स्तरोन्नति गर्ने र सबैको निम्ति सुरक्षित, अहिंसात्मक, समावेशी र प्रभावकारी सिकाइ वातावरण प्रदान गर्ने ।

- विद्यालयमा विद्युतीय इन्टरनेट, शिक्षा, ई/लाइब्रेरी, अपांगमैत्री, खानेपानी, महिलामैत्री शौचालय आदिको व्यवस्था भएको हुनेछ ।

**परिमाणात्मक लक्ष्य ४.ख:** सन् २०३० सम्ममा विकसित मुलुक र अरु विकासशील देशमा व्यावसायिक तालिम, सुचना तथा सञ्चार प्रविधि, प्राविधिक र इन्जिनियर, वैज्ञानिक कार्यक्रम आदि विषयमा उच्च शिक्षाको निम्ति भर्नाका लागि विकाशील देश विशेषगरी अति कम विकसित देश, विकाशील टापु राष्ट्र र अफ्रिकी देशलाई उपलब्ध भएका छात्रवृद्धिको सङ्ख्या विश्वव्यापी रुपमा विस्तार गर्ने ।

- व्यवसायिक शिक्षा लिइ यसै पालिकामा सेवागर्न चाहने स्थानीयलाई प्राविधिक विषयमा -(नर्स, प्लम्वर आदि) अध्ययनको लागि आवस्यक छात्रवृत्ति तथा अन्य सुविधा उपलब्ध गराइनेछ ।

**परिमाणात्मक लक्ष्य ४.ग:** सन् २०३० सम्ममा विकाशील देशहरु विशेषगरी कम विकसित देश र विकासोन्मुख साना टापु राष्ट्रहरुमा शिक्षक तालिमका निम्ति प्राप्त हुने अन्तराष्ट्रिय सहयोग समेत उपयोग गरी दक्ष/योग्य शिक्षकको आपूर्ति बढाउने।

- स्थानीय स्कूलका शिक्षक तथा शिक्षिकालाई आवश्यकता अनुसार तालीम उपलब्ध गराइनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

*दीगो विकासका लक्ष्य ५-*

***लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला किशोरी तथा बालिकाहरुलाई सशक्त बनाउने ।( Achieve Gender equality and empower all women and girls )***

सामाजिक विकासमा लैंगिक समानताका आधारमा मानिसहरुको पूर्ण क्षमताको उपयोग हुन सक्ने स्थितिको निर्माण गर्न सक्ने स्थिति निर्माण गरिनेछ । यस सम्वन्धमा यस पालिकाको हालको स्थितिका आधारमा परिमाणात्मक लक्ष्य अनुसार नीतिगत पक्ष संक्षिप्तमा तल उल्लेख गरिएको छ ।

**परिमाणात्मक लक्ष्य ५.१:** सबै महिला, किशोरी तथा बालिका विरुद्ध जुनसुकै क्षेत्र र स्थानमा हुने सबै प्रकारका विभेदलाई अन्त्य गर्ने ।

- यस सन्दर्भमा समान कामको समान ज्याला अनिवार्य गरिनेछ । लैगीक असमानताको सूचकांक घटाइ (०.०५) शसक्तिकरणको सूचाङ्क बढाइनेछ (०.६९) । यस सम्वन्धी अनुगमन पालिकाबाट गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ५.२:** सार्वजनिक तथा निजी क्षेत्रहरुमा सबै महिला, किशोरी तथा बालिकाहरु विरुद्ध हुने सबै प्रकारका हिंसा मानव बेचबिखन, यौन तथा अन्य प्रकारको शोषण अन्त्य गर्ने ।

- स्थानीय जनतालाई कुनै पनि किसिमको यौन हिंसा भएमा कानूनी, सामाजिक रुपमा कडा कार्यवाही गरिने छ । महिला, बालबालिका तथा किशोरी बेचबिखन स्थिति शून्य गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ५.३:** बालविवाह, कम उमेर र जबर्जस्ती विवाह र महिला जननेन्द्रीय अङ्गभङ्ग गर्ने जस्ता सबै घातक व्यावहार (Practices) को अन्त्य गर्ने।

- बाल विवाह शून्य स्थितिमा झारिनेछ ।

**परिमाणात्मक लक्ष्य ५.४:** सार्वजनिक सेवाको प्रावधान, पूर्वाधार, सामाजिक सुरक्षण नीतिहरुको प्रवर्धन गर्ने, पारिश्रमिक बिना गरिने हेरचाह र घरायसी कामलाई मान्यता दिने तथा घरेलु एवं पारिवारिक कामको राष्ट्रिय प्रावधान अनुसार बाँडफाँड गर्ने।

- श्रम शक्तिमा महिला र पुरुषको समय सहभागिता समान गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ५.५:** राजनितिक, आर्थिक र सार्वजनिक जीवनको निर्णय-निर्माणको सबै तहको नेतृत्वमा महिलाको पूर्ण र प्रभावकारी सहभागिता र समान अवसरको सुनिश्चितता गर्ने।

- संविधान अनुसार राजनीति, आर्थिक, प्रशासनीक क्षेत्रमा सहभागीत सुनिश्चित गरिनेछ । राजनीतिमा सहभागिता प्रतिशत बढाउन आवश्यक पहल गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

**परिमाणात्मक लक्ष्य ५.६:** जनसङ्ख्या र विकास सम्बन्धी अन्तराष्ट्रिय सम्मेलनको प्रोग्राम अफ एक्सन र वेइजिङ प्लेटफर्म फर एक्सन तथा तिनीको समीक्षा सम्वन्धी सम्मेलनको दस्तावेजमा सम्झौता भए अनुसार महिलाको यौन, प्रजनन स्वास्थ्य र प्रजनन अधिकारमा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने।

- यौन तथा प्रजनन स्वास्थ्यको क्षेत्रमा जनचेतना वढाइ ९५ प्रतिशत पुऱ्याइनेछ ।

**परिमाणात्मक लक्ष्य ५.क:** राष्ट्रिय कानुनहरुमा महिलालाई आर्थिक साधनमा समान अधिकार प्रदान गर्नुका साथै जमिन र अरु प्रकारका सम्पत्ति, वित्तीय सेवा, पैतृक र प्राकृतिक स्रोतसाधनमा पहुँच प्रदान गर्न आवश्यक सुधारहरु सुनिश्चित गर्ने।

- महिलाको सम्पत्ति माथिको स्वामित्व ४० प्रतिशत पुऱ्याउन विभिन्न सुविधा -(पास खर्च, धितो, ऋण, कृषि तथा उद्योग आदि) उपलब्ध गराइनेछ ।

**परिमाणात्मक लक्ष्य ५.ख:** महिला सशक्तीकरणका लागि प्रविधिलाई विशेषत: सूचना तथा संचार प्रविधिको प्रयोगलाई वढावा दिने ।

- मोवाइल तथा इन्टरनेट सुविधा १०० प्रतिशत पऱ्याइनेछ ।

**परिमाणात्मक लक्ष्य ५.ग:** सबै तहमा महिला, किशोरी तथा बालिकाहरुको लैङ्गिक समानतालाई प्रवर्द्धन तथा सशक्त बनाउन प्रभावकारी नीति र कार्यान्वयन योग्य कानून वनाउने तथा सुदृढ गर्ने ।

- पालिकाको वजेट लैंगिक समानतामा आधारित हुनेछ ।

***दीगो विकासका लक्ष्य ६- सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथै यसको दीगो व्यवस्थापन सुनिश्चित गर्ने। (Ensure availability of sustainable management of water and sanitation for all)***

सामाजिक विकासमा शुद्ध पानी तथा सरसफाइको उपलब्धताको आधारमा मानिसहरुको स्वास्थ्य स्थितिको सुधार गरिनेछ । यसका लागि व्यवस्थित वासोवास नीति अवलम्वन गरिनेछ । यस सम्बन्धमा यस पालिकाको हालको स्थितिका आधारमा परिमाणात्मक लक्ष्य अनुसार नीतिगत पक्ष संक्षिप्तमा तल उल्लेख गरिएको छ ।

**परिमाणात्मक लक्ष्य ६.१:** सन् २०३० सम्ममा सवैको निम्ति सुरक्षित र व्यहोर्न सकिने खानेपानीको सर्वव्यापी र समानतामूलक पहुँच हासिल गर्ने ।

- सुरक्षित खानेपानी पहुँच ९९ प्रतिशत पुऱ्याइनेछ ।

**परिमाणात्मक लक्ष्य ६.२:** सन् २०३० सम्ममा सवैको निम्ति प्रयाप्त र समतामूलक सरसफाइ र स्वस्थ/आरोग्यपूर्ण अवस्थाको पहुँच सुनिश्चित गर्ने साथै विशेष गरी महिला एवम् किशोरी र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्तिको आवश्यकतालाई ध्यान दिई खुला रुपमा दिसापिसाव गर्ने प्रचलन तथा वानीको अन्त्य गर्ने ।

➢ व्यवस्थित शौचालय सुविधा १०० प्रतिशत बनाइनेछ ।

**परिमाणात्मक लक्ष्य ६.३**: सन् २०३० सम्ममा प्रदूषण घटाउने, हानीकारक रसायन तथा वस्तुको विसर्जन अन्त्य गर्ने र निष्काशन कार्यलाई न्यूनीकरण गर्ने, प्रशोधन नगरिएका फोहोरपानीको हिस्सा आधा घटाउने र खेर गएका वस्तुको पुन: प्रयोगको लागि प्रशोधन गर्ने साथै सुरक्षित प्रयोग बढाएर खानेपानीको गुणस्तर सुधार गर्ने ।

➢ औद्योगिक फोहोरपानी व्यवस्थितगर्न अनिवार्य गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ६.४**: सन् २०३० सम्ममा सबै क्षेत्रमा पानी प्रयोगको कार्य दक्षता उल्लेख्य रुपमा वृद्धि गर्ने, पानीको अभावलाई सम्बोधन गर्नको लागि स्वच्छ पानीको दीगो रुपमा दोहन र आर्पुति गर्ने कार्यको सुनिश्चित गर्ने र पानीको अभावबाट पीडित व्यक्तिको सङ्ख्या उल्लेख्य रुपमा घटाउने ।

➢ उपभोग पछि खेरजाने पानीको प्रयोग गर्नेलाई पालिकाले विशेष सुविधा उपलब्ध गराउन प्रोत्साहन गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ६.५**: सन् २०३० सम्ममा उपयुक्तता अनुसार सीमापार सहयोग लगायत सबै तहमा एकिकृत जलस्रोत व्यवस्थापन कार्यान्वयन गर्ने ।

➢ छिमेकी पालिकासंग एकिकृत रुपमा पानीको प्रयोग गर्न सकिने भएमा लागत लाभको सिद्धान्त अनुसार पयोग गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ६.६**: सन् २०३० सम्ममा पर्वत, वन, सीमसार, नदी, भूमिगत जलभण्डार र ताल लगायत पानीसँग सम्वन्धित पारिस्थितिकीय प्रणालीको संरक्षण र पुनर्स्थापना गर्ने ।

➢ पानीको संरक्षण र रिचार्ज गर्न आवश्यक नीति अवलम्वन गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ६.क**: सन् २०३० सम्ममा वर्षाको पानी सङ्कलन (Harvesting), पानीबाट नुन अलग गर्ने विलवीकरण, पानीको प्रयोगको दक्षता, फोहोर पानी प्रशोधन, पुन: प्रयोगका लागि प्रशोधन, पुन: प्रयोग प्रविधि लगायत पानी र सरसफाइ सँग सम्बन्धीत क्रियाकलाप र कार्यक्रमहरुमा विकासशील राष्ट्रहरुलाई अन्तराष्ट्रिय सहायता तथा क्षमता अभिवृद्धि सहयोग विस्तार गर्ने ।

➢ पानीको उपयोगका लागि सहयोगका लागि पहल गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ६.ख**: पानी र सरसफाई सम्वन्धी व्यवस्थापनमा आवश्यक सुधार गर्न स्थानीय समुदायको सहभागितालाई समर्थन/सहयोग तथा सुदृढ गर्ने ।

➢ जनसहभागिताको आधारमा पानीको प्रयोग गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

*दीगो विकासका लक्ष्य १० - देशभित्र तथा देशहरुबीचको असमानता घटाउने।(Reduce inequality within and among countries)।*

सामाजिक विकासलाई बलियो र भरपर्दो बनाउन आर्थिक समृद्धि र संस्कारयुक्त समाजको आवश्यकता पर्दछ। यसका लागि सबै नागरिकको आयमा वृद्धि हुने स्थितिमा सुधार गरिनेछ। यस सम्बन्धमा यस पालिकाको हालको स्थितिका आधारमा परिमाणात्मक लक्ष्य अनुसार नीतिगत पक्ष संक्षिप्तमा तल उल्लेख गरिएको छ।

**परिमाणात्मक लक्ष्य १०.१:** सन् २०३० सम्ममा आयको दृष्किोणले तल रहेको ४० प्रतिशत जनसङ्ख्याको आयको वृद्धि राष्ट्रिय औसत भन्दा बढी दरले अग्रगामी रुपमा हासिल गरी त्यसलाई दीगो बनाउने।

- निम्न आय भएका व्यक्तिको कुल उपभोगमा वृद्धि गरी उनीहरुको आय बृद्धि हुने अवसर प्रदान गरिनेछ।

**परिमाणात्मक लक्ष्य १०.२:** सन् २०३० सम्ममा उमेर, लिङ्ग, अपाङ्गता, जात, उद्गम, धर्म वा आर्थिक वा अन्य अवस्था/हैसियत जे भएपनि सबै जनताको सामाजिक, आर्थिक र राजनीतिक समावेशितालाई सशक्त, बनाउने र प्रवर्द्धन गर्ने।

- सामाजिक, आर्थिक र राजनीतिक सशक्तिकरणको सूचाङ्क बृद्धि गरिनेछ।

**परिमाणात्मक लक्ष्य १०.३:** समान अवसरको सुनिश्चितता गर्ने र विभेदकारी कानुन, नीति र व्यवहार हटाई यि सँग सम्बन्धीत उपयुक्त कानुन, नीति र कार्यको प्रवर्द्धन गरी प्रतिफल/असर (Outcome) का असमानतालाई घटाउने।

- उमेर समयमा विद्यालय शिक्षा पूरागर्ने बालबालिका १०० बनाइनेछ। होचो पुड्कोको विभेद अन्त गरिनेछ।

**परिमाणात्मक लक्ष्य १०.४:** नीतिहरु विशेष गरेर वित्त, ज्याला र सामाजिक सुरक्षा नीति अङ्गीकार गर्ने र वृहत्तर समानता प्रगतिशील रुपमा हासिल गर्ने।

- उपभोक्ता मुल्य सूचकांक र ज्याला मुल्य सूचाङ्क क्रमशः बृद्धि गरिनेछ।

**परिमाणात्मक लक्ष्य १०.५:** विश्व वित्तीय बजार र संस्थाको विनिमय र अनुगमनलाई सुधार गर्ने र यस्ता नियमको कार्यान्वयनलाई सुदृढ तरल्याउने।

- वित्तीय जोखिम न्यून गरी प्रतिस्पर्धा सूचाङ्क वृद्धि गरिनेछ।

**परिमाणात्मक लक्ष्य १०.६:** अन्तराष्ट्रिय आर्थिक र वित्तीय संस्थाहरुमा निर्णय कार्यलाई अझै बढी प्रभावकारी, विश्वसनीय, जवाफदेही र बैध संस्थाको प्रवाह गर्न विकासोन्मुख देशहरुमा सुदृढ प्रतिनिधित्व र आवाजलाई सुनिश्चित गर्ने।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

**परिमाणात्मक लक्ष्य १०.७:** योजनाबद्ध र व्यवस्थित आप्रवास नीति समेतको कार्यान्वयन मार्फत मानिसको व्यवस्थित, सुरक्षित, नियमित र जिम्मेवारीपूर्ण बसाइँसराइ र आवागमनलाई सहज तुल्याउने ।

- विदेशमा काम गर्न जाने श्रमिकलाई विशेष सुविधाको लागि ऋण, तालिमबारे पहल गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १०.क:** विश्व व्यापार सङ्गठनसँग भएका सम्झौता अनुसार विकासशील देश विशेषत अति कम विकसित राष्ट्रको निम्ति विशेष र फरकफरक ढङ्गले (Differential) भिन्नतामा आधारित व्यवहार गर्ने सिद्धान्त कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १०.ख:** सहयोगको बढी आवश्यकता पर्ने देश खासगरी अति कम विकसित देश, अफ्रिकी मुलुक, सामुन्द्रिक साना टापु राज्य र भूपरिवेष्टित विकासशील देशमा राष्ट्रिय योजना तथा कार्यक्रम अनुसार प्रवाह हुने अफिसियल विकास सहायता र प्रत्यक्ष वैदेशिक लगानी लगायतका वित्तीय सहयोगलाई प्रोत्साहित गर्ने ।

**परिमाणात्मक लक्ष्य १०.ग:** सन् २०३० सम्ममा विदेशी कामदारको विप्रेषण करिडोर (Corridors) लाई हटाउने ।

## ५.५ माथागढी गाउँपालिकाको सामाजिक विकासको दीर्घकालीन गुरु योजना

माथागढी गाउँपालिकाको सामाजिक विकासको मुख्य आधार स्तम्भ शिक्षा र स्वास्थ्य क्षेत्र हो । यस क्षेत्रको दिर्घकालीन विकासका लागि स्पष्ट सोच, लक्ष्य, उद्देश्य हुन आवश्यक छ ।सामाजिक विकास अन्तर्गत लक्ष्य हासिल गर्न गाउँवासीमा गुणस्तरीय शिक्षा र आधारभुत स्वास्थ्य हासिल हुने सुनिश्चितता हुन आवश्यक छ ।

### ५.५.१ शिक्षाक्षेत्रको दीर्घकालीन गुरु योजना

**१. पृष्ठभुमि**

शिक्षा मानिसको कार्यक्षमता र मानवीय सन्तुष्टि प्राप्तिको ज्ञानसंग सम्वन्धित छ । यसले विश्व वजारमा प्रतिस्पर्धा गर्ने सीप र ज्ञान प्रदान गर्दछ । शिक्षा मानिसको आर्थिक स्थिति र अवसर, स्वास्थ्य सुविधा, पारिवारिक जीवन चक्र, सामाजिक सम्वन्ध, पूर्वाधार सुविधा, वातावरणीय स्वच्छता, आदि जस्ता अन्तरसम्वन्धित विषय सम्वन्धित हुन गएको छ । मानिस आत्म प्रेम गर्ने र एक गतिशील प्राणी भएकोले यी यस्ता सम्वन्धित पक्ष बारे शिक्षण संस्था र नियमन निकाय चनाखो हुनु पर्दछ । विश्व वजारमा शिक्षा विकासको लागि धेरै अवसर उपलब्ध भएका छन् । तर स्थानीय जनता र सम्वन्धित



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

संस्थामा ज्ञान, सीप र क्षमताको प्रयोग हुन नसक्दा विश्व बजारमा उपलब्ध अवसरको उपयोग हुन नसकेको अवस्था छ ।

मानिस गतिशील प्राणी भएकोले शिक्षाको अवसर प्राप्तीको लागि ऊ एक ठाउँबाट अर्को ठाउँमा जान चाहन्छ । यसलाई ध्यानमा राखी मानिसलाई दीर्घकाल सम्म आफ्नो जन्मस्थानमा बस्ने चाहनाको अभिबृद्धि गर्नु दीर्घकालीन गुरु योजनाको मुख्य उद्देश्य हो । यसका लागि मानिसलाई आवश्यक पर्ने आधारभुत आवश्यकताको व्यवस्था, तुलनात्मक लाभको सन्तुष्टि स्थिति, पहिचान -धार्मिक, सामाजिक, सांस्कृतिक आदि) पक्षहरुमा परिदृष्टि स्थानीय मानिसमा स्पष्ट हुन आवश्यक हुन्छ । वास्तवमा जनसंख्या तथा बसाइँ सराइ वहुसरकोको विषय हो तसर्थ स्थानीय सरकारले नीतिगत रुपमा यस सम्वन्धी शिक्षा, स्वास्थ्य, आर्थिक अवसर, पूर्वाधार सुविधा आदि बारे दीर्घकालीन योजना बनाउन आवश्यक हुन्छ ।

वास्तवमा शिक्षा मानिसको परिदृष्टिको ज्योति हो । यसले मानिसको चेतनालाई अभिवृद्धि गराई लिपिवद्ध रुपमा वर्तमानमा सहजरुपमा जीवन जीउने तरीका र भविष्यमा चाहेको स्थिति पहिचान गर्न सघाउ पुऱ्याउँदछ । तसर्थ शिक्षालाई राष्ट्रले अनिवार्य सामाजिक पूर्वाधारको रुपमा लिएकोले सबैका लागि शिक्षा भन्ने नारालाई यथार्थमा परिवर्तन गर्न स्थानीय तहले दीर्घकालीन सोच सहितको योजना बनाउन आवश्यक पर्दछ । शिक्षाको गुणात्मक विकासका लागि आवश्यक पर्ने मुख्य तत्वहरुमा उपर्युक्त भौतिक पूर्वाधार, क्षमतावान शिक्षक/शिक्षिका, शिक्षण संस्थाको सर्वसुलभता, उपयुक्त शैक्षिक नीति तथा कार्यक्रमका साथै प्रभावकारी अनुगमन तथा मूल्याङ्कन, कक्षागत विद्यार्थी-शिक्षक/शिक्षिका अनुपात, विद्यार्थीको भर्ना आदि आवश्यक पर्दछ ।

नेपालमा शिक्षालाई औपचारिक र अनौपचारिक शिक्षा गरी मूलतः दुई भागमा बिभाजन गरिएको छ । औपचारिक शिक्षा अन्तर्गत तहगत कक्षा सञ्चालन विधि पर्दछ भने अनौपचारिक शिक्षा अन्तर्गत सामान्य लेखपढ गर्न सक्ने बनाई सूचनाको आदान प्रदान गर्न सक्ने साक्षर नागरिक बनाउने विधि पर्दछ । २०७६ मा गरिएको सर्वेक्षण अनुसार जम्मा ३०५९३ जनसंख्या भएकोमा ३०४२१ जना प्राथमिक तह भन्दा माथि अध्ययन गरेको देखिन्छ । शिक्षा क्षेत्रमा भएको विकास र साक्षरताको स्थिति अनुसार यस दीर्घकालीन गुरु योजनामा साक्षरता सम्बन्धि कार्यक्रम आवश्यक नपर्ने अनुमान गरिएको छ ।

औपचारिक शिक्षालाई विद्यालय शिक्षा र उच्च शिक्षा गरी दुई भागमा विभाजन गरिएको छ ।

(१) विद्यालय शिक्षा : विद्यालय तहको शिक्षालाई प्राथमिक, माध्यमिक र उच्च माध्यमिक तह गरी विभाजन गरिएको छ । कक्षा १ देखि ८ सम्मलाई प्राथमिक तह, कक्षा ९ देखि १० सम्मलाई माध्यमिक र कक्षा ११ देखि १२ सम्मलाई उच्च माध्यमिक शिक्षामा विभाजन गरिएको छ । जसलाई विद्यालय तहको शिक्षा भनिन्छ ।

(२) उच्च शिक्षा : उच्च शिक्षालाई स्नातक तह, स्नातकोत्तर तह, विद्यावारिधी गरी विभाजन गरिएको छ ।

यस माथागढी गाउँपालिकामा पार्श्वचित्रमा उल्लेखित ५ वर्ष माथिका बालबालिकाहरूको साक्षरता विवरण ३३१० जना रहेका छन् र निरक्षर ३०७१ जना रहेको देखिएकोले बाल शिक्षामा विशेष ध्यान दिनु पर्ने देखिन्छ । सामुदायिक विद्यालयको पठनपाठनबाट सन्तुष्ट हुन नसकेर वा अंग्रेजी भाषा मोहका कारण केही अभिभावकहरु निजी विद्यालयतर्फ आर्कर्षित भएका देखिन्छन् ।

नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा तथा संस्कृति सम्बन्धी हकको जर्गेना गर्दै प्रविधि मैत्री, गुणस्तरिय, उत्पादकत्व वृद्धि गर्ने र आत्मनिर्भरतातर्फ उन्मुख जनशक्ति उत्पादन गर्न आवश्यक छ । गाउँपालिका भित्रका सबै बालबालिकाहरुलाई शिक्षाको नैसर्गिक अधिकारबाट वञ्चित हुन नदिन र उमेर समुह अनुसार शिक्षा प्राप्त गर्ने अवसरको सुनिश्चितता प्रदान गर्न गाउँपालिका प्रतिबद्ध छ ।

**२. शिक्षा अन्तर्गत दीर्घकालीन गुरु योजनाका मुख्य उद्देश्य**

योजनाका निम्न मुख्य तीनवटा उद्देश्य रहेको छ ।

- आधारभूत प्राथमिक शिक्षाको मुख्य उद्देश्य ४ देखि १२ वर्ष सम्मका बालबालिकालाई भौतिक, सामाजिक, वौद्धिक, धार्मिक, नैतिक शिक्षा प्रदान गर्नु रहेको छ । यसका साथै उनीहरुको स्कुल जाने चाहना, गुणस्तरीय आधारभुत शिक्षा, जीवन पद्दती सञ्चालन गर्ने दक्षता र मुल्यमा आधारित शिक्षामा अभिवृद्धि गर्नु हो ।
- माध्यामिक शिक्षाको मुख्य उद्देश्य विद्यार्थीलाई काम गर्नका लागि तयारी बनाउने र दक्षतामा आधारित मानव स्रोत, प्राविधिक तथा सामान्य शिक्षामा छनौटको अवसर उपलब्ध गराउनु, संस्थागत सम्बन्धको विकास र उच्च शिक्षा प्राप्तिमा सहजीकरण गर्नु हो ।
- साक्षरता र दीर्घकालीन शिक्षा वा उच्च शिक्षाको मुख्य उद्देश्य वयस्क नागरिकलाई काममा आधारित शिक्षा, पठन पाठन र ज्ञान प्राप्ति गर्ने बानीको विकास गर्नु हो ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

### ३. प्रमुख समस्याहरु:

गुणस्तरीय शिक्षामा पहुंचको कमिवा असमान शिक्षाले प्रतिस्पर्धात्मक बजारमा कमजोर वर्ग वा क्षेत्रको मानिस अवसरबाट बन्चीत हुने स्थिति निर्माण हुनु शिक्षा क्षेत्रको प्रमुख समस्या हो ।माथागढी गाउँपालिकामा संविधान तथा कानुन अनुसार विद्यालय शिक्षाको आकर्षण पर्याप्त मात्रमा हुन नसक्नु मुख्य समस्या हो । यसका अलावा प्राविधिक विद्यालयको कमि, लक्षित समुहका बालबालिकाको विशेष शिक्षामा पहुंचको अभाव, शैक्षिक सामाग्री विषयगत शिक्षकको कमि, खानेपानी, खेलमैदान, शौचालय जस्ता पूर्वाधार बालमैत्री तथा अपाङ्गमैत्री नहुनु आदि शिक्षा विकासको समस्या हुन् ।

### ४. चुनौती

माथागढी गाउँपालिकाका सम्पूर्ण नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध छ भन्ने कुराको विश्वास दिलाएर आफ्नो घरमा बसी बालबालिकालाई शिक्षा दिने स्थितिको निर्माण गर्नु मुख्य चुनौती हो । यसका लागि विषयगत दक्ष शिक्षकको भविष्य सुनिश्चितता, आवश्यक तालिमको व्यवस्था, गुणस्तरीय तथा प्रतिस्पर्धात्मक शिक्षा प्रणालीको स्थापना हुन नसक्नु पनि चुनौती हो ।

### ५ अवसर

आधारभुत शिक्षा मौलिक हकका रुपमा स्थापित हुनु

शिक्षा तिनै तहका सरकारको प्राथमिकतामा रहनु

माध्यमिक तह सम्मको शिक्षा नीति योजना बनाउने अधिकार स्थानीय सरकारमा रहनु

सबै स्थानीय तहमा एक प्राविधिक विद्यालय स्थापना गर्ने राष्ट्रिय नीति हुनु

शिक्षाप्रतिको अभिरुचि आम नागरिकमा वृद्धि हुंदै जानु

### ५.५.२ शिक्षामा लगानी विश्लेषण

शिक्षा क्षेत्रमा गरिने लगानीले मानिसलाई आफ्नो जीवनकालमा चाहेको स्थिति प्राप्त हुने अवसर प्रदान गर्दछ । शिक्षामा गरिएको खर्चले आर्थिक विकास हुन्छ भन्ने कुरा विभिन्न अध्ययनबाट पुष्टि भएको छ । त्यसैले कल्याणकारी सरकारले शिक्षा क्षेत्रमा धैरै प्रतिशत खर्च गरेको पाइन्छ । उक्त सन्दर्भमा शिक्षा क्षेत्रमा के कति लगानी गर्नु पर्दछ भन्ने बारे योजना आयोगको दीगो विकास लक्ष्यमा उल्लेख गरिएको छ । सो बारे वार्षिक औषत लगानीको आवश्यकता र त्यसका क्षेत्र, प्रतिइकाई लागत तल उल्लेख गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

## वार्षिक औषत लगानीको आवश्यकता

**तालिका नं. ५.२ मुख्य नीति र कार्यक्रमगत हस्तक्षेपहरु र शिक्षाको लागि वार्षिक औसत लगानी आवश्यकता**

| हस्तक्षेपहरु | सन् २०१६-१९ | सन् २०२०-२२ | सन्२०२३ - २५ | सन् २०२६-३० | औषत |
|---|---|---|---|---|---|
| आधारभुत शिक्षा कार्यक्रम, शिक्षा र विकास, पूर्वप्राथमिक तथा गैह्रशिक्षा | ७४.२ | ११० | १४१ | १८२.३ | १३०.१ |
| व्यावसायिक प्रशिक्षण ३ वर्षीय स्नातक र १ वर्षीय व्यावसायिक कोर्ष | ८.६ | ४१.२ | ११३.५ | २२९.८ | १०९.८ |
| साक्षरता र जीवन पर्यन्त सिकाइ | १.९ | १.८ | २.२ | २.७ | २.२ |
| शिक्षकको पेशागत विकास र व्यवस्थापन कार्यकम | १.५ | ८.४ | १२.८ | १९.७ | ११.२ |
| विपद् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षा कार्यक्रम | २६.७ | १४.५ | ७.१ | ५.२ | १३.२ |
| शासन र व्यवस्थापन कार्यक्रम | २.९ | ०.९७२ | १.३ | १.६ | १.८ |
| युवा र खेलकुद | ३.६ | ४.९ | ६.५ | ९.७ | ६.५ |
| उच्च शिक्षा | १३.९ | १९.२ | २४.१ | ३१.५ | २२.८ |
| दिवा खाजा, अनुदानसिहत अन्य | ५.५ | ५.६ | ७.५ | १०.९ | ७.७ |
| कुल शिक्षा लागत | १३८.८ | २०६.५७ | ३१६ | ४९३.४ | ३०६.२ |

प्रमुख क्षेत्रहरु अनुसार कुल सार्वजनिक वित्तीय आवश्यकता (सामान्य वृद्धि परिदृश्य, ५ प्रतिशत कुल गार्हस्थ्य उत्पादन वृद्धि)

| दिगो विकास लक्ष्य क्षेत्र | कुल लगानी आवश्यकता | कुल लगानी सार्वजनिक लगानीको अंश | सार्वजनिक लगानीको आवश्यकता | सार्वजनिक वित्तको उपलब्धता (आन्तरिक) | सार्वजनिक वित्तको उपलब्धता (ODA) | सार्वजनिक क्षेत्रमा वित्त व्यवस्था अन्तराल | वित्त आवश्यकता प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| शिक्षा | ४,५९३.८० | ७२.४ | ३,३२६.८० | २,१२०.५० | ३४४.४ | ८६१.९ | १८.०१ |

माथिको तालिकामा कुल सार्वजनिक वित्त आवश्यकताको अंश शिक्षा क्षेत्रमा १८ प्रतिशत भन्दा बढी रहेको देखिन्छ । यसमा पालिकाले आधारभुत शिक्षामा विशेष जोड दिनुपर्ने हुन्छ ।

Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

प्रति एकाइ लागत

तालिका नं. ५.३ शिक्षा क्षेत्रमा प्रति एकाइ लागत रु हजारमा

| प्रतिफल | एकाइ | प्रति एकाइ लागत | कैफियत | माथागढी | |
|---|---|---|---|---|---|
| | | | | एकाइ | प्रति एकाइ लागत |
| आधारभुत तह कक्षा (१-५) | प्रति विषय | ३०० | १०० पूर्णाङ्क वा ३-५ पाठय घण्टी | प्रति विषय | ५३० |
| आधारभुत तह कक्षा (६-८) | प्रति विषय | ४०० | " | प्रति विषय | ६४० |
| माध्यामिक तह कक्षा (९-१२) | प्रति विषय | ५०० | " | प्रति विषय | ८२० |
| आधारभुत तह कक्षा (१-५) | प्रति विषय | १५० | ५० पूर्णाङ्क वा ३ पाठय घण्टी | प्रति विषय | ४१० |
| आधारभुत तह कक्षा (६-८) | प्रति विषय | २०० | " | प्रति विषय | ४०० |
| माध्यामिक तह कक्षा (९-१२) | प्रति विषय | ३०० | " | प्रति विषय | ३८० |
| प्राविधिक विषय | प्रति विषय | ५०० | | प्रति विषय | ८३० |
| उच्च शिक्षा | प्रति विद्यार्थी | ४० | | प्रति विद्यार्थी | ५५ |
| कार्याशाला (३ देखि ५ दिने) | प्रति सहभागी | २२ | | प्रति सहभागी | १६ |
| कार्याशाला (३ देखि ५ दिने) | प्रति सहभागी | १५ | | प्रति सहभागी | ८ |
| शिक्षक तालीम १० दिने | प्रति सहभागी | २० | | प्रति सहभागी | १४ |
| छोटो अवधिको तालीम (३९० घण्टा) | प्रति सहभागी | १९ | | प्रति सहभागी | २३ |
| लामो अवधिको तालीम | प्रति सहभागी | ५५ | | प्रति सहभागी | ६८ |

माथिको तालिकामा माथागढी शिक्षा शाखाबाट प्राप्त तथ्यांक अनुसार शिक्षा क्षेत्रमा लाग्ने प्रति एकाइ लागत प्रत्येक तह र क्षेत्रमा राष्ट्रिय लागत अनुमान भन्दा बढी हुने अनुमान गरिएको छ ।

### ५.५.३ शिक्षा योजनाका आधारभुत पक्ष

शिक्षाको विकास स्थानीय सरकारको महत्वपूर्ण लक्ष्य भएको हुँदा यस सम्वन्धमा आर्थिक, सामाजिक, पूर्वाधार क्षेत्रलाई समेत अन्तरसम्वन्धित विषय बनाई गहन तथ्यांकको आधारमा दीर्घकालीन कार्यक्रम सहितको योजना बनाउन आवश्यक छ । यस सन्दर्भमा दीगो विकस लक्ष्य हासिल गर्न तत्काल ध्यान दिनु पर्ने विषयलाई संक्षिप्तमा तल उल्लेख गरिएको छ ।

**विषयगत क्षेत्र:** सामाजिक विकास अन्तरगतका शिक्षासंग सम्वन्धित आधारभुत शिक्षाको छनौट गरी संक्षिप्तमा विश्लेषण गरिएको छ ।

**समय अवधि:**शिक्षा संग सम्वन्धित विषयगत क्षेत्रबाट इच्छित प्रतिफलको विश्लेषण गर्न आधार वर्ष २०७७/२०७८ लिई २०७८/२०७९ देखि  २०८८/२०८९ (सन् २०२२/२०२३ देखि २०३२/२०३३) सम्मको जम्मा १० वर्ष लिइएको छ ।

**उत्पादन स्थिति:** आधारभुत शिक्षा क्षेत्रको प्रगती स्थिति जस्तै विद्याथी भर्ना, शिक्षक विद्यार्थी अनुपात, भौतिक सुविधा, मुख्य विषयमा विषयगत ज्ञान, प्रतिस्पर्धी क्षमता मुख्य आधारको रुपमा रहेको छ ।

**मुख्य साधनको प्रयोग:** विद्यालयको दूरी, भौतिक साधन, शिक्षक, अभिभावकको सहभागिता, पाठ्य सामाग्री, पाठ्यक्रम आदि ।

**प्राथमिक उत्पादन:** तहगत परीक्षा उतिर्ण, उतिर्ण प्रतिशत क्षेत्र आदि ।

**आयोजनाको प्रभाव:** विद्यालयमा विद्यार्थी भर्नामा र मानिसलाई गाउँमा नै वस्ने चाहनामा अभिबृद्धि हुने अनुमान गरिएको छ ।

**आयोजना कार्यान्वयन:** पालिकाको संयोजनमा लगानी (संघ, प्रदेश, आन्तरिक, निजी क्षेत्र, सहकारी क्षेत्र र दाता), नीति (विद्यालय र वस्ती, विषय क्षेत्र, विद्यालय व्यवस्थापन आदि) बाट कार्यान्वयन हुने विश्वास गरिएको छ ।

**आयोजना कार्यान्वयन गर्ने संस्था:** आयोजना गाउँपालिकाको संयोजनमा हुनेछ । यसमा प्रदेश, संघिय सरकार संग समन्वय, सहकार्य हुनेछ । यसका साथै निजी क्षेत्रले पनि कतिपय आयोजना पालिका संगको समन्वयमा कार्यान्वय गर्नेछ ।

## ५.६ निष्कर्ष र सुझाव

यस दस्तावेजमा दीगो विकास लक्ष्य हासिल गर्नका लागि सामान्य धारणा बनाइएको छ । यस सन्दर्भमा दीर्घकालीन शिक्षा गुरु योजना बनाउन आवश्यक छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

## परिच्छेद ६

# पूर्वाधार क्षेत्र

### ६.१ पृष्ठभुमि

मानिसको सामाजिक तथा आर्थिक जीवनयापन प्रकृयालाई सरल रुपमा सञ्चालन गर्नका लागि साथै औद्योगिक विकास प्रक्रियालाई सरल र लागत प्रभावकारी (cost effectiveness) का आधारमा गति प्रदान गर्नका लागि भौतिक पूर्वाधार तथा सार्वजनिक क्षेत्रको महत्वपुर्ण स्थान रहेको हुन्छ । यस अन्तर्गत सार्वजनिक वस्तु जस्तै सडक, टेलिफोन, बिजुली, खानेपानी, ढल आदि पर्दछन् । व्यक्ति विशेषले यस्ता भौतिक तथा सार्वजनिक क्षेत्रको विकास गर्न कठिन हुने भएको र त्यसको उपभोग समग्रतामा हुने भएकोले कुनै पनि तहको सरकार ती क्षेत्रहरुको विकासका लागि कार्यजिम्मेवारीका आधारमा जिम्मेवार हुन्छन् । स्थानीय सरकार स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउन कार्यान्वयन क्षमताको आधारमा भौतिक पूर्वाधार बनाउन जिम्मेवार हुनु पर्दछ । यस सम्बन्धी योजना बनाउँदा लागत लाभलाई विशेष ध्यान दिनु पर्दछ ।

स्थानीय तहको पुर्वाधार विकास क्षेत्र अन्तर्गत सडक तथा पुल, झोलुंगे पुल, सिंचाइ, भवन तथा शहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, संचार क्षेत्र पर्दछ । माथागढी गाउँपालिकाको पूर्वाधार विकास स्थितिको आधारमा दिर्घकालिन योजना तर्जुमा गर्ने प्रयास गरिएको छ । योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्य र सो संग सम्बन्धित सूचकहरुलाई विश्लेषणको मुल आधार बनाइएको छ । पूर्वाधार विषयगत क्षेत्रको कामलाई उपक्षेत्रमा विभाजन गरिएकोले सोही आधारमा लक्ष्य र सूचक र लगानीको सम्भावना विश्लेषण गरिएको छ ।

यस गुरु योजनामा विषयगत समिति अन्तर्गतको पूर्वाधार विकास समतिको दिगो विकास लक्ष्य संगको सम्बन्ध जाडने प्रयास गरिएको छ । दिगो विकास लक्ष्य नम्बर ७, ९, ११ र पन्धौं योजनामा उल्लेखित पूर्वाधार विकास सूचकांक अनुसार लक्ष्य हासिल गर्नु यस दिर्घकालीन गुरु योजनाको मुख्य उद्देश्य रहेको छ ।सन् २०३० सम्मका लागि निर्धारण गरिएको लक्ष्य र सूचाङ्क संग तादात्म्यता हुने गरी यस पालिकाको दीर्घकालीन गुरु योजना बनाइएकोले पूर्वाधार विकास अन्तर्गतका मुख्य क्षेत्रको संक्षिप्त विश्लेषण गरिएको छ । पूर्वाधार विकासको सोच, लक्ष्य तल उल्लेख गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.

६.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**१ सोच:**

गाउँको आर्थिक विकासको आधार, गाउँमा पूर्वाधार निर्माणमा सुधार ।

**२ लक्ष्य:**

माथागढी गाउँपालिकाको पूर्वाधार क्षेत्रको विकास र विस्तार गरी दीगो विकास लक्ष्य हासिल गर्ने ।

**३ उद्देश्य:**

- स्थानीय तहमा प्रभावकारी हुने, भरपर्दो, दीगो र आधुनिक उर्जामा गाउँबासीको पहुँच सुनिश्चित गर्नु ।
- उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा उद्योग व्यवसाय क्षेत्रको प्रवर्द्धन र नवप्रवर्तनलाई (start up)प्रेरित गर्नु ।
- स्थानीय मानव बस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दीगो बनाउनु ।

**४ रणनीति तथा कार्यनीति**

पूंर्वाधार विषय क्षेत्र अन्तर्गत पर्ने दीगो विकास लक्ष्य अनुसार रणनीति बनाई परिमाणात्मक लक्ष्य अनुसार बनाइएको नीति कार्यान्वयनका लागि कार्यनीति बनाइनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय जनताको चाहना अनुसार भरपर्दो, दीगो र आधुनिक उर्जाको प्रयोग गर्ने । | जलविद्युत, सौर्य उर्जा र गोवर ग्यासको उपभोगमा प्रेरित गरिनेछ । |
| उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा उद्योग व्यवसाय क्षेत्रको प्रवर्द्धन र नवप्रवर्तनमा लाग्न स्थानीय जनतालाई प्रेरित गर्ने । | मानव बस्ती, उद्योगको विकास र विस्तार हुने सडक तथा उद्योग व्यवसायको विकास र विस्तार गरिनेछ । |
| मानव बस्तीहरुलाई सुरक्षित, उत्थानशील र दीगो बनाउने । | सेवा प्रवाह सहजता, ऐतिहासिक, सुरक्षित, उत्थानशील र दीगो हुनेगरी मानव वस्तीहरुको पहिचान गरी निर्माणमा सहजीकरण गरिनेछ । |



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

## ६.३ पूर्वाधार विकासका लागि प्रक्षेपित बजेट

दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यगत बजेट विनियोजन गरेको आधारमा पूर्वाधार विकास लक्ष्यलाई प्रक्षेपित बजेट तल उल्लेख गरिएको छ। माथागढी गाउँपालिकाले यी लक्ष्यहरु हासिल गरी राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्यसंग जोडिनु मुख्य उद्देश्य रहेको छ । ती विषयगत क्षेत्र अनुसार निर्धारण गरिएको सूचक प्राप्तिका लागि दीर्घकालीन गुरु योजनामा अनुमानित खर्च निम्न बनाइएको छ।

तालिका नं.६.१ दीगो विकास लक्ष्य अनुसार बजेट विनियोजन रु हजारमा

| आ.व. | लक्ष्य ७ | लक्ष्य ९ | लक्ष्य ११ | जम्मा |
|---|---|---|---|---|
| २०७९।८० | ३०५०४ | ८४७३५ | ५४२३० | १६९४६९ |
| २०८०।८१ | ३३८८४ | ९४१२३ | ६०२३८ | १८८२४५ |
| २०८१।८२ | ३५९७१ | ९९९२० | ६३९४८ | १९९८३९ |
| २०८२।८३ | ३९०४० | १०८४४५ | ६९४०४ | २१६८८९ |
| २०८३।८४ | ४१७७३ | ११६०३७ | ७४२६४ | २३२०७४ |
| २०८४।८५ | ४४३५१ | १२३१९८ | ७८८४७ | २४६३९६ |
| २०८५।८६ | ४७२५२ | १३१२५७ | ८४००४ | २६२५१३ |
| २०८६।८७ | ४९९०८ | १३८६३४ | ८८७२५ | २७७२६७ |
| २०८७।८८ | ५२६४८ | १४६२४४ | ९३५९६ | २९२४८७ |
| २०८८।८९ | ५५४२६ | १५३९६१ | ९८५३५ | ३०७९२२ |
| जम्मा | ४३०७५८ | ११९६५५१ | ७६५७९२ | २३९३१०१ |

दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यलाई तल उल्लेख गरी सो संग सम्बन्धित सूचकलाई शाखागत आधारमा यस पालिकाका केही आयोजनाको विश्लेषण गरिएको छ।

Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

६.४ पूर्वाधार विकास लक्ष्य र परिमाणात्मक लक्ष्य

दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी पूर्वाधार विकास गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यलाई समावेश गरी सो संग सम्बन्धित सूचकलाई शाखागत आधारमा कार्यान्वयन गरिनेछ । यस पालिकामा परिमाणात्मक लक्ष्य हासिल गर्ने नीति तल गरिएको छ ।

**दीगो विकासका लक्ष्य ७ मा-**

व्यहोर्न सकिने, भरपर्दो दीगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने। ।(Ensure access to affordable, reliable, sustainable and modern energy for all)

माथागढी गाउँपालिकामा सन् २०३० सम्ममा व्यहोर्न सकिने, भरपर्दो र आधुनिक उर्जा सेवामा पहुँच सुनिश्चित गरी सहज जीवन यापन र दिगो आर्थिक क्रियाकलापको वातावरण निर्माण गर्न गुरु योजनाको आवश्यकता पर्दछ ।हाल सम्ममा यस गाउँपालिकामा ४४३५ घर परिवारले दाउरालाई प्रमुख इन्धन रूपमा प्रयोग गरेका छन्। यस्तै एल.पि ग्याँसलाई खाना पकाउने इन्धनको रूपमा प्रयोग गर्नेको सङ्ख्या ७३५ रहेको छ । त्यस्तै वायोग्याँसको प्रयोग गर्नेको सङ्ख्या ४६ विद्युतको प्रयोग गर्ने ५, तथा अन्य स्रोतवाट खाना पकाउनेको सङ्ख्या १७ रहेको छ ।

**परिमाणात्मक लक्ष्य ७.१:** सन् २०३० सम्ममा व्यहोर्न सकिने, भरपर्दो र आधुनिक उर्जा सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने ।(Ensure access to affordable, reliable, sustainable and modern energy for all) ।

- सबै घर तथा उद्योगमा विद्युत सेवा उपलब्ध गराउनुको साथै प्रतिव्यक्ति विद्युत उपभोग बढाउन लागत लाभबारे सहजीकरण गरिनेछ ।

उर्जा शक्ति हो जसलाई उत्पादन तथा उपभोगका अधिकांश क्षेत्रमा सरल रुपमा प्रयोग गर्न सकिन्छ । वर्तमान समयमा विद्युतको प्रयोगको आधारमा विकास स्थिति मापन गर्न थालिएको छ । तसर्थ ग्रामीण तथा शहरी क्षेत्रमा आर्थिक, सामाजिक, शैक्षिक आदि क्षेत्रको विकासका लागि विद्युतीकरण गर्न दिगो विकास लक्ष्यमा किटानी लक्ष्य र सूचक निर्धारण गरिएको छ ।

उर्जाका स्रोतमा जलविद्युत, सौर्य, गोबर तथा एलपी ग्याँस, दाउरा आदि पर्दछन् । नेपालमा जलविद्युतको उत्पादन पर्याप्त मात्रामा भइ सकेकोले यसैको उपभोग बढाउने गरी दिगो रुपमा स्थानीय

जनताले उपभोग गर्न पाउने स्थितिको निर्माण गर्नु पर्दछ । उर्जा अन्तर्गत नेपालको दिगो विकास लक्ष्य ७ को लक्ष्य निम्न रहेको छ ।

| दीगो विकास लक्ष्य७ (उर्जा क्षेत्र) को परिणामक लक्ष्यहरु र सूचकहरु | | | | | |
|---|---|---|---|---|---|
| **परिणात्मक लक्ष्यहरु र सूचकहरु** | सन् २०१५ | सन् २०१९ | सन् २०२२ | सन् २०२५ | सन् २०३० |
| विद्युत उपभोग(कि.वा.घण्टा प्रतिव्यक्ति) | ८० | २३० | ५४२ | १,०२७ | १,५०० |
| कुल उर्जामा नवीकरणीय उर्जाको अंश (अन्तिम) उपभोग (प्रतिशत) | ११.९ | २२.१ | २९.७ | ३७.३ | ५० |
| जलविद्युत जडित क्षमता (मे.वा.) | ७८८.२ | २,३०१ | ५,४१७ | १०,२६० | १५,००० |
| उद्योगमा उर्जा कार्यकुशलता / दक्षता ( MJ प्रति १,००० रुको उत्पादन) | ४७.२ | ४५.२८ | ४३.८४ | ४२.४ | ४० |

माथिको तालिका अनुसार स्थानीय सरकारले उर्जाको उत्पादन भन्दा उपभोग स्थितिमा सुधार गर्नु पर्ने देखिन्छ । यसका लागि जनताको आर्थिक स्थितिमा सुधार गर्नु पर्ने हुन्छ ।

यस माथागढी गाउँपालिकाका ८६ प्रतिशत जनता खाना पकाउने इन्धनका लागि दाउरा प्रयोग गर्दछन् भने १३ प्रतिशतले एलपी ग्यासको प्रयोग गर्दछन् ।

उर्जा क्षेत्रको दीगो विकास लक्ष्य हासिल गर्न यस पालिकाले रु ४३०७५८ हजार विनियोजन गरको छ ।

**परिमाणात्मक लक्ष्य ७.२:** सन् २०३० सम्ममा विश्वव्यापी रुपमा विभिन्न प्राथमिक उर्जा स्रोतको समिश्रण (Energy mix) मा नवीकरण उर्जाको हिस्सा उल्लेख्य रुपमा वृद्धि गर्ने ।

- विद्युत तथा सौर्य उर्जा उपभोग बढाउन विशेष पहल गरिनेछ ।

बत्ति बाल्ने इन्धनको प्रयोगको आधारमा सबै भन्दा बढि ४७५२ अर्थात ९१ प्रतिशत घरपरिवारले विद्युतको प्रयोग गर्ने गर्दछन् भने ३८० घरपरिवार अर्थात ७ प्रतिशत घरपरिवारले सोलारको प्रयोग गर्ने गरेका छन्। दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा विद्युत पहुँच भएका जनसंख्याको अनुपात ९९ प्रतिशत पुर्याउने रहेकोमा यो लक्ष्य सहज रुपमा हासिल भइ मानिसको जीवन यापन र दीगो आर्थिक क्रियाकलापको वातावरण निर्माण हुने अनुमान गर्न सकिन्छ ।

**परिमाणात्मक लक्ष्य ७.३**सन् २०३० सम्ममा उर्जा दक्षतामा गरिने सुधारको दरलाई दोब्बर पार्ने ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

➢ यस पालिकामा उद्योग धन्दाको विकास र विस्तार गरी उर्जा उपभोग बढाइनेछ ।

यसबाट रोजगारी बृद्धि हुनुको साथै स्थानीय तहको आर्थिक विकास हुनेछ ।

**परिमाणात्मक लक्ष्य ७.क:** सन् २०३० सम्ममा नवीकरणीय उर्जा, उर्जा दक्षता, विकसित तथा बढी जीवाश्म-इन्धन (Fossil-Fuel) प्रविधि लगायतका स्वच्छ, उर्जा अनुसन्धान र प्रविधिको पहुँचलाई सहजीकरण गर्न अन्तराष्ट्रिय सहयोग अभिवृद्धि गर्ने र उर्जा पूर्वाधार तथा स्वच्छ उर्जा प्रविधिमा लगानी अभिवृद्धि गर्ने ।

➢ स्वच्छ उर्जा उपभोगमा सहजीकरण गरिनेछ ।

स्थानीय स्रोतमा आधारीत उर्जा उत्पादन स्थिति तलको तालिकामा उल्लेख गरिएको छ ।

| वडा | क्र.सं. | जलविद्युत, सौर्य उर्जा, वायु उर्जाबाट विद्युत उत्पादन विवरण | उत्पादन इकाई |
|---|---|---|---|
| | | जलविद्युत, | |
| ५ | १ | झुम्सा खोला लघु जलविद्युत आयोजना तेस्रो | ६८कि.वाट |
| | २ | सौर्य उर्जा | |
| | ४ | वायु उर्जा | |
| | १ | जलविद्युत उत्पादन | ३५ इकाई |
| ७ | १ | अरूण खोला जलविद्युत | ४३ कि.वा. |
| | २ | थानसिङ पेल्ट्रिसेट | १.५ कि |
| | ३ | ठाडेखोला जलविद्युत | ९.५ कि. |
| | ४ | मटेरी जलविद्युत | ४.५ कि |
| ८ | १ | किहुँडाँडा लघु जल विद्युत वडा नं. -८ | २.५ इकाई |
| | २ | सौर्य उर्जा टोक्लादी | २१ घरलाई पुग्ने |

**परिमाणात्मक लक्ष्य ७.ख:** सन् २०३० सम्ममा विकासशील देशहरु विशेषत अति कम विकसित देशहरु र विकासोन्मुख साना टापु राष्ट्रहरुका सबैलाई आधुनिक र दिगो उर्जा सेवा उपलब्ध गराउनको निम्ति पूर्वाधारहरुको विस्तार गर्नुका साथै प्रविधिको स्तरोन्नती गर्ने ।

## दिगो विकासका लक्ष्य ९

उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने। ।(Build resilient infrastructure, promote inclusive and sustainable industrialization and foster innovation) ।

➢ सार्वजनिक पूँजी निर्माणमा सहयोगी पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd
Read Dream

यस सम्बन्धमा यस पालिकाको हालको स्थितिका आधारमा परिमाणात्मक लक्ष्य अनुसार संक्षिप्तमा तल उल्लेख गरिएको छ ।

**परिमाणात्मक लक्ष्य ९.१:** व्यहोर्न सकिने र सबैका लागि समतामूलक पहुँचमा केन्द्रित रहेर आर्थिक विकास र मानवको सुख समृद्धिलाई सहयोग गर्ने क्षेत्रीय र सीमापार संरचना लगायत गुणस्तरीय, भरपर्दो, दीगो र उत्थानशील (Resilient) पूर्वाधारको विकास गर्ने ।

- सन् २०३० सम्ममा सडक घनत्व १.५० कि.मी.प्रति वर्ग कि.मी.पुऱ्याउने दीगो विकास लक्ष्य रहेकोले उक्त लक्ष्य हासिल गर्ने क्रममा कृषि, उद्योग, पर्यटन, व्यापार केन्द्र जोडिने गरी नयाँ सडक निर्माण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ९.२:** समावेशी र दिगो रुपको औद्योगिक प्रवर्द्धन गर्ने र सन् २०३० सम्ममा राष्ट्रिय परिस्थिति अनुरुप रोजगारी र कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा उल्लेखनीय रुपमा वृद्धि गर्ने साथै अति कम विकसित मुलुकमा यसको हिस्सा दोब्बर पार्ने ।

- सडक क्षेत्रमा नयाँ उद्योग खोल्न थप पूर्वाधारको व्यवस्था गरी कृषिको तुलनामा औद्योगिक रोजगारीको अवसर बृद्धि गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ९.३:** आफ्नो क्षमता अनुसार लिन सकिने/व्यहोर्न सकिने ऋण र मूल्य शृंखला एवम वजारमा तिनीहरुको एकीकरण लगायत वित्तीय सेवाहरुमा विशेष गरेर विकासशील देशहरुका साना स्तरका उद्यमहरुमा पहुँच बढाउने ।

- कृषि तथा उद्योग क्षेत्रमा ऋण प्रवाह बढाउन नियमानुसार सहजीकरण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ९.४:** सबै देशहरु सँग भएको क्षमता अनुसार सन् २०३० सम्ममा पूर्वाधारको स्तरोन्नती गर्ने र साधानहरुको प्रयोगमा बढेको दक्षता र स्वच्छ तथा वातावरणीय दृष्टिकोणले प्रभावकारी प्रविधिहरु र औद्योगिक प्रक्रियाहरुको अवलम्बन गर्दै उद्योगहरुलाई दिगो वनाउन प्रवालीकरण गर्ने ।

- उद्योग स्थापना गर्दा वातावरणमैत्री हुनु पर्ने विषयलाई अनिवार्य गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

**परिमाणात्मक लक्ष्य ९.५:** सन् २०३० सम्ममा नव परिवर्तनलाई प्रोत्साहन गर्ने, प्रति १० लाख जनसंख्यामा अनुसन्धान र विकास कामदारहरुको संङख्या ७५ प्रतिशत वृद्धि गर्ने र सार्वजनिक- निजी अनुसन्धान र विकास खर्च बढाउने लगायतका वैज्ञानिक अनुसन्धालाई बढवा दिने, सबै देशहरु खास गरी विकासशील देशहरुको आद्यौगिक क्षेत्रमा प्रविधिको स्तरोन्नति गर्ने ।

- कृषि तथा उद्योगको स्थापना विस्तृत आयोजना प्रतिवेदनका आधारमा गरिनेछ ।

**दिगो विकासका लक्ष्य ११**

शहरहरु एवम् मानव बस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने ।(Make cities and human settlements inclusive, safe, safe, resilient and sustainable) ।

पूराना परम्परागत वस्तीलाई सुरक्षित र आधुनिकिरण गर्दै नयाँ नयाँ घर बनाउनेलाई सुरक्षित र शहरीकरण तर्फ उन्मुख हुन अभिप्रेरित गर्नु पर्ने आवश्यकता छ ।

**परिमाणात्मक लक्ष्य ११.१:** सन् २०३० सम्ममा सबैलाई प्रयास, सुरक्षित र व्यहोर्न सक्ने आवास तथा आधारभुत सेवामा पहुँच सुनिश्चित गर्ने र अव्यवस्थित बस्ती (Slums) को स्तरोन्नति गर्ने ।

- वस्तीहरुलाई शहरीकरण गरी मानव बस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दीगो वनाउन नयाँ घर बनाउने घर धनीलाई अनिवार्य रुपमा पालिकाबाट स्वीकृति लिनु पर्ने व्यवस्था गरिनेछ । नयाँ घर वनाउँदा सेवा प्रवाहलाई सरल वनाउन सडकको दायाँवायाँ निश्चित मापदण्ड पालना गराई उनीहरुलाई विशेष अवसर प्रदान गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ११.२:** सन् २०३० सम्ममा संकटग्रस्त अवस्थामा रहेका व्यक्ति, महिला, वालबालिका, अपाङ्गता भएका व्यक्ति र प्रौढको आवश्यकतालाई विशेष ध्यान दिंदै सडक सुरक्षामा सुधार र त्यसमा पनि विशेषगरी सार्वजनिक यातायातको विस्तारद्धारा सबैको लागि सुरक्षित, व्यहोर्न सक्ने, पहुँच योग्य र दीगो यातायात प्रणालीमा पहुँच पुऱ्याउने ।

- सबै गाउँवासीलाई सडक यातायातमा जोडिनेछ ।

**परिमाणात्मक लक्ष्य ११.३:** सन् २०३० सम्ममा सबै देशमा समावेशी तथा दीगो शहरीकरणलाई साथै सहभागितामूल, एकीकृत र दीगो मानव बस्ती योजना तथा व्यवस्थापनलाई क्षमता अभिवृद्धि गर्ने ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

➢ प्रत्येक वडामा कम्तीमा एउटा आधुनिक वस्ती बनाउन आवश्यक सहजीकरण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ११.४:** विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदालाई संरक्षण तथा सुरक्षण दिने प्रयास सुदृढ गर्ने ।

➢ स्थानीय तहमा रहेका प्राकृतिक तथा सांस्कृतिक वस्तीको संरक्षणको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ११.५:** सन् २०३० सम्ममा जल उत्पन्न विपद लगायत अन्य विपदबाट मृत्यु हुने तथा प्रभावित हुनेहरुको संख्या घटाइ गरिबी तथा संकटमा परेका व्यक्तिहरुलाई विशेष ध्यान दिदै विश्वको कूल गार्हस्थ्य उत्पादनसँग सापेक्षित प्रत्यक्ष आर्थिक घाटालाई उल्लेख्य मात्रामा न्यून गर्ने ।

➢ विपद हुन सक्ने संकट ग्रस्त क्षेत्रमा बसेका नागरिकलाई आवश्यक सहजीकरण गरी सुरक्षित स्थानमा स्थानन्तरण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य ११.६:** सन् २०३० सम्ममा वायुको गुणस्तर, नगरस्तरीय तथा अन्य फोहोरमैला व्यवस्थापन समेतलाई विशेष ध्यान दिई शहरको प्रतिव्यक्ति वातावरणीय प्रतिकूल प्रभावलाई घटाउने ।

➢ वस्तीहरु पूर्ण रुपमा वातावरण मैत्री बनाइनेछ ।

**परिमाणात्मक लक्ष्य ११.७:** सन् २०३० सम्ममा विशेष गरेर महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्ति लगायत सबैको लागि सुरक्षित, समावेशी, पहुँच योग्य रहित तथा सार्वजनिक खुला स्थानमा सर्वसुलव पहुँच प्रदान गर्ने ।

➢ प्रत्येक वडामा कम्तिमा एउटा सुरक्षित सार्वजनीक पार्क, चौतारो मनोरञ्जन वा आरामदायी स्थान बनाइनेछ ।

**परिमाणात्मक लक्ष्य ११.क:** शहरी, शहरोन्मुख र ग्रामीण क्षेत्रबीचको सकारात्मक आर्थिक, सामाजिक र वातावरणीय सम्पर्कलाई सहयोग गर्न राष्ट्रिय र क्षेत्रिय/प्रादेशिक विकास योजनाको सुदृढ गर्ने ।

➢ वस्ती र स्रोत साधनलाई जोडि आर्थिक क्रियाकलाप अभिबृद्धि गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

**परिमाणात्मक लक्ष्य ११.ख:** सन् २०३० सम्ममा समावेशी, साधनको दक्षता, वातावरण परिवर्तनलाई न्यूनिकरणका साथै अनुकूलन गर्ने, विपद्हरुप्रति समानुकूलन तथा यस सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने शहर एवम् मानव बस्तीको सङ्ख्या वृद्धि गर्ने र हुन गइरहेको ह्योगो फ्रेमवर्क अनुरुप सबै तहमा सम्बन्धीत सबै पक्षलाई समेट्ने विपद जोखिम व्यवस्थापन गर्ने तथा कार्यान्वयन गर्ने र नीति तथा योजना बनाउने ।

- मानव वस्ती तथा पशुचौपाय जोखिम मुक्त पालिका बनाइनेछ ।

**परिमाणात्मक लक्ष्य ११.ग:** स्थानीय सामाग्री प्रयोग गरी दीगो र उत्थानशील भवन निर्माण गर्नका लागि अति कम विकसित देशलाई वित्तीय र प्राविधिक लगायतका सहयोग गर्ने ।

- अन्तरसम्बन्धित क्षेत्रको प्रयोग गर्न सक्ने वस्ती निर्माणमा नियमानुसार वित्तीय तथा प्राविधिक सहयोग प्रदान गरिनेछ ।

### ६.५.माथागढी गाउँपालिकाको पूर्वाधार विकासको दीर्घकालीन गुरुयोजना

माथागढी गाउँपालिकाको पूर्वाधार विकासको मुख्य आधार स्तम्भ सडक तथा पुल, सिंचाइ, भवन तथा शहरी विकास, ऊर्जा, संचार क्षेत्र हो । यस क्षेत्रको दीर्घकालीन विकासका लागि स्पष्ट सोच, लक्ष्य, उद्देश्य हुन आवश्यक छ ।सामाजिक विकास अन्तर्गत लक्ष्य हासिल गर्न गाउँबासीमा गुणस्तरीय शिक्षा र आधारभुत स्वास्थ्य हासिल हुने सुनिश्चितता हुन आवश्यक छ ।

### १. पृष्ठभुमि

सडक यान्त्रिक साधनहरु गुड्ने बाटो भएको हुनाले यसले आर्थिक, सामाजिक, वातावरणीय विकास र सुधारमा महत्वपूर्ण सहयोग पुग्दछ । सडकमा गुड्ने यान्त्रिक साधनहरु जस्तै बस, ट्रक, कार, मोटरसाइकल आदिले उत्पादन लागत कम गर्ने, सरलता बढाउने काम गर्दछ । यसमा सडक र यातायात बीच अन्योन्याश्रित परिपूरक सम्वन्ध रहेको हुन्छ । अर्थात सडक नभएको यान्त्रिक गाडी र गाडी नभएको सडकको कुनै अर्थ रहदैन । तसर्थ सडक योजनामा यी दुई विषयमा विशेष ध्यान दिनु पर्दछ ।

सडक एक महत्वपूर्ण सार्वजनिक पूर्वाधार हो र यसले सार्वजनिक पुजीलाई स्थिर जेथामा परिवर्तन गरेको हुन्छ । सामान्यतया सडकलाई कालोपत्रे, ग्राभेल र कच्ची गरी तीन भागमा विभाजन गरिएको हुन्छ । कालोपत्रे तथा ग्राभेल सडकमा बाह्रै महिना यातायातका साधन सञ्चालन गर्न सकिने हुन्छ भने



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

कच्ची सडकमा त्यस्तो सुविधा उपलब्ध नहुन पनि सक्दछ । नेपालमा यस्ता सडकहरुलाई उपभोगको दृष्टिले कृषि सडक, ग्रामीण सडक तथा राजमार्ग गरी विभाजन गरिएको छ ।

नेपालमा यातायात क्षेत्र र यातायातका साधनहरू आम नेपालीहरूको अभिन्न अङ्गको रूपमा विकास हुदै गएको छ । सामान्यतया प्रत्येक मानिस आफू बसेको स्थानबाट अर्को स्थानमा पुग्नको लागि यातायात सुविधा चाहन्छन् । अत: विकासको तह अनुसार यसको आवश्यकतालाई मापन गर्ने गरिन्छ । स्थानीय क्षेत्रको जनतालाई यातायातको आवश्यकता कति छ भन्ने कुरा विश्लेषण गर्नाको लागि औसत रुपमा कुनै निश्चित स्थानमा बसोबास गर्ने मानिसलाई सडक यातायातसम्म पुग्नाको लागि कति समय लाग्दछ भन्ने आधारमा मापन गरिन्छ । यस क्षेत्रको सडक कोड निम्न रहेको छ ।

**२ सडक गुरुयोजनाको तहगत कोड**

| तह | सडक कोड नम्वर |
|---|---|
| लुम्बिनी प्रदेश | ५ |
| पाल्पा जिल्ला | ५०६ |
| माथागढी गाउँपालिका | ५०६०९ |
| स्रोत: सडक गुरु योजना | |

सडक यातायात दीगो विकासका लक्ष्य ९ मा पर्दछ । यसको उद्देश्य उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दीगो औद्योगीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने (Build resilient infrastructure, promote inclusive and sustainable industrialization and foster innovation) भन्ने रहेको छ ।दीगो विकासका लक्ष्य ९ हासिल गर्न यस पालिकामा जम्मा रु ११९६५५१हजार विनियोजन गरिएको छ ।

**३. सडक घनत्व**

माथागढी गाउँपालिकामा सडकको कुल लम्बाई ४०७ कि.मी. रहेको छ भने झण्डै ५५ कि.मी. सडक निर्माणाधिन अवस्थामा रहेको छ ।

| सूचक | स्थिति |
|---|---|
| कुल जनसंख्या | ३०५९३ |
| कुल सडक लम्वाइ | ४०७ |
| सडक घनत्व | १.३३०५ |

स्रोत: वस्तुगत विवरण २०७६, तथ्यांक विश्लेषण

आवधिक योजनामा उल्लेख गरिएका गौरवको सडक आयोजना निम्न रहेका छन् ।

- बासटारी झडेवा रहवास दुम्किवास मो.बा. (दुई प्रदेश जोड्ने)
- झडेवा गोठादी खैरेनी मो.व. (दुई जिल्ला जोड्ने)
- अगाहा खोला देविनगर झडेवा जगात सुनवल महेसपुर भन्सार जोड्ने सडक
- गोतामेघाट चिदीपानी फेदी सराई चरचरे सडक
- झडेवा केरौली बहादुरपुर मो. व.
- झडेवा जगात बसेनी दमार झुम्सा मो.व.
- झडेवा रहवास बहादुरपुर ज्यामिरे मो.व.

## आयोजना विश्लेषण

१. आयोजनाको लगानी योग्यता र औचित्यता मापनको आधार

आवधिक योजनामा उल्लेख गरिएका गौरवको सडक आयोजना र अन्य आधारमा स्थानीय जनताको आर्थिक क्रियाकलाप अभिबृद्धि गर्नका लागि सडक आयोजना विश्लेषण गरिएको छ । पालिकाको तथ्यांक विश्लेषणका आधारमा हालको सडक घनत्व १.३३ वर्ग कि.मी. रहेको देखिन्छ ।

२. आयोजना छनौट (स्वीकृत वा अस्वीकृत गर्ने औजार)

Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

सन् २०३० सम्ममा सडक घनत्व १.५० कि.मी.प्रति वर्ग कि.मी.पुऱ्याउने दिगो विकास लक्ष्य रहेकोले यस पालिकाले उक्त लक्ष्य हासिल गर्न आवश्यक बजेट विनियोजन गरी आवधिक योजनामा छनौट भएका योजना र गौरवको योजना कार्यान्वयन गर्न उपर्युक्त हुने देखिन्छ ।

३. विविध:

- आर्थिक औचित्यता

  विश्ले आर्थिक उदारीकरणको सिद्धान्त बमोजिम गरेको विकासलाई आधार मानी नेपालले आर्थिक उदारीकरणलाई विकासको आधारभूत सिद्धान्त मानेको र यसका लागि अर्थतन्त्रका कतिपय पक्षहरु प्रतिस्पर्धाका आधारमा सञ्चालित हुने भएकोले यसका लागि सडकको महत्वपूर्ण भुमिका रहेको हुन्छ ।

- लागत लाभ विश्लेषण

  सडकले ढुवानी खर्च, आवत जावतमा समय र ज्यालाको आधारमा उत्पादन लागतमा कम गरी प्रतिस्पर्धा गर्न सघाउ पुगदछ ।

- लागत प्रभावकारिता

  सडक यातायातका कारण समयमा काम गर्न सकिने, ठूला उत्पादन सामाग्रीको प्रयोग गर्न सकिने, दक्ष जनशक्ति काम गर्ने स्थलसम्म आउन चाहने कारण लागत प्रभाकारिता हुन्छ ।

**आर्थिक विश्लेषण**

**१. आयोजनाको उद्देश्य र औचित्यता**

सडक आयोजनाको मुख्य उद्देश्य स्थानीय जनतालाई सडक सञ्जालमा जोड्नु, कृषि तथा उद्योग क्षेत्रको विकास र विस्तार गर्नु, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा वल पुऱ्याउनु, वातावरण र विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउनु, पालिकाको सेवा प्रवाह र आर्थिक क्रियाकलापलाई दक्ष र प्रभावकारी बनाउनु आदि रहेका छन् । यी उद्देश्यहरु परिपूर्ति गर्न सडक सञ्जालको महत्वपूर्ण



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Road Dream

स्थान रहेको हुन्छ । सडक घनत्व प्राविधिक विश्लेषणको विषय हो । सामान्यतया सडक घनत्व क्षेत्रफल र जनसंख्याको आधारमा सुत्र अनुसार निकालिन्छ ।

$$\text{जनसंख्याको आधारमा} = \frac{\text{कुल सडक लम्बाई}}{\text{कुल जनसंख्या} / १०००}$$

नेपाल जस्तो पहाडी भूभागको लागि जनसंख्याको आधारमा सडक घनत्व उपर्युक्त हुने भएकोले सोही आधारमा तलको तालिकामा उल्लेख गरिएको छ ।

| सडक घनत्व र लक्ष्य | | |
|---|---|---|
| कुल जनसंख्या | वर्तमान स्थिति | सनु २०३० को प्रक्षेपण |
| कुल जनसंख्या | ३०५९३ | ३८२४१.२५ |
| कुल सडक लम्वाइ | ४०७ | ६०० |
| सडक घनत्व | १.३३०५ | १.५७०५ |

माथिको तालिका अनुसार सन् २०३० सम्ममा सडक घनत्व १.५० कि.मी.प्रतिवर्ग कि.मी.पुऱ्याउने दीगो विकास लक्ष्य रहेकोले उक्त लक्ष्य हासिल गर्न करीब २०० कि.मी. बाटो निर्माण गर्नु पर्दछ । यसका लागि आवधिक योजनामा उल्लेख भएका सडक आयोजनाहरु मध्येबाट **कृषि, उद्योगको सम्भावना, पालिका बाहिरका ठूला व्यापारीक केन्द्र तथा सडक संग जोड्ने, पर्यटन प्रवर्धन हुने र वस्ती बसाउन योग्य स्थान जोड्ने** बाटो बनाइ दीगो विकास लक्ष्य हासिल हुने भएकोले त्यस्ता आयोजना छनौट गर्नु उपर्युक्त हुने देखिन्छ । यो आर्थिक विकासका लागि महत्वपूर्ण पक्ष भएको हुँदा सडक दिर्घकालीन गुरु योजनाको विश्लेषणको महत्वपूर्ण आधार भएको हो ।

## २. लागत लाभ विश्लेषण

लागत लाभ विश्लेषण गर्न आयोजनाको विस्तृत आयोजना प्रतिवेदन(Detailed Project Report) को ढाँचा अनुसार आवश्यक तथ्यांकको आवश्यकता पर्दछ । यसका लागि आयोजनाको क्षेत्रगत विश्लेषण, आयोजनाको परिचय, आयोजनाको विस्तृत अध्ययन, अनुसन्धान तथा सर्वेक्षण, विस्तृत



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

इन्जिनियरिङ् डिजाइन, विस्तृत लागत अनुमान, आर्थिक र वित्तिय विश्लेषण, वातावरणीय र सामाजिक विश्लेषण, विस्तृत वित्तिय आयोजना, विस्तृत कार्य योजना, आदि पक्षको आवश्यकता पर्दछ ।

| तालिका नं. ६.२ नेपालको केन्द्र र माथागढीमा सडक यातायात निर्माणको प्रति एकाइ लागत रु हजारमा | | | | | |
|---|---|---|---|---|---|
| प्रतिफल | एकाइ | प्रति एकाइ लागत (रु हजारमा) | कैफियत | माथागढी | |
| | | | | एकाइ | प्रति एकाइ लागत |
| ११. भैतिक पूर्वाधार तथा यातायात | | | | | |
| कालोपत्रे सडक - पहाडी तथा हिमाली क्षेत्र | कि. मि. | ६०००० | | कि. मि. | ३०००० |
| कालोपत्रे सडक - पहाडी तथा हिमाली क्षेत्र | कि. मि. | ८०००० | दुई लेन स्तर | कि. मि. | ३०००० |
| कालोपत्रे सडक - तराई क्षेत्र | कि. मि. | ५०००० | दुई लेन स्तर | कि. मि. | |
| कालोपत्रे सडक - तराई क्षेत्र | कि. मि. | १८०००० | चार लेन स्तर | कि. मि. | |
| कालोपत्रे सडक - तराई क्षेत्र | कि. मि. | २००००० | छ लेन स्तर | कि. मि. | |
| सडक पुल निर्माण | र.मि. | १५०० | दुई लेन स्तर | र.मि. | |
| सुरुङ मार्ग | र.मि. | १६०० | | र.मि. | १६०० |
| रेल ट्र्याकबेड निर्माण | कि. मि. | ३५०००० | रेलवे ट्र्याक | कि. मि. | ३५०००० |
| रेल मार्ग निर्माण | कि. मि. | ३००००० | रेलवे ट्र्याक | कि. मि. | ३००००० |
| रेल मार्ग पुल निर्माण | कि. मि. | १६५०००० | रेलवे ट्र्याक | कि. मि. | १६५०००० |
| संघिय मामिला तथा सामान्य प्रशासन | | | | | |
| ग्रामिण सडक कालोपत्रे निर्माण | कि. मि. | २७५०० | | कि. मि. | |

माथिको तालिका अनुसार कालोपत्रे सडक - पहाडी तथा हिमाली क्षेत्र प्रति कि.मी. रु ३०००० हजार र ग्रामिण सडक कालोपत्रे निर्माण रु २७५०० हजार रहेको देखिन्छ । जस अनुसार प्रति कि.मी. रु ३०००० हजार लागत अनुमान गर्दा २०० कि.मी. सडक निर्माण गर्न रु ६०,००,००० हजार आवश्यक पर्ने देखिन्छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

यस पालिकाको पूर्वाधार क्षेत्रको लागि प्रक्षेपित बजेट रु २३,९३,१०१हजार रहेकोमा सडक घनत्वको लक्ष्यमा पुग्न करीव ५ अरव वजेट नपुग हुने देखिन्छ ।

### ३. लाभ मापन गर्न सकिने आयोजना

सडक आयोजनाबाट हुन सक्ने लाभ मापन गर्न सकिन्छ । यसका लागि सडक वन्नु पूर्वको आर्थिक तथा सामाजिक स्थिति जस्तै ढुवानी खर्च, बजारमा पहुँच, शिक्षा तथा स्वास्थ्यमा पहुँच आदि निर्धारण गर्नु राम्रो हुन्छ ।

४.लागत लाभ विश्लेषण सडक आयोजना छनौट भए पश्चात यसका विविध आयामहरुबाट गर्नु पर्ने हुन्छ । लागत प्रभावकारिता विश्लेषण (न्यूनतम लागत) सडक आयोजना छनौट भए पश्चात निकालिनेछ ।

### ५. निष्कर्ष र सुझाव

यस दस्तावेजमा दीगो विकास लक्ष्य हासिल गर्नका लागि सामान्य धारणा वनाइएको छ । यस सन्दर्भमा दीर्घकालीन सडक गुरु योजना वनाउन आवश्यक छ ।

Real Dreams International Engineering Consulting Pvt. Ltd.

परिच्छेद ७

# वातावरण तथा विपद व्यवस्थापन

## ७.१ पृष्ठभुमि

आर्थिक वृद्धि नै विकास हो भन्ने धारणामा सन् १९८० मा संयुक्त राष्ट्र संघले सामाजिक विकास सम्वन्धी धारणा थप गरिएको थियो भने दिगो विकास लक्ष्य (सन् २०१६ देखि २०३०) घोषणा पश्चात वातावरणलाई महत्वपूर्ण स्तम्भको रुपमा लिइएको छ । अत: वातावरण तथा विपद व्यवस्थापन विकासको मुख्य आयामको रुपमा लिन थालिएको हो । वास्तवमा सन्तुलित वातावरण कायम भएमा मात्र दीगो विकास हुन सक्दछ । यसर्थ, वातावरण तथा विपद व्यवस्थापन दीर्घकालीन गुरु योजना तर्जुमाको महत्वपुर्ण पक्ष हो । यो प्रकृति र दुर्घटनासंग जोडिएका सवै पक्षसंग सम्बन्धित छ ।

वातावरण भन्नाले पृथ्वीको आवरण अर्थात पृथ्वीमा रहेका हावा, पानी, माटो, वन जंगल, पुशपंक्षी तथा मानिसबीचको सम्वन्ध वा अवस्था भन्ने बुझिन्छ । वातावरणले मानिसको सामाजिक, आर्थिक, भौतिक तथा मनोवैज्ञानिक रुपमा स्वस्थ राख्न महत्वपूर्ण भुमिका खेल्दछ । वातावरणीय सन्तुलन भनेको चर अचर जगतमा रहेका वा निर्माण भएका ध्वनि, हावा, पानी आदि ठिक्क अवस्थामा रहिरहनु हो । वातावरण सन्तुलन कायम राख्न मानिसको चेतना, संस्कृति, व्यवहार आदि पक्षको महत्वपूर्ण भुमिका रहेको हुन्छ । यस अर्थमा वन, ध्वनि, हावा, पानी आदिलाइ ठिक्क राखी राख्नको लागि दीर्घकालीन सोचको आवश्यकता पर्दछ । यी सवै पक्षएक आपसका परिपूरक छन् भन्न सकिन्छ किनकि एकको अभावमा अर्कोको सुरक्षा कायम राख्न कठिन छ । यी सवैको समुचित व्यवस्थापन विना मानव तथा अन्य जीव जन्तुको अस्तित्वमा समेत नकारात्मक असर पर्दछ ।

विपद् भवितव्य स्थिति हो । यो स्थिति मानविय, प्राकृतिक, जैविक, भौगोलिक कारणले उत्पन्न हुन जान्छ । यो स्थितिसंग जुध्न जोखिम र अनिश्चितता बारे विश्लेषण गर्न आवश्यक हुन्छ । विगतमा भएका घटनाको आधारमा जोखिको आँकलन गर्नु पर्दछ भने भविष्यमा एक्कासी आइपर्न सक्ने स्थिति संग जुध्न अनिश्चितताको आँकलन गर्नु पर्दछ ।

वास्तवमा वातावरण तथा विपद् व्यवस्थापनको उचित व्यवस्थापन विना मानिसको सामाजिक तथा आर्थिक विकास कठिन र अपुर्ण हुन जान्छ । यसको सुधार गाउँपालिकाको एक्लो प्रयासबाट हुने विषय होइन यद्यपी तलबाट हुन सक्ने प्रयास गर्नु नैतिक जिम्मेवारी पनि हो । स्थानीय तहमा यस अन्तर्गत



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जन उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन शाखा रहने व्यवस्था गरिएको छ । यस सम्बन्धमा दीगो विकास लक्ष्यमा लक्ष्य र परिमाणात्मक सूचकमा उल्लेख गरिएको छ ।

माथागढी गाउँपालिकाको दीर्घकालीन गुरु योजना सन् २०३० सम्मको दीगो विकास लक्ष्यमा आधारित रही तर्जुमा गरिएको छ । दीगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्य हासिल गर्न यस अन्तर्गत दीगो विकास लक्ष्य नम्बर १३ र १५ र पन्धौं योजनामा उल्लेखित वातावरण तथा विपद व्यवस्थापन सूचांक अनुरुप लक्ष्य हासिल गर्ने भन्ने उद्देश्य रहेको छ । ती लक्ष्यहरु हासिल गर्न वातावरण तथा विपद व्यवस्थापन अन्तरर्गतका उपक्षेत्र वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन कार्यालयहरुको कार्यजिम्मेवारी रहेको हुन्छ ।

दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यगत बजेट विनियोजन गरेको प्रतिशतको आधारमा सामाजिक विकास लक्ष्य हासिल गर्नको लागि प्रक्षेपित बजेट तल उल्लेख गरिएको छ ।

७.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**१ सोच:**

वातावरण र विपद् व्यवस्थापनमा सुधार, गाउँबासीको दीगो विकासको आधार ।

**२ लक्ष्य:**

माथागढी गाउँपालिकाले वातावरण र विपद् व्यवस्थापनमा सुधार गरी दिगो विकास लक्ष्य हासिल गर्न अन्तरसम्बन्धित भावनाको विकास गर्ने ।

**३ उद्देश्य:**

- जलवायु परिवर्तन र विपद्को प्रभावसँग जुध्न कार्ययोजना बनाई कार्यान्वयन गर्नु ।
- भुमिको दीगो उपयोग, वनको दीगो रुपमा व्यवस्थापन र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्न प्रयास गर्नु ।

## ४ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| जलवायु परिवर्तन र विपद्को प्रभावसँग जुध्न आवश्यक कार्ययोजना बनाउने । | जलवायु परिवर्तन र विपद् व्यवस्थापन सम्वन्धी आवश्यक स्थानीय कानून बनाइनेछ ।<br>नीति तथा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय जनसहभागिता जुटाउन विशेष पहल गरिनेछ । |
| भुमिको दीगो उपयोग, वनको दीगो रुपमा व्यवस्थापन र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्न प्रयास गर्ने । | भुमीको दीगो उपयोग, वनको दीगो रुपमा व्यवस्थापन र जमिनको क्षयीकरण रोक्ने सम्वन्धी छुट्टा छुट्टै कानुन बनाइनेछ ।<br>यस सम्वन्धि नीति तथा कार्यक्रम कार्यान्वयनका लागि स्थानीय जनसहभागिता जुटाउन विशेष पहल गरिनेछ । |

### ७.३ वातावरण तथा विपद् व्यवस्थापनका लागि प्रक्षेपित बजेट

दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यगत बजेट विनियोजन गरेको आधारमा विकास लक्ष्यलाई प्रक्षेपित बजेट तल उल्लेख गरिएको छ ।

माथागढी गाउँपालिकाले यी लक्ष्यहरु हासिल गरी राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्यसंग जोडिनु मुख्य उद्देश्य रहेको छ । ती विषयगत क्षेत्र अनुसार निर्धारण गरिएको सूचक प्राप्तिका लागि दीर्घकालीन गुरु योजनामा अनुमानित खर्च निम्न बनाइएको छ ।

**तालिका नं. ७.१ वातावरण र विपद् व्यवस्थापनका लागि प्रक्षेपित बजेट रु हजारमा**

| आ.व. | लक्ष्य १३ | लक्ष्य १५ | |
|---|---|---|---|
| २०७९।८० | ६०५३ | ६०५३ | १२१०५ |
| २०८०।८१ | ६७२३ | ६७२३ | १३४४६ |
| २०८१।८२ | ७१३७ | ७१३७ | १४२७४ |
| २०८२।८३ | ७७४६ | ७७४६ | १५४९२ |
| २०८३।८४ | ८२८९ | ८२८९ | १६५७७ |
| २०८४।८५ | ८८०० | ८८०० | १७६०० |
| २०८५।८६ | ९३७६ | ९३७६ | १८७५१ |
| २०८६।८७ | ९९०३ | ९९०३ | १९८०५ |
| २०८७।८८ | १०४४६ | १०४४६ | २०८९२ |
| २०८८।८९ | १०९९७ | १०९९७ | २१९९४ |
| जम्मा | ८५४६८ | ८५४६८ | १७०९३६ |

७.४ वातावरण तथा विपद् व्यवस्थापन विकास लक्ष्य र परिमाणात्मक लक्ष्य

दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी वातावरण र विपद् व्यवस्थापन विकास गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यलाई समावेश गरी सो संग सम्बन्धित सूचकलाई शाखागत आधारमा कार्यान्वयन गरिनेछ । यस पालिकामा परिमाणात्मक लक्ष्य हासिल गर्ने नीति तल गरिएको छ ।

***दीगो विकासका लक्ष्य १३ - जलवायु परिवर्तन र यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने ।( Take urgent action to combat climate change and its impacts)***

- जलवायु परिवर्तन नियन्त्रगर्न सकिने स्थानीय उपायहरु अवलम्वन गरिनेछ । यसका लागि पालिकाले आवश्यक स्थानीय कानुन वनाइनेछ ।

**परिमाणात्मक लक्ष्य १३.१:** सबै देशमा जलवायु सँग सम्वन्धित हानिकारक तथा प्राकृतिक प्रकोपको सामना गर्न समानुकूलित (Resilient)र अनुकूल क्षमतालाई सुदृढ गर्ने ।

- यातायात, कृषि, उद्योग, उर्जा आदि क्षेत्रलाई जलवायु अनुकुल बनाइनेछ ।

**परिमाणात्मक लक्ष्य १३.२:** जलवायु परिवर्तनका उपायलाई राष्ट्रिय नीति, रणनीति र योजनामा एकीकृत गर्ने ।

- तत्काल स्थानीय अनुकुलन (adaptation) योजना बनाइनेछ । यसलाई समुदाय तहमा लागु गरी व्यवस्थित गाउँ (smart village), खेती प्रणाली लागु गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १३.३:** जलवायु परिवर्तनलाई कम गर्न, अनुकूल गर्न, असर घटाउन र पूर्वसावधानी गराउन शिक्षा, सचेतना र मानवीय तथा संस्थागत क्षमतामा सुधार गर्ने ।

- विद्यालय शिक्षामा जलवायु परिवर्तन सम्वन्धि पठ्यक्रम तत्काल लागु गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १३.क:** जलवायु परिवर्तनका असर कम गर्न तथा कार्यान्वयनमा पारदर्शिता ल्याउनको लागि विकासशील देशको आवश्यकतालाई सम्वोधन गर्न सन् २०३० सम्ममा संयुक्त रुपमा वार्षिक १ खर्व डलर परिचालन गर्ने र हरित जलवायु कोष (ग्रीन क्लाइमेट फण्ड) लाई पुँजीकरणको माध्यकाट जति सक्दो चाँडो पूर्णरुपमा संचालनमा ल्याउने सम्वन्धमा जलवायु परिवर्तन सम्वन्धी संयुक्त राष्ट्र संघ फ्रेमवर्क सम्मेलनमा विकसित देशद्धारा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १३.ख:** अति कम विकसित देशहरुमा महिला, युवा र स्थानिय एवम् सीमान्तकृत समुदायमा केन्द्रित हुने लगायतका जलवायु परिवर्तनसँग सम्वन्धीत प्रभावकारी योजना र व्यवस्थापनको लागि क्षमता वढाउने संयन्त्र प्रवर्द्धन गर्ने ।

- महिला, युवा, सीमान्तकृत वर्गलाई जलवायु परिवर्तन सम्वन्धि तालिम, भ्रमण गराइनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

*दीगो विकासका लक्ष्य १५ -*

भूसतही/भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीको दीगो उपयोग, रक्षा र पुनस्थापना गर्ने, वनको दीगो रुपमा व्यवस्थापन गर्ने, मरुभूमिकरण विरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने ।(Protect, restore and promote sustainable use of terrestrial ecosystems, sustainably manage forests, combat desertification, and halt and reverse land degradation and halt biodiversity loss) ।

- वनको क्षेत्रफल बढाउन माथिल्लो तहको सरकारी निकाय र स्थानीय समुदायसंग समन्वय गरी वन तथा जैविक विविधताको संरक्षण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १५.१:** सन् २०३० सम्ममा अन्तराष्ट्रिय सम्झौता अन्तर्गतका दायित्व अनुरुप भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणाली र तिनीको सेवा विशेष गरी वनजङ्गल, सीमसार क्षेत्र र सुख्खा क्षेत्रको संरक्षण, पुनस्थापना र दीगो प्रयोग सुनिशिचित गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.२:** सन् २०२० सम्ममा सबै प्रकारका वनको दीगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने, वन फडानी रोक्ने, ह्रास भएको वनको पुनःस्थापना गर्ने साथै वृक्षारोपण र विनास भएको वनमा पुनः रुख विरुवा लगाउने ।

- ➢ समुदायमा आधारित वनको क्षेत्रफल बढाइ दीगो वन नीतिको आधारमा व्यवस्थापन गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १५.३:** सन् २०२० सम्ममा मरुभूमिकरण, सुख्खा र खाद्य वस्तुद्वारा नकारात्मक रुपमा प्रभावित जमिन लगायत क्षय भएको (Degraded) जमिन र माटोको पुनस्थापना गर्ने र एउटा भूक्षय निरपेक्ष विश्व (जमिनका स्रोतसाधनको मात्रा र गुणस्तर स्थिर वा वृद्धि हुने अवस्था) प्राप्त गर्ने तर्फ प्रयासरत (Strive) रहने ।

- ➢ कवुलियती वन हस्तान्तरणलाई उच्च प्राथमीकता दिदै वृक्षारोपणका लागि आर्थिक रुपले लाभप्रद आबस्यक विरुवा उपलब्ध गराइनेछ ।

**परिमाणात्मक लक्ष्य १५.४:** सन् २०३० सम्ममा दीगो विकासका निम्ति आवश्यक लाभ प्रदान गर्ने क्षमता वृद्धि गर्नको निम्ति जैविक विविधता लगायतका पर्वतीय पारिस्थितिकीय प्रणालीको संवर्धन/संरक्षणलाई सुनिश्चित गर्ने ।

- ➢ संकटयुक्त वनस्पतीको संरक्षण र पर्वतीय हरियाली कायम राख्न विशेष जोड दिइनेछ ।

**परिमाणात्मक लक्ष्य १५.५:** प्राकृतिक वासस्थानको क्षयीकरणलाई घटाउन आवश्यक महत्वपूर्ण कार्य तत्काल सुरु गर्ने, जैविक विविधताको ह्रासलाई रोक्ने र सन् २०२० सम्ममा सङ्कटापन्न प्रजातिलाई संरक्षण गर्नुका साथै लोप हुनबाट बचाउने ।

- ➢ पालिकाभित्रको वन जंगलमा पाइने औषधीजन्य वनस्पतीको पहिचान र संरक्षण गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

**परिमाणात्मक लक्ष्य १५.६:** अनुवांशिक स्रोतको उपयोगबाट प्राप्त लाभको निश्पक्ष र समतामूलक बाँडफाँड (Sharing) को सुनिश्चितता गर्ने र यस्ता स्रोतमा उपयुक्त पहुँच बढाउने ।

**परिमाणात्मक लक्ष्य १५.७:** वनस्पति र प्राणीका संरक्षित प्रजातिको चोरीसिकारी र बेचबिखन तथा गैरकानुनी ओसारपसार (Trafficking) अन्त्य गर्न तत्काल कार्य गर्ने ।

- वनजंगलमा हुनसक्ने चोरी शिकारी पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १५.८:** सन् २०२० सम्ममा भु-तथा जल पारिस्थितिकीय प्रणालीमा कुनै खास स्थानका लागि नौला/बिराना विरुवा, भ्याउ/च्याउ वा प्राणीका प्रजाति (जसको बढी फैलावटले वातावरणका साथै मानव स्वास्थ्यलाई नै नकारात्मक असर पार्छ) लगाउँने/विस्तार गर्ने कार्यलाई रोक्न एवम् यिनीको नकारात्मक प्रभावलाई उल्लेख्य रुपमा घटाउन र अति आवश्यक भएका प्रजाति (Priority species) को नियन्त्रण वा उन्मूलन गर्ने कार्यलाई रोक्न आवश्यक उपाय कार्यान्वयन गर्ने ।

- पालिकाभित्र रहेका विभिन्न प्रजातिका बोट विरुवाको पहिचान र संरक्षण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १५.९:** पारिस्थितिकीय प्रणाली र जैविक विविधताका मूल्य मान्यतालाई सन् २०२० सम्ममा राष्ट्रिय र स्थानिय योजना, विकास प्रक्रिया, गरिबी न्यूनीकरण रणनीति र लेखामा एकीकृत गरिसक्ने ।

- वन्य जीवजन्तुको संरक्षणलाई पालिकाको आर्थिक विकाससंग जोडिनेछ ।

**परिमाणात्मक लक्ष्य १५.क:** जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षण र दीगो प्रयोगको लागि सबै स्रोतबाट वित्तीय स्रोतसाधन परिचालन गर्नुका साथै यिनीलाई उल्लेख्य रुपमा वृद्धि गर्ने ।

- वन्य जीव जन्तुको संरक्षणका र दीगो विकास योजनाका लागि पालिकाको बजेट क्रमश बढाइनेछ ।

**परिमाणात्मक लक्ष्य १५.ख:** दिगो वन व्यवस्थापनको लागि आर्थिक स्रोत साधनहरु उपलब्ध गराउन र विनाश भएको साथै रुख विरुवाहरु कम भएको वनमा पुन: रुख विरुवा लगाउँने लगायतका वन व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुलाई अगाडि बढाउन विकासोन्मुख देशहरुलाई सबै स्रोतहरुबाट र सबै तहहरुमा पर्याप्त रकम तथा सुविधाहरु प्रदान गर्ने ।

**परिमाणात्मक लक्ष्य १५.ग:** संरक्षित प्रजातिको चोरीसिकारी र गैरकानुनी ओसारपसार विरुद्ध जुध्नको साथै दीगो जीविकोपार्जनका अवसर खोजी गर्नका लागि सक्षम तुल्याउन स्थानीय समुदायको क्षमता अभिवृद्धि, दोहा विकास एजेन्डा र हङकङ मन्त्रीस्तरीय कार्यदेश (Mandate) लगायतका प्रयासको निम्ति विश्वव्यापी सहयोग अभिवृद्धि गर्ने ।

- यस पालिका भित्र जंगली जीव जन्तुको चोरी शिकारी र ओसारपसार संघ र प्रदेश संगको सहकार्यमा पूर्ण रुपमा नियन्त्रण गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

७.५ वातावरण तथा विपद् व्यवस्थापन गुरु योजनाका आधारभुत पक्ष

**विषयगत क्षेत्र:** वातावरण तथा विपद् व्यवस्थापन अन्तरर्गतका रुपान्तरणकारी क्षेत्रको केही मुख्य आयोजना छनौट गरी संक्षिप्तमा विश्लेषण गरिएको छ ।

**समय अवधि:** वातावरण तथा विपद् व्यवस्थापन संग सम्वन्धित विषयगत क्षेत्रमा वन क्षेत्रको स्थिति विश्लेषण गर्न आधार वर्ष २०७७/२०७८ लिई २०७८/२०७९ देखि २०८८/२०८९ (सन् २०२२/२०२३ देखि २०३२/२०३३) सम्मको जम्मा १० वर्ष लिइएको छ ।

**उत्पादन स्थिति:** छनौट गरिएका क्षेत्रको उत्पादन स्थिति जस्तै वन र गरिवी निवारण मुख्य आधारको रुपमा रहेको छ ।

**मुख्य साधनको प्रयोग:** सामुदायिक वन, विरुवा, औजार आदि ।

**प्राथमीक उत्पादन:** जडिबुटी, वन जन्य काठ, दाउरा, फलफुल आदि ।

**आयोजनाको प्रभाव:** गरिवी निवारण, खाद्यान्न सुरक्षा, वातावरण, क्षेत्रीय उत्पादकत्वमा अभिवृद्धि हुने अनुमान गरिएको छ ।

**आयोजना कार्यान्वयन:** पालिकाको संयोजनमा लगानी (संघ, प्रदेश, आन्तरिक, निजी क्षेत्र, सहकारी क्षेत्र र दाता), नीति (स्रोत विभाजन, नीजी क्षेत्र, मुल्य नीति, सार्वजनीक जमीनको व्यवस्थापन) वाट कार्यान्वयन हुने विश्वास गरिएको छ ।

**आयोजना कार्यान्वयन गर्ने संस्था:** पालिका, प्रदेश, संघ, पालिका अन्तरगतका सामुदायिक वन समिति तथा सहकारीले आयोजना कार्यान्वय गर्नेछ ।वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र नेपालको आर्थिक विकास र वातावरण सन्तुलनको मुख्य क्षेत्र हो र यस अन्तर्गत काठ, दाउरा, जडिबुटी उत्पादनका साथै पशुपालन चरण क्षेत्र पर्दछन् ।

Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

परिच्छेद ८

# सुशासन, संस्थागत संरचना तथा कार्यान्वयन

## ८.१ पृष्ठभुमि

नेपालको संविधानमा लोकतन्त्र र सुशासन राज्य सञ्चालनको महत्वपुर्ण आधार मानिएको छ । स्थानीय विकासका लागि यो एक अपरिहार्य महत्वपूर्ण तत्वको रुपमा मानिन्छ । वास्तवमा स्थानीय शासनलाई लोकतन्त्रको पाठशाला (School of Grass Root of Democracy) पनि भनिन्छ ।यसमा वहुआयामीक पक्षहरु अन्तरनिहित रहेको हुन्छ । ती पक्षहरुलाई राजनीतिक, आर्थिक र प्रशासनिक आयाममा विभाजन गरिएको छ । राजनीतिक निर्णयको आधारमा आर्थिक विकास गर्न प्रशासनिक संरचना बनाइएको हुन्छ । यसलाई स्थानीय सरकारको कार्यप्रणालीको मुख्य आधार स्तम्भको रुपमा लिइन्छ । यही संस्थागत संरचनाका आधारमा स्थानीय सरकारले स्थानीय जनताको आवश्यकता र चाहना अनुसार सेवा प्रवाह र विकासको काम गर्नु पर्दछ । स्थानीय सरकार स्थानीय जनताको जन्मदेखि मृत्युसम्म आइपर्ने काम गर्ने घरदैलोको सरकारी निकाय हो। स्थानीय सरकारको संस्थागत विकास विना यो कार्य गर्न कठिन हुन्छ । लोकतन्त्र र सुशासन भएमा यी कामहरु जनसहभागीताका आधारमा दक्ष र प्रभावकारी रुपमा सम्पन्न गर्न सकिन्छ । दीर्घकालीन गुरु योजनाको मुख्य उद्देश्य स्थनीय सरकारको परिकल्पना अनुसार दीगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्य हासिल गर्नु रहेको छ । यसका लागि पालिकाको कार्ययोजना र संगठनात्मक संरचनाको आवश्यकता पर्दछ । यस पालिकाले मुख्य मुख्य विषय क्षेत्रको दिर्घकालिन कार्ययोजना बनाएको छ । ती कार्ययोजनाको कार्यान्वयनको लागि क्षमता विकास (Capacity Building) र कार्य सम्पादन (Performance)योजना बनाउन आवश्यक हुन्छ । क्षमता विकास बढाउनको लागि संस्थाको संस्थागत विकास, सांगठनिक विकास, मानव संसाधन विकास, सूचना प्रविधिको विकास स्थितिको सुधार आवश्यक मानिन्छ भने कार्य सम्पादन उपलब्धी वा प्राप्ति संग जोडिएको कुरा हो जसको मापन विषयगत र वस्तुगत आधारमा गरिन्छ । विषयगतमा अन्य संबन्धित संस्थाहरु (Vertical and Horizontal Organization)संग पालिकाको सम्बन्ध स्थिति पर्दछ भने वस्तुगतमा पालिकाले जनतालाई दिने सेवा पर्दछ ।

स्थानीय सरकारको संस्थागत विकास भनेको नियमिततामा आधारित कम खर्चिलो र कम समयमा लक्षित परिणाम निकाल्ने गरी संस्था सञ्चालनको विधि, प्रक्रिया र सरसुविधा भएको स्थिति हो । यसमा



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

स्थानीय सरकारले बनाएको योजना, त्यस अनुसारको काम कार्यहरु अद्यावधिक भएको हुन्छ । स्थानीय सरकारले कानुन अनुसार गरेको काम व्यवस्थित, पारदर्शी तरिकाले चाहेको अवस्थामा थाहा पाउन सकिन्छ । स्थानीय सरकार राष्ट्रिय एकता, सुरक्षा, शान्ती र सुव्यवस्था, नेतृत्व विकास जस्ता विषयमा पनि सहजीकरण गर्न सक्ने सवल र सक्षम हुन आवश्यक छ ।

माथागढी गाउँपालिकाको दीर्घकालीन गुरु योजनाले सन् २०३० सम्मको दीगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्य हासिल गर्न महत्व दिएको छ । यस अन्तर्गत दीगो विकास लक्ष्य नम्बर १६ र १७र पन्धौं योजनामा उल्लेखित संस्थागत क्षमता विकास सूचाङ्क अनुरुप लक्ष्य हासिल गर्ने भन्ने उद्देश्य रहेको छ ।ती लक्ष्यहरु हासिल गर्न संस्थागत क्षमता विकास अन्तरगतका उपक्षेत्र मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्यौंट शाखा कार्यालयहरु रहेका छन् । यी कार्यालयहरुलाई दीगो विकास लक्ष्य हासिल गर्ने कार्यजिम्मेवारी रहेको हुन्छ ।

## ८.२ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**१ सोच:**

गाउँपालिकामा विकासको आधार, संस्थागत क्षमतामा सुधार ।

**२ लक्ष्य:**

माथागढी गाउँपालिकाको सेवा प्रवाह र योजना कार्यान्वयन दक्षता र प्रभाकारिता स्थितिमा सुधार गरी दीगो विकास लक्ष्य हासिल गर्ने ।

**३ उद्देश्य:**

- दीगो विकासको निम्ति सबैको पहुँच भएको प्रभावकारी, जवाफदेही र समावेशी सेवा प्रवाह र आर्थिक विकास गर्नु ।
- दीगो विकास लक्ष्य हासिल गर्न साधन स्रोतको दक्षतापुर्ण तरीकाले विभाजन गरी कार्यान्वयनमा सुदृढ गर्नु र सबै सरकारी तथा गैर सरकारी पक्षसंगको साझेदारीलाई बलियो बनाउनु ।

**४ रणनीति तथा कार्यनीति**

संस्थागत क्षमता विकास अन्तर्गका दीगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्यका आधारमा नीति बनाई सोही अनुसार कार्यनीति बनाइनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

| रणनीति | कार्यनीति |
| --- | --- |
| सबैको पहुँच हुने गरी प्रभावकारी, जवाफदेही र समावेशी सेवा प्रवाह र आर्थिक विकास गर्ने । | सबैको पहुँच हुने गरी प्रभावकारी, जवाफदेही र समावेशी सेवा प्रवाह र आर्थिक विकास गर्न नागरिक वडापत्र अद्यावधिक गरी गुनासो सुन्ने सहयोगी डेस्क स्थापना गरिनेछ । |
| उपलब्ध साधन स्रोतको दक्षतापुर्ण तरीकाले विभाजन गरी योजना कार्यान्वयन सुदृढ गर्ने । | उपलब्ध साधन स्रोतको दक्षतापुर्ण तरीकाले विभाजन गरी योजना कार्यान्वयन सुदृढ गर्न दीगो विकास लक्ष्यका परिमाणात्मक सूचक स्थितिको सूचना प्रविधिको प्रयोग गरी भरपर्दो तथ्यांक अध्यावधिक गरिनेछ ।<br><br>सबै सूचकहरु समयमा सन्तुलित रुपमा हासिल गर्न मध्यकालीन खर्च संरचनाको सहायताले बजेट विनियोजन गरिनेछ । |
| सबै सरकारी तथा गैर सरकारी पक्ष संगको साझेदारीलाई बलियो बनाउने । | सबै सरकारी तथा गैर सरकारी पक्ष संगको साझेदारीलाई बलियो बनाउन एउटा समन्वय एकाइ स्थापना गरिनेछ ।<br><br>सबै सरकारी तथा गैर सरकारी पक्ष संग क्षितिजीय र उर्ध्वगामी सम्वन्ध राख्न सम्पर्क व्यक्ति तोकिनेछ । |

८.३ संस्थागत क्षमता विकासका लागि प्रक्षेपित बजेट

माथागढी गाउँपालिकाले संविधान तथा कानुनमा उल्लेखित अधिकारको प्रयोग गरी लक्ष्यहरु हासिल गर्न यसको संगत क्षमता विकास हुन आवश्यक छ । यस क्रममा राष्ट्रिय र अन्तराष्ट्रिय लक्ष्यसंग जोडिनु मुख्य उद्देश्य रहेको छ । ती विषयगत क्षेत्र अनुसार निर्धारण गरिएको सूचक प्राप्तिका लागि दीर्घकालीन गुरु योजनामा अनुमानित खर्च निम्न बनाइएको छ ।दीगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

योजना आयोगले निर्धारण गरेको लक्ष्यगत बजेट विनियोजनका आधारमा संस्थागत क्षमता विकासलाई प्रक्षेपित बजेट तल उल्लेख गरिएको छ ।

| तालिका नं. ८.१ लक्ष्यगत बजेट विनियोजन रु हजारमा | | | |
|---|---|---|---|
| आ.व. | लक्ष्य १६ | लक्ष्य १७ | अवण्डा |
| २०७९।८० | ४२३६७ | | १२७१०२ |
| २०८०।८१ | ४७०६१ | | १४११८३ |
| २०८१।८२ | ४९९६० | | १४९८७९ |
| २०८२।८३ | ५४२२२ | | १६२६६७ |
| २०८३।८४ | ५८०१८ | | १७४०५५ |
| २०८४।८५ | ६१५९९ | | १८४७९७ |
| २०८५।८६ | ६५६२८ | | १९६८८५ |
| २०८६।८७ | ६९३१७ | | २०७९५० |
| २०८७।८८ | ७३१२२ | | २१९३६५ |
| २०८८।८९ | ७६९८१ | | २३०९४२ |
| जम्मा | ५९८२७५ | | १७९४८२६ |

माथि उल्लेखित अवण्डा बजेट योजना आयोगले राखेको प्रतिशतका आधारमा राखिएको हो । यसबाट पालिकाको कार्यान्वयन क्षमता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्ने भएकोले लक्ष्य १७ संग सम्वन्धित छ ।

## ८.४ संस्थागत क्षमता विकास लक्ष्य र परिमाणात्मक लक्ष्य

दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गरी आर्थिक विकास गर्न योजना आयोगले निर्धारण गरेको लक्ष्यलाई समावेस गरी सो संग सम्वन्धित सूचकलाई कार्यान्वयन गरी शाखागत आधारमा यस पालिकाले परिमाणात्मक लक्ष्य हासिल गर्ने नीति तल उल्लेख गरिएको छ ।

दिगो विकासका लक्ष्य १६ - दिगो विकासको निम्ति शान्तिपुर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच प्रदान गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने ।( Promote peaceful and inclusive societies for sustainable development, provide access to justice for all and build effective, accountable and inclusive institutions at all levels)

- गाउँपालिकाबाट सबैको पहुँच भएको प्रभावकारी, जवाफदेही र समावेशी गरी सेवा प्रवाह र आर्थिक विकास गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १६.१**: सबै ठाउँमा सबै प्रकारका हिंसा र यससँग सम्बन्धित मृत्युदर उल्लेख्य रुपमा कम गर्ने ।

- स्थानीय जनतावीचको भाइचाराको सम्वन्धमा अभिवृद्धि गरी स्वतन्त्र र शान्तिपुर्ण तवरले आवतजावत गर्ने स्थिति निर्माण भएको हुनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

**परिमाणात्मक लक्ष्य १६.२:** बालबालिका माथिको दुर्व्यवहार, शोषण, बेचबिखन र यिनीहरु विरुद्धका सबै प्रकारका हिंसा र शारीरिक/मानसिक यातनाको अन्त्य गर्ने ।

- स्थानीय बासीलाई २० देखी २९ वर्षमा विवाह गर्न अभिप्रेरित गर्दै बालबालीका बेचबिखन भएमा कडाइका साथ नियन्त्रण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १६.३:** राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा कानुनको शासन प्रवर्द्धन गर्ने र न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने ।

- द्वन्द्व समाधान समिति वा न्यायिक समितिमा सबै पीडित पक्षले उजुरी गर्न सक्ने स्थितिको निर्माण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १६.४:** सन् २०३० सम्ममा गैरकानुनी/अवैध वित्तीय र हातहतियारको ओसारपसार/प्रवाह (Flows) लाई उल्लेख्य रुपमा घटाउने, चोरिएका सम्पत्ति पुनः प्राप्ति र वापसी गर्ने कार्यलाई सुदृढ तुल्याउने र सबै प्रकारका सङ्गठित अपराध विरुद्ध कारबाही गर्ने ।

- माथागढीका जनताले देशभित्र र बाहिर वित्तीय कारोबार बैंकीङ्ग प्रणालीबाट मात्र गर्न उत्प्रेरित गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १६.५:** सबै प्रकार/स्वरुपका भ्रष्टचार र घूसखोरीलाई सारभूत रुपमा घटाउने ।

- भ्रष्टाचार शून्य गाउँपालिका निर्माण गर्न भ्रष्टाचार जन्य सम्पत्ति आर्जन गरेको कानूनबाट प्रमाणी भएको पाइएमा सामाजिक वहिस्कार गर्ने र त्यस्ता घृणित कार्यमा नलाग्न सुसूचित गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १६.६:** सबै तहमा प्रभावकारी, जवाफदेही र पारदर्शी संस्था विकास गर्ने ।

- सार्वजनिक प्रशासनको गुणस्तरमा बृद्धि गरी सम्पूर्ण विनियोजित बजेट खर्च गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १६.७:** सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णय-निर्माणको सुनिश्चित गर्ने ।

- सबै आवधिक निर्वाचनमा ९० प्रतिशत भन्दा बढी मतदान गर्ने र सार्वजनिक नीति निमार्णको क्षेत्रमा महिला वर्गको उपस्थिति ४० प्रतिशत भन्दा बढी भएको हुनेछ ।

**परिमाणात्मक लक्ष्य १६.८:** विश्व शासनमा (Global governance) संलग्न भएका संस्थामा विकासशील देशको सहभागितालाई विस्तार र सुदृढ तुल्याउने ।

**परिमाणात्मक लक्ष्य १६.९:** सन् २०३० सम्ममा जन्मदर्ता लगायतमा कानुनी पहिचान सबैलाई प्रदान गर्ने ।

- यस पालिकाभित्रको सबै नागरीकको घटना दर्ता प्रक्रिया विद्युतीय प्रणालीमा प्रविष्ट गर्न अनिवार्य गरिनेछ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

**परिमाणात्मक लक्ष्य १६.१०:** राष्ट्रिय कानुन र अन्तराष्ट्रिय सम्झौता अनुरुप सूचनामा सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्ने र मौलिक स्वतन्त्रताको रक्षा गर्ने ।

- सबै किसिमको सुरक्षा र नागरिक स्वतन्त्रता सुनिश्चित सुनिश्चितता भएको पालिका निर्माण गर्न नागरिकहरुको पहुँच अभिबृद्धि गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १६.क:** हिंसा रोक्न साथै आतङ्कवाद र अपराधविरुद्ध लड्न सबै तहमा विशेषगरी विकासोन्मुख देशमा क्षमता विकासका लागि सम्बन्धित राष्ट्रिय संस्था/निकायलाई अन्तराष्ट्रिय सहायता समेतको माध्यमबाट सुदृढ गर्ने ।

- सरकारी तथा गैर सरकारी निकायलाई आतङ्कवाद र अपराधविरुद्ध जागरुक बनाउन तालिम प्रदान गरिनेछ ।

परिमाणात्मक लक्ष्य १६.ख: दीगो विकासको निम्ति गैर विभेदकारी कानून र नीति प्रवर्द्धन गर्ने तथा कार्यान्वयन गर्ने ।

- स्थानीय तहको एकल अधिकार भित्र रहेको सबै प्रकारको विभेदकारी कानून अन्त गरिनेछ र माथिल्लो तहसम्वन्धि कानूनका बारे पत्राचार गरिनेछ ।

***दिगो विकासका लक्ष्य १७ - दीगो विकासका लागि कार्यान्वयन साधनलाई सुदृढ गर्ने र अन्तराष्ट्रिय साझेदारीलाई पुनः जीवन्त तुल्याउने ।(Strengthen the means of implementation and revitalize the global partnership for sustainable development)***

- आन्तरिक राजस्व क्षमता अभिबृद्धि गर्नुका साथै वाह्य राजस्व परिचालनमा समेत वृद्धि गर्न आवस्यक पहल गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १७.१:** करका साथै अरु प्रकारका राजश्व सङ्कलनका लागि आन्तरिक क्षमतामा सुधार गर्नको लागि विकासशील देशलाई दिइने अन्तराष्ट्रिय सहायता समेतको माध्यमबाट आन्तरिक स्रोतको परिचालनलाई सुदृढ तरल्याउने ।

- आन्तरिक राजस्वबाट सबै प्रकारको आन्तरिक खर्च गरी स्थानीय जनतामा सुसूचित गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १७.२:** आफ्नो कूल राष्ट्रिय आम्दानीको ०.७ प्रतिशत विकासशील देशलाई र ०.१५ देखि ०.२० प्रतिशत अति कम विकसित देशलाई गरेका अफिसियल सहायता प्रतिवद्धता पूर्ण रुपमा कार्यान्वयन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.३:** विकासशील देशका लागि विभिन्न स्रोतबाट थप वित्तिय स्रोतसाधन परिचालन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.४:** विकासोन्मुख देशलाई आवश्यकता अनुसार ऋणको लागि आर्थिक सहयोग, ऋणबाट मुक्ति तथा यसको पुनसंरचनालाई प्ररित गर्ने उद्देश्य भएका समन्वित/संयोजित नीति समेतको माध्यमबाट दीर्घकालीन ऋण व्यवस्थापनको दिगोपनाका लागि सहयोग गर्ने र उच्च



Real Dreams International Engineering Consulting Pvt. Ltd.

ऋणभारले थिचिएका गरिब व्यवस्थापनको दिगोपनाका लागि सहयोग गर्ने र उच्च ऋणभारले थिचिएका गरिब मुलुकको ऋण सम्बन्धी पीडा/तनाव (Distress) लाई घटाउन तिनीको ऋणलाई सम्बोधन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.५:** अति कम विकसित मुलुकको निम्ति लगानी प्रवर्द्धन गर्ने वातावरण ( Regimes) सिर्जना गरी कार्यान्वयन गर्ने ।

- स्थानीय वा वाहिरी लगानीकर्तालाई पालिकाभित्र लगानी गर्ने वातावरण निर्माण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १७.६:** विज्ञान, प्रविधि र नव प्रवर्तनमा उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणीय क्षेत्रीय र अन्राष्ट्रिय सहयोग र पहुँचलाई बढाउने र विद्यमान संयन्त्र विशेषगरी र संयुक्त सघंको तहमा राम्रो सम्वन्ध कायम गरेर साथै विश्वस्तरीय प्रविधि सहजीकरण संयन्त्र समेतको माध्यमबाट आपसमा सहमति भएका सर्तहरुको अधिनमा रही ज्ञान आदानप्रदान गर्न कार्य अगाडि बढाउने ।

- विज्ञान, प्रविधि र नव प्रवर्तनमा मद्दत पुग्ने काम गर्न चाहने व्यक्ति वा संस्थालाई उत्प्रेरित गर्न आवस्यक सहजीकरण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १७.७:** विकासोन्मुख देशहरुमा वातावरणीय दृष्टिकोणले प्रभावकारी प्रविधिको विकास, स्थानतन्तरण र प्रचारप्रसार एवम् विस्तार सम्वन्धी कार्यलाई आपसमा सहमति भए अनुसारका सहुलियतपुर्ण र प्राथमिकताको क्रमसहित समावेश गरिएका अनुकूल सर्तको आधारमा प्रवर्द्धन गर्ने ।

- उमेर पुगेका सवै नागरिकलाई इन्टरनेट सुविधा पुग्ने व्यवस्था मिलाइनेछ ।

**परिमाणात्मक लक्ष्य १७.८:** सन् २०१७ सम्ममा अति कम विकसित राष्ट्रको निम्ति प्रविधि बैंक र विज्ञान, प्रविधि र नवप्रवर्तन क्षमता अभिवृद्धि संयन्त्रलाई पूर्णरुपमा सञ्चालनमा ल्याउने र विभिन्न क्षेत्रमा सघाउ पुऱ्याउने सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढवा दिने ।

- सूचना तथा सञ्चार क्षेत्रमा मद्दत पुग्ने काम गर्न चाहने व्यक्ति वा संस्थालाई उत्प्रेरित गर्न आवश्यक सहजीकरण गरिनेछ ।

**परिमाणात्मक लक्ष्य १७.९:** विकासोन्मुख देशहरुमा प्रभावकारी एवम् लक्षित क्षमता अभिवृद्धि गर्दै दीगो विकासका सवै लक्ष्य कार्यान्वयव गर्नका लागि उत्तर-दक्षिण, दक्षिण-दक्षिण र त्रिकोणीय सहायता लगायत राष्ट्रिय योजनालाई सहयोग गर्न अन्तराष्ट्रिय सहायता बढाउने ।

**परिमाणात्मक लक्ष्य १७.१०:** दोहा विकास कार्यसूची अन्तर्गत गरिएका सम्झौताका निष्कर्ष समेतको आधारमा विश्व व्यापार सङ्गठन अन्तर्गत सर्वव्यापी, कानुनमा आधारित, खुला, भेदभाव रहित र समातामूलक बहुपक्षीय व्यापार प्रणालीलाई प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.११:** सन् २०२० सम्ममा विश्वको कूल निर्यातमा विशेष गरेर अति कम विकसित देशको हिस्सा दोब्बर पार्ने दृष्टिकोणले विकासशील देशको निर्यातलाई उल्लेख्य मात्रामा बढाउने ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

**परिमाणात्मक लक्ष्य १७.१२:** अति कम विकसित देशहरुबाट वस्तु आयात गर्दा लागू हुने प्राथमितायुक्त (Preferential) उत्पतिको नियम पारदर्शी र सहज हुनाका साथै बजारको पहुँचलाई सहजीकरण गर्न यिनीले योगदान गर्छन् भन्ने कुरा सुनिश्चित गर्दै विश्व व्यापार सङ्गठनका निर्णय अनुरुप सबै अति कम विकसित देशको निम्ति लामो समयसम्म रहिरहने आधारमा भन्सार तथा कोटा रहित बजारको लागि गर्नुपर्ने कुरा यथासमयमै अनुभूत गर्ने ।

- सबै तथ्यांकलाई सूचना प्रविधि संग जोडि गुणस्तरी र भरपर्दो बनाइनेछ ।

**परिमाणात्मक लक्ष्य १७.१३:** नीतिको समन्वय र नीतिको तार्किक सङ्गति (Coherence) लाई समावेश गरी विश्वको समष्टिगत आर्थिक स्थायित्व अभिवृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१४:** दीगो विकासका लागि नीतिको तार्किक सङ्गति अभिवृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१५:** गरिबी उन्मुलन र दीगो विकासका लागि नीति तर्जुमा (Establish) र कार्यान्वयन गर्न प्रत्येक देशको नीति निर्माणको दायरा(Policy space) र नेतृत्वलाई सम्मान गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१६:**दीगो विकासका लागि विश्वव्यापी साझेदारी बढाउने साथै सबै देश विशेष गरेर विकासशील देशमा दिगो विकासका लक्ष्यको उपलब्धीलाई सहयोग गर्न विश्वव्यापी साझेदारीको सम्पूरकको रुपमा ज्ञान, विज्ञता, प्रविधि र वित्तिय स्रोत परिचालन गर्ने बहु-सरोकारवालालाई बढवा दिने ।

**परिमाणात्मक लक्ष्य १७.१७:** साझेदारीहरुको अनुभव र स्रोतको व्यवस्थापन सम्बन्धी रणनीतिको जगमा (building on) प्रभावकारी सार्वजनिक-निजी र नागरिक समाज सम्बन्धी साझेदारीलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१८:** सन् २०२० सम्ममा क्षमता अभिवृद्धि सहयोगलाई बढवा दिने र आय, लिङ्ग, उमेर, वर्ण, बसाइँ, सराइको अवस्था, अपाङ्गता, भौगोलिक अवस्थिति/स्थान र अन्य विशेषता अनुसार खण्डीकृत (Disaggregated) गरिएका उच्च गुणस्तरीय, सामयिक र भरपर्दो तथ्याङ्कलाई उल्लेख्य रुपमा वृद्धि गर्ने ।

**परिमाणात्मक लक्ष्य १७.१९:** सन् २०२० सम्ममा दीगो विकास सम्बन्धी प्रगतिका मापनलाई विद्यमान पहलकदमी (Initiatives) को जगमा आधारित हुँदै विकास गर्ने (यसबाट कूल गार्हस्थ्य उत्पादका साथै विकासशील देशमा तथ्याङ्क सम्बन्धी क्षमता निर्माणमा सहयोग पुग्दछ ।

Real Dreams International Engineering Consulting Pvt. Ltd.
Real Dream

## ८.५ माथागढी गाउँपालिकाको संस्थागत क्षमता विकासको दीर्घकालीन गुरु योजना

माथागढी गाउँपालिकाको संस्थागत क्षमता विकासको मुख्य आधार स्तम्भ संगठनात्मक संरचना, दक्ष कर्मचारी, भौतिक सुविधा, सूचना प्रविधि (IT) हो । यस क्षेत्रको दीर्घकालीन विकासका लागि यी क्षेत्र सम्बन्धी सोच, लक्ष्य, उद्देश्यका आधारभुत पक्षहरु बारे स्पष्ट हुन आवश्यक छ ।

### ८.५.१ सूचना प्रविधि क्षेत्रको दीर्घकालीन गुरु योजना

**१. पृष्ठभुमि**

सूचना प्रविधि पालिकाको सेवा प्रवाह र विकास निर्माणको काममा आवाज, तथ्यांक, भिडिओ आदिका माध्यमबाट व्यवस्थित रुपमा समयमा सम्पन्न गर्नको लागि अपरिहार्य भएको छ । यसबाट यी काम गर्नका लागि हार्डवयर, सफ्टवयर, सेवा, प्राविधिक जनशक्ति आदिको आवश्यकता अनुसार व्यवस्था हुन जरुरी हुन्छ ।

**२. सूचना प्रविधि सम्बन्धि दीर्घकालीन गुरु योजनाका आधारभुत पक्ष**

**विषयगत क्षेत्र:** सूचना प्रविधि अन्तरगतका मुख्य विषय संक्षिप्तमा विश्लेषण गरिएको छ ।

**समय अवधि:** सूचना प्रविधि संग सम्वन्धित विषयगत क्षेत्रको विकास स्थिति विश्लेषण गर्न आधार वर्ष २०७७/२०७८ लिई २०७८/२०७९ देखि २०८८/२०८९ (सन् २०२२/२०२३ देखि २०३२/२०३३) सम्मको जम्मा १० वर्ष लिइएको छ ।

**उत्पादन स्थिति:** सूचना प्रविधि क्षेत्रको उत्पादन स्थिति जस्तै पत्राचार, राजस्व संकलन, वेवसाइट, फेसबुक, सूचना प्रणाली मुख्य आधारको रुपमा रहेको छ ।

**मुख्य साधनको प्रयोग:** सूचना प्रविधि क्षेत्रमा विजुली, कम्प्यूटर, टेलिफोन, कम्प्यूटर प्राविधिक, इन्टरनेट, फर्निचर आदि ।

**प्राथमीक उत्पादन:** स्कूल शिक्षाबाट ज्ञानको प्रवाह ।

**आयोजनाको प्रभाव:** दक्ष र प्रभावकारी रुपमा काम सम्पन्न, समयममा काम सम्पन्न, स्थानीय जनताको ज्ञान तथा क्षमतामा अभिवृद्धि हुने अनुमान गरिएको छ ।

**आयोजना कार्यान्वयन:** पालिकाको र अन्य दाताको लगानी, नीति (कागज विहिन पालिका) बाट कार्यान्वयन हुने विश्वास गरिएको छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

**आयोजना कार्यान्वयन गर्ने संस्था:** पालिका,सहकारी, मातहतको सबै कार्यालयले आयोजना कार्यान्वय गर्नेछ ।

## ३. दीगो विकासका लक्ष्यहरुको आन्तरिकीकरण र कार्यान्वयन

संघीय शासन व्यवस्थामा कार्यान्वयन मुख्य संयन्त्रका (Implementing Hands) रुपमा स्थानीय तह भएकोले यसले आफ्नो योजनाको कार्यान्वयनबाट दीगो विकास लक्ष्य हासिल गर्नु पर्ने जिम्मेवारी छ । यो जिम्मेवारी पूरा गर्न यो पालिका संवेदनशील र जिम्मेवार छ । नीति तथा योजनाहरु तयार गर्दा आर्थिक, सामाजिक, भौगोलिक र प्रशासनिक विशेषता र क्षेत्राधिकार जस्ता तत्वहरुलाई विशेष ध्यान पुऱ्याइएको छ । नेपालसंग सम्वन्धित दीगो विकासका १६ वटा लक्ष्य यस पालिकासंग सान्दर्भिक लक्ष्यको नीति उल्लेख गरी केही विषय क्षेत्रको मुख्य आधार निर्माण गरिएको छ । यसमा दीगो विकास लक्ष्यहरुलाई आपनो यथार्थ वस्तुगत स्वरुपमा ढाल्नका लागि स्थानीय स्तरबाट दिगो विकास लक्ष्यको प्रारम्भिक रुपमा आन्तरिकीकरण गरिएको छ । स्थानीयस्तरमा दीगो विकास लक्ष्यहरुको कार्यान्वयनको लागि निम्न विषयहरुमा ध्यान दिइनेछ ।

### ३.१ संस्थागत संयन्त्रको निर्माण

दीगो विकास लक्ष्यहरुको प्रभावकारी कार्यान्वनको लागि पालिकाको संस्थागत संयन्त्रको व्यवस्था गरिएको छ । यसले प्रदेश र राष्ट्रिय स्तरमा सम्मननीय प्रधानमन्त्रीको संयोजकत्वमा रहेको उच्चस्तरीय केन्द्रिय निर्देशक समिति सम्मको उर्ध्वगामी र क्षितिजीय संयन्त्र संग समेत समन्वय गर्नेछ । यस समितिले दीगो विकास लक्ष्य कार्यान्वयको लागि नीतिगत दिशानिर्देश गर्नुका साथै स्रोत व्यवस्थापन र उपलब्धीको आवधिक समीक्षा गर्नेछ । यस्तै दीगो विकासका लक्ष्य सम्बन्धी योजना तथा वजेट, वाह्य सहयोग परिचालन र कार्यान्वयनको अनुगमन गर्न पालिका अध्यक्षको संयोजकत्वमा दीगो विकास लक्ष्य कार्यान्वयन तथा समन्वय समिति गठन गरिने छ । दीगो विकास लक्ष्यहरुको कार्यान्वयको संयोजन र प्रभावकारिताको अनुगमन गर्नको लागि उपाध्यक्षको संयोजनमा वडा अध्यक्षज्यूहरुलाई विषयगत समितिहरु अनुगमन गरी उपलब्धीको आवधिक समीक्षा गरिनेछ । ।

यस्तै दीगो विकास लक्ष्यको कार्यान्वयनको संयोजन र प्रभावकारिताको अनुगमन तथा कार्यान्वयन गर्नको लागि विभिन्न विषयगत निकाय/शाखा प्रमुखको संयोजकत्वमा विषयगत कार्य समितिहरु पनि



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

गठन गर्न सकिनेछ, र आवश्यकता अनुसार समितिमा रहने सदस्यहरुको निर्धारण गर्न सकिनेछ । यस्तै प्रत्येक शाखामा दीगो विकास लक्ष्य फोकल यूनिट गठन गर्नु उपयुक्त हुन्छ ।

### ३.२ दीगो विकास लक्ष्य र विकास योजना बीच तादत्म्यता

नेपाल दीगो विकास लक्ष्य घोषणा र कार्यान्वयन गर्न हस्ताक्षर गर्ने अग्रणी राष्ट्र भएकोले स्थानीय तह सम्म यसको कार्यान्वयनको गति बढाउन आवश्यक छ । यसका लागि योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा दीगो विकास लक्ष्यलाई आन्तरिकीकरण र स्थानीयकरण गर्न दीर्घकालीन नीति निर्धारण गरिएको हो ।

### ३.३ दीर्घकालीन गुरु योजना र दीगो विकास लक्ष्यहरु कार्यान्वयनको लागि नीति तथा दस्तावेजहरुको निर्माण

पालिका तहले स्थानीय आर्थिक विकास र सेवा प्रवाहमा समष्टिगत योजना बनाउनु पर्ने भएकोले क्षेत्रगत गुरु योजनाको विस्तृतिकरण यसमा गरिएको छैन । पालिकाको मुख्य उद्देश्य स्थानीय तहको क्षेत्रभित्र पर्ने दीर्घकालीन लक्ष्य समयमा हासिल गर्नु हो । यसर्थ सोही पक्षलाई यस दस्तवेजमा बढी महत्व दिइएको छ । स्थानीय स्थितिलाई आधार मान्दा तत्काल पालिकाले कृषि, पर्यटन, शिक्षाको गुरु योजना बनाउँदा उपर्युक्त हुने देखिन्छ । स्वास्थ्य, सडक आदि क्षेत्र महत्वपूर्ण तर यसमा बढी प्राविधिक पक्षको विश्लेषण गर्ने काम र जिम्मेवारी माथिल्लो तहले गर्ने गरेको पाइएको छ ।

दीगो विकास लक्ष्यहरु सम्बन्धमा राष्ट्रिय योजना आयोगबाट तयार परिएको दस्तावेजका आधारमा राष्ट्रिय सूचकहरु र बजेट २०२२, २०२५ र २०३० सम्म हासिल गर्ने गरी प्रारुप समावेश गरिएको छ ।

### ४. निजी सहकारी र सामुदायिक क्षेत्रसँगको समन्वय र सहकार्य

योजना कार्यान्वयन गरी लक्ष्य हासिल गर्न निजी सहकारी र सामुदायिक क्षेत्रसंगको समन्वय र सहकार्य गर्न आवस्यक छ । यस सम्बन्धमा छुट्टै सार्वजनिक निजी साझेदारी सम्बन्धी सम्भावित क्षेत्रको पहिचान गर्न अध्ययन गर्दा उपर्युक्त हुने देखिन्छ ।

Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

५. दीगो विकास लक्ष्य सम्बन्धमा संचार तथा सचेतीकरण

दीर्घकालमा सूचना तथा सञ्चार क्षेत्रको विकास अझै बढ्न सक्ने भएकोले तत्कालिन अवस्था पालिकामा प्रयोग गर्नु पर्दछ । जस्तै स्कूल शिक्षामा एउटा सफट्वेयर किन्दा सम्पूर्ण स्कूलमा एउटै पाठ्यक्रम एउटै विधिवाट सस्तो मुल्यमा प्रयोग गर्न सकिन्छ ।

परिच्छेद ९

# कार्यान्वयन, अनुगमन तथा मुल्यांकन

## ९.१ पृष्ठभूमि

यो दीर्घकालीन योजनाको मुख्य लक्ष्य दीगो विकास लक्ष्यमा उल्लेखित परिमाणात्मक सूचक समय सीमा भित्र हासिल गर्नु रहेको छ । यसका लागि दीगो विकास लक्ष्यका प्रत्येक परिमाणात्मक सूचकको वर्तमान स्थिति अध्यावधिक गरी पालिकाले सन्तुलित रुपमा आवधिक र वार्षिक योजना बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । योजना कार्यान्वयन स्थिति के कस्तो छ भनी थाहा पाउन नियमित रुपमा अनुगमन तथा मुल्यांकन गर्नु पर्दछ । योजना अनुगमन प्रणालीबाट नियमित र निरन्तर रुपमा वार्षिक, आवधिक योजना दीर्घकालीन लक्ष्य हासिल हुने गरी योजना छनौट र कार्यान्वयन भएको छ कि छैन भन्ने कुरा थाहा पाउन सकिन्छ । विभिन्न विधि प्रयोग गरेर योजना अनुगमन गरी कार्यान्वयन स्थिति थाहा पाउन सकिन्छ । यस अध्यायमा योजनाको अनुगमनका लागि अधिकार प्राप्त अधिकारीवाट विषय क्षेत्र अनुसार तोकिएको निश्चित सूचाङ्क आधारमा जाँच गर्न सकिन्छ । योजनाको मुल्यांकनबाट योजनाले परिलक्षित गरेको कामको प्रभावकारिता तथा प्रतिफलको स्थिति थाहा पाउन सकिन्छ ।

दीर्घकालीन लक्ष्य हासिल गर्न छनौट गरिएको कार्यक्रमको कार्यान्वयनको अनुगमन विभिन्न चरणमा गर्न आवश्यक छ । कार्यक्रम कति राम्रो संग कार्यान्वयन भइरहेको छ वा भयो र त्यस आयोजनाबाट के प्राप्ति होला भन्ने कुराको लेखाजोखा गर्नु पर्दछ । दीर्घकालीन लक्ष्य हासिल गर्न सरकारी र निजी क्षेत्रको लगानीमा झण्डै समान भूमिका हुने भएकोले अनुगमन तथा मुल्यांकनमा असल शासनको सिद्धान्तको अवलम्वन गर्दै निजी क्षेत्र, सहकारी, नागरिक समाजसमेत समावेश गर्नु पर्दछ ।

दीगो विकास लक्ष्य हासिल गर्न विषयगत क्षेत्र अनुसार पालिकाको नीति, योजना, कायक्रमका आधारमा भएको प्रगतीको समीक्षा गर्नु पर्दछ । यसका लागि पालिकाको सबै क्षेत्रको भरपर्दो तथ्यांकको आवश्यकता पर्दछ । स्थानीय तथ्यांक र दीगो विकासका परिमाणात्मक सूचक बीचको तादत्म्यताका आधारमा प्रगती समीक्षा गर्न सकिन्छ ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

## ९.२ योजना कार्यान्वयनको स्थिति मापन ढाँचा

योजना कार्यान्वयन क्रममा गरिने अनुगमन र कार्यान्वयन पश्चात गरिने मुल्यांकन स्थितिको प्रतिवेदन सबै तहवीच तोकिएको प्रणाली अनुसार अन्तर सम्वन्धित हुन आवश्यक छ । जस्तै स्थानीय तहले आफ्नो आम्दानी तथा खर्चको सम्वन्धमा वजेट, योजना र वजेट कार्यान्वयन शुत्र (SUTRA) अनुसार खर्च गर्नु पर्दछ । यसलाई दीर्घकालीन योजनाको सोच, आवधिक योजनाको लक्ष्य संग वार्षिक योजना जोड्न सकेमा प्रत्येक वर्ष फेरीने आयोजना चक्रलाई दीगो विकास लक्ष्य संग जोड्न सकिन्छ । यस अर्थमा लगानी, क्रियाकलाप, प्रतिफल र असर तथा प्रभावको प्रभावकारी अनुगमन तथा मुल्यांकन हुन आवश्यक छ ।

विषय क्षेत्रगत अन्तर्गत पर्ने दीगो विकास लक्ष्यको आधारमा प्रत्येक कार्यक्रमको कार्यान्वयन निकाय अनुगमन गर्ने विधि र अनुगमनको पटक आदि खुलाइएको अनुगमन तालिका तल दिइएको छ । यस अनुसार नियमित अनुगमन र मुल्यांकन गरेमा सन् २०३० सम्ममा सवै परिमाणात्मक लक्ष्य हासिल हुने अनुमान गरिएको छ । अनुगमन र मुल्यांकनको लागि लगानी, क्रियाकलाप, प्रतिफल, असर तथा प्रभाव मापन गर्ने आधार तलको तालिकामा उल्लेख गरिएको छ ।

१. लगानी स्थिति: आयोजना सञ्चालनका लागि चाहिने जनशक्ति, औजार, मालसामान तथा खरिद र उपलब्ध सुविधा वा लगानीको हिस्सा आदि ।
२. क्रियाकलाप: आयोजना सञ्चालन गर्दा गरिने गतिविधिहरु जस्तै लक्ष्य उपलब्धि, प्रतिफल तथा उद्देश्य हासिल गर्न गरिने कामको परिमाण (संख्या) वा गुण (अभियान, निरिक्षण ) ।
३. प्रतिफल: क्रियाकलाप तथा लगानीको व्यवस्थापनबाट हासिल परिणामहरु जस्तै लगानीबाट प्राप्त वस्तु तथा सेवाको परिमाण वा गुण ।
४. असर तथा प्रभाव: विषयगत क्षेत्रको कार्यान्वयनबाट लक्षित वर्ग वा समुदायको जीवनयापनमा परेको प्रभाव वा उपलब्ध नतिजाको परिमाण वा गुण ।



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

| दीगो विकास लक्ष्य नम्वर | लगानी | | क्रियाकलाप | | प्रतिफल | | असर तथा प्रभाव | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | पर्याप्त | अपर्याप्त | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |
| उपलब्धि (%) | | | | | | | | | |

*नोटः माथि उल्लेखित दीगो विकास लक्ष्य नम्वर अनुसार उपलब्धि स्थितिको अनुगमन र मुल्यांकनको लागि लगानी, क्रियाकलाप, प्रतिफल, असर तथा प्रभाव मापन गर्ने आधार सन्तोषजनक तथा पर्याप्त भएको वा नभएको लक्ष्यगत आधारमा मापन गर्न सकिनेछ । असर तथा प्रभाव मापनको मुख्य आधार स्थानीय तहमा संकलन गरिएको तथ्यांक हो । तथ्यांकलाई आधार नमानी जथाभावी असर तथा प्रभाव मापन गरिएमा सम्वन्धित पक्षलाई जिम्मेवार बनाउने व्यवस्था गरिनु उपर्युक्त हुन्छ ।*

### ९.३ विषयगत आधारमा अनुगमन तथा मुल्यांकन ढाँचा

विषयगत आधारमा संविधान तथा कानून बमोजिम सम्वन्धित संस्थबाट दीगो विकास लक्ष्य नम्वर अनुसार अनुगमन गर्नको लागि संक्षिप्त प्रक्रिया तल उल्लेख गरिएको छ ।

**(क) आर्थिक विकास**

| क्र.सं. | दीगो विकास लक्ष्य | अनुगमन विधि | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | लक्ष्य १- हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरुको गरिबीको अन्त्य गर्ने । | १,२,३,४, ५,६ | १ पटक | गा.पा | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| २ | लक्ष्य २- भोकमरी अन्त्य गर्ने, खाद्य सुरक्षा र उन्नत पोषण प्राप्त गर्ने र दिगो कृषि प्रवर्द्धन गर्ने । | १,२,३,४, ५,६ | १ पटक | गा.पा | कृषि, |



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | लक्ष्य ८ - सवैका लागि, स्थिर समावेशी तथा दिगो आर्थिक वृद्धि, पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित कामलाई प्रवर्द्धन गर्ने। | १,२,३,४, ५,६ | १ पटक | गा.पा | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| ४ | लक्ष्य १२ - दिगो उपभोग तथा उत्पादन प्रणाली/ढाँचाहरु सुनिश्चित गर्ने | १,२,३,४, ५,६ | १ पटक | गा.पा | कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र |
| अनुगमन विधिहरु: १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण | | | | | |

**(ख) सामाजिक समिति**

| क्र.सं. | कार्यक्रम | अनुगमन विधि | अनुगमन पटक वार्षिक | प्रतिवेदन पेश हुने निकाय | कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | लक्ष्य ३- सवै उमेर समुहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रर्वद्धन गर्ने | १,२,३,४,५, ६ | १ पटक | गा.पा | स्वास्थ्य, खानेपानी तथा सरसफाइ |
| २ | लक्ष्य ४- समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र सबैका आजीवन सिकाइका अवसर प्रर्वद्धन गर्ने । | १,२,३,४,५, ६ | १ पटक | गा.पा | शिक्षा |
| ३ | लक्ष्य ५- लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला किशोरी तथा वालिकाहरुलाई सशक्त बनाउने | १,२,३,४,५, ६ | १ पटक | गा.पा | लैंगिक समानता तथा सामाजिक समावेशीकरण |
| ४ | लक्ष्य ६- सबैको निम्ति पानी तथा सरसफाइको उपलब्धताका साथै | १,२,३,४,५, ६ | १ पटक | गा.पा | खानेपानी तथा सरसफाइ |



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

| | | | | | |
|---|---|---|---|---|---|
| | यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने। | | | | |
| ५ | लक्ष्य१०-देशभित्र तथा देशहरुबीचको असमानता घटाउने। | १,२,३,४,५, ६ | १ पटक | गा.पा | लैंगिक समानता तथा सामाजिक समावेशीकरण |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

(ग) भौतिक पूर्वाधार

| क्र.सं. | दीगो विकास लक्ष्य | अनुगमन विधि | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | लक्ष्य ७ - व्यहोर्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने। । | १,२,३,४, ५,६ | १ पटक | गा.पा | ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, |
| २ | लक्ष्य ९ - उत्थानशील पूर्वाधारको निर्माण, समावेशी तथा दिगो औद्योगीकरणको प्रवर्द्धन र नवप्रवर्तनलाई प्रेरित गर्ने। | १,२,३,४, ५,६ | १ पटक | गा.पा | सडक तथा पुल, झोलुंगे पुल, सिँचाई, भवन तथा शहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक ऊर्जा, सञ्चार |
| ३ | लक्ष्य ११ - शहरहरु एवम् मानव बस्तीहरुलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने । | १,२,३,४, ५,६ | १ पटक | गा.पा | भवन तथा शहरी विकास |

अनुगमन विधिहरुः १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

(घ) वातावरण तथा विपद व्यवस्थाप

| क्र.सं. | दीगो विकास लक्ष्य | अनुगमन विधि | अनुगमन पटक(वार्षिक) | प्रतिवदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | लक्ष्य १३ - जलवायु परिवर्तन र यसका प्रभावसँग जुध्न तत्काल कार्य अघि बढाउने | १,२,३,४, ५,६ | १ पटक | गा.पा | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन |
| २ | लक्ष्य १५ - भूसतही/भूपरिधिस्तरीय पारिस्थिसतिकीय प्रणालीको दिगो उपयोग, रक्षा र पुनस्थापना गर्ने, वनको दिगो रुपमा व्यवस्थापन गर्ने, मरुभूमिकरणविरुद्ध लड्ने र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने । | १,२,३,४, ५,६ | १ पटक | गा.पा | वन तथा भू-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन |

अनुगमन विधिहरु: १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

(ङ) संस्थागत विकास सेवा प्रवाह तथा सुशासन

| क्र.सं. | दीगो विकास लक्ष्य | अनुगमन विधि | अनुगमन पटक(वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| १ | लक्ष्य १६ - दिगो विकासको निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच | १,२,३,४, ५,६ | १ पटक | गा.पा | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा |



Real Dreams International Engineering Consulting Pvt. Ltd.
Read Dream

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रदान गर्ने र सवै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्ने | | | | प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग, लेखाँकन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट |
| २ | लक्ष्य १७ - दिगो विकासका लागि कार्यान्वयन साधनलाई सुदृढ गर्ने र अन्तराष्ट्रिय साझेदारीलाई पुन: जीवन्त तुल्याउने । | १,२,३,४, ५,६ | १ पटक | गा.पा | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधीको प्रयोग, लेखाँकन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली, अन्तिम लेखापरीक्षण तथा वेरुजु फछ्र्यौट |

अनुगमन विधिहरु: १ वैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण

अनुसूचीहरु

## १. योजनाहरु

स्थानीय तहको आर्थिक क्रियाकलापमा गतिशीलता प्रदान गरी स्थानीय अर्थतन्त्र रुपान्तरण गरेर दीर्घकालीन लक्ष्य हासिल गर्नु माथागढी गाउँपालिकाको मुख्य उद्देश्य रहेको छ । यसका लागि दीगो विकास लक्ष्य र परिमाणात्मक लक्ष्य हासिल गर्न नीतिगत धारणा र आयोजनाको तर्जुमा तथा प्रभाव मापन नमूना माथिका अध्यायहरुमा उल्लेख गरिएको छ । लक्ष्य हासिल गर्न विषयगत क्षेत्रका आधारमा कार्यक्रम तथा आयोजना तल उल्लेख गरिएको छ । यी आयोजनाहरु कार्यान्वयन भएमा दीगो विकास लक्ष्य हासिल हुनेछ भन्ने गाउँपालिकाले विश्वास लिएको छ ।

१. पूर्वाधार विकास क्षेत्र ।

क) सडक यातायात

- बासटारी झडेवा रहवास दुम्किवास मो.बा. (दुई प्रदेश जोड्ने)
- झडेवा गोठादी खैरेनी मो.बा. (दुई जिल्ला जोड्ने)
- अगाहा खोला देविनगर झडेवा जगात सुनवल महेसपुर भन्सार जोड्ने सडक
- गोतामेघाट चिदीपानी फेदी सराई चरचरे सडक
- झडेवा केरौली बहादुरपुर मो.व.
- झडेवा जगात बसेनी दमार झुम्सा मो.व.
- झडेवा रहवास बहादुरपुर ज्यामिरे मो.व.

ख) भवन आवास तथा सहरी विकास

- गाउँपालिकाको प्रशासकीय भवन झडेवा
- १५ शैयाको झडेवा अस्पताल
- कसेनी स्वास्थ्य चौकी भवन
- हात्तिलुङ्ग स्वास्थ्य चौकी भवन
- गोठादी स्वास्थ्य चौकी भवन
- चिदीपानी वडा कार्यालय भवन
- माथागढी बहु प्राविधि शिक्षालय
- किसान बहुमुखी क्याम्पस झडेवा
- विद्यालयका विभिन्न भवनहरु
- माथागढी सपिङ्ग कम्प्लेक्स
- एकीकृत बस्ती (एक वडा एक एकीकृत बस्ती विकास)

Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

२. आर्थिक विकास

क) कृषि

- अदुवा प्रसोधन केन्द्र
- चिस्यान केन्द्र
- दुग्ध प्रसोधन केन्द्र
- माथागढी कृषि तथा पशु उद्यमशिलता परियोजना सबै वडा

ख) उद्योग

- माथागढी औद्योगिक ग्राम माथागढी २ रुप्से ।
- चुन ढुङ्गा तथा कोइला खानीलाई व्यवस्थित गर्ने ।

ग) पर्यटन

- माथागढी, कौडेलेक, लखन थापा पार्क, सत्यवती ताल, लब्दकोट मन्दिर, मौलाथर मन्दिर ।

घ) खानेपानी

- एक घर एक स्वच्छ खानेपानी धारा (सबै वडामा)

ङ) उर्जा

- लघु जलविद्युतलाई केन्द्रिय प्रसारण लाईनमा जोड्ने ।

च) युवा तथा खेलकुद

- एक वडा एक खेलकुद ग्राउण्ड
- सराई रंगशाला माथागढी ३
- खहरे रंगशाला माथागढी २

छ) शिक्षा

- स्थानीय पठ्यक्रम
- मातृ भाषामा अध्ययन
- प्राविधिक शिक्षा

ज) स्वास्थ्य

- एक वडा एक वर्थिङ्ग सेन्टर
- एक वडा एक स्वास्थ्य चौकी



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

- प्रत्येक स्वास्थ्य चौकीमा ल्याव
- वि.पि. सँग विपन्न स्वास्थ्य बीमा कार्यक्रम

## २ गरिबी अन्त्यका लागि वार्षिक औषत लगानी आवश्यकता

तालिका ९.१: गरिबी सम्वन्धी नीति र कार्यकमहरुगत हस्तक्षेपहरु र वार्षिक औषत लगानी आवश्यकता

| हस्तक्षेपहरु | सन् २०१६–२०१९ | सन्२०२०–२०२२ | सन्२०२३–२०२५ | सन्२०२६–२०३० | औषत सन्२०१६–२०३० |
|---|---|---|---|---|---|
| आय आर्जन व्याज अनुदान | ३.२ | ५.४ | ५.९ | ३.५ | ४.३ |
| कामको लागि खाद्यान्न | ९.५ | १६.२ | १७.८ | १०.६ | १२.८ |
| साना तथा मध्यम उद्यम पुँजीगत अनुदान | १५.८ | २६.९ | २९.७ | १७.७ | २१.५ |
| गरिबी घटाउन लक्षित स्थानीय पूर्वाधार | ११.१ | १८८.९ | २०.८ | १२.४ | १५ |
| गरिबीका लागि सार्वजनिक खाद्यान्न अनुदान | ७ | १३.५ | १४.८ | ८.८ | १०.७ |
| विपद् रोकथाम | ४.७ | ८.१ | ८.९ | ५.४ | ६.४ |
| सामजिक संरक्षण | २५.४ | ४५.७ | ७६.१ | १५३.४ | ८२.३ |
| जम्मा | ७६.७ | १३४.६ | १७४ | २११.८ | १५३ |
| कुल लगानी आवश्यकता सामाजिक संरक्षण खर्च प्रतिशत | ३२.७ | ३३.९ | ४३.७ | ७२.४ | ५३.७ |

## ३ कृषि विकास लक्ष्य

तालिका ९.२: कृषि विकास रणनिति (२०१५)

| सूचकहरु | कृषि विकास रणनीति (२०१५) | | | |
|---|---|---|---|---|
| | सन् २०१५ | सन् २०२० | सन् २०२५ | सन् २०३५ |
| कृषि वृद्धि (कुल गार्हस्थ्य उत्पादको प्रतिशत) | ०.८ | ५ | ५ | ५ |
| कृषि वृद्धि (कुल गार्हस्थ्य उत्पादको प्रतिशत) | २५.२ | ३५ | ६० | ८० |
| धानको उत्पादकत्व (१० लाख टन/हेक्टर) | ३.६ | ४ | ४.३ | ५.१ |
| ५वर्षभन्दा मुनिका बालबालिकामा कम तौलको उपस्थिति (±2SD0)% | ३०.१ | २० | १३ | ५ |
| ५वर्षभन्दा मुनिका बालबालिकामा पुड्कोपनको उपस्थिति % | ३७.४ | २९ | २० | ८ |
| ५वर्षभन्दा मुनिका बालवालिकामा ख्याउटेपनको उपस्थिति % | ११.३ | ५ | २ | १ |
| सोत्रहरुः कृषि विकास मन्त्रालय, २०१५ राष्ट्रिय योजना आयोग, २०१७। | | | | |



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

तालिका ९.३: दीगो विकास लक्ष्य स्थिति र मार्गचित्र प्रतिवेदन (२०१७) अनुसार

| सूचकहरु | दीगो विकास लक्ष्य स्थिति र मार्गचित्र प्रतिवेदन (२०१७) | | | | |
|---|---|---|---|---|---|
| | सन् २०१५ | सन् २०१९ | सन् २०२२ | सन्२०२५ | सन् २०३० |
| कृषि वृद्धि (कुल गार्हस्थ्य उत्पादको प्रतिशत) | ४.५ | ४.५ | ५ | ५ | ५ |
| कृषि वृद्धि (कुल गार्हस्थ्य उत्पादको प्रतिशत) | २५.२ | ४० | ५०.५ | ६० | ८० |
| धानको उत्पादकत्व (१० लाख टन/हेक्टर) | ३.४ | ४.१ | ४.६ | ५.१ | ५.५ |
| ५वर्षभन्दा मुनिका बालबालिकामा कम तौलको उपस्थिति (±2SD0)% | ३०.१ | २० | १८ | १५ | ९ |
| ५वर्षभन्दा मुनिका बालबालिकामा पुड्कोपनको उपस्थिति % | ३६ | ३२ | २८.६ | २० | १५ |
| ५वर्षभन्दा मुनिका बालबालिकामा ख्याउटेपनको उपस्थिति % | ११.३ | ८ | ७ | ५ | ४ |

स्रोतहरु: कृषि विकास मन्त्रालय, २०१५ राष्ट्रिय योजना आयोग, २०१७

लगानी संरचना अध्याय ३ संग सम्बन्धित

## ४. दीगो विकास लक्ष्यको कुल लगानी आवश्यकताको संरचना (Composition)

| दीगो विकास लक्ष्य क्षेत्रहरु | सन् २०१६- १९ | सन् २०२०- २२ | सन्२०२३ - २६ | सन् २०२६- ३० | सन् २०१६- ३० को लागि औसत |
|---|---|---|---|---|---|
| गरिबी | ७.३ | ८.६ | ८.५ | ६.९ | ७.५ |
| कृषि | ७.८ | ६.८ | ६.१ | ४.८ | ५.८ |
| स्वास्थ्य | ५.३ | ५.८ | ६.७ | ७.२ | ६.६ |
| शिक्षा | १३.१ | १३.२ | १५.४ | १६ | १५.१ |
| लैङगिक | ०.७ | ०.७ | ०.८ | ०.७ | ०.७ |
| खानेपानी तथा सरसफाई | ३.४ | ६.४ | ४.४ | २.८ | ३.८ |
| उर्जा | ६.६ | ८.५ | ११.६ | १६.४ | १२.८ |
| श्रम र पर्यटन | २.७ | २.७ | ३.१ | २.७ | २.८ |
| यातायात, उद्योग तथा सूचना तथा सञ्चार प्रविधि | २८ | २९.६ | २९.६ | ३१.३ | ३०.३ |
| शहरी पूर्वाधार | १६.१ | १०.३ | ७.५ | ६ | ८.४ |
| जलवायु परिवर्तन | १.९ | १.३ | १.१ | १ | १.२ |
| वन | १.९ | १.८ | १.८ | १.८ | १.८ |
| शासन व्यवस्था | ४.७ | ३.६ | २.९ | २.१ | २.८ |
| उपजम्मा | १०० | १०० | १०० | १०० | १०० |



Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

## ५. दीगो विकास लक्ष्यका मुख्य क्षेत्र

तालिका नं. ९.४ प्रमुख क्षेत्रहरु अनुसार कुल सार्वजनिक वित्तीय आवश्यकता (सामान्य वृद्धि परिदृश्य, ५ प्रतिशत कुल गार्हस्थ्य उत्पादन वृद्धि)

| दीगो विकास लक्ष्य क्षेत्र | कुल लगानी आवश्यकता | कुल लगानी सार्वजनिक लगानीको अंश | सार्वजनिक लगानीको आवश्यकता | सार्वजनिक वित्तको उपलब्धता (आन्तरिक) | सार्वजनिक वित्तको उपलब्धता (ODA) | सार्वजनिक क्षेत्रमा वित्त व्यवस्था अन्तराल | व्यवस्था अन्तर प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| गरिबी | २,२९५.०० | ८७.८ | २,०१५.० | ७४३.६ | १६२.४ | १,१०९.०० | २३.१८ |
| श्रम तथा पर्यटन | ८५३.२ | ३५.५ | ३०२.९ | १८५.४ | ५६ | ६१.५ | १.२९ |
| कृषि | १,७६८.३० | ६९.९ | १,२३६.८० | ९६७.१ | २६१.२ | ८.५ | ०.१८ |
| स्वास्थ्य | २,०१२.१० | ६४ | १,२८६.८ | ६६२ | ३१९.२ | ३०५.६ | ६.३९ |
| शिक्षा | ४,५९३.८० | ७२.४ | ३,३२६.८० | २,१२०.५० | ३४४.४ | ८६१.९ | १८.०१ |
| लैङगिक | २३४.१ | ८३.४ | १९५.१ | ६३.१ | ३३.२ | ९८.९ | २.०७ |
| खानेपानी तथा सरसफाई | १,१५५.४० | ८२.३ | ९५७.७ | ४१९.७ | २३०.१ | ३००.९ | ६.२९ |
| उर्जा | ३,९०६.०० | ४८.३ | १,८८७.५ | ४८६.२ | ४६४.१ | ९३७.१ | १९.५८ |
| यातायात, उद्योग तथा सूचना तथा सञ्चार प्रविधि | ६,६४९.५० | ३४.५ | २,२९१.३० | १,४८९.० | २८८.७ | ५१३.७ | १०.७४ |
| शहरी पूर्वाधार | २,५५४.२ | ३५.४ | ९०३.७ | ४१६.८ | २६८.५ | २१८.४ | ४.५६ |
| जलवायु परिवर्तन | ३७२ | ८८.९ | ३३०.८ | ५४.२ | १९८.९ | ७७.६ | १.६२ |
| वन | ५६१.८ | ८४.१ | ४७२.२ | २४२.७ | ८६.२ | १४३.३ | २.९९ |
| शासकीय व्यवस्था | ८७०.४ | ८३.९ | ७३०.५ | २९६ | २८६ | १४८.५ | ३.१० |
| जम्मा | २७,८२५. | ५७.२ | १५,९३०. | ८,१४६.२ | २,९९८. | ४,७८५.० | १००. |

६. कृषि लगानी

तालिका ९.५: नीति र कार्यक्रमगत हस्तक्षेपहरु र कृषिको लागि वार्षिक औसत लगानी आवश्यक

| नीति/ कार्यक्रमगत हस्तक्षेपहरु | सन् २०१६–१९ | सन् २०२०-२२ | सन् २०२३-२५ | सन् २०२६-३० | सन् २०१६-३० को लागि औसत |
|---|---|---|---|---|---|
| सबैभन्दा बेफाइदामा रहेका समूहहरुको खाद्यान्न र पोषण सुरक्षामा सुधार र खाद्य अधिकार | ३.३ | २.७ | ३.६ | ५.२ | ३.८ |
| कृषि शिक्षा प्रणाली सुदृढीकरण | ०.७ | ०.३ | ०.४ | ०.५ | ०.५ |
| सिँचाइ विस्तार र सुधार | ७.६ | ५.४ | ७.१ | १०.५ | ७.९ |
| मल आपुर्ति वितरण प्रणाली सुधार र जैविक खेती प्रवर्द्धन | ४.९ | ३.६ | ४.८८ | ७.१ | ५.३ |
| कृषिका लागि ग्रामीण सडक सञ्जाल विस्तार | १.३ | १.१ | १.५ | २.२ | १.७ |
| साना र मध्यम कृषि उद्यम प्रवर्द्धन | २.१ | १.८ | २.३ | ३.५ | २.५ |
| कृषक र कृषि उँद्यमको आवश्यकतासँग जवाफदेही विकेन्द्रीकरण र प्रचारप्रसार प्रणाली | ५.६ | ३.९ | ५.२ | ७.७ | ५.८ |
| कृषक र कृषि उँद्यमको आवश्यकतासँग जवाफदेही अनुसन्धान प्रणालीको विकेन्द्रीकरण | २.१ | ० | ० | ० | ०.५ |
| कृषिका लागि ग्रामीण विद्युतीकरण र नवीकरणीय उर्जा विस्तार | ०.८ | ०.६ | ०.८ | १.२ | ०.९ |
| बजार पूर्वाधार विकास | ०.८ | ०.६ | ०.८ | १.२ | ०.९ |
| मुल्य अभिवृद्धिमा वृद्धि र साना कृषक र कृषि उँद्यमहरुलाई लाभ पुऱ्याउन प्रतिस्पर्धी मूल्य शृङ्खलाको प्रवर्द्धन | ७.६ | ६.५ | ८.७ | १२.८ | ९.३ |
| खाद्य सुरक्षा र गुणस्तरको बिस्तार | १.८ | ०.५ | ०.७ | १ | १.१ |
| अन्य कार्यक्रमहरु | ३८.६ | ७२.२ | ८४.२ | ८८.८ | ७१.२ |
| जम्मा | ७७.२ | ९९.२ | १२०.१ | १४१.७ | १०९.४ |

Real Dreams International Engineering Consulting Pvt. Ltd. Read Dream

७. पर्यटन विकास

तालिका ९.६: प्रमुख नीति र कार्यक्रमगत हस्तक्षेपहरु र पर्यटन र श्रमबजारमा वार्षिक औसत लगानी आवश्यकता

| हस्तक्षेपहरु | सन् २०१६-१९ | सन् २०२०-२२ | सन्२०२३-२५ | सन् २०२६-३० | सन् २०१६-३० को लागि औसत |
|---|---|---|---|---|---|
| पर्यटन पूर्वाधार (साना) | ६.८ | ६.२ | ५.१ | ३.२ | ५.१ |
| होटल कोठाहरुको लागि लगानीको आवश्यकता | १९.६ | ३३.८ | ५४.२ | ७४.२ | ४७.६ |
| पर्यटकीय बस्तुहरुको विकास र बजार प्रवर्द्धन | १.२ | १.५ | १.७ | २.१ | १.६ |
| श्रमिक (सीप विकास, रोजगारीको सुचना, बालश्रम,कार्यस्थल चोटपटक, श्रम कानुनको कार्यान्वयन | १.३ | १.८ | २.५ | ४.१ | २.६ |
| जम्मा | २८,९ | ४३.३ | ६३.४ | ८३.६ | ५६.८ |

## ८ केही फोटोहरु









कार्यशाला गोष्ठी-२०७८